राष्ट्को गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।

gorkhapatraonline.com








राष्ट्रिय संस्करण | आलोकन | इतिहास संरक्षणमा 'ब्ल्यु प्ल्याक' | संसद्बाट अनुमोदन गर्न नपर्ने १४



वर्ष १२६ | अङ्क ३ | २०८३ साल वैशाख २६ गते शनिबार | जेष्ठ कृष्ण सप्तमी | नेपाल संवत् ११४६ बछलागा ७ | 2026 May 9 Saturday | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ


# पन्ध्र अवैतनिक वाणिज्यदूत पदमुक्त



तस्बिर : प्रम सचिवालय

प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा सिंहदरबारमा शुक्रबार बसेको मन्त्रीपरिषद् बैठक।

## मुद्दाको फर्स्योटका आधारमा डा. मनोजकुमार शर्मालाई प्रधान न्यायाधीशमा सिफारिस

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २५ गते*

सरकारले विदेशस्थित १५ जना नेपाली अवैतनिक वाणिज्यदूतलाई पदमुक्त गरेको छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा शुक्रबार बसेको बैठकले यो निर्णय गरेको सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिनुभएको हो।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीसमेत रहनुभएका प्रवक्ता पोरखेलले राष्ट्रपतिसमक्ष आगामी वैशाख २८ गते सोमबार अपराह्न ४:०० बजे बस्ने सङ्घीय संसद्का दुवै सदनको संयुक्त बैठकलाई सम्बोधनका लागि अनुरोध गर्ने निर्णय गरेको जानकारी दिनुभयो। साथै सङ्घीय संसद्का सदस्यको उपस्थितिका लागि आह्वान गर्ने निर्णय भएको उहाँले बताउनुभयो।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बाध्यकारी श्रम महासन्धि १९३० सम्बन्धी २०१४ को प्रोटोकल नम्बर २९ अनुमोदनका लागि सङ्घीय संसद्समक्ष पेस गर्ने निर्णय भएको छ। त्यसै गरी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको श्रम निरीक्षणसम्बन्धी महासन्धिको, १९४७ नम्बर ८१ पनि अनुमोदनका लागि संसद्समक्ष पेस गर्न स्वीकृति प्रदान गर्ने निर्णय भएको छ।

## युद्ध र तनाव
## सङ्कट सामना गर्न तीन प्रस्ताव

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २५ गते*

परराष्ट्र मन्त्रालयले दक्षिण पश्चिम एसियालगायत विभिन्न मुलुकमा उत्पन्न द्वन्द्व तथा युद्धका कारण परेको इन्धन तथा अन्य सङ्कट सामनाका लागि बहुकार्ययोजनासहितको प्रतिवेदन तयार पारेको छ। परराष्ट्र मन्त्रालयले प्रतिवेदन तयार गरेर प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा शुक्रबार पेस गरेको हो।

सरकारको शासकीय सुधारका एक सय कार्यसूचीमध्ये ९५ नम्बरमा रहेको राष्ट्रिय सङ्कट समाधानका लागि सुझाव तथा कार्ययोजनासहितको प्रतिवेदन तयार पार्न परराष्ट्र मन्त्रालयलाई दिएको थियो। परराष्ट्रमन्त्री शिशिर खनालको संयोजकत्वमा गठित अन्तरमन्त्रालय कार्यदलले प्रतिवेदन कार्यान्वयनका लागि सिफारिस गरेको मन्त्रालयका प्रवक्ता लोकबहादुर थापा क्षेत्रीले जानकारी दिनुभयो। कार्यदलका सदस्यसचिव डा. रामकाजी खड्काका अनुसार अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजनासहितको सुझाव प्रतिवेदनमार्फत प्रस्ताव गरिएको छ। उहाँका अनुसार अल्पकालका लागि तीनदेखि छ महिना, मध्यकालका लागि छदेखि दुई वर्ष र दीर्घकालका लागि दुईदेखि पाँच वर्षको समयावधिसहितको कार्ययोजना कार्यान्वयनमा लैजानुपर्ने हुन्छ।

अल्पकालीन नीति तथा कार्यक्रम अनुसार कृषि र खाद्य सुरक्षातर्फ मल तथा उत्पादन सामग्रीको व्यवस्थापन गर्न मौज्दात रहेको रासायनिक मलको मौसमी आवश्यकताका आधारमा जिल्लागत र स्थानीय तहगत प्राथमिकीकरण गरी समन्यायिक

»बाँकी पृष्ठ २ मा

### सीमा विवादबारे संवाद हुन्छ

मन्त्री पोखरेलले लिपुलेकमा देखिएको सीमा विवादबारे भारतसँग संवाद हुने बताउनुभएको छ। परराष्ट्र मन्त्रालयले भारतलाई कूटनीतिक 'नोट' पठाइसकेकाले दुईपक्षीय संवादबाट निकास निकाल्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। मन्त्रालयको सङ्ख्या वाचापत्रबमोजिम १८ वटा बनाउने प्रक्रियामा रहेको बताउँदै उहाँले जुन मन्त्रालय एकआपसमा अन्तरसम्बन्धित छन् त्यसलाई मिलाएर कम बनाउने प्रक्रियामा गएको प्रस्ट पार्नुभयो।

### कार्यसम्पादनका आधारमा प्रधान न्यायाधीश

मन्त्री पोखरेलले मुद्दाको फर्स्योटका आधारमा डा. मनोजकुमार शर्मालाई प्रधान न्यायाधीशमा सिफारिस गरेको दाबी गर्नुभयो। अहिले भएका उपयुक्त विधिमध्येबाटै प्रधान न्यायाधीशको सिफारिस भएकाले समयक्रमसँगै विधि र पद्धतिमा सुधार गर्दै जानुपर्ने उहाँको भनाइ छ। "नेपालको न्याय क्षेत्र सुधार गर्न नीतिगत, कानुनी र संवैधानिक रूपमा सुधार गर्नु पर्छ भन्ने विषय पहिलादेखि नै उठ्दै आएको हो। न्यायपालिका, कार्यपालिका, व्यवस्थापिकालाई एकअर्काबाट टाढा राख्नु पर्छ भन्ने विषय पहिलादेखि नै भन्दै आएको हो," उहाँले भन्नुभयो, "न्याय परिषद्मा पाँच जना सदस्यमध्ये तीन जना लगभग राजनीतिक नियुक्ति जस्तो देखिन्छ। त्यहाँबाट सिफारिस हुने न्यायाधीश अलिकति राजनीतिक पृष्ठभूमिको आउनुहुन्छ। योग्य व्यक्तिबाटै सिफारिस गरेका हौँ।"

### खुला प्रतिस्पर्धाबाट उपकुलपति

मन्त्री पोखरेलले विश्वविद्यालयका उपकुलपति खुला प्रतिस्पर्धाका आधारमा नियुक्त हुने जानकारी दिनुभयो। "उपकुलपतिको पद रिक्त भएकाले शुक्रबारदेखि आह्वान गरिसकेका छौँ। मेरो अध्यक्षतामा समिति गठन भए पनि खोज कमिटी बनाएर विज्ञ समूह गठन गरिएको छ," उहाँले भन्नुभयो, "विश्वविद्यालयलाई राजनीतिबाट टाढा बनाउनु पर्छ भन्ने हो। खुला प्रतिस्पर्धाका आधारमा सिफारिस भएका, छनोट सूचीमा परेकाको नाम

»बाँकी पृष्ठ २ मा

# उपकुलपतिका लागि एकीकृत कार्यविधि

**इश्वरचन्द्र झा**
*काठमाडौँ, वैशाख २५ गते*

- उम्मेदवारले कम्तीमा विद्यावारिधि उपाधि प्राप्त गरेको, अनुसन्धान र प्राज्ञिक क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव हासिल गरेको हुनुपर्ने।
- आवेदनका लागि १० दिन समय तोकिएको छ। स्क्रिनिङ, सङ्क्षिप्त सूची प्रकाशन, प्रस्तुतीकरण र अन्तर्वार्ता हुँदै सिफारिस गर्न करिब तीनदेखि चार साता लाग्ने छ।

सरकारले विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि स्वीकृत गरेको छ। 'सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' को व्यवस्थाबमोजिम आठ वटा विश्वविद्यालयका उपकुलपति पदमुक्त भएपछि सरकारले नयाँ कार्यविधि बनाएर उपकुलपति छनोट प्रक्रिया अगाडि बढाएको हो।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार सरकारले उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि स्वीकृत गरेसँगै विभिन्न विश्वविद्यालयको रिक्त उपकुलपति नियुक्तिका लागि सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिले दरखास्त आह्वान गरेको छ। मन्त्रालयले दरखास्त पेस गर्न १० दिनको समयसीमा तोकेको छ।

मन्त्रालयका उपसचिव वीरबहादुर धामीका अनुसार सबै प्रक्रिया पूरा भई उपकुलपति नियुक्त हुन करिब एक महिना लाग्ने छ। उहाँले भन्नुभयो, "आवेदनका लागि १० दिन समय तोकिएको छ। स्क्रिनिङ, सङ्क्षिप्त सूची प्रकाशन, प्रस्तुतीकरण र अन्तर्वार्ता हुँदै सिफारिस गर्न करिब तीनदेखि चार साता लाग्ने छ।"

मन्त्रालयले उपकुलपति पदमुक्त भएपछि विश्वविद्यालयको दैनिक व्यवस्थापकीय कामकाज सहज बनाउन वैकल्पिक व्यवस्था गर्न लागेको छ। मन्त्रालयले काम नरोकिने हिसाबले अर्को साता अन्तरिम प्रबन्ध गर्ने जनाएको छ। यसअघि उपकुलपति सिफारिसका लागि विश्वविद्यालयपिच्छे छुट्टाछुट्टै कार्यविधि कार्यान्वयनमा थियो। सरकारले उपकुलपति नियुक्ति प्रक्रियालाई निष्पक्ष र योग्यतामा आधारित बनाउन तथा छनोटमा एकरूपता ल्याउन आठ वटा विश्वविद्यालयको उपकुलपति सिफारिसका लागि एकीकृत कार्यविधि तयार गरेको हो तर आठ वटै विश्वविद्यालयका लागि छुट्टै छुट्टै छनोट तथा सिफारिस समिति हुने छ।

प्रधानमन्त्री कुलपति हुने विश्वविद्यालयको हकमा भने विश्वविद्यालय सभाको बैठकबाट थप निर्णय गरेर उपकुलपति छनोट तथा सिफारिस र नियुक्ति प्रक्रिया अगाडि बढाइने छ।

### उपकुलपतिका लागि योग्यता

कार्यविधि अनुसार विश्वविद्यालयको उपकुलपति पदका उम्मेदवारले कम्तीमा विद्यावारिधि उपाधि प्राप्त गरेको, अनुसन्धान र प्राज्ञिक क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव हासिल गरेको, शैक्षिक र प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापनसम्बन्धी सिप र कौशल प्रदर्शन गरेको हुनु पर्छ। उपकुलपति पदका उम्मेदवारको न्यूनतम उमेर ४० वर्ष तोकिएको छ। योग्यतामा दरखास्त दिने समयमा कुनै राजनीतिक दलको सदस्य नरहेको र नेपाली नागरिक भएको हुनुपर्ने सर्त तोकिएको छ। लुम्बिनी बौद्ध विश्वविद्यालयको उपकुलपतिको हकमा मान्यताप्राप्त विश्वविद्यालयबाट बौद्ध दर्शनसम्बन्धी विषयमा विद्यावारिधिको उपाधि प्राप्त गरेको हुनुपर्ने छ। कृषि तथा वनविज्ञान विश्वविद्यालयको हकमा भने कृषि, भेटेरिनरी वा वनविज्ञान विषयमा कम्तीमा विद्यावारिधि उपाधि प्राप्त गरेको हुनुपर्ने तोकिएको छ।

उम्मेदवारले दरखास्तसँगै सोचपत्र र रणनीतिक कार्ययोजना तयार गरी आवरण पृष्ठमा मात्रै आफ्नो विवरण उल्लेख गरेर बुझाउनुपर्ने छ। आवेदकको पहिचान हुने कुनै प्रकारको सङ्केत चिह्न नरहने गरी छुट्टै खामबन्दी गरी पेस गर्नुपर्ने कार्यविधिमा उल्लेख छ। यसले पहिचानलाई गोप्य राखी योग्यताका आधारमा उम्मेदवार चयन हुने विश्वास गरिएको छ। एक जना उम्मेदवारले दुई वटा विश्वविद्यालयको उपकुलपतिका लागि आवेदन दिन सक्ने छ।

छनोट तथा सिफारिस समितिले पेस हुन आएका उम्मेदवारको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका आधारमा सर्वाधिक अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवार छनोट गरी उपकुलपति नियुक्तिका लागि कुलपतिसमक्ष सिफारिस गर्ने छ।

छनोट तथा सिफारिस समितिले उम्मेदवार छनोट कार्यका लागि विज्ञ उपसमिति गठन गर्न सक्ने व्यवस्था गरिएको छ। समितिले विषयविज्ञबाट उम्मेदवारको योग्यता, कार्ययोजना, सोचपत्रबारे मूल्याङ्कन गराउन सक्ने छ। समितिका कुनै सदस्य वा समितिबाट गठित उपसमिति वा कुनै विज्ञका नजिकका नातेदार भएको व्यक्तिले उपकुलपतिको पदमा दरखास्त पेस गरेको अवस्थामा त्यस्तो सदस्य वा विज्ञ मूल्याङ्कन प्रक्रिया सहभागी हुन नहुने कार्यविधिमा उल्लेख छ।

कार्यविधिको अनुसूची–२ ले योग्यता, अनुभव, सोचपत्र, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी अङ्क विभाजन गरेको छ। जस अनुसार प्राध्यापक पदमा कार्यअनुभवबापत १० अङ्क, स्वदेशी वा विदेशी विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारीको अनुभव हासिल

»बाँकी पृष्ठ २ मा

## भूमिहीन र अव्यवस्थित बसोबासीको डिजिटल लगत सङ्कलन हुने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २५ गते*

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको नेतृत्वमा काठमाडौँ उपत्यका विकास प्राधिकरणले भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीको एकीकृत डिजिटल लगत सङ्कलन गर्ने भएको छ।

प्रधानमन्त्री वालेन्द्र शाहकी प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालका अनुसार डिजिटल लगत सङ्कलनको तयारी अन्तिम चरणमा पुगेको छ। सरकारले पहिलो चरणमा काठमाडौँका होल्डिङ सेन्टरमा रहेका र बाहिर रहेका सुकुमवासीको विवरण सङ्कलन गर्ने छ भने त्यसपछि क्रमशः यो प्रक्रियालाई अन्य जिल्लामा पनि विस्तार गरिने योजना रहेको छ। होल्डिङ सेन्टरबाहिर रहेका व्यक्तिका लागि सरकारले चाँडै सार्वजनिक सूचना जारी गरी तोकिएको समयभित्र आवश्यक कागजातसहित उपस्थित हुन आग्रह गर्ने तयारी गरेको छ।

लगत सङ्कलन कार्यलाई व्यवस्थित बनाउन सरकारले आवेदकलाई तीन श्रेणीमा वर्गीकरण गरेको छ। राष्ट्रिय परिचयपत्र भएका, नागरिकता मात्र भएका र कुनै पनि परिचयपत्र नभएका व्यक्तिलाई छुट्टाछुट्टै समूहमा राखेर विवरण सङ्कलन गरिने छ।

परिचयपत्र नभएकाका हकमा होल्डिङ सेन्टरमै स्थापना गरिने संयुक्त डेस्कमार्फत तत्कालै राष्ट्रिय परिचयपत्र बनाउने विशेष व्यवस्था मिलाइएको छ, जसले गर्दा पहिचानको अभावमा कोही पनि वास्तविक भूमिहीन प्रक्रियाबाट वञ्चित हुनुपर्ने छैन।

»बाँकी पृष्ठ २ मा

# महानगरको बिचमा अस्थिपञ्जर भवन

**भउचप्रसाद यादव**
*काठमाडौँ, वैशाख २५ गते*

> महानगर अलमलमै परेको देखिन्छ। यो आयोजनालाई अगाडि बढाउने, रोक्ने वा भत्काउने विषयमा महानगर अझै स्पष्ट हुन सकेको छैन।



तस्बिर : सुजन गुरुङ

सङ्घीय राजधानी काठमाडौँको मुटु मानिने पुरानो बसपार्कमा निर्माणाधीन काठमाडौँ 'भ्यु टावर' समयमै सम्पन्न नहुँदा सहरको सौन्दर्य र व्यवस्थापनमा गम्भीर असर परेको छ।

मुख्यतया बहुउद्देश्यीय व्यावसायिक कम्प्लेक्स तथा व्यवस्थित बस टर्मिनलको उद्देश्यले निर्माण सुरु गरिएको यस टावरको निर्माण स्थल लामो समयदेखि जस्तापाताले घेरिएको र अधुरो कङ्क्रिट संरचना अस्थिपञ्जर जस्तो देखिन्छ। यसका कारण सहरको मुख्य प्रशासनिक केन्द्र सिंहदरबार, पर्यटकीय केन्द्र रत्नपार्क क्षेत्रसहित महानगरको सौन्दर्य नै कुरूप बनाएको छ। भ्यु टावर भन्दै होचो भागमा गरिएको निर्माणलाई काठमाडौँ महानगरपालिकाले 'मेगा प्रोजेक्ट' नाम दिएको छ।

पहिले खुला रहेको उक्त बसपार्क क्षेत्र अहिले घेराबन्दीमा पर्दा र नजिकैको रत्नपार्क (टुँडिखेल घेराबाहिर) क्षेत्रलाई जथाभाबी बसपार्कका रूपमा प्रयोग गर्नुपर्दा सहरको खुलापन र हरियालीमा समेत असर छ। पुरानो बसपार्क विस्थापित भई यात्रु र सवारीसाधनले बर्सौंदेखि सास्ती भोग्नु परिरहेको छ। २०७१ सालमा सम्झौता भई २०७२ कात्तिकमा शिलान्यास गरिएको यो आयोजना एक दशकभन्दा बढी समय बितिसक्दा पनि अझै पूर्ण भएको छैन। अहिलेसम्म ७० प्रतिशत काम सकिएको महानगरको दाबी छ। प्रस्तावित १९ तलाको यो भवन अहिले १३ औँ तलासम्म बनेर काम ठप्प रहेको यो संरचना अलपत्र छ।

काठमाडौँ महानगरको स्वामित्वमा रहेको सो टावरको निर्माण एक दशकसम्म अलपत्र पर्दा पनि उक्त आयोजनालाई के कसरी अगाडि बढाउने विषयमा महानगर अझै स्पष्ट कार्यदिशा तय गर्न सकेको छैन। महानगर अलमलमै परेको देखिन्छ। यो आयोजनालाई अगाडि बढाउने, रोक्ने वा भत्काउने विषयमा महानगर अझै स्पष्ट हुन सकेको छैन।

काठमाडौँ महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंले काठमाडौँ भ्यु टावरको विषय छलफलकै क्रममा रहेको बताउँदै अहिलेसम्म यसबारे कुनै निर्णयमा पुग्न नसकिएको जानकारी दिनुभयो। उहाँका अनुसार सो टावरको निर्माण अगाडि बढाउने वा भत्काउनेबारे छलफल भइरहेको छ। त्यसै गरी काठमाडौँ महानगरपालिकाको प्रशासन विभाग प्रमुख महेश काफ्लेले सो टावरबारे महानगर छलफलमा नै रहेको र अहिलेसम्म कुनै निर्णयमा पुग्न नसकिएको जानकारी दिनुभयो।

काठमाडौँ महानगरपालिकाका प्रवक्ता नवीन मनान्धरले उक्त भवन निर्माणबारे अहिले केही पनि काम जारी नरहेको र महानगरले कुनै निर्णय गर्न नसकेको बताउँदै निर्माणको ठेक्का पाएको निर्माण कम्पनी नै सम्पर्कमा नरहेको जानकारी दिनुभयो। उहाँका अनुसार निर्माण कम्पनी विगत एक वर्षदेखि महानगरको सम्पर्कमा छैन। जलेश्वर स्वच्छन्द बिकोई बिल्डर्स प्रालिले सो टावर निर्माणको ठेक्का पाएको हो।

### अदालतको आदेश

सो टावरको निर्माण अगाडि बढाउन काठमाडौँ महानगरपालिकाको नाममा अन्तरिम आदेश जारी भएको एक वर्ष पुग्न लाग्दा पनि काम सुरु हुन सकेको छैन। उच्च अदालत पाटनले पुरानो बसपार्कस्थित काठमाडौँ 'भ्यु टावर' निर्माण अगाडि बढाउन २०८२ असार २५ गते काठमाडौँ महानगरपालिकाको नाममा अन्तरिम आदेश जारी गरेको थियो। उच्च अदालत पाटनका तत्कालीन न्यायाधीश प्रकाश खरेलको एकल इजलासले सो अन्तरिम आदेश जारी गरेको थियो।

आदेशमा भनिएको छ, "निवेदकले सम्झौताबमोजिम प्राप्त गरेको नक्सा पासको अनुमति र निर्णय यथावत् रहेको परिप्रेक्ष्यमा सम्झौताबमोजिम भवन निर्माण कार्यलाई निरन्तरता दिनु वाञ्छनीय देखिएको छ।" अदालतको आदेशसँगै निर्माण कम्पनीलाई निरन्तरता दिन कानुनी बाटो खुले पनि निर्माण कम्पनीले अहिलेसम्म काम सुरु गर्न सकेको छैन।

»बाँकी पृष्ठ २ मा

अन्तर्राष्ट्रिय

## क्युबाप्रति अमेरिकी नीति नरम हुन सक्ने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २५ गते*

लामो समयदेखि नाकाबन्दीमा रहेको क्युबाप्रति अमेरिकी नीति नरम हुन सक्ने देखिएको छ। अन्तर्राष्ट्रिय समाचार संस्था एपीका अनुसार अमेरिकाले क्युबालाई लाखौँ डलरका मानवीय सहायता तथा सूचना प्रविधि सेवासमेत प्रदान गर्ने जस्ता प्रस्ताव अगाडि बढेपछि अमेरिकी नीति नरम हुन सक्ने देखिएको हो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले क्युबालाई लक्षित गर्दै विगतमा कडा चेतावनी दिँदै आउनुभएको थियो। त्यसले भेनेजुएलापछि क्युबामा पनि सैनिक कारबाहीको त्रास बढेको थियो। विकसित नरम नीतिले क्युबामाथि हाललाई सैन्य कारबाही टरेको सङ्केतका रूपमा समेत हेरिएको छ।

»बाँकी पृष्ठ २ मा



# अन्तर्राष्ट्रिय सहकार्यमार्फत आर्थिक समृद्धि

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २५ गते*

सभामुख डोलप्रसाद अर्यालले वर्तमान विश्व परिवेशमा अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीतिक अभ्यासको महत्त्व बढ्दै गएको बताउनुभएको छ । नेपाल विश्व सम्बन्ध परिषद्को ७८औँ वार्षिकोत्सवका अवसरमा शुक्रबार काठमाडौँमा आयोजित कार्यक्रममा उहाँले नेपालको अन्तर्राष्ट्रिय सम्बन्धका मुख्य आधारस्तम्भमा आधारित रहेर राष्ट्रिय हितको संरक्षण एवं प्रवर्धन, आर्थिक कूटनीति र विकास गर्नुपर्नेमा जोड दिनुभयो।

सभामुख अर्यालले भन्नुभयो, “विश्वव्यापी रूपमा नेपाललाई कूटनीतिक र सांस्कृतिक सम्बन्धलाई थप सुदृढ बनाउने, पर्यटन क्षेत्रमा दिगो विकास र संरक्षण सुनिश्चित सबल कूटनीतिक अभ्यास गर्नुपर्ने हुन्छ ।” उहाँले द्विपक्षीय तथा बहुपक्षीय सम्बन्धलाई सन्तुलित र सुदृढ बनाउन प्राकृतिक स्रोत र वातावरण संरक्षणलाई प्राथमिकतामा राख्दै दिगो विकासको मार्ग अवलम्बन गर्नुपर्नेमा जोड दिनुभयो।

सभामुख अर्यालले असंलग्न नीतिका आधारमा राष्ट्रिय पहिचान र विश्वसामु नेपालको सकारात्मक छवि निर्माण गर्न हामीले अवलम्बन गर्ने कूटनीतिले ठुलो भूमिका खेल्ने बताउनुभयो । उहाँले भन्नुभयो, “हामीले विश्व कूटनीतिक सम्बन्धलाई अझ सुदृढ बनाउँदै नेपालको आर्थिक समृद्धि समुन्नत समाज निर्माणका लागि अन्तर्राष्ट्रिय सम्बन्धलाई अझ दरिलो बनाउन आवश्यक छ।”



*तस्बिर : कविता थापा*

**नेपाल विश्व सम्बन्ध परिषद्ले प्रकाशन गरेको जर्नल विमोचन गर्नुहुँदै प्रमुख अतिथि प्रतिनिधि सभाका सभामुख डोलप्रसाद अर्याल, विशेष अतिथि परराष्ट्रमन्त्री शिशिर खनाल तथा परिषद्का अध्यक्ष डा. सुरेश मल्ल ।**

कार्यक्रममा परराष्ट्रमन्त्री शिशिर खनालले वर्तमान विश्वले जलवायु सङ्कट, विश्वव्यापी आपूर्ति शृङ्खलामा अवरोध र ऊर्जा सुरक्षा जस्ता बहुआयामिक चुनौतीको सामना गरिरहेको बताउनुभयो। नेपालको परराष्ट्र नीतिलाई समयसापेक्ष, वस्तुपरक र प्रभावकारी बनाउन प्राज्ञिक अनुसन्धान एवं बौद्धिक बहसको भूमिका अपरिहार्य रहेको उहाँले चर्चा गर्नुभयो । उहाँले भन्नुभयो, “आजको बदलिँदो परिस्थितिमा नेपालले आफ्नो सार्वभौमसत्ता अक्षुण्ण राख्दै विश्व बजारमा आफ्नो अर्थतन्त्रलाई एकीकृत गर्नुपर्ने चुनौती छ। यस्तो अवस्थामा स्वतन्त्र र गैरराजनीतिक थिङ्क ट्याङ्कको भूमिका अझै महत्त्वपूर्ण भएको छ।”

परराष्ट्रमन्त्री खनालले वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकको सुरक्षा र मर्यादा, डिजिटल अर्थतन्त्रमार्फत नेपाली युवाको विश्व बजारमा पहुँच र महामारीका समयमा खोप तथा औषधीको सुनिश्चितता जस्ता विषय पनि प्राथमिकतामा रहेको बताउनुभयो। उहाँले औपचारिक कूटनीतिले कतिपय संवेदनशील विषयमा तत्काल संवाद अगाडि बढाउन नसक्ने अवस्थामा ‘ट्र्याक टु डिप्लोमेसी’ (दोस्रो तहको कूटनीति) मार्फत अनौपचारिक र बौद्धिक संवाद चलाउन नेपाल विश्व सम्बन्ध परिषद्ले पुलको काम गर्नुपर्नेमा जोड दिनुभयो।

# रिट दर्ता गर्न सर्वोच्चद्वारा अस्वीकार

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २५ गते*

प्रधान न्यायाधीश सिफारिस प्रक्रिया संविधानसम्मत नभएको जिकिरसहित सर्वोच्च अदालतमा पेस भएका तीन वटा रिट निवेदन दरपीठ (दर्ता गर्न अस्वीकार) भएका छन्। सर्वोच्च अदालत प्रशासनले तीन वटै रिट दरपीठ गरेको हो। प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा बिहीबार बसेको संवैधानिक परिषदले डा. मनोजकुमार शर्मालाई प्रधान न्यायाधीश नियुक्तिका लागि सिफारिस गरेको थियो। सिफारिस अनुसार शुक्रबार नै संसदीय सुनुवाइको प्रक्रियासमेत अघि बढिसकेको छ।

परिषद्को सिफारिस संविधानको मर्मविपरीत भएको र वरिष्ठता क्रमसमेत मिचिएको भन्दै वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी तथा अधिवक्ताद्वय डा. प्रेमराज सिलवाल र गीता थापाले रिट पेस गर्नुभएको थियो। तीन वटै रिट दरपीठ भएको सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले बताउनुभयो । प्रशासनको दरपीठको आदेशउपर निवेदकले इजलासमा निवेदन दिन पाउने छन्। इजलासले दरपीठको आदेश बदर गरेमा रिट दर्ता भई सुनुवाइको प्रक्रियामा जाने छ। दरपीठ सदर भएमा सिफारिस प्रक्रियाविरुद्ध न्यायिक परीक्षण हुने छैन।

### अन्तरिम आदेश जारी

यसैबिच सर्वोच्च अदालतले सुकुमवासी र अव्यवस्थित बसोबासीलाई विस्थापन गरी अन्यत्र व्यवस्था गर्दा कानुनको उचित प्रक्रिया पालना गर्न सरकारका नाममा अन्तरिम आदेश जारी गरेको छ । तोकिएको प्रक्रिया पालना नगरी हटाउँदा, शिक्षा, स्वास्थ्य, आवासलगायतका हक हनन हुने भन्दै अदालतले चरणबद्ध प्रक्रिया अवलम्बन नगरी जबरजस्ती बस्तीबाट हटाउने कार्य नगर्न सो आदेश गरेको हो।

न्यायाधीश कुमार रेग्मी र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले बस्तीबाट हटाइएका सुकुमवासीलाई मानवीय व्यवहार गर्न र आधारभूत आवश्यकता सुनिश्चितता गर्न पनि आदेशमा भनेको छ । आदेशमा भनिएको छ, “बस्तीबाट उठाइएका सबै सुकुमवासीलाई आधारभूत आवश्यकता परिपूर्ति नभएको भन्ने निवेदक एवं राष्ट्रिय मानव अधिकार आयोगका तर्फबाट समेत समस्या औँल्याइएको सन्दर्भमा विस्थापित सुकुमवासी वा अव्यवस्थित बसोबासीको हकमा निजहरूको आवास, शिक्षा, स्वास्थ्य, खाद्यान्नसमेतको आधारभूत आवश्यकता उपलब्ध गर्ने गराउने थप प्रभावकारी कार्य गर्नू गराउनू भनी विपक्षीका नाममा अन्तरिम आदेश जारी गरिदिएको छ।”

# शिष्टाचार भेट

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २५ गते*

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलसँग नेपालका लागि अस्ट्रेलियाका राजदूत साइमन अन्स्टर्ले शिष्टाचार भेटवार्ता गर्नुभएको छ । सिंहदरबारस्थित शुक्रबार मन्त्रालयमा भएको उक्त भेटका क्रममा नेपाल र अस्ट्रेलियाबिचको सम्बन्ध, शिक्षा, विकास साझेदारलगायतका विषयमा कुराकानी भएको शिक्षा मन्त्रीको सचिवालयले जनाएको छ। उहाँहरूबिच उच्च शिक्षामा अन्तरदेशीय शिक्षा प्रबन्धका क्षेत्रमा दुई देशबिच सहकार्यको सम्भावनाका विषयमा छलफल भएको थियो।

भेटमा शिक्षामन्त्री पोखरेलले अस्ट्रेलियन उच्च शिक्षाका राम्रा कार्यक्रममा सहकार्य र साझेदारीका विषयमा सकारात्मक रहेको भन्दै ती विषयमा कानुनी प्रबन्धका लागि पहल गरिने विश्वास व्यक्त गर्नुभयो । मन्त्री पोखरेलले विश्वस्तरीय शिक्षा नेपालमै दिने गरी नीतिगत सुधार गरेर जानुपर्नेमा जोड दिनुभयो । उहाँले विद्यालय शिक्षा क्षेत्रमा सुधारका अरू विकास साझेदारसँग जस्तै अस्ट्रेलियासँग पनि सहकार्य गर्न मन्त्रालय इच्छुक रहेको बताउनुभयो।

राजदूत अन्स्टर्ले उच्च शिक्षामा अन्तरदेशीय शिक्षा प्रबन्धकका बारेमा चासो व्यक्त गर्दै उच्च शिक्षाका राम्रा अस्ट्रेलियन कार्यक्रममा साझेदारी गर्ने इच्छासमेत व्यक्त गर्नुभयो।

### युरोपेली सङ्घको चासो

युरोपेली सङ्घ (इयु) ले वर्तमान सरकारको प्राथमिकताको क्षेत्रमा सहयोग तथा सहकार्य गर्ने चासो देखाएको छ। इयुका राजदूत भेरोनिक लोरेन्जोले शुक्रबार शिक्षामन्त्री पोखरेलसँग भेट गरी नेपालको नयाँ सरकारको प्राथमिकताका क्षेत्रमा सहयोग गर्न सिङ्गो इयु इच्छुक रहेको बताउनुभयो । सिंहदरबारस्थित मन्त्रालयमा भएको उक्त शिष्टाचार भेटमा द्विपक्षीय सम्बन्ध, शिक्षा क्षेत्रमा सहकार्यलगायतका विषयमा विचारविमर्श भएको शिक्षा मन्त्रीको सचिवालयले जनाएको छ।

भेटमा शिक्षामन्त्री पोखरेलले इयुले नेपालको विद्यालय शिक्षा क्षेत्रमा गरेको सहयोगको सराहना गर्दै विद्यमान शिक्षाका समावेशिता, पूर्वाधार विकास शिक्षक पेसागत विकासलगायतका क्षेत्रमा भविष्यमा थप सहकार्य गर्न सकिने विचार व्यक्त गर्नुभयो। राजदूत लोरेन्जोले नेपाल–इयु सम्बन्धलाई अझ सुदृढ बनाउन निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

## रास्वपाको ‘नीतिमन्थन’

# विपत् पूर्वतयारी र व्यवस्थापन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २५ गते*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले विपत् जोखिम न्यूनीकरण तथा विपत् व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यसहित राष्ट्रियस्तरको ‘नीतिमन्थन’ कार्यक्रम आयोजना गर्ने भएको छ । जलवायु परिवर्तनसँगै नेपालमा प्राकृतिक विपत्का घटना बढ्दो क्रममा रहेका बेला रास्वपाले नीतिगत बहसलाई केन्द्रमा राख्दै पूर्वतयारी र व्यवस्थापनबारे व्यापक छलफल सुरु गर्न लागेको हो।

‘पार्टी–संसद्–सरकार’ समन्वय समितिको आयोजनामा हुने उक्त कार्यक्रममा विपत् जोखिम न्यूनीकरण, पूर्वतयारी, उद्धार तथा पुनर्स्थापनाका विषयमा विज्ञ, सुरक्षा निकाय, सरोकारवाला संस्था र राजनीतिक नेतृत्वबिच गहन छलफल गरिने जनाइएको छ। कार्यक्रम आइतबार काठमाडौँस्थित नेपाल पर्यटन बोर्डको सभाहलमा आयोजना हुने छ।

रास्वपाका केन्द्रीय सदस्य तथा ‘पार्टी–संसद्–सरकार’ समन्वय समितिका सचिव आरके ढुङ्गानाले विपत् व्यवस्थापनलाई प्रतिक्रियात्मकभन्दा पनि पूर्वतयारीमुखी बनाउन आवश्यक नीति निर्माणको उद्देश्यले कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार नेपालमा हरेक वर्ष बाढीपहिरो, डढेलो, चट्याङ तथा भूकम्प जस्ता प्राकृतिक विपत्ले ठुलो जनधनको क्षति पुर्‍याउँदै आएका छन् । विपत् पूर्वतयारी, स्रोत व्यवस्थापन, जोखिम पूर्वानुमान तथा विभिन्न निकायबिच समन्वय कमजोर हुँदा क्षति न्यूनीकरणमा चुनौती देखिँदै आएको उहाँको भनाइ छ।

ढुङ्गानाले भन्नुभयो, “विपत् आइपरेपछि मात्र सक्रिय हुने होइन, त्यसअघि नै तयारी कसरी मजबुत बनाउने भन्ने विषयमा केन्द्रित भएर नीति बहस गर्न खोजिएको हो । सरकार, सुरक्षा निकाय र स्थानीय तहलाई प्रभावकारी रूपमा परिचालन गर्न आवश्यक कानुनी, संरचनागत तथा स्रोत व्यवस्थापनका पक्षमा स्पष्ट नीति आवश्यक छ।” उहाँले कार्यक्रममा विपत् व्यवस्थापनमा संलग्न सुरक्षा निकायका अधिकारी, नीतिविज्ञ, वातावरणविद्, स्थानीय तहका प्रतिनिधि तथा विभिन्न सरोकारवाला संस्थाका प्रतिनिधिको सहभागिता रहने बताउनुभयो । कार्यक्रममा प्राप्त सुझावलाई समेटेर रास्वपाले आगामी दिनमा संसद् र सरकारमार्फत नीतिगत पहल अघि बढाउने तयारी गरेको पनि उहाँले जानकारी दिनुभयो।

रास्वपा सभापति रवि लामिछानेको प्रमुख आतिथ्यतामा हुने कार्यक्रममा पार्टीका केन्द्रीय विभाग प्रमुख, प्रतिनिधि तथा विभिन्न क्षेत्रका विज्ञको सहभागिता रहने जनाइएको छ । रास्वपाले राष्ट्रिय सरोकारका विषयमा दीर्घकालीन नीति निर्माणमा योगदान दिने उद्देश्यले महामन्त्री भूपदेव शाहको नेतृत्वमा नौ सदस्यीय ‘पार्टी–संसद्–सरकार’ समन्वय समिति गठन गरेको थियो । समितिले आमजनसरोकारका विषयमा विज्ञसँग बहस र अन्तर्क्रिया गर्दै राष्ट्रिय धारणा तयार गर्ने लक्ष्य राखेको जनाएको छ। रास्वपाका अनुसार ‘नीतिमन्थन’ कार्यक्रमबाट प्राप्त निष्कर्ष र सुझावलाई समेटेर विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी स्पष्ट नीतिगत अवधारणा तयार गरिने छ । त्यसलाई संसद्, सरकार र सम्बन्धित निकायमार्फत कार्यान्वयनमा लैजान पहल गरिने पार्टीको तयारी छ।

# बाबुरामद्वारा पार्टी परित्याग

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २५ गते*

पूर्वप्रधानमन्त्री एवं प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) का संरक्षक डा. बाबुराम भट्टराईले सो पार्टी छोड्नुभएको छ। पार्टीले शुक्रबार आयोजना गरेको बैठकमा बाबुरामले पार्टीमा नरहने घोषणा गरेको प्रलोपाका अध्यक्ष सन्तोष परियारले जानकारी दिनुभयो।

अध्यक्ष परियारले बाबुराम राजनीतिक रूपमा पार्टीमा सक्रिय नभएर सैद्धान्तिक, वैचारिक र लेखन कार्यमा सक्रिय हुने बताउनुभयो। तत्कालीन माओवादी जनयुद्धमा नेतृत्व तहमै रहेका बाबुराम नयाँ शक्ति, मधेशकेन्द्रित दल हुँदै प्रलोपाको संरक्षक हुनुभएको थियो । प्रलोपाले तत्काल महाधिवेशन गरेर विचार मिल्ने पार्टीसँग एकता गरेर जाने निर्णय गरेको छ।

### सुदन श्रम संस्कृति पार्टीमा

यस्तै पूर्वमन्त्री सुदन किराँती प्रलोपा छाडेपछि हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीमा प्रवेश गर्नुभएको छ। शुक्रबार काठमाडौँमा पार्टी प्रवेश कार्यक्रम राखेर अध्यक्ष साम्पाङले उहाँलाई वरिष्ठ नेताको जिम्मेवारी दिँदै प्रवेश गराउनुभएको हो।

# सवारी विद्युतीय बनाउन छैन मापदण्ड

**लक्ष्मण दर्नाल**
*काठमाडौँ, वैशाख २५ गते*

डिजेल तथा पेट्रोलबाट चल्ने सवारीलाई विद्युतीयमा परिवर्तन गर्न सकिने कानुनी व्यवस्था भए पनि व्यावहारिक रूपमा स्पष्ट मापदण्ड नहुँदा सेवाग्राही अन्योलमा परेका छन् । कस्ता सवारी रूपान्तरण गर्न मिल्छ ? भन्नेसम्मको पनि स्पष्टता नहुँदा कानुनी व्यवस्था कार्यान्वयन हुन सकेको छैन।

इन्धनबाट चल्ने सवारीलाई विद्युतीयमा रूपान्तरण गर्न मिल्ने कानुनी व्यवस्था तत्कालीन मन्त्रीपरिषद्ले निर्णय गरी २०८२ कात्तिकमा राजपत्रमा प्रकाशित गरिसकेको छ । कानुनतः विद्युतीयमा रूपान्तरण गर्न सकिने व्यवस्था छ । तीन वर्षसम्म उक्त राजपत्रको सूचनाले काम गर्ने र त्यसपछि नयाँ कानुन निर्माण भइसक्ने अवस्था भएकाले कानुनतः समस्या नरहेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ।

मन्त्रालयका सहसचिव कृष्णराज पन्थले भन्नुभयो, “अघिल्लो सरकारले राजपत्रमा प्रकाशित गरेपछि अब आफ्नो सवारी विद्युतीयमा रूपान्तरण गर्न नीतिगत रूपमा समस्या छैन तर कसले गर्ने भन्ने कुरा हो । यो अलि महँगो पनि पर्ने भएकाले चासो नदिइएको पनि हुन सक्छ। सरकारले आफ्नै गाडी रूपान्तरण गर्दा अरूलाई पनि सहज हुन सक्छ।”

सहजताका लागि यातायात व्यवस्था विभागले निर्देशिका बनाइरहेको छ । निर्देशिकामा कस्ता सवारी र कुन गुणस्तरको बनाउनेलगायत सवाल उल्लेख गरिएको छ । पन्थले भन्नुभयो, “मुख्य कुरा त सवारीधनी इच्छुक हुनु पर्‍यो । विभागले मापदण्ड बनाइरहेको छ। २० वर्ष पुराना सवारीलाई पनि विद्युतीय बनाउन सकिने कुरामा अवरोध छैन। विद्युतीय बनाइसकेपछि कति वर्ष सञ्चालन गर्न सकिनेलगायत कुरा मापदण्डमा उल्लेख हुन्छ।”

सरकारले २०७८ चैतमा पनि राजपत्रमा सूचना प्रकाशित गरेर डिजेल तथा पेट्रोलबाट चल्ने गाडीलाई विद्युतीयमा रूपान्तरण गर्ने कानुनी व्यवस्था गरेको थियो। संशोधित ऐनमा तीन वर्षका लागि मात्रै सो व्यवस्था जारी भए पनि कार्यान्वयन हुन सकेन । यसमा स्पष्ट व्यवस्था हुन नसक्दा अन्योल भएको यातायात व्यवसायीको दाबी छ। विद्युतीय सवारी सञ्चालक सुन्दर यातायातका अध्यक्ष भेषबहादुर थापाले भन्नुभयो, “कानुनतः खुला भएको छ भनेर मात्र हुँदैन। कस्तो सवारी, कति वर्षका लागि र रूपान्तरण गर्दा लाग्ने खर्चबारे पनि सरकार बोल्नु पर्छ। रूपान्तरण गर्नेलाई सरकारले प्रोत्साहन गर्नु पर्छ ।” विद्युतीयमा रूपान्तरण गर्न सरकारले हालै पुनः निर्णय गरेको छ। २०८२ चैत २२ गतेको मन्त्रीपरिषद्को बैठकले पनि डिजेल तथा पेट्रोल गाडीलाई विद्युतीय गाडीमा परिवर्तन गर्न आवश्यक कानुनी व्यवस्था मिलाउने निर्णय गरेको छ तर पहिल्यै राजपत्रमा प्रकाशित भइसकेकाले यसमा कानुनी जटिलता नभएको सहसचिव पन्थको भनाइ छ।

सरकारले विद्युतीय सवारीसाधनको प्रयोगलाई जोड दिँदै आएको छ। आर्थिक वर्ष २०७७/७८ को बजेटमार्फत २०८८ सालसम्म सबै सवारीसाधनलाई विद्युतीयमा रूपान्तरण गरी डिजेल–पेट्रोल इन्जिनबाट चल्ने गाडीको सङ्ख्या शून्यमा झार्ने नीति लिएको थियो तर नीति र योजनामा मात्रै सीमित भइरहेको थापाको भनाइ छ । उहाँले भन्नुभयो, “स्कुटर र बाइक विद्युतीयमा रूपान्तरण गरेका छन् तर चारपाङ्ग्रे सवारी भने हुन सकिरहेको छैन । चारपाङ्ग्रेका तीन सय जनाले नाम टिपाउनुभएको छ तर उहाँहरू अन्योलमा हुनुहुन्छ।”

सामान्यतया चारपाङ्ग्रे सवारीलाई विद्युतीयमा रूपान्तरण गर्दा कम्तीमा २० लाख रुपियाँ लाग्न सक्छ तर व्यवसायीले थप २० लाख रुपियाँ लगानी गर्न सक्छन् कि सक्दैनन् भन्ने विषय सरकारले बुझ्नुपर्ने व्यवसायीको भनाइ छ। थापाले भन्नुभयो, “विद्युतीय सवारी चलाउँदा इन्धन र वातावरणका हिसाबले निकै फाइदा छ तर विद्युतीयमा रूपान्तरण गरेपछि कति वर्ष चलाउने पाउने हो ? नवीकरण, रुट परमिट र व्यवसायीलाई सहुलियत हुनु पर्छ र सरकारले स्पष्ट मापदण्ड छिटो ल्याउनु पर्‍यो।”

विभागले अहिलेसम्म चारपाङ्ग्रे इन्धनबाट चल्ने सवारी विद्युतीयमा रूपान्तरण भइनसकेको बताएको छ । कानुनी रूपमा खुला भए पनि नीति निर्देशिका नहुँदा कार्यान्वयनमा जान नसकिएको विभागको दाबी छ । विभागका सूचना अधिकारी गणेशमानसिं राईले भन्नुभयो, “इन्धनवाला सवारीलाई विद्युतीयमा रूपान्तरण गर्न विभागले मापदण्ड बनाएर मन्त्रालयमा पठाएको छ।”

## सङ्कट...

वितरण सुनिश्चित गर्नुपर्ने सुझाइएको छ। रासायनिक मलको अभाव हुन नदिन स्थानीय स्तरमा उपलब्ध हुने प्राङ्गारिक तथा कम्पोस्ट मलको प्रयोगलाई अभियानकै रूपमा प्रवर्धन गर्न सुझाव दिइएको छ।

खाद्यान्न आत्मनिर्भरताका लागि स्थानीय तहसँगको समन्वयमा बाँझो जग्गामा खेती गर्ने कृषकलाई प्रोत्साहन प्याकेज उपलब्ध गराउन सुझाइएको छ। घरेलु, साना तथा मझौला उद्योग जोगाउन सहुलियतपूर्ण ऋण, कर छुट र बिजुली महसुलमा विशेष छुट सुविधा कार्यान्वयन गर्ने तथा आयातित कच्चा पदार्थको विकल्पका रूपमा स्वदेशी कच्चा पदार्थ प्रयोग गर्ने उद्योगलाई विशेष कच्चा पदार्थ अनुदान उपलब्ध गराउने योजना सुझाइएको छ।

द्वन्द्वग्रस्त वा उच्च जोखिमयुक्त क्षेत्रमा रहेका नेपाली श्रमिकको डिजिटल प्रोफाइल र स्थानगत तथ्याङ्क तत्काल अद्यावधिक जारी राख्ने सुझाव छ । त्यसै गरी ऊर्जा तथा इन्धन व्यवस्थापनतर्फ पेट्रोलियम पदार्थ र उद्योगका लागि आवश्यक कच्चा पदार्थको रणनीतिक भण्डारण क्षमताको पूर्ण उपयोग गरी कम्तीमा तीन महिनाको मौज्दात सुनिश्चित गर्न सुझाइएको छ । अन्तर्राष्ट्रिय बजारमा हुने इन्धनको मूल्यवृद्धिको असर न्यून गर्न मूल्य स्थिरीकरण कोषलाई सुदृढ बनाउने र त्यसको परिचालन पारदर्शी बनाउन सरकारलाई सुझाव दिइएको छ।

### कालापानीबारे सचेत

सरकारले कालापानी, लिपुलेकदेखि लिम्पियाधुरासम्मका क्षेत्रमा छिमेकी भारत र चीन दुवैले कुनै पनि प्रकारको धार्मिक यात्रा, व्यापारलगायतका काम नगर्न फेरि सचेत गराएको छ । परराष्ट्र मन्त्रालयको पत्रकार सम्मेलनमा प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले कालापानी, लिम्पियाधुरा र लिपुलेकबारे दुवै छिमेकी मुलुकलाई कूटनीतिक नोटमार्फत थप स्मरण गराएको बताउनुभयो । उहाँले नेपाल र भारत दुई अभिन्न र घनिष्ठ छिमेकी मित्र भएको बताउनुभयो। उहाँले भन्नुभयो, “नेपाल र भारतबिचको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको मर्म र भावना अनुरूप यो समस्या समाधान गर्न नेपाल तत्पर छ। ऐतिहासिक सन्धिसम्झौता, तथ्य, नक्सा र प्रमाणका आधारमा सीमा समस्याको सकारात्मक रूपमा समाधान गर्न नेपाल सरकार सधैँ प्रतिबद्ध छ।”

## उपकुलपतिका ....

गरेका उम्मेदवारले प्रतिवर्ष एक अङ्कका दरले चार वर्षको अधिकतम चार अङ्क, पुस्तक लेखी आइएसबिएन प्राप्तिसहित सोको प्रकाशन गरेकामा दुई वटासम्मको लागि पाँच अङ्क प्रदान गरिने व्यवस्था गरिएको छ।

कार्यविधिमा उच्च शिक्षाको क्षेत्रमा प्राज्ञिक अनुसन्धानमूलक परियोजना सम्पन्न गरेबापत प्रतिअनुसन्धानबापत तीन अङ्कका दरले दुई वटाको छ अङ्क, राष्ट्रियस्तरको प्राज्ञिक अनुसन्धानमूलक परियोजनाबापत प्रतिअनुसन्धानबापत १.५ अङ्कका दरले चार वटा अनुसन्धानका लागि छ अङ्क, उच्च शिक्षाको क्षेत्रमा अनुसन्धानमूलक लेख प्रकाशनबापत १० अङ्क, विश्वविद्यालयसम्बन्धी सोचपत्र मूल्याङ्कनबापत १५ अङ्क, विश्वविद्यालयको चारबर्से रणनीतिक कार्ययोजना मूल्याङ्कनबापत १० अङ्क, प्रस्तुतीकरणको २० र अन्तर्वार्ताको २० अङ्क निर्धारण गरिएको छ।

## पन्ध्र ...

कुलपतिबाट सिफारिस भएपछि नियुक्त हुने छन् ।” अहिलेको सङ्क्रमणकालीन अवस्थामा शिक्षामन्त्रीको अध्यक्षतामा समिति गठन भए पनि विज्ञताका आधारमा उपकुलपतिको पदपूर्ति हुने उहाँको भनाइ छ।

### स्थानीय तहले नियमन

मन्त्री पोखरेलले विद्यालयमा भर्ना शुल्क लिने/नलिने कुन कुन शुल्क लिने भन्ने शिक्षा नियमावलीमा उल्लेख भएकाले स्थानीय तहले नियमन गरेर कारबाही गर्ने बताउनुभयो। “कानुनविपरीत कुनै विद्यालयले त्यसरी शुल्क लिएको छ भने नियमन गर्ने स्थानीय तह हो।

## क्युबाप्रति ...

अमेरिकी अधिकारीले क्युबामाथि तत्काल कुनै सैन्य कारबाही गर्ने तयारीमा नरहेको बताइरहँदा कूटनीतिक छलफलसमेत जारी रहेको छ । विकसित कूटनीतिक वार्ताले अमेरिका र क्युबाबिच सम्बन्धमा सुधार आई सैन्य कारबाहीको विकल्प टर्ने विश्वाससमेत गरिएको छ। अमेरिका र इजरायल दुई महिनायता इरानविरुद्ध युद्धमा छन् र यसले पश्चिम एसियामा अशान्तिसँगै विश्व अर्थतन्त्र र आपूर्ति प्रणालीमै असर परिरहेको छ । राष्ट्रपति ट्रम्पले केही दिनअघि मात्र ‘क्युबा अर्को लक्ष्य हुन सक्छ’ भन्ने टिप्पणी गरे पनि कूटनीतिक संवादले नयाँ सम्भावनाको ढोका खोलेको छ।

दुई वर्षका निम्ति क्युबामा निःशुल्क इन्टरनेट सेवा दिने प्रस्तावसँगै नाकाबन्दीले चरम आर्थिक समस्या रहेको अर्थतन्त्रलाई सहयोग पुर्‍याउन कृषि सहयोग तथा पूर्वाधार विकास सहायता जस्ता प्रस्ताव पनि गरिएको जनाइएको छ तर ती मानवीय सहायताभित्र कडा सर्त हुन सक्ने भन्दै अमेरिकी सहायताको क्युबाले स्वीकार गरेको छैन।

अमेरिकी अधिकारीले कूटनीतिक ढोका अझै खुला रहेको बताए पनि राष्ट्रपति ट्रम्पले आफ्नो निर्णय परिवर्तन गर्न सक्ने र सैन्य विकल्प पूर्ण रूपमा हट्न समय लाग्न सक्ने छ।

### भुल सुधार

गोरखापत्र दैनिकको २०८३ वैशाख २५ गते प्रथम पृष्ठमा प्रकाशित ‘प्रधान न्यायाधीशमा शर्मा सिफारिस’ शीर्षकको समाचारको दोस्रो अनुच्छेदमा परिषद् अध्यक्ष एवं प्रधानमन्त्री हुनुपर्नेमा अन्यथा पर्न गएकाले क्षमायाचनासहित भुल सुधार गरिएको छ।

–सं

## भूमिहीन...

नयाँ डिजिटल प्रणालीमा प्रत्येक व्यक्तिको व्यक्तिगत तथा पारिवारिक विवरण मात्र नभई सामाजिक–आर्थिक अवस्था, आयस्रोत, शैक्षिक योग्यता र सिपको समेत अभिलेख राखिने छ । बायोमेट्रिक र फोटोसहितको यो डेटालाई अन्य सरकारी प्रणालीसँग क्रस जाँच गरी वास्तविक पीडितको पहिचान सुनिश्चित गरिने छ।

सहभागी प्रत्येक परिवारलाई डिजिटल परिचयपत्र उपलब्ध गराइने छ र बैङ्क खाता नभएकाको नयाँ खाता खोलेर सरकारले दिने राहत तथा अनुदान सिधै सोही खातामा पठाउने व्यवस्था मिलाइएको छ।

यो अभियान सरकारको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीको बुँदा नम्बर ९१ अन्तर्गत कार्यान्वयनमा ल्याइएको हो। प्रधानमन्त्री शाहले पनि यस अभियानबारे सार्वजनिक रूपमा स्पष्ट पारिसक्नुभएको छ । सरकारले यस लगतलाई केवल तथ्याङ्क सङ्कलनमा सीमित नराखी रोजगारी, उद्यमशीलता र सामाजिक सुरक्षा योजनासँग समेत जोड्ने लक्ष्य लिएको छ। परिवारका सदस्यको स्वास्थ्य अवस्था, दीर्घरोग र गर्भावस्था जस्ता संवेदनशील विवरणका आधारमा लक्षित सरकारी योजना कार्यान्वयन गर्न यसले थप सहजता प्रदान गर्ने अपेक्षा गरिएको छ।

### उत्खनन स्वीकृत मापदण्डअनुसार गराउन निर्देशन

यसैबिच राष्ट्रिय समाचार समितिका अनुसार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन सङ्कलनलाई स्वीकृत मापदण्ड, वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रचलित कानुनबमोजिम मात्र गराउन सम्बन्धित मन्त्रालय र तहलाई निर्देशन दिएको छ।

सो कार्यालयले दिएको निर्देशनमा निर्माणमा उपयोग हुने ढुङ्गा, गिट्टी, बालुवा, माटोलगायत नदीजन्य र खानीजन्य पदार्थको उत्खनन स्थानीय तहबाट हुँदै आएकामा नदीजन्य र खानीजन्य पदार्थको उत्खनन, सङ्कलन, ओसारपसार तथा बिक्रीवितरणलगायत कार्य गैरकानुनी तरिकाले भइरहेको गुनासो र जानकारीप्रति ध्यानाकर्षण भएको जनाएको हो।

प्रचलित कानुन, मापदण्ड तथा प्राकृतिक स्रोत संरक्षणसम्बन्धी नीतिबमोजिम विकासनिर्माण कार्यमा नदीजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिइ यस्ता स्रोतसाधनको अत्यधिक दोहनलाई निरुत्साहित गरी उत्खनन, सङ्कलन, ओसारपसार र उपयोग कार्यलाई व्यवस्थित, पारदर्शी तथा दिगो बनाउन भनिएको छ।

प्रधानमन्त्री कार्यालयले गृह मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र, सबै मुख्यमन्त्री र स्थानीय तहलाई पत्राचार गरी सो आग्रह गरेको हो।

जथाभाबी उत्खनन, अवैध सङ्कलन तथा अनधिकृत ओसारपसार कार्यलाई पूर्ण रूपमा नियन्त्रण गर्न नियमित गस्ती परिचालन, जोखिम क्षेत्रमा स्थानीयवासीसमेतको रोहवरमा अनुगमन तथा अवैध उत्खनन, सङ्कलन तथा ओसारपसार कार्यमा तत्काल प्रहरी प्रशासनबाट नियन्त्रण गर्न निर्देशन दिइएको छ।

नदी, खोला, वन क्षेत्र, खेतीयोग्य जमिन तथा बस्ती क्षेत्रमा वातावरणीय विनाश नहुने गरी मात्र उत्खनन कार्य सञ्चालन गर्ने र स्थानीय तहहरूले नदीजन्य वस्तुको उत्खनन समय दैनिक बिहान ६:०० बजेदेखि बेलुका ६:०० बजे तोक्ने गरी आवश्यक व्यवस्था मिलाउने भनिएको छ।

खानीजन्य पदार्थको उत्खनन तथा प्रयोग गर्दा श्रमिक सुरक्षा, वातावरण संरक्षण तथा स्थानीय समुदायको हितलाई प्राथमिकता दिन, उत्खननबाट प्राप्त राजस्व गुम्न नदिन वास्तविक कारोबार मूल्यमा बिलबीजक जारी हुने अवस्था सुनिश्चित गर्ने तथा कारोबारबिना बिलबीजक जारी गर्ने अवस्थालाई निरुत्साहित गर्न, सम्बन्धित स्थानीय तहले सरोकारवालासँगको समन्वयमा नदी तथा खानीजन्य पदार्थको दिगो उपयोगका लागि जनचेतनामूलक कार्यक्रम तत्काल सञ्चालन गर्न निर्देशन दिइएको छ।

सो सम्बन्धमा भएका प्रगति तथा समस्याका सम्बन्धमा गृह मन्त्रालयले प्रत्येक महिनाको पहिलो हप्ता प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को

## महानगरको....

महानगरले निर्माण कार्य रोक्न निर्देशन दिएपछि ठेकेदार कम्पनी जलेश्वर स्वच्छन्द बिकोई बिल्डर्स प्रालिले कानुनी बाटो खोज्दै पाटन उच्च अदालतमा रिट दायर गरेको थियो । काठमाडौँ महानगरपालिकाले २०८१ माघ ९ गते पत्र जारी गर्दै टावर निर्माण रोक्न निर्देशन दिएको थियो । २०७२ को भूकम्पपछि १२ तलाको नक्सा पास भए पनि पछि १९ तलासम्मको टावर निर्माण गर्न खोज्दा महानगरभित्र नक्सा पाससम्बन्धी विवाद र छानबिन नै चलेको थियो। भूमिगत दुई तलासहित कुल १२ तलाको भ्यु टावर निर्माण गर्ने नक्सा स्वीकृत छ। उक्त टावरको डिजाइन केज कन्सल्टले तयार गरेको थियो।

व्यवस्थित बसपार्क र पार्किङ, आधुनिक भूमिगत बस टर्मिनल, बैङ्क, वित्तीय संस्था, स्वास्थ्य सुविधा, रेस्टुरेन्ट, सिनेमा हल र पुस्तकालयलगायतको सेवा सञ्चालन गर्न सकिने व्यावसायिक केन्द्र, पर्यटकीय आकर्षण बढाउन टावरको माथिल्लो तलाबाट काठमाडौँ उपत्यकाको दृश्यावलोकन गर्न मिल्ने उद्देश्यससहित यस टावरको निर्माण सुरु गरिएको काठमाडौँ महानगरपालिकाका प्रवक्ता मनान्धरले जानकारी दिनुभयो । कुल २३ रोपनी पाँच आना जग्गामा फैलिने उक्त टावरमा करिब ६० प्रतिशत खुला स्थान, बगैँचा र मनोरञ्जनका सामग्री राख्ने योजना छ।

# सेवा प्रवाहका लागि दुई स्थानीय तह छनोट

**सिन्धुली समाचारदाता**
*सिन्धुलीमाढी, वैशाख २५ गते*

सिन्धुलीमा जग्गा प्रशासनसम्बन्धी सेवा प्रवाहका लागि दुई वटा स्थानीय तह छनोट भएका छन् । जिल्लाका नौ वटा स्थानीय तहमध्ये सात वटाले उक्त सेवा प्रवाहका लागि भूमि व्यवस्थापन तथा अभिलेख विभागमा आशयपत्र पेस गरेकोमा पहिलो चरणमा दुधौली नगरपालिका र मरिण गाउँपालिका छनोटमा परेका छन् ।

जिल्लामा कमलामाई नगरपालिका र सुनकोशी गाउँपालिकाले भने आशयपत्र नपठाएको जनाएका छन् । मरिण गाउँपालिकाका अध्यक्ष विमर्श मोक्तानले पालिकाले भूमि प्रशासनसम्बन्धी सेवा प्रवाह जेठको पहिलो साताबाटै सुरु गर्ने तयारी गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "सेवा सञ्चालनका लागि सुरुमा कर्मचारीलाई तालिम चाहियो । भएकै कर्मचारी र भवनबाट आवश्यक जनशक्ति र ठाउँको व्यवस्थापन गर्ने तयारी गरेका छौँ ।"

सदरमुकामस्थित भूमि प्रशासन कार्यालय (मालपोत) र नापी कार्यालयबाट हुँदै आएको जग्गा प्रशासनसम्बन्धी सेवा स्थानीय तहबाटै सहज ढङ्गले नागरिकलाई प्रवाह गरिने उहाँको भनाइ छ । स्थानीय तहले उक्त सेवा सुरु गर्नेबित्तिकै जग्गा प्रशासनसम्बन्धी सेवा लिन सदरमुकाम धाउनुपर्ने बाध्यता अन्त्य हुने र नागरिकको समय तथा खर्च पनि बचत हुने गाउँपालिका अध्यक्ष मोक्तानले सुनाउनुभयो ।

त्यस्तै दुधौली नगरपालिकाले भने आगामी साउन १ गतेबाट सेवा सुरु गर्ने तयारी गरेको जनाएको छ । नगरप्रमुख चन्द्रकिशोर थारूका अनुसार जग्गा प्रशासनसम्बन्धी सेवा प्रवाह सुरु गर्न दुधौली नगरपालिकामा भवन र कर्मचारीको समस्या छैन ।




*तस्बिर : बाबुराम देवकोटा*

**सिन्धुलीको मरिण गाउँपालिकाको कार्यालय भवन ।**

उहाँले भन्नुभयो, "साउन १ गतेअगाडिको समयमा सेवा प्रवाह गर्न आवश्यक तयारी पूरा गर्छौं ।"

यसअघि पनि मालपोत कार्यालयको सेवा केन्द्र खोल्न पहल भइरहेकोमा अब जग्गा प्रशासनसम्बन्धी सेवा स्थानीय तहबाट सुरु हुने भएपछि नागरिकले घरदैलोमा नै सेवा पाउने उहाँको भनाइ छ । सङ्घीय सरकारले जग्गा प्रशासनसम्बन्धी सेवा सञ्चालन गर्न सक्ने/नसक्ने भनी परिपत्र गरेको थियो, उहाँले भन्नुभयो, "हामीले सक्छौँ भनी कार्यपालिका बैठकबाटै निर्णय गरी आशयपत्र पठाएका थियौँ ।"

उक्त सेवा प्रवाह सुरु भएपछि दुधौली नगरपालिकाका १४ वटा वडाका बासिन्दा लाभान्वित हुने नगरप्रमुख थारूले जानकारी दिनुभयो । भूमि प्रशासन कार्यालयका अनुसार जिल्लामा सङ्घीय सरकारको परिपत्र अनुसार सेवा सञ्चालनका लागि नौ वटै स्थानीय तहलाई परिपत्र गरिएको थियो । परिपत्र अनुसार जग्गा प्रशासनसम्बन्धी सेवा प्रवाहका लागि इच्छा देखाई दुधौली नगरपालिका, मरिण गाउँपालिका, हरिहरपुरगढी गाउँपालिका, गोलन्जोर गाउँपालिका, फिक्कल गाउँपालिका, तीनपाटन गाउँपालिका र घ्याङ्लेख गाउँपालिकाले मन्त्रालयमा आशयपत्र पठाएका थिए । देशभरिबाट पहिलो चरणमा ३५ वटा स्थानीय तह छनोट हुँदा सिन्धुलीका दुधौली र मरिण गाउँपालिका छनोटमा परेका कार्यालयले जनाएको छ ।

## डेङ्गु र 'स्क्रब टाइफस'का सङ्क्रमित बढे

**चितवन समाचारदाता**
*चितवन, वैशाख २५ गते*

चितवनमा डेङ्गु र 'स्क्रब टाइफस' का सङ्क्रमित बिरामीको सङ्ख्या एक हजार नाघेको छ । जनस्वास्थ्य कार्यालय चितवनका भेक्ट कन्ट्रोलर राम केसीले चालु आर्थिक वर्षको साउनयता जिल्लामा दुई रोगबाट सङ्क्रमित हुनेको सङ्ख्या एक हजार २७ पुगेको जानकारी दिनुभयो । जिल्लाभर हालसम्म डेङ्गु सङ्क्रमितको सङ्ख्या २५८ पुगेको छ । जसमध्ये चितवनका स्थानीय तहका २०६ जना र अन्य जिल्लाबाट उपचारका लागि आएका ५२ जना रहेका छन् । डेङ्गुका लागि हालसम्म १० हजार १२३ जनाको परीक्षण गरिएको कार्यालयले जनाएको छ ।

डेङ्गुको तुलनामा 'स्क्रब टाइफस' को सङ्क्रमण धेरै देखिएको छ । हालसम्म ७६९ जनामा 'स्क्रब टाइफस' पुष्टि भएको छ । यसमध्ये चितवनका ५३९ जना र बाह्य जिल्लाका २३० जना छन् । कार्यालयले दिएको विवरण अनुसार पुरुषको तुलनामा महिला बढी प्रभावित देखिएका छन् । सङ्क्रमणको हिसाबले रत्ननगर नगरपालिका सबैभन्दा बढी प्रभावित देखिएको छ । रत्ननगरमा मात्रै ८३ जना डेङ्गु र २१७ जना 'स्क्रब टाइफस' का बिरामी भेटिएका छन् । यस्तै भरतपुर महानगरपालिकामा ५५ जना डेङ्गु र ७५ जना 'स्क्रब टाइफस' का सङ्क्रमित रहेका छन् । खैरहनी, राप्ती र कालिका नगरपालिकामा पनि सङ्क्रमणको दर उच्च रहेको छ ।

विगत २४ घण्टामा जिल्लाभित्रका स्थानीय तहमा डेङ्गु र 'स्क्रब टाइफस' सङ्क्रमणका नयाँ बिरामी थपिएका छैनन् । हालसम्म यी दुवै रोगका कारण कसैको पनि मृत्यु नभएको स्वास्थ्य कार्यालयको प्रतिवेदनले देखाएको छ । गर्मी र वर्षाको मौसमसँगै लामखुट्टे र किराको टोकाइबाट सर्ने यस्ता रोग बढ्ने हुनाले सावधानी अपनाउन केसीले आग्रह गर्नुभयो । घरवरिपरि सरसफाइ राख्न, पानी जम्न नदिन र ज्वरो आएमा तुरुन्त नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जनस्वास्थ्य कार्यालय चितवनले अनुरोध गरेको छ ।

# बालविवाह नियन्त्रणमा साझा प्रयास आवश्यक



*तस्बिर : राममणि दाहाल*

**बागमती प्रदेशमा बालविवाह, बाल न्यायको अवस्था र बालविवाह अन्त्यका लागि न्यायक्षेत्रको भूमिका विषयक कार्यक्रमका अतिथि ।**

**मकवानपुर समाचारदाता**
*मकवानपुर, वैशाख २५ गते*

पछिल्लो समयमा बढ्दो बालविवाह नियन्त्रणमा सबैको साझा प्रयास आवश्यक भएकोमा जोड दिइएको छ । बागमती प्रदेशमा 'बालविवाह, बाल न्यायको अवस्था र बालविवाह अन्त्यका लागि न्यायक्षेत्रको भूमिका' विषयक शुक्रबार मुख्य न्यायाधिवक्ताको कार्यालय, बागमती प्रदेशले हेटौँडामा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रमका वक्ताले नेपालले सन् २०३० सम्ममा बालविवाह अन्त्य गर्ने लक्ष्य रहेको भन्दै उक्त लक्ष्य पूरा गर्न तीन तहका सरकारको प्रभावकारी र अर्थपूर्ण सहभागिता आवश्यक भएको औँल्याएका हुन् ।

कार्यक्रममा बालविवाहको मुद्दा अदालतमा नपर्ने र जबरजस्ती करणीका मुद्दा चलाउँदा बालिकाले उन्मुक्ति पाउने र बालकले सजाय पाउने अवस्था रहेको भन्दै वक्ताले बालविवाहको स्वरूपमा आएको परिवर्तनले बालविवाहको समस्या समाधानमा चुनौती थपिएको बताएका थिए ।

कार्यक्रममा बागमती प्रदेश सरकारका प्रवक्तासमेत रहनुभएका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले बालबालिकासम्बन्धी कानुन खुकुलो भएका कारण पनि बालविवाहको समस्या बढेको भन्दै कतिपय बालविवाह सहमतीमा भएका कारण पनि कानुनी दायरामा नआएको बताउनुभयो ।बालविवाहका कारण स्वास्थ्यलगायतका समस्या आउने भन्दै मन्त्री तामाङले भन्नुभयो, "बालविवाहविरुद्धको सचेतना कार्यक्रम विद्यालयदेखि सुरु गर्नु पर्छ ।" उहाँले कानुनी कुरासँगै विद्यालयस्तरबाट सचेतना सुरु गरे मात्र नेपालले लिएको लक्ष्यमा पुग्न सकिने बताउनुभयो ।

बागमती प्रदेशका मुख्य न्यायाधिवक्ता अप्सरा बस्नेतले बालविवाहसम्बन्धी कानुनी प्रवाधानबारे चर्चा गर्दै नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार बागमती प्रदेशमा २९.३ प्रतिशतले बालविवाह गरेको तथ्याङ्क रहेको जानकारी दिनुभयो । उहाँले बालविवाह अन्त्य गर्न अहिले भएका कानुनको प्रभावकारी कार्यान्वयन र संस्थागत सुदृढीकरण आवश्यक भएको भन्दै स्थानीय तहले बालविवाह अन्त्यका लागि प्राथमिकताका साथ लगानीसहितको कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुभयो । बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका सचिव लोकहरि बस्यालले पछिल्लो समय सामाजिक सञ्जालमा आउने अपरिपक्व सूचना सामग्रीको गलत धारणा निर्माण भएको भन्दै बाल न्याय प्रणालीलाई सुदृढ गर्नुपर्ने बताउनुभयो ।

अधिवक्ता सुवास अधिकारीले बाल न्यायसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको सो कार्यक्रममा 'भ्वाइस अफ चिल्ड्रेन' का उपनिर्देशक राजु घिमिरेलगायतले अदालतमा अझै बाल इजलासको अभाव, सामाजिक सञ्जालमा देखिएका कुरा प्रयोगमा ल्याउने प्रवृत्तिलगायतका समस्या रहेको बताउनुभयो ।

## मन्त्रालय गाभेकोमा आपत्ति

**मकवानपुर समाचारदाता**
*मकवानपुर, वैशाख २५ गते*

नेपाल वन प्राविधिक सङ्घ बागमती प्रदेश कार्यसमितिले बागमती प्रदेश सरकारले वन तथा वातावरणलाई कृषि तथा पशुपन्छी मन्त्रालयमा गाभ्न गरेको निर्णयप्रति आपत्ति जनाएको छ । बागमती प्रदेश सरकारको मन्त्रीपरिषद्को मङ्गलबारको बैठकले हाल कायम १४ मन्त्रालयलाई घटाई आगामी साउन १ गतेदेखि लागु हुने गरी आठ वटा कायम गर्ने निर्णय गरेको छ । सरकारले मन्त्रालयको सङ्ख्या घटाउने निर्णयसँगै वन तथा वातावरणलाई कृषि तथा पशुपन्छीमा गाभेर कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय बनाउने निर्णय गरेको हो ।

वन प्राविधिक सङ्घले मन्त्रालय सङ्ख्या घटाउने बागमती प्रदेश सरकारको निर्णयलाई सकारात्मक रूपमा स्वागत गर्दै उक्त निर्णय अन्तर्गत कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालयलाई एकीकृत गर्ने प्रस्तावप्रति प्रदेशभर रहेका वनकर्मीको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । सङ्घका अध्यक्ष उत्तम चापागाईंले वन तथा वातावरण मन्त्रालयलाई कृषि तथा पशुपन्छी मन्त्रालयमा गाभी सेवा प्रवाह गर्ने प्रस्ताव उपयुक्त नभएको बताउनुभयो ।

## फरार प्रतिवादी पक्राउ

**हेटौँडा समाचारदाता**
*हेटौँडा, वैशाख २५ गते*

कर्तव्य ज्यान मुद्दापछि फरार रहेका दुई जना प्रतिवादीलाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय ठिङ्गनबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई घरबाटै पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा मकवानपुर भीमफेदी गाउँपालिका–८ निवासी ३० वर्षीय अष्ट लामा तथा भीमफेदी गाउँपालिका–८, महादेवटार बस्ने ५५ वर्षीय बद्री कठायत रहेका छन् । दुवै जनामाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक राजुप्रसाद कुर्मीले जानकारी दिनुभयो ।

## मनहरीमा दुध उत्पादन बढ्यो



**क्षितिज दुग्ध उत्पादक सहकारी संस्थाद्वारा मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेती सम्मानित हुनुहुँदै ।**

**मकवानपुर समाचारदाता**
*मकवानपुर, वैशाख २५ गते*

मकवानपुरको मनहरी गाउँपालिकामा गत वर्षको अनुपातमा यो वर्ष दुध उत्पादन तीन गुणाले वृद्धि भएको छ । मनहरी क्षेत्रका दुग्ध उत्पादक किसानलाई समयमा नै दुधको भुक्तानी हातमा परेसँगै दुध उत्पादन तीन गुणाले वृद्धि भएको हो । मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीले हरेक एक महिनाभित्र किसानले उत्पादन गरेको दुधको पैसा भुक्तानी सुनिश्चित गरिएपछि दुध उत्पादनमा वृद्धि भएको बताउनुभयो ।

मनहरी गाउँपालिका–१ स्थित क्षितिज दुग्ध उत्पादक सहकारी संस्थाले मनहरी क्षेत्रका दुग्ध उत्पादक किसानको हकहितका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै अध्यक्ष कालाखेतीको सम्मानमा आयोजना गरेको कार्यक्रममा उहाँले यस्तो बताउनुभएको हो । गाउँपालिकामा पहिला प्रतिदिन पाँच हजार पाँच लिटर दुध सङ्कलन हुने गरेकोमा अहिले बढेर १४ लिटर प्रतिदिन पुगेको छ अध्यक्ष कालाखेतीले उत्पादनको दर अझै बढ्दो क्रममा रहेको बताउनुभयो । उहाँका अनुसार पछिल्लो समय गाउँपालिकाले सहकारीमार्फत दुग्ध किसानलाई मासिक रूपमा दुई करोड ८० लाख रुपियाँसम्म भुक्तानी गर्दै आएको छ ।

वडा नम्बर १ का अध्यक्ष शिवप्रसाद खनालले दुग्ध किसानको हकहित र संरक्षणमा पालिकाले नेतृत्वदायी भूमिका निर्वाहसँगै समयमै दुधको भुक्तानी सुनिश्चित गरी किसानमा भरोसा जगाएपछि दुध उत्पादनमा वृद्धि भएको बताउनुभयो । उहाँले दुधको भुक्तानी समयमै हुन थालेसँगै किसानको आर्थिक अवस्था सुधार हुँदै गएको बताउनुभयो । क्षितिज दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष राममणि न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रमका सहभागी किसानले दुधको भुक्तानी समयमै पाउन थालेपछि पशुपालन र दुग्ध उत्पादनमा उत्साह र ऊर्जा थपिएको बताएका थिए ।

# बिहेभोज खाएपछि बिरामी

**चितवन समाचारदाता**
*चितवन, वैशाख २५ गते*

चितवनमा विवाह भोज खाँदा ३० जनाभन्दा बढी बिरामी परेका छन् । बुधबार दिउँसो भरतपुर–४, लङ्कु धर्म चोकमा रहेको एक पार्टी प्यालेसमा भोज खाएका बिरामी परेका हुन् । बिरामीको भरतपुर अस्पताल र अन्य विभिन्न अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय चितवनले जानकारी दिएको छ । भरतपुर अस्पतालमा बिहीबार दिउँसोदेखि नै बिरामी अस्पताल भर्ना हुन थालेका थिए ।

भरतपुर अस्पतालका प्रवक्ता डा. रामप्रसाद सापकोटाले १५ जनाभन्दा बढी बिरामी अस्पतालमा भर्ना भएर उपचार भइराखेको जानकारी दिनुभयो । उनीहरूको अवस्था खतरामुक्त भएको र सबैको उपचार भइरहेको सापकोटाले बताउनुभयो । बिरामीमा ज्वरो आउने, पेट दुख्ने, पखाला लाग्नेलगायत समस्या देखिएको छ । बुधबार पार्टी प्यालेसमा तीन सयभन्दा बढीले खाना खाएका थिए। घटनाको विषयमा अनुसन्धान भइराखेको जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता रवीन्द्र खनालले बताउनुभयो ।

**गढीमाई साझेदारी वन उपभोक्ता समूह पथलैया, बारा**
**पहिलो पटक प्रकाशित २०८३।०१।२६ गते**

यस साझेदारी वन उपभोक्ता समूह, पथैलया, बारा अन्तर्गतको साझेदारी वनको घाटगद्दीमा रहेको साल लगायत अन्य जातको गोलिया थान ३५११ को २१७६८.३ क्यु. फि. काठ सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको लागि २१ दिने (प्रथम पटक) सूचना प्रकाशित मितिले २१ औं दिनको ४:०० बजेभित्र काठ लिलाम बिक्रीसम्बन्धी बोलपत्र प्रतिस्पर्धामा वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएका प्रचलित कानुन बमोजिम उद्योगको रूपमा दर्ता भएका गोलिया काठ चिरान गर्ने सःमिल र काठ/दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाई उड उद्योगले प्रदेश वन निर्देशनालय जनकपुरधाम धनुषा, डिभिजन वन कार्यालय, सिमरा, बारा र यस समूहको कार्यालयबाट बोलपत्र खरिद गरी २२ औं दिनको ४:०० बजे भित्र माथि उल्लेखित कुनै एक कार्यालयमा आवश्यक कागजात सहित सिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि मो.नं.९८६६८९०९०४ मा सम्पर्क गर्नुहुन समेत अनुरोध छ ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष र सदस्य पदका लागि दरखास्त आह्वान सम्बन्धी सूचना**
**सूचना प्रकाशन मिति : २०८३/१/२६**

नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदमा (एक जना) र सदस्य पदमा (चार जना) उम्मेदवार छनोट गरी नियुक्त गर्नुपर्ने भएकोले इच्छुक योग्य व्यक्तिले मिति २०८३/०२/०५ (मङ्गलबार) कार्यालय समयभित्र दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । उम्मेदवारका लागि न्यूनतम योग्यता, दरखास्त फाराम, दरखास्तसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजात लगायतको विस्तृत जानकारी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको वेबसाइट www.mocit.gov.np मा उपलब्ध छ ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक पदका लागि दरखास्त आह्वान सम्बन्धी सूचना**
**सूचना प्रकाशन मिति : २०८३/१/२६**

सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक पदमा (एक जना) उम्मेदवार छनोट गरी नियुक्त गर्नुपर्ने भएकोले इच्छुक योग्य व्यक्तिले मिति २०८३/०२/०५ (मङ्गलबार) कार्यालय समयभित्र दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । उम्मेदवारका लागि न्यूनतम योग्यता, दरखास्त फाराम, दरखास्तसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजात लगायतको विस्तृत जानकारी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको वेबसाइट www.mocit.gov.np मा उपलब्ध छ ।

**सङ्घीय संसद**
**संसदीय सुनुवाइ समितिको**
**सूचना**
**(प्रथम पटक प्रकाशित मिति : २०८३/०१/२६)**

सर्वोच्च अदालतका माननीय न्यायाधीश डा. मनोजकुमार शर्मालाई नेपालको प्रधान न्यायाधीश पदमा नियुक्ति गर्न उपयुक्त छैन भन्ने कसैलाई लागेमा शिष्ट र मर्यादित भाषामा स्पष्ट आधार एवं सबुत प्रमाण सहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १० (दश) दिनभित्र कार्यालय समयमा निम्न ठेगानामा वा सोझै समितिको सचिवालयमा वा कुनै जिल्ला प्रशासन कार्यालयमा सूचना वा उजुरी दिनुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना दिने सूचना दाताले आफ्नो नाम, थर, वतन र फोन नम्बर स्पष्ट रूपमा खुलाउनुपर्ने र निजले चाहेमा निजको नाम गोप्य राखिने व्यहोरा समेत जानकारी गराइन्छ । साथै, यस सम्बन्धी सूचना वा उजुरी प्राप्त हुन आएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले उल्लिखित म्यादभित्रै त्यस्ता सूचना वा उजुरी यस समितिको सचिवालयमा आइपुग्ने गरी पठाइदिनुहुन समेत अनुरोध छ ।

**सूचना दिने ठेगाना**
**संसदीय सुनुवाइ समिति**
**सङ्घीय संसद् सचिवालय, सिंहदरबार ।**
फोन नं. ४२००४९३,
सम्पर्क व्यक्ति : शाखा अधिकृत विजयकुमार भट्टराई,
इमेलः parl_hearing@parliament.gov.np

**राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अध्यक्ष र विज्ञ सदस्य पदमा नियुक्तिका लागि सिफारिस गर्न गठित समितिको**
**दरखास्त आह्वान सम्बन्धी सूचना**
**(प्रकाशित मिति : २०८३/०१/२६)**

सहकारी ऐन, २०७४ को दफा १०३ङ बमोजिम राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अध्यक्ष र विज्ञ सदस्यको पदमा नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्न सहकारी ऐन, २०७४ तथा "राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अध्यक्ष र विज्ञ सदस्यको पदमा नियुक्तिका लागि सिफारिस सम्बन्धी मापदण्ड, २०८३" अनुसार देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ :-

**(अ) अध्यक्ष र विज्ञ सदस्य पदका लागि योग्यता तथा अनुभव**
(१) अध्यक्ष पदका लागि ऐनको दफा १०३ग. को उपदफा (१) को खण्ड (क) बमोजिम अर्थशास्त्र, वाणिज्य, व्यवस्थापन, लेखा, कानून वा सहकारी विषयमा कम्तीमा स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरी नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणी वा सो सरहको पदमा कार्य गरेको वा अन्तर्राष्ट्रिय वा राष्ट्रिय स्तरका बैंक वा वित्तीय संस्था वा सहकारी संस्थामा रही कम्तीमा पन्ध्र वर्ष कार्य अनुभव भएको,
(२) ऐनको दफा १०३ग को उपदफा (१) को खण्ड (घ) बमोजिम विज्ञ सदस्यका लागि अर्थशास्त्र, वाणिज्य, व्यवस्थापन, लेखा, कानून वा सहकारी विषयमा कम्तीमा स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरी अन्तर्राष्ट्रिय वा राष्ट्रिय स्तरका बैंक वा वित्तीय संस्था वा सहकारी संस्थामा रही कम्तीमा दश वर्ष कार्य अनुभव भएको,
(३) ऐनको दफा १०३ङ को उपदफा (२) को खण्ड (ग) बमोजिम साठी वर्ष उमेर पूरा नभएको ।
(४) ऐनको दफा १०३घ बमोजिम अयोग्यता नभएको ।

**(आ) उम्मेदवारले दरखास्त साथ देहायका विवरण खुल्ने स्वयं प्रमाणित कागजात समावेश गर्नुपर्नेछः-**
(१) मापदण्डको अनुसूची-१ बमोजिमको कागजात एवं विवरण,
(२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(३) न्यूनतम शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको प्रमाण पत्र भए समकक्षताको प्रमाणपत्र),
(४) सम्बन्धित क्षेत्रमा एक वर्षभन्दा बढी अवधि काम गरेको अनुभव स्पष्ट खुल्ने संस्थागत प्रमाणित कागजातहरू,
(५) सम्पर्क विवरण खुल्ने व्यक्तिगत विवरण,
(६) दरखास्त दिने अन्तिम मितिसम्म ६० वर्ष उमेर पूरा नभएको व्यहोरा खुलेको प्रमाण,
(७) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुई प्रति,
(८) दरखास्त दिने पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सोको प्रतिलिपि,
(९) मापदण्डको अनुसूची-२ बमोजिमको स्वःघोषणा,
(१०) दरखास्त दस्तुर तिरेको रसिद ।
(११) उम्मेदवारले दरखास्त साथ संस्थाको अवधारणा पत्र, वित्तीय सहकारी क्षेत्रमा देखिएका विद्यमान समस्या, चुनौती र अवसर सहितको व्यावसायिक तथा आर्थिक कार्ययोजना एवं भावी रणनीतिक योजना समेत समावेश गरिएको कार्ययोजनाको तीन/तीन प्रति तयार गरी देहाय बमोजिम पेश गर्नुपर्नेछ :
(क) ५,००० (पाँच हजार) शब्दमा नबढाई तयार गरेको सहकारी सङ्घ, संस्था नियमन सम्बन्धी व्यावसायिक कार्ययोजना,
(ख) नेपाली वा अङ्ग्रेजी भाषामा A4 Size को कागजमा कम्प्युटर टाइप गरिएको कार्ययोजना,
(ग) मापदण्डको अनुसूची-३ बमोजिम पहिलो पृष्ठ सहितको व्यावसायिक कार्ययोजना ।
(घ) पेश गरेको व्यावसायिक कार्ययोजनाको तीन प्रतिमध्ये कुनै एक प्रतिको प्रत्येक पृष्ठमा उम्मेदवारले दस्तखत गरेको हुनुपर्नेछ । सो बाहेक अन्य दुई प्रतिमा कुनै पनि पृष्ठमा कहीँकतै नाम, दस्तखत वा आफूलाई चिनाउने कुनै सङ्केत नगरेको हुनुपर्नेछ ।
(ङ) व्यावसायिक कार्ययोजना खामभित्र राखी सिलबन्दी गरिएको हुनुपर्नेछ ।
(च) व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण (Hard Copy र Soft Copy) समेत छुट्टै खामभित्र सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

**(इ) दरखास्त पेश गर्ने अन्तिम मिति** : यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनको कार्यालय समयभित्र (मिति २०८३/०२/०९ गतेभित्र) । (अन्तिम दिनमा सार्वजनिक बिदा परेमा त्यस पछिको कार्यालय खुलेको दिनको कार्यालय समयभित्र)
**(ई) दरखास्त पेश गर्ने स्थान** : राष्ट्रिय सहकारी नियमन प्राधिकरण, पुल्चोक, ललितपुर ।
**(उ) दरखास्त दस्तुर** : उम्मेदवारले दरखास्त दस्तुर बापत रु. ५,०००/- (पाँच हजार) राष्ट्रिय सहकारी नियमन प्राधिकरणको राष्ट्रिय वाणिज्य बैंकमा रहेको आम्दानी खाता क.२.१० को खाता नं. ११४०१००१०२१००२०१ मा बुझाउनुपर्नेछ ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अध्यक्ष र विज्ञ सदस्य पदमा नियुक्तिका लागि सिफारिस सम्बन्धी मापदण्ड, २०८३ र यो सूचना भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको वेबसाइट www. molcpa.gov.np र राष्ट्रिय सहकारी नियमन प्राधिकरण, पुल्चोकको वेबसाइट www.ncra.gov.np मा समेत हेर्न सकिनेछ । यस सम्बन्धमा थप जानकारीका लागि मन्त्रालयको प्रशासन महाशाखा (सम्पर्क नं. ०१-४२११६६६) र राष्ट्रिय सहकारी नियमन प्राधिकरण, पुल्चोक (सम्पर्क नं. ०१-५०१०१३१, ०१-५०१०२३७) मा सम्पर्क राख्न सकिनेछ ।

# इतिहास संरक्षणमा ‘ब्ल्यु प्ल्याक’



सुरेन्द्र नेपाल श्रेष्ठ

> बेलायतमा यो कार्यक्रम सन् १८६७ मा ‘रोयल सोसाइटी अफ आर्ट्स’ ले सुरु गरेको थियो र अहिले ‘इङ्ग्लिस हेरिटेज’ मार्फत निरन्तर चलिरहेको छ । लन्डनका धेरै ऐतिहासिक भवनमा निलो रङका गोलाकार प्लेटहरू देख्न सकिन्छ । यी प्लेट सबै निलो र गोलो नभए पनि तिनमा लेखिएका व्यक्तित्वको नामबाट सजिलै चिन्न सकिन्छ ।

नेपाल संस्कृति, कला, साहित्य, दर्शन, युद्ध, राजनीति र आन्दोलनको लामो इतिहास बोकेको देश हो । यहाँका सडक, गल्ली, चौतारा, मन्दिर, पुराना बस्ती र भवनहरूमा हजारौँ कथा गाँसिएका छन् तर समयको परिवर्तनसँगै यी कथा मेटिँदै छन् । नयाँ पुस्ताबिच पनि नेपालका महान् व्यक्तित्व, महत्त्वपूर्ण घटना र ऐतिहासिक स्थल बिस्तारै हराउँदै गएका छन् ।

यही सन्दर्भमा बेलायतको ‘ब्ल्यु प्ल्याक’ (भित्ता वा स्मारकमा टाँसिने ढुङ्गा वा धातुको निलो पाता) कार्यक्रम नेपालका लागि एक राम्रो प्रेरणास्रोत बन्न सक्छ । यो कार्यक्रमले इतिहासलाई जीवन्त बनाउँछ । ऐतिहासिक स्थलहरूलाई बोल्ने क्षमता दिन्छ र सहरलाई सजिलै बुझ्न मद्दत गर्छ । नेपालमा यस्तो अभियान सुरु गर्नु केवल स्मारक राख्ने काम मात्र होइन; यो इतिहास संरक्षण, सांस्कृतिक पहिचान र शिक्षाको क्षेत्रमा नयाँ क्रान्ति ल्याउने माध्यम पनि हुन सक्छ ।

बेलायतमा यो कार्यक्रम सन् १८६७ मा ‘रोयल सोसाइटी अफ आर्ट्स’ ले सुरु गरेको थियो र अहिले ‘इङ्ग्लिस हेरिटेज’ मार्फत निरन्तर चलिरहेको छ । लन्डनका धेरै ऐतिहासिक भवनमा निलो रङका गोलाकार प्लेटहरू देख्न सकिन्छ । यी प्लेट सबै निलो र गोलो नभए पनि तिनमा लेखिएका व्यक्तित्वको नामबाट सजिलै चिन्न सकिन्छ ।

सबैभन्दा पुरानो ‘प्ल्याक’ फ्रान्सका सम्राट् नेपोलियन तेस्रोको नाममा राखिएको थियो भने कवि लर्ड बायरनको पहिलो ‘प्ल्याक’ चाहिँ उनको घर भत्किएपछि हराएको थियो । ऐतिहासिक महत्त्वका आधारमा कतिपय घरमा दुई वटा ‘प्ल्याक्स’ पनि देख्न सकिन्छ; जस्तै– सिग्मन्ड फ्रायड र आना फ्रायड । जर्ज बर्नार्ड स, भर्जिनिया वुल्फ, महात्मा गान्धीका लागि पनि दुई वटा ‘प्ल्याक्स’ समर्पित छन् । यद्यपि हालको नियम अनुसार प्रत्येक व्यक्तिका लागि एक मात्र ‘प्ल्याक’ राख्ने प्रावधान छ । यी ‘प्ल्याक्स’ ले ओस्कार वाइल्ड र भ्यान गग जस्ता प्रसिद्ध व्यक्तिका साथै ल्युक होवार्ड र विली क्लार्कसन जस्ता अनौठा पेसा भएका व्यक्तिको इतिहासलाई समेत समेट्दै भवनहरूको संरक्षणमा ठुलो मद्दत पुऱ्याएका छन् ।

सन् १९३८ मा डिजाइन गरिएको १९ इन्च व्यासको आधुनिक निलो गोलाकार ‘ब्ल्यु प्ल्याक’ प्रचलनमा भए पनि ‘सिटी अफ लन्डन’ मा डा. सामुएल जोन्सनका लागि सन् १८७६ मा राखिएको एउटा मात्र ‘प्ल्याक’ छ; जुन निलो छैन । समग्रमा ‘ब्ल्यु प्ल्याक्स’ ले इतिहासलाई जीवन्त राख्दै ऐतिहासिक व्यक्तित्व र स्थानबिचको सम्बन्ध दर्शाउने एक अद्वितीय माध्यमका रूपमा काम गरिरहेका छन् ।

आधिकारिक ‘ब्ल्यु प्ल्याक’ प्राप्त गर्न केही कडा मापदण्ड पालना गर्नुपर्ने हुन्छ; जसमा सम्बन्धित व्यक्तिको मृत्यु भएको कम्तीमा २० वर्ष पूरा भएको हुनु पर्छ । यो नियमले व्यक्तिको योगदान र ऐतिहासिक महत्त्वलाई पर्याप्त दृष्टिकोणबाट मूल्याङ्कन गर्ने अवसर प्रदान गर्छ । ‘ब्ल्यु प्ल्याक’ को मुख्य उद्देश्य व्यक्तिसँगै उनीहरू बसोबास गरेका वा काम गरेका भवनलाई पनि सम्मान गर्नु हो । त्यसैले व्यक्तिको स्मृतिमा ‘ब्ल्यु प्ल्याक’ राख्न त्यो भौतिक संरचना (भवन) सुरक्षित हुनु अनिवार्य छ । यद्यपि इतिहासमा फ्रान्सका सम्राट् नेपोलियन तेस्रो जस्ता केही अपवाद पनि छन्; जसको नाममा उनी जीवित छँदै ‘ब्ल्यु प्ल्याक’ राखिएको थियो ।

यो प्रक्रिया पूर्णतः सर्वसाधारणबाट प्राप्त नामाङ्कनमा आधारित हुन्छ; जसले गर्दा जोकोहीले पनि योग्य र मापदण्ड पुगेका व्यक्तित्वको नाम सिफारिस गर्न सक्छन् । रोचक कुरा के छ भने सबै आधिकारिक ‘ब्ल्यु प्ल्याक’ निलो रङका हुँदैनन् । सुरुवाती समयमा खैरो, हरियो र टेराकोटा जस्ता विभिन्न रङ र आकारका प्लेट प्रयोग गरिन्थ्यो । सन् १९३८ पछि मात्र गोलाकार निलो ‘ब्ल्यु प्ल्याक’ लाई मानक डिजाइन मान्न थालिएको हो । कुनै पनि ‘ब्ल्यु प्ल्याक’ लाई आधिकारिक मान्नका लागि त्यसमा कला समाज, लन्डन काउन्टी काउन्सिल, ग्रेटर लन्डन काउन्सिल वा इङ्ग्लिस हेरिटेजमध्ये कुनै एक संस्थाको नाम अङ्कित हुनु पर्छ ।

सन् २०२५ का लागि नयाँ ‘ब्ल्यु प्ल्याक्स’ ले सांस्कृतिक प्रतीकहरूको जीवन र योगदानलाई सम्झाइरहेका छन् । यस वर्षको सूचीमा अड्री हेपबर्न, मार्क बोलान, एलिसिया मार्कोभा, उना मार्सन, बारबरा पिम र ग्राहम सुदरल्यान्ड समावेश छन् । हरेक ‘ब्ल्यु प्ल्याक’ वर्षभरि भवनका मालिकको स्वीकृतिपछि स्थापना गरिन्छ ।

इङ्ग्लिस हेरिटेज बेलायतको ऐतिहासिक सम्पदाको मुख्य संरक्षक सरकारी संस्था हो; जसले देशका पुराना भवन, किल्ला, स्मारक र ऐतिहासिक स्थलहरूको रक्षा, मर्मत र प्रचार गर्छ । यसको मुख्य काम इतिहास जोगाएर आममानिससम्म पुऱ्याउनु हो । यो संस्था १९ औँ शताब्दीबाट सुरु भएको थियो तर सन् १९८३ मा आधिकारिक सरकारी निकायका रूपमा स्थापना भयो । अहिले यसले ४२० भन्दा बढी ऐतिहासिक स्थल र एक हजारभन्दा बढी ‘ब्ल्यु प्ल्याक्स’ को व्यवस्थापन गर्छ । यो संस्थाले पर्यटन बढाउने महत्त्वपूर्ण भूमिका पनि खेलिरहेको छ । नेपालमा हामीले पनि पुरातत्त्व विभागलाई यही रूपमा व्यवस्थित गर्न सक्छौँ ।




> ‘स्टोल्परस्टाइन’ परियोजनाको मुख्य उद्देश्य ‘मानिसको नाम बिर्सिएपछि मात्र उनी बिर्सिन्छन्’ भन्ने यहुदी परम्परालाई जीवन्त राख्नु हो । ठुलो स्मारकभन्दा सानो र दैनिक जीवनमा देखिने यी ढुङ्गाले मानिसलाई हिँड्दा ‘ठेस लागेर’ इतिहास सम्झाउनु सजिलो हुन्छ भन्ने सोच थियो । सुरुमा यो परियोजना अवैध रूपमा सुरु भएको थियो तर पछि स्थानीय समुदाय र सरकारबाट समर्थन मिल्यो ।

‘ब्ल्यु प्ल्याक्स’ प्रणालीको मुख्य उद्देश्य इतिहासलाई किताबका पानाबाट निकालेर सडक र भवनसम्म ल्याउनु हो । इतिहास जब किताबमा मात्र सीमित रहन्छ, त्यो सुस्त लाग्छ तर जब मानिसहरू त्यही भवन वा सडकमा उभिएर सोच्छन्, ‘यहाँ त यति ठुलो व्यक्ति बसेका रहेछन् वा काम गरेका रहेछन्’ तब इतिहास जीवन्त र सम्झनायोग्य बन्छ । बेलायतमा यो कार्यक्रम सुरु गर्दा ठ्याक्कै यही सोच थियो । सामान्य मानिसलाई यो घर, यो सडक वा यो ठाउँ कुनै महान् व्यक्तिको जीवनसँग जोडिएको छ भन्ने थाहा दिनाले उत्प्रेरणा मिल्न सक्छ । यसले इतिहासको संरक्षण मात्र गर्दैन, राष्ट्रिय पहिचान र सांस्कृतिक गौरव पनि निर्माण गर्छ ।

विश्वभर ४० भन्दा बढी देशमा यसका विभिन्न रूप देखिन्छन् । अमेरिकामा ‘हिस्टोरिक मार्कर्स’, फ्रान्समा ‘पाभे दी मेमुआर’ र ‘पियेर द’आसोप्माँ’, इटालीमा ‘पियेत्रे द’इन्चाम्पो’, नर्वेमा ‘स्नुब्लेस्टाइन’, बेल्जियममा ‘पाभे द मेमुआर’ र ‘स्टोल्परस्टाइन’, क्यानडामा ‘स्टोल्परस्टाइन’ वा ‘स्टम्बलिङ स्टोन्स’ अनि जर्मनी, नेदरल्यान्ड्स, अस्ट्रिया, स्विट्जरल्यान्ड, स्पेन, स्विडेन, डेनमार्क, फिनल्यान्डमा ‘स्टोल्परस्टाइन’ भनिन्छ ।

‘स्टोल्परस्टाइन’ को इतिहास निकै रोचक र भावनात्मक छ । यो परियोजना जर्मन कलाकार गुन्टर डेम्निगले सुरु गरेका थिए । सन् १९९० मा डेम्निगले जर्मनीको कोलोन सहरमा रोमा र सिन्टी समुदायका मानिसलाई नाजीहरूले डिपोर्ट गरेको बाटो चिनाउन रङको ट्रेल बनाएका थिए । जब उनी सन् १९९२/१९९३ मा त्यही ट्रेललाई कांसको अक्षरले बदल्न गए; त्यहाँ एक वृद्ध महिलाले उनीसँग कुरा गर्दै भनिन्, “यो क्षेत्रमा जिप्सीहरू कहिल्यै बसेका थिएनन् ।” यो कुराले डेम्निगलाई गहिरो प्रभाव पाऱ्यो । उनले सोच्न थाले, इतिहास बिर्सन नदिन कसरी प्रभावकारी तरिका अपनाउने ? यो घटनाबाट प्रेरित भएर उनले ‘स्टोल्परस्टाइन’ को अवधारणा विकास गरे । सन् १९९२ डिसेम्बर १६ मा कोलोन सिटी हलअगाडि पहिलो ‘स्टोल्परस्टाइन’ राखियो । यो दिन हेन्रिक हिम्लरले रोमा र सिन्टीहरूलाई ‘आँसविट्ज’ पठाउने आदेश जारी गरेको ५० औँ वर्षगाँठ थियो ।

‘अँसविट्ज’ दोस्रो विश्वयुद्धको सबैभन्दा ठुलो र भयानक नाजी शिविर हो । यो पोल्यान्डको ओस्विएन्सिमनजिकै अवस्थित थियो । सन् १९४० मा स्थापना भएको यो शिविरमा मुख्य रूपमा यहुदीहरूलाई सामूहिक रूपमा मार्न ग्यास चेम्बर र क्रिमेटोरिया बनाइएका थिए । यहाँ १३ लाखभन्दा बढी मानिसलाई ल्याइएको थियो । तीमध्ये ११ लाखभन्दा बढी मारिए । अधिकांश पीडित यहुदी थिए भने बाँकी पोलिस, रोमा, सोभियत युद्धबन्दी र अन्य थिए । सन् १९४५ जनवरी २७ मा सोभियत सेनाले यो शिविर मुक्त गरेको थियो । आज यो युनेस्को विश्व सम्पदा स्थल हो र ‘होलोकस्ट’ को मुख्य प्रतीक मानिन्छ । यो मानव इतिहासको सबैभन्दा अन्धकारपूर्ण घटना हो । ‘स्टोल्परस्टाइन’ भनेको १० सेन्टिमिटरको सानो कङ्क्रिटको घन हो; जसको माथि कांसको प्लेट जडिएको हुन्छ । यसमा पीडितको नाम, जन्ममिति र उनीहरूको अन्तिम विवरण (कहिले र कहाँ मारिए, डिपोर्ट गरिए वा आत्महत्या गरे) लेखिएको हुन्छ । यी ढुङ्गा पीडितहरूले अन्तिम पटक स्वतन्त्र रूपमा बसेको घर वा काम गरेको ठाउँको फुटपाथमा गाडिन्छ ।

‘स्टोल्परस्टाइन’ परियोजनाको मुख्य उद्देश्य ‘मानिसको नाम बिर्सिएपछि मात्र उनी बिर्सिन्छन्’ भन्ने यहुदी परम्परालाई जीवन्त राख्नु हो । ठुलो स्मारकभन्दा सानो र दैनिक जीवनमा देखिने यी ढुङ्गाले मानिसलाई हिँड्दा ‘ठेस लागेर’ इतिहास सम्झाउनु सजिलो हुन्छ भन्ने सोच थियो । सुरुमा यो परियोजना अवैध रूपमा सुरु भएको थियो तर पछि स्थानीय समुदाय र सरकारबाट समर्थन मिल्यो । आज यो संसारको सबैभन्दा ठुलो विकेन्द्रीकृत स्मारक बनेको छ । हालसम्म एक लाख १६ हजारभन्दा बढी ‘स्टोल्परस्टाइन’ युरोपका ३१ भन्दा बढी देशका एक हजार ८६० भन्दा बढी सहरमा राखिसकिएका छन् ।

‘स्टोल्परस्टाइन’ ले होलोकस्टका यहुदी, रोमा, समलिङ्गी, राजनीतिविरोधी, विकलाङ्ग र अन्य नाजी अत्याचारका पीडितलाई व्यक्तिगत रूपमा सम्झना गर्छ । यो कलाकार डेम्निगको जीवनको मुख्य काम बनेको छ । यो परियोजना इतिहासलाई बिर्सन नदिने, पीडितलाई सम्मान गर्ने र भावी पुस्तालाई शिक्षा दिने एक शक्तिशाली माध्यम बनेको छ ।

नेपालमा पनि व्यवस्थित रूपमा ‘ब्ल्यु प्ल्याक्स’ वा ऐतिहासिक स्मारक प्लेट थालनी गर्नु आवश्यक छ । किनभने यसले प्रसिद्ध व्यक्ति, ऐतिहासिक घटना वा भवनसँगको सम्बन्ध सार्वजनिक रूपमा स्मरण गराउन मद्दत गर्छ । यसले देशको सांस्कृतिक, ऐतिहासिक र राजनीतिक धरोहर सुरक्षित राख्न, नागरिकलाई जागरुक बनाउने र पर्यटन प्रवर्धन गर्ने अवसर दिने छ । ‘ब्ल्यु प्ल्याक्स’ ले विद्यालय, विश्वविद्यालय र साधारण नागरिकलाई नेपालको इतिहास अनि विभिन्न क्षेत्रमा योगदानकारी व्यक्तिका बारेमा जानकारी दिने छ । साथै ऐतिहासिक स्थलहरूमा राख्दा विदेशी तथा आन्तरिक पर्यटक आकर्षित हुने छन् । प्रारम्भिक चरणमा केही आधार बनाएर ‘ब्ल्यु प्ल्याक्स’ राखेर परीक्षण गर्न सकिन्छ । त्यसपछि स्थानीय संस्था, ऐतिहासिक समाज, विश्वविद्यालय र संस्कृति मन्त्रालयसँग सहकार्य गरी दीर्घकालीन रूपमा देशभरि फैलाउन सकिन्छ । यसरी ‘ब्ल्यु प्ल्याक्स’ थालनी गर्दा नेपालमा ऐतिहासिक स्मरण, सांस्कृतिक संरक्षण, शिक्षा र पर्यटन प्रवर्धन सबैलाई लाभ पुग्ने छ । यसले नेपाली नागरिकलाई आफ्नो धरोहरको मूल्य बुझ्न प्रेरित गर्ने छ र विदेशी पर्यटकलाई नेपालको समृद्ध ऐतिहासिक तथा सांस्कृतिक धरोहर अनुभव गराउने अवसर पनि दिने छ ।

# चराको रोचक उडान




कृष्णप्रसाद भुसाल

> सन् २०१६ मा चीनको राजधानी बेइजिङनजिकबाट स्याटेलाइट ट्याग लगाएर छाडिएका दुई कुक्कु कोइली एक वर्षमा १६ देश हुँदै कम्तीमा दुई हजार सात सय किलोमिटर दुरी पार गरेर अफ्रिकासम्म पुगेका थिए । दर्जनौँ देश र महासागर पार गरी झन्डै आधा संसारको यात्रा गरेका ती कोइलीको यात्रा रोचक र प्रेरणादायी छ ।

नेपालमा हालसम्म अभिलेख भएका ९०२ प्रजातिका चरा वर्षभरि नै नेपालमा बस्दैनन् । मौसम परिवर्तनसँगै हाम्रो वरपर देखिने चराको दैनिक जीवन पनि बदलिन्छ । जस्तो : जाडो सुरु भएसँगै सिमसार क्षेत्रमा पानीहाँस तथा अन्य जलपन्छीले भरिभराउ देखिन्छन् तर गर्मीयाम लाग्दै जाँदा ती चरा क्रमशः अन्यत्र सर्छन् । त्यसै गरी गर्मी मौसममा वनक्षेत्र चराको सुरिलो आवाजले गुञ्जायमान हुन्छ भने रङ्गीन प्रजातिका चरा तथा तिनका गुँड र बचेराले सजिसजाउ हुन्छ । चराले आफ्नो प्रजनन क्षेत्रबाट चरन क्षेत्रसम्म हरेक वर्ष मौसम अनुसार नियमित रूपमा यात्रा गर्छन् । त्यही यात्रालाई चराको बसाइँसराइ भनिन्छ । अनकूल मौसम, सुरक्षित वासस्थान, चरन र प्रजननका लागि चराहरू एक ठाउँबाट अर्को ठाउँ, एक देशबाट अर्को देश र एक महादेशबाट अर्को महादेशमा बसाइँ सरी आउने जाने गर्छन् । बसाइँ सर्ने चराले आफ्नो यात्राका क्रममा विभिन्न भौगोलिक क्षेत्र, पारिस्थितिक प्रणाली, देश र समुदायलाई जोड्दै संरक्षणका लागि अन्तर्राष्ट्रिय सहकार्यलाई प्रेरित गर्छन् र विश्वभरका मानिसलाई एकताबद्ध बनाउँछन् ।

विश्वमा पाइने चराका ११ हजारभन्दा बढी प्रजातिमध्ये करिब ४० प्रतिशत नियमित रूपमा ऋतु अनुसार एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सरिरहन्छन् । बसाइँसराइ गर्ने चरा आफ्नो गन्तव्यसम्म पुग्ने दिशा तथा बाटो पहिचानका लागि सूर्य तथा अन्य ताराको अवस्थिति, नदी, भौगोलिक शृङ्खला, चुम्बकीय दिशा आदिको सहारा लिने गरेको विश्वास गरिन्छ । यसका साथै बसाइँसराइका लागि उत्प्रेरित गराउने र मार्गदर्शन गर्ने वंशाणुगत गुण पनि चराका वंशजमा स्थानान्तरण हुँदै जान्छन् । चराले बसाइँसराइको बेला प्रयोग गर्ने बाटोलाई उडान मार्ग भनिन्छ । विश्वमा नौ वटा यस्ता उडान मार्ग पहिचान गरिएका छन् र नेपाल मध्यएसियाली उडानमार्गमा अवस्थित छ । रोचक त के छ भने चराले बसाइँसराइ गर्ने बेला यिनै निश्चित उडानमार्ग हुँदै आवतजावत गर्छन् । यिनै बसाइँसराइ गर्ने चराको दिगो संरक्षण, तिनको आहार, वासस्थान र उडानमार्गको सुरक्षाका लागि विश्वव्यापी हातेमालो तथा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले हरेक वर्ष मे महिनाको दोस्रो शनिबार चराको विश्व बसाइँसराइ दिवस मनाइन्छ ।

नेपालमा पनि हिउँद याममा उत्तरी भूगोलका देश रुस, चीन, मङ्गोलियाका साथै युरोप, कोरिया र तिब्बती क्षेत्रबाट जाडो छल्न बर्सेनि करिब १५० भन्दा बढी प्रजातिका हजारौँ चरा नेपालको तल्लो हिमाली भेग, पहाड र तराईका विभिन्न भूभाग तथा तालतलैया र नदी आसपासमा बसाइँ सरी आउँछन् । यसै गरी करिब ५० प्रजातिका बटुवा चरा नेपालको बाटो हुँदै दक्षिणी मुलुक भारत, पाकिस्तान, श्रीलङ्का र अफ्रिकासम्म जान्छन् । यसरी जाडो याममा नेपालमा बसाइँ सरी आउने चरामा अधिकांश पानी चराका प्रजाति हुन्छन् भने अन्य सिकारी चरा, बगेडी, चाँचर, साना फिस्टा, अर्जुनक, झ्याप्सी, भद्राई आदि पर्छन् । यी हिउँदे आगन्तुक चरा नेपाल आउने क्रम भदौ मध्यदेखि पुस मध्यसम्म जारी रहन्छ । चैतसम्ममा प्रायःआफ्नो स्थायी बसोबासमा प्रजननका लागि फर्किसकेका हुन्छन् ।



हिउँदे आगन्तुक चरा गर्मीयामको सुरुवातसँगै आफ्नो वासस्थान फर्किसक्दा फेरि भारत, श्रीलङ्का र अफ्रिकाबाट हजारौँ ग्रीष्मकालीन आगन्तुक चरा बच्चा कोरल्न नेपाल आइसकेका हुन्छन् । यसरी आउने करिब ६२ प्रजातिमा कोइली, मुरलीचरी, सुनचरी, स्वर्गचरी, पिट्टा, कटुसटाउके आदि हुन्छन् । यी चराले नेपालमा बच्चा कोरली असोजसम्ममा हुर्काएर पुरानै वासस्थानमा फर्कन्छन् । ग्रीष्मकालीन आगन्तुक चराको मुख्य वासस्थान भने वन र यस आसपासका घाँसे मैदान र कृषि भूमि हुन् ।

बसाइँसराइ गर्दा हुने चराको यात्रा रोचक, साहसिक र चामत्कारिक हुन्छ । उदारणका लागि परेवा जत्रो शरीर हुने आर्कटिक टर्न चरा जुन संसारकै सबैभन्दा लामो दुरीको यात्रा तय गर्ने प्राणी हो । यसले हरेक वर्ष करिब ९० हजार किलोमिटर दुरी पार गर्दै उत्तरी ध्रुवबाट दक्षिणी ध्रुवसम्म बसाइँ सर्छन् । करिब ३० वर्ष आयु हुने यो चराले आफ्नो जीवनकालमा पृथ्वीबाट चन्द्रमामा चार पटक ओहरदोहर गर्ने दुरी पार गर्छ । त्यस्तै ग्रेट स्नाइप भनिने चाहा प्रजातिको चरा ९७ किलोमिटर प्रतिघण्टाको गतिमा अविच्छिन्न रूपमा ६८ सय किलोमिटर दुरी पार गर्छ । तीव्र गतिमा लामो दुरी पार गर्ने चराका रूपमा यसलाई लिइन्छ । करिब १० दिनसम्म खाना र आरामबिना उडेर बार टेल गुडविट १३ हजार किलोमिटर दुरी पार गरी अलास्काबाट न्युजिल्यान्ड पुग्छ । त्यसै गरी सर्वोच्च शिखर सगरमाथाभन्दा पनि करिब नौ हजार ३७५ मिटर माथि उड्ने खोयाहाँस नेपालमा हिँउद बिताउन आउँछ । नेपालमा उत्तरबाट हिँउद बिताउन आउने चरा हिमालका बिचमा पर्ने होचा खोचबाट नेपाल प्रवेश गर्छन् तर खोयाहाँस सिधै हिमाल नाघी अत्यन्तै जोखिमपूर्ण साहसिक र रोचक यात्रा तय गर्छ । हावा बहाबको प्रतिकूल दिशामा पनि उड्न सक्ने यस चराले ८० किलोमिटर प्रतिघण्टाको गतिमा एक दिनमा १६ सय किलोमिटरभन्दा बढी दुरी पार गर्न सक्छ ।

बेलायती प्रकृतिविद् ब्रायन हडसनले सन् १८३३ मा नेपालबाट विश्वका लागि नयाँ प्रजातिको चराका रूपमा पहिचान गरेको चिल हो– गोमायु महाचिल । नेपाली पहिचान बोकेर संसारभर उडिरहेको गोमायु महाचिल पनि नेपालका लागि हिउँदे आगन्तुक र बटुवा हो । गोमायु महाचिल बसाइँ सरेर आउने क्रममा अधिकांश पूर्वी नेपालबाट प्रवेश गर्छन् भने तराईका भूभागसँगै काठमाडौँ र पोखरा उपत्यकामा बढी समय बिताउने गर्छन् । पश्चिमतर्फ जान अन्नपूर्ण हिमशृङ्खलाको दक्षिण ठुलाखर्क/काँडेको बाटो प्रयोग गर्छन् तर सन् २०१५ को असोज अन्तिम साता मङ्गोलियामा स्याटेलाइट ट्याग लगाएको गोमायु महाचिल करिब दुई महिनाको समयमा पाँच हजार २७८ किलोमिटर दुरी पार गरी मङ्गोलिया, चीन, नेपाल हुँदै भारतको उत्तराखण्डसम्म पुगेको थियो । औसतमा ४४ किलोमिटर प्रतिघण्टा र एक दिनमा बढीमा ३६५ किलोमिटरसम्म उडान भरेको उक्त चिल सात हजार दुई सय मिटर उचाइबाट हिमाल नाघी सगरमाथाको दक्षिण पूर्वी क्षेत्र हुँदै नेपाल भित्रिएको थियो । अत्यन्तै चिसो र कम अक्सिजन हुने हिमालय क्षेत्रभन्दा माथिबाट हावा बहाबको प्रतिकूल दिशामा उड्दै नेपाल प्रवेश गरेको उक्त गोमायु महाचिलले अनुसन्धानकर्तालाई चकित पारेको थियो ।

ग्रीष्मकालीन आगन्तुक चरा पनि हजारौँ किलोमिटर दुरी पार गरी नेपाल भित्रिन्छन् । उदाहरणका लागि जुरेकोइली अफ्रिका महादेशबाट करिब पाँच हजार किलोमिटर लामो दुरी पार गर्दै नेपाल भित्रिन्छ । सन् २०१६ मा चीनको राजधानी बेइजिङनजिकबाट स्याटेलाइट ट्याग लगाएर छाडिएका दुई कुक्कु कोइली एक वर्षमा १६ देश हुँदै कम्तीमा दुई हजार सात सय किलोमिटर दुरी पार गरेर अफ्रिकासम्म पुगेका थिए । दर्जनौँ देश र महासागर पार गरी झन्डै आधा संसारको यात्रा गरेका ती कोइलीको यात्रा रोचक र प्रेरणादायी छ । नेपालमा पाइने १९ प्रजातिका कोइलीमध्ये १५ प्रजातिले त आफ्नो गुँड नै बनाउँदैनन् र अन्डा अरू चराको गुँडमा पार्दिन्छन् । अन्य चराले आफ्नै सन्तान ठानेर कोइलीको बच्चा हुर्काउँछ । ग्रीष्मयाममा नेपालमा पनि आउने खैरो गौँथली १० महिनासम्म आकाशमा उडेको उड्यै गर्न सक्ने हालैको एक अध्ययनले देखाएको छ ।

नेपालमा बसाइँ सरी आउने चरा खासगरी वासस्थान सङ्कुचन तथा विनाश, कृषिमा रासायनिक मलको बढ्दो प्रयोग, जलस्रोतमा विषादीको प्रयोग, सिमसार क्षेत्रको अतिक्रमण, वनडढेलो, अवैध चरा सिकार जस्ता कारणले सङ्कटमा परेका छन् । यसका साथै उडानमार्गमा हुने अवरोध र जलवायु परिवर्तन जस्ता कारणले पनि चराको आवागमनमा बाधा पुऱ्याएको छ । बसाइँ सरी आउने चरा लामो दुरीको यात्राले थकित हुने तथा आश्रय स्थल नयाँ हुने हुँदा प्राकृतिक तथा मानवीय सिकारको अत्यधिक जोखिम हुन्छ । हिउँदे आगन्तुक चराको मुख्य आश्रय स्थल सिमसारको सङ्कुचन तथा विनाश र चोरीसिकारले यी चरा प्रभावित भइरहेका छन् ।

ग्रीष्मकालीन आगन्तुक चराको आगमन, गुँड बनाउने र बच्चा कोरल्ने समयमा भइरहेका भीषण वनडढेलोले यी चराको प्रजनन र नवजात शिशु मात्र प्रभावित भइरहेका छैनन्, सयौँ माउ चरा पनि मरिरहेका छन् । वासस्थानमा आइरहेको तीव्र परिवर्तन र वनडढेलो यी चराका लागि मुख्य चुनौती हो । बसाइँ सर्ने चराले मानिस, पारिस्थितिकीय प्रणाली र राष्ट्रलाई जोडेका छन् र खास प्रकारको वातावरणीय सूचकको काम गरिरहेका छन् । तसर्थ यी चराको दिगो संरक्षण, तिनको आहार, वासस्थान र उडानमार्गको सुरक्षाका लागि स्थानीय समुदायदेखि अन्तरदेशीय साझेदारीको आवश्यकता छ । यस वर्षको चराको विश्व बसाइँसराइ दिवसले पनि चरा संरक्षणमा सामुदायिक सहभागिताको महत्त्वलाई उजागर गर्दै ‘हरेक चरा महत्त्वपूर्ण छन्, तपाईंको अवलोकनले महत्व राख्छ’ भन्ने नारा तय गरिएको छ । यस अभियानले विश्वभरका व्यक्ति, समुदाय र संस्थाले सीमापार बसाइँ सर्ने चराको संरक्षणका लागि ज्ञान निर्माणमा पुऱ्याइरहेको योगदानलाई पनि सम्मान गर्छ । बसाइँ सर्ने चराको संरक्षणमा विश्वव्यापी जनचेतना अभिवृद्धि र संरक्षणमा सहकार्य तथा साझेदारी स्थापना गर्ने उद्देश्यले मनाइँदै आएको यस दिवसको सार्थकताका लागि हामी सबैले हातेमालो गरौँ ।

# अर्थतन्त्रको मेरुदण्ड कृषि



रामबहादुर केसी



खाद्य एवं पोषण सुरक्षामा योगदान, जनसहभागिता/संलग्नता (कुल जनसङ्ख्याको ५०.१ प्रतिशत कृषि पेसामा संलग्न) आयआर्जन र रोजगारीका अवसरमा सिर्जना, कृषि, वन र मत्स्य क्षेत्रको योगदान कुल गार्हस्थ उत्पादनमा २५.१६ (कृषि मन्त्रालय २०८१/८२) रहनुले कृषि नेपाली अर्थतन्त्रको एउटा दह्रो खम्बा हो। यद्यपि राष्ट्रको कुल गार्हस्थ उत्पादनमा विगतको तुलनामा यसको योगदान र संलग्न जनङ्ख्या क्रमशः घटिरहेको त छ तर यो तथ्याङ्कले राष्ट्रमा सेवालगायत गैरकृषि क्षेत्रको योगदान बढिरहेको छ।

## कृषि क्षेत्रको अवस्था

अर्थतन्त्रको मेरुदण्डको मानिँदै आएको कृषि क्षेत्र, हाड खिइएको अवस्थामा छ। जब राष्ट्र १० बर्से द्वन्द्वको चपेटामा पर्‍यो मलेसियालगायत मध्य पूर्वका खाडी राष्ट्रमा रोजगारीको अवसर पाइन थाल्यो। ग्रामीण भेकमा असुरक्षा, भोकमरी र बेरोजगारी तथा सहरी क्षेत्रमा शैक्षिक बेरोजगार युवाको आकर्षण वैदेशिक रोजगारतर्फ बढ्यो। ग्रामीण भेगमा सुरक्षा चुनौतीले गर्दा सर्वसाधारण मानिस पनि सहरतिर आउन थाले। गलत शिक्षा नीति र काठमाडौँकेन्द्रित आवधिक योजनाले ‘पढे लेखेकाले हलो छोड्ने, कमाएकाले थलो छोड्ने’ प्रवृत्ति हाबी हुनु र मुलुक रेमिट्यान्समा भर पर्न थालेपछि कृषि ओरालो लाग्यो। कृषि वस्तुको आयात मनग्यै बढेको अवस्था र व्यापार घाटाको विकराल अवस्थाले राष्ट्रले कृषि र गैरकृषि सबैतर्फ गहन पुनर्विचार गर्नुपर्ने छ। कृषिलाई राज्यबाट प्रोत्साहन र संरक्षण केही नहुनु, अनुदानको पनि गलत मोडेल अवलम्बन गरिनु र कृषि उपज बेचबिखनमा बिचौलियाको हालीमुहाली, क्षमता नै ख्याल नगरी कृषिलाई स्थानीय तहको जिम्मा लगाइनु, आयातमुखी अर्थतन्त्रलाई प्रोत्साहन गरिनु र बढ्दो र अव्यवस्थित सहरीकरण कृषि ओरालो लाग्नुका मूल कारण हुन्।

कृषि र किसानको अवस्था हेर्दा दुइटा दृष्टिकोण अपनाउनुपर्ने छ। एक कृषि, जहाँ परम्परागत ज्ञान, सिप रैथाने जात, नस्ल र प्रजातिलाई समावेश गर्ने। कमभन्दा कम लागतमा उच्च गुणस्तरको कृषि उत्पादन गर्ने जुन शुद्धता, स्वाद, बास्नालगायतका गुणस्तरमा अब्बल छ। हाल आएर सहरबजार र विदेशमा समेत यसको माग दिनदिनै बढिरहेको छ। महिला तथा साना किसानको संलग्नता अत्यधिक छ। उनीहरू विशेष गरी आफ्नो जीविकोपार्जन र अर्थोपार्जन लागि आफैँ कृषि पेसा गर्छन्। अर्को बढीभन्दा बढी उत्पादन लिन वा व्यावसायिक कृषिका लागि उन्नत र हाइब्रिड बिउ तथा विदेशबाट ल्याइएका उन्नत गाई भैंसी तथा मत्स्य, सन्तुलित रासायनिक मल आदिको समुचित प्रयोग गरेर नाफामुखी कृषि गर्ने र आयात प्रतिस्थापनमा भूमिका खेल्ने। नेपालको सन्दर्भमा कृषिको विकास भनेको कृषिमा आत्मनिर्भर बनाई आयात घटाउने र देशलाई समुन्नत र स्वाधीन अर्थतन्त्रको दिशामा अग्रसर बनाउने नै हो।

कृषि नेपाल र नेपालीको जीवन पद्धति र तुरुन्त प्रतिफल दिने एक प्रमुख सम्भाग हो। हाम्रो भूगोल र जलवायुमा पाइने विविधताका कारण विश्वमा खेती गर्न सकिने प्राय सबै बालीको खेती यहाँ गर्न सकिन्छ। अदूरदर्शिता, हाम्रो अल्छीपन र उद्यमशीलताको कमीका कारण कृषि वस्तुको आयात बढिरहेको छ। हाम्रो उत्पादकत्व पनि न्यून र उत्पादन लागत बढी भएकैले चाहेजति रोजगारीको सिर्जना गर्न सकिएको छैन।

## चुनौती

पहाडी भूभाग कमजोर र विकटयुक्त छ। अपार सम्भावना बोकेर अर्थतन्त्रको मेरुदण्ड रहेको कृषि हाल आएर थिलोथिलो भएको छ। कृषि वस्तुको उत्पादन कमी र लागत बढी भएकाले आयात दिनानुदिन बढिरहेको छ। हालका वर्षमा करिब साढे तीन खर्ब बराबरको कृषिजन्य वस्तुको आयात भइरहेको छ। यति बढी मात्रामा कृषि वस्तु आयात हुनु व्यापार घाटा र आत्मनिर्भरता दुवै दृष्टिकोणले चासो र चिन्ताको विषय हो। धेरैजसो खेती गरिने जमिनमा सिँचाइको सुविधा छैन। जुन वर्ष मौसमी वर्षा राम्रो भयो, त्यो वर्ष नेपालको कुल गार्हस्थ उत्पादनमा कृषिको भाग बढी हुन्छ भने मनसुन नराम्रो भएको अवस्थामा कृषिबाट हुने कुल गार्हस्थ उत्पादन घटेको पाइन्छ। बोटबिरुवालाई चाहिने आवश्यक खाद्य तत्त्वको रासायनिक मलको कारखाना देशमा नहुनाले आवश्यक सबै रासायनिक मलको आयात गर्नु पर्छ।

तरकारी, धान र मकैका हाइब्रिड जात पनि चाहिँदो मात्रामा देशमा उत्पादन नहुँदा आयात भइरहेका छन्। गर्न सकिने र भूगोल अनुसारको बिउ उत्पादनलाई प्राथमिकता दिइएको छैन। युवाशक्तिलाई कृषि पेसा/व्यवसायमा आकर्षण गर्न नसक्दा रोजगारी सिर्जना गर्न सकिएको छैन। यसले दुई किसिमको असर पारेको छ। एक युवाशक्तिको विदेश पलायन र अर्को खेतीयोग्य जमिन बाँझो जग्गामा रूपान्तरण र अर्को कृषिमा यान्त्रीकरण हुन नसक्दा उत्पादन लागत बढिरहेको छ। सरकारी प्रयास बजारीकरणमा सहयोगी नहुँदा बिचौलियाको बिगबिगी छ, यसको मार कृषक उपभोक्ता दुवैले खेपिरहनु परेको छ। उत्पादन गरिएका वस्तु भण्डारण गरी लामो समयसम्म राख्ने भौतिक पूर्वाधार न्यून छन्। व्यावसायिक खेती गर्न न्यून जमिन छ त्यो पनि खण्डीकृत छ। वैज्ञानिक भूउपयोग नीति लागु गर्न सरकारले सकिरहेको छैन वा चाहिरहेको छैन। भूमाफिया खेतीयोग्य जमिनलाई प्लटिङ गर्न अहोरात्र खटिरहेका छन्। सस्तो दरमा पाइने कृषि कर्जा अवैज्ञानिक छ। सरकारी अनुदानले वास्तविक माटो खेलाउने कृषकलाई समेट्न सकेको छैन। जोखिम न्यूनीकरणमा बिमाले पर्याप्त भूमिका खेल्न सकेको छैन। कृषकमैत्री पनि छैन। मध्य पहाडी क्षेत्रको बस्ती खाली छन्, बाँझो जमिन बढिरहेको छ भने लगाएको खेती बालीमा बाँदरलगायत अन्य जङ्गली जनावरको प्रकोपले बसाइँसराइ गर्नुपर्नेसम्मको अवस्था छ। हाल आएर नेपालको कृषिले जलवायु परिवर्तनको मारसमेत खेपिरहेको छ। माटोमा अम्लियपन, बालीनालीमा रोगकिरा, दिन प्रतिदिन बढी रहेको पाइएको छ। स्थानीय तह, जुन कृषि कर्म गरिने मूल थलो हो, त्यहाँ यी र यस्ता चुनौती सामना गर्ने कुनै योजना, बजेट, जनशक्ति र हैसियत नै छैन। त्यसैले त कृषिले प्राथमिकता पाउन सकेको छैन।

## कृषि उत्थान कसरी त ?

कृषि भनेको उत्पादनको क्षेत्र हो। यसका लागि सामग्री/इन्पुट (सिँचाइ, बिउ, मल, श्रम र पुँजी) चाहियो अनि बल्ल आउटपुट/प्रतिफल आउँछ। त्यो प्रतिफल/उत्पादनलाई उचित व्यवस्थापन (बजार समेत) चाहिन्छ। यसका लागि के गर्ने त ? केही बुँदा प्रस्तुत गरिएको छ।

१. सिँचाइका लागि ठुला ठुला आयोजना सुरु गरिनु पर्छ, सिक्टा, भेरी, बबई जस्ता सिँचाइ आयोजनाबाट पाठ सिक्दै। ठुला सिँचाइ आयोजनाको हालको प्रगति हेर्दा निराशाजनक छ।
२. गुणस्तरीय र वर्णशङ्कर बिउको समेत उत्पादन, उपलब्धता बढाउनु पर्छ। बिउमा परनिर्भरता (आयात) दिनानुदिन बढिरहेको छ।
३. रासायनिक मल समयमा उपलब्ध नहुने, बजारमा जथभाबी किन्दा कम गुणस्तरको पाइने र मालमा पाइने पोषक तत्त्वसमेत भने अनुसार भएको पाइँदैन। यसका लागि देशमै मल कारखाना खोल्नेदेखि समयमै माग अनुसारको मल उपलब्ध गराउन आवश्यक छ। प्राङ्गारिक मल र सन्तुलित मलको प्रयोगतर्फ पनि उपलब्धता बढाउने र जनचेतना जगाउनु पर्छ।
४. कृषि श्रम महत्त्वपूर्ण छ। कृषि कर्म गर्न श्रम नपाइरहेको वर्तमान अवस्थामा यान्त्रीकरण गर्न जरुरी छ। हाम्रो भूगोल अनुसार पहाडी यान्त्रीकरणका लागि पनि सोच्न जरुरी छ। देश सुहाउँदो आवश्यक औजारमा अनुसन्धान र अनुसरण गरी कम मानव श्रममा पनि उत्पादन गर्न सकिने प्रविधिको विकास गर्नु पर्छ। वीरगन्जस्थित कृषि औजार कारखाना सञ्चालनका लागि उचित बजेट विनियोज गरिनु पर्छ। युवालाई गाउँमै बसी कृषि श्रम गर्न मन लाग्ने स्थिति सिर्जना गर्नु पर्छ।
५. कृषि बजार व्यवस्था अर्को प्रमुख चुनौती हो। किसानको उत्पादन बिक्री नहुने, उचित मूल्य नपाउने। उपभोक्ताले महँगोमा कृषिउपज खरिद गर्नु परिरहेको अवस्था अन्त्य गर्न जरुरी छ। यसका लागि प्रमुख बालीमा समर्थन मूल्य तोक्ने र प्रभावकारी रूपमा लागु पनि गर्ने। स्थानीय तहका अधिकांश स्थानमा साप्ताहिक हाटबजार (अन्न, तरकारी, फलफूल, माछा, पशुवस्तु) सबै किनबेच गर्न सकिने अवस्थाको सिर्जना गर्ने र आवश्यकता अनुसार उत्पादित कृषि वस्तुलाई अन्तर्राष्ट्रिय पहुँचका लागि सरकारले सहजीकरण गर्नु पर्छ। कृषि उत्पादनको उधारो खरिद बिक्री (जस्तै उखु, दुध) अन्त्य हुनु पर्छ।
६. देशमा बढ्दो आयातको स्थितिलाई मध्यनजर राख्दै राष्ट्रमै सम्भावना भएका बाली/वस्तुको उत्पादन बढाउने मिसन कार्यक्रम सुरु गर्नु पर्छ। जस्तै धान, आलु, प्याज, तोरी, भट्मास स्याउ, तरकारी, आदि।
७. निर्यात गर्न सकिने बाली/वस्तुमा (अलैँची, चिया, कफी, जडीबुटी, अदुवा, ऊन, पस्मिना, गलैँचा, काष्ठ सामग्री, मह, बेमौसमी तरकारी, छुर्पी ) उत्पादन वृद्धि र निर्यात प्रवर्धन कार्यक्रम सञ्चालनमा जोड दिन आवश्यक छ।
८. सहज र सस्तो दरमा कृषि ऋणको उपलब्ध गराउन आवश्यक छ र ब्याजको भुक्तानी उत्पादन सुरु भएपछि मात्र लिने दिने व्यवस्था हुन जरुरी छ।
९. कृषिको अनुसन्धान र विकासमा राज्यको लगानी अझ बढाउनु पर्छ। कृषि प्रविधि, ज्ञान, सिप र गुणस्तरीय कृषि सामग्रीमा कृषकको पहुँच बढाउनु पर्छ। अनुसन्धान कृषकको घर दैलोमा पुग्नु पर्छ। कृषि विकास, प्रसारले अनुसन्धानका नतिजा कृषकसामु पुर्‍याउने र शिक्षाले आवश्यकता अनुसारको जनशक्ति मात्र तयार गर्ने र उद्यमशीलता विकास गर्ने खालका पाठ्यसामग्री तयार गरी स्वरोजगार बन्न प्रेरित गर्ने वातावरण बनाउनु पर्छ।
१०. सिपमूलक प्राविधिक शिक्षालाई गाउँगाउँमा पुर्‍याउनु पर्छ। उद्यमशीलतामा जोड दिनु पर्छ। विशेष गरी कृषि स्नातक/कृषि व्यवसाय पढेकामा स्वरोजगार बन्न सक्ने हैसियतका बनाउने र कलेज/विद्यालय वरिपरि जमिन, बाँझो जमिन भाडामा लिई खेती गर्ने प्रणाली अवलम्बन गरेमा विद्यार्थीले व्यावहारिक ज्ञान पनि सिक्ने र बाँझा जमिनको सदुपयोग भई उत्पादन पनि बढ्ने छ। ‘पढ्दै कमाउँदै’ कार्यक्रम जीवन जिउने कला पनि सिकाउने भएकाले अझ व्यापक विस्तार गर्नु पर्छ।
११. वैज्ञानिक भूउपयोगको नीति लागु गर्ने र भूमि बैङ्कको अवधारणालाई कसरी मूर्तरूप दिने ? भूक्षयबाट कृषकको जमिन जोगाउने कार्य गर्न जरुरी छ।
१२. पशुपालनबाट हुने उत्पादन लागत घटाउन घाँसपातमा आधारित पशुआहारालगायत कम खर्चिला प्रविधिबारे अनुसन्धान र अनुसरण गरिनु पर्छ। पशुको उत्पदनशीलता बढाउन नस्ल सुधारका गतिविधिलाई आक्रमक शैलीमा लागु गर्न जरुरी छ।
१३. न्यानो पानी, चिसो पानीमा पालिने माछाको उत्पादकत्व वृद्धिका लागि मत्स्य आहारा र नस्ल सुधारमा विषेश जोड दिँदै कम लागत गर्न सकिने प्रविधिमा नवीनतम खोज अनुसन्धान कार्य सञ्चालन गर्न आवश्यक छ।
१४. गैरकाष्ठ वन पैदावार जडीबुटी, डालेघाँस, जङ्गली तरकारी (च्याउ, निउरो, टुसा, जलुको, खोलेसाग, वनतरुल) उत्पादन बढाउन वैज्ञानिक वन व्यवस्थापन गर्न जरुरी छ। कुन कुनलाई जडीबुटी, जङ्गली तरकारीलाई घरेलुकरण गर्न सकिन्छ, प्रशोधन विधि र प्रक्रिया के के छन्, अध्ययन अनुसन्धान गर्न आवश्यक छ।
१५. महानगरपालिका र नगरपालिका सहरी इलाकामा विज्ञको संलग्नतामा सहरी कृषि/ कौसी खेतीको योजना बनाइ लागु गर्नु पर्छ। जसले फोहोर व्यवस्थापन र घर परिवारलाई विषादीरहित कृषिउपजको आपूर्ति हुन्छ। केही हदसम्म आयात प्रतिस्थापनको समेत सम्भावना रहन्छ।
१६. स्थानीय तहलाई कृषिमा आत्मनिर्भर बनाउन आआफ्नो क्षेत्रको सम्भावना पहिचान, सही योजनाको छनोट र कार्यान्वयनसमेतमा क्षमता अभिवृद्धि गर्ने र जसरी हुन्छ उत्पादनमूलक क्षेत्रमा बजेट विनियोजनतर्फ प्रेरित गर्नु पर्छ। एक वडा एक उत्पादन, प्रत्येक वडामा साप्ताहिक कृषि हाटबजार सञ्चालनमा ल्याउनु पर्छ।
१८. कृषि पेसालाई सम्मानित बनाउन कृषक पहिचान, वर्गीकरण र योगदानमा आधारित कृषक पेन्सनको व्यवस्था गर्न जरुरी छ। राज्यका सबै तहमा कृषक प्रतिनिधि प्रतिनिधित्व हुनु पर्छ।
१९. गाउँ फर्कने वातावरण बनाउन सक्दो प्रयास गरिनु पर्छ, गाउमै शिक्षा, स्वास्थ र रोजगारीको व्यवस्था गर्न सके बाँझो जमिनको पनि सदुपयोग हुने छ। मुक्त कमैया, हलिया, सुकुमवासीको पनि व्यवस्थापन हुने सामूहिक खेती, सहकारी खेती, करार खेती, कम्पनीद्वारा खेती जस्ता असल अभ्यासलाई अनुसरण गरिनु पर्छ।
२०. देशभित्र अन्तर्राष्ट्रिय स्तरका प्रयोगशाला बन्नु पर्छ। क्वारेनटाइन चेकजाँच वैज्ञानिक, विस्वासिलो, छिटो छरितो र प्रभावकारी हुनु पर्छ।

स्थानविशेषको वातावरण अनुसार तुलनात्मक लाभका बाली/वस्तुको पहिचान गरी आधुनिक र व्यावसायिक तरवरले खेती गर्न सकेमा कायापलट हुन सक्छ। यसका लागि आवश्यक पूर्वाधारको विकाससँगै युवालाई अकर्षित गर्न र मर्यादित पेसामा रूपान्तरण गर्न जरुरी छ।

## निष्कर्ष

कृषि नेपाल र नेपालीको जीवन पद्धति र तुरुन्त प्रतिफल दिने एक प्रमुख सम्भाग हो। हाम्रो भूगोल र जलवायुमा पाइने विविधताका कारण विश्वमा खेती गर्न सकिने प्राय सबै बालीको खेती यहाँ गर्न सकिन्छ। अदूरदर्शिता, हाम्रो अल्छीपन र उद्यमशीलताको कमीका कारण कृषि वस्तुको आयात बढिरहेको छ। हाम्रो उत्पादकत्व पनि न्यून र उत्पादन लागत बढी भएकैले चाहेजति रोजगारीको सिर्जना गर्न सकिएको छैन। स्थान विशेषको वातावरण अनुसार तुलनात्मक लाभका बाली/वस्तुको पहिचान गरी आधुनिक र व्यावसायिक तरवरले खेती गर्न सकेमा कायापलट हुन सक्छ। यसका लागि आवश्यक पूर्वाधारको विकाससँगै युवालाई अकर्षित गर्न र मर्यादित पेसामा रूपान्तरण गर्न जरुरी छ। स्थानीय तहलाई उत्पादनमूलक कार्यक्रममा बजेट विनियोजन गर्न नीतिगत व्यवस्था गर्नु पर्छ। आवश्यक परे निर्देशन दिन तथा आवधिक योजना तर्जुमा समेतमा केन्द्र सरकारले सहजीकरण गर्नु पर्छ। हामी अपार सम्भावना भएर पनि सही विश्लेषण, सोही अनुसारको कार्य योजना र कार्यान्वयनमा फितलोपन, सुशासनको कमी, र व्यवस्थापकीय क्षमताका कारण पछाडि परिरहेका छौँ। आआफ्नो क्षेत्रबाट इमानदारीपूर्वक दृढ इच्छाशक्तिका साथ राष्ट्रनिर्माणको महान् लक्ष्यमा समाहित भए मात्र समुन्नत राष्ट्रको सपनालाई यथार्थमा परिणत गर्न सकिन्छ।

# वनस्पति स्वास्थ्यको चिन्ता



डा. रामचन्द्र अधिकारी



मानिसले खाने ८० प्रतिशत वस्तु वनस्पतिबाट प्राप्त हुन्छन्। बाँकी २० प्रतिशतका स्रोत जनावर र अन्य हुन्। जनावरले पनि आफ्नो शरीरमा जम्मा गरेको खाद्य शक्ति वनस्पतिबाटै आउने हो। तसर्थ अप्रत्यक्ष बाटोलाई समेत समाउने हो भने हामीले खाने सबै जसो वस्तु वनस्पतिबाटै प्राप्त हुन्छन्। हामीले लिने प्राणवायु अक्सिजनको स्रोत चाहिँ के हो ? यसको उत्तरका लागि पनि धेरै सोचिरहनु पर्दैन। जीवलाई प्राण दिने ग्यास अक्सिजन प्रायः वनस्पतिबाटै आउँछ। हुन त वायुमण्डलमा जम्मा हुने अक्सिजनको प्रमुख स्रोत समुद्र हो तथापि उक्त अक्सिजन स्थलचरलाई अप्राप्य हुन्छ अनि त वनस्पतिमै निर्भर हुन्छ। हामीले बुझेको अर्को कुरा जङ्गल प्रशस्त भयो भने वर्षा यथेष्ट हुन्छ। अझै अर्को कुरा छ भूमिगत र सतहको पानी संरक्षण गर्न वनजङ्गल वा रुखबिरुवाको ठुलो भूमिका रहन्छ। हामीले लगाउने लुगा बनाउने कच्चा पदार्थको ३१ प्रतिशत वनस्पतिबाट प्राप्त हुन्छ। त्यति मात्र होइन हामीलाई लेख्न/छाप्न चाहिने कागजको प्रमुख स्रोत बोटबिरुवा नै हुन्। करिब ३० प्रतिशत कागज पुनः चक्रणबाट आउँछ भने ७० प्रतिशत त सोझै वनस्पतिबाट।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार संसारका मानिसले प्रयोग गर्ने औषधीमध्ये अत्यावश्यक र आधारभूत मानिएका २५२ प्रकारका औषधी छन्। त्यसमध्येमा ११ प्रतिशत सोझै बोटबिरुवाबाट बनाइएका छन्। धर्तीका करिब ८० प्रतिशत जनसङ्ख्याले उपचारका लागि कुनै न कुनै वनस्पति प्रत्यक्ष रूपमा प्रयोग गरेकै हुन्छन्। यस किसिमले विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्कले भन्छ, ३५ हजारदेखि ७० हजार प्रजातिका वनस्पतिलाई मानिसले औषधीय प्रयोजनमा समाइरहेको छ।

मानिसका आधारभूत आवश्यकता गाँस, बास र कपासभन्दा पनि अझै जीवन बन्नका लागि र रहनका लागि चाहिने जैविक यौगिक, वायु, जल, पारिस्थितिक प्रणालीका लागि वनस्पति चाहिने रहेछन्। हामीले कहिल्यै सोचेका छौँ वनस्पतिको स्वास्थ्यको बारेमा ! केही गरेका छौँ बिरुवाको स्वास्थ्यलाई असल राख्न ? हो, यही कुरामा मानिसको ध्यान नपुगेको ठहर गरेर संयुक्त राष्ट्रसङ्घको महासभाले वनस्पतिको स्वास्थ्य दिवस सन् २०२२ देखि विश्वभर मनाउने निर्णय गर्‍यो। तसर्थ हरेक वर्ष मे १२ तारिखमा यो दिवस मनाइन्छ। यस दिवसको उद्देश्य के भने वनस्पतिलाई स्वस्थकर राखी भोकमरी नियन्त्रण गर्ने, स्वच्छ वातावरण तयार गर्ने, पारिस्थितिक प्रणालीलाई दुरुस्त राख्ने तथा दिगो विकासलाई सहयोग गर्ने रहेका छन्। यस वर्ष खाद्य सुरक्षाका लागि वनस्पतिको जैविक सुरक्षा मूल नारा कायम गरिएको छ।

मानिसका आधारभूत आवश्यकता गाँस, बास र कपासभन्दा पनि अझै जीवन बन्नका लागि र रहनका लागि चाहिने जैविक यौगिक, वायु, जल, पारिस्थितिक प्रणालीका लागि वनस्पति चाहिने रहेछन्। हामीले कहिल्यै सोचेका छौँ वनस्पतिको स्वास्थ्यका बारेमा ! केही गरेका छौँ बिरुवाको स्वास्थ्यलाई असल राख्न ?

वनस्पतिको स्वास्थ्य असल नभएमा पृथ्वीको प्राकृतिक वातावरण स्वच्छ रहन सक्दैन। त्यसमाथि मानिसको स्वास्थ्य असल होला भनेर कल्पना गर्न पनि सकिन्न। बोटबिरुवाको पनि शरीर मानिस वा अन्य जनावरको जस्तै हो। तीनलाई पनि खानेकुरा चाहिन्छ, प्राणवायु चाहिन्छ, घाम, ताप चाहिन्छ अनि रोग विराम शत्रुको पनि सामना गर्नु पर्छ। वनस्पतिमा आश्रित जीव बेगन्ती छ। उनीहरूले ठुला जीवलाई मात्र होइन आफ्नै शरीरमा आश्रय दिएर लाखौँ साना तथा सूक्ष्म जीवलाई गाँस र बास पुर्‍याइरहेको हुन्छ। रुखमा जरादेखि टुप्पासम्म आँखाले देखिने कति जीव आश्रित छन्। यसरी आश्रय दिँदा स्वयम् बोटबिरुवालाई भने केही न केही असर परेको पनि हुन्छ। रोगका कारक सूक्ष्मजीवले त रोग लगाइरहेका हुन्छन्।

अजैविक वस्तुलाई जैविक संसारलाई भित्र्याउने नै वनस्पति हुन्। प्रकाश संश्लेषण प्रक्रियाबाट यिनले शरीरमा खाद्यपदार्थ उत्पादन गर्छन्। पारिस्थितिक प्रणालीमा यिनलाई उत्पादक भनिन्छ। पानी, माटो, हावा, सूर्यको किरणमा भएका तत्त्वको मिश्रणबाट जीवको खानाको पहिलो पदार्थ कार्बोहाइड्रेड बनाउँछ। यो र यसैबाट बन्ने अन्य पदार्थ वनस्पतिका जिउमा सुरक्षित रहन्छ अनि तीनलाई जनावरले खाँदा जनावरको संसारमा पुग्छन्। उनीहरूलाई जीवन दिन्छन्।

उनलाई फाइदा दिनेभन्दा पनि हानि गर्ने जीवको सङ्ख्या उल्लेख्य छ। विश्व खाद्य सङ्गठनले भनेको छ, हामीले खेतबारीमा लगाएका बालीनालीमध्ये ४० प्रतिशत हानिकारक जीव तथा रोगविरामले नष्ट भएका हुन्छन्। यसबाट कृषि उत्पादनको व्यापारिक घाटा २२० अर्ब अमेरिकी डलर हरेक वर्ष भइरहेको छ। खेती गरिएका बिरुवाको दुःख पीडा त देखिएकै हुन्छ, जङ्गली वनस्पतिको हैरानी कति धेरै होला। साना वनस्पति सूर्यको किरण पाउनमै सङ्घर्ष गरिरहेका छन्। प्रकाश नभई शरीरमा शक्ति पैदा हुन्न अनि वृद्धि पनि हुन्न। कतिपयले परजीवी बिरुवा र जनावरको दोहन खेप्नु परेको छ। वृद्धि, खाद्यवस्तु, पानी, मल, घाम आदिका लागि उनीहरू एकआपसमा प्रतिस्पर्धा गरिरहेका हुन्छन्। सक्षम नै बाँच्ने भन्ने प्राकृतिक नियम ती बोटबिरुवामा पनि लागु भएको हुन्छ।

बोटबिरुवाको स्वास्थ्य अवस्थाले नै मानव स्वास्थ्य निर्धारण हुने भन्ने कुरामा दुईमत छैन। पछिल्ला वर्षमा वनस्पतिको स्वास्थ्यमा अनेकन् समस्या आइरहेका छन्। वायु प्रदूषणले गर्दा हुने अम्लीय वर्षा होस् वा माथिको ओजोन तह विनाश भई पृथ्वी सतहमा ओजोन बन्ने क्रम होस्, माटोमा प्रयोग हुने अकार्बनिक रासायनिक पदार्थले वनस्पतिलाई नराम्ररी प्रभावित पारिरहेका छन्। त्यति मात्र होइन जलवायु परिवर्तनका विद्यमान सम्पूर्ण असरले बिरुवालाई प्रभावित पारिरहेका छन्। पछिल्ला ३० वर्षमा हेर्दा ४७ प्रतिशत वनस्पति उधुम गर्मी खेप्न नसकेर आफ्नो स्थानीय ठाउँबाट उचाइतिर बसाइँ सरिरहेका छन्। हाल अस्तित्वमा रहेका ७० प्रतिशत वनस्पति जलवायु परिवर्तनको प्रभाव खेपिरहेका छन्। चार डिग्री सेन्टिग्रेड तापक्रम वृद्धि हुने हो भने समूहगत विस्थापन हुने पूर्वानुमान गरिएको छ।

एक अध्ययनले सङ्कलन गरेको तथ्याङ्क अनुसार संसारमा ५० हजार किसिमका सङ्क्रामक रोग वनस्पतिलाई लाग्ने गरेको छ। मानिसलाई जस्तै वनस्पतिलाई पनि बेला बेलामा फैलिने विश्वव्यापी सङ्क्रामक रोग (पान्डेमिक) ले ठुलो सङ्ख्यामा हताहत गराउँछ। जस्तै : ह्विट ब्लास्ट भन्ने रोगको आक्रमण अहिले अफ्रिका र एसियातिर फैलिइरहेको छ, जसले सन् २०१६ देखि धेरै देशमा बालीनाली सखाप पार्दै आएको छ। ‘टिआर फोर’, ‘क्यासाभा मोजाइक’, ‘ओलिभ क्विक डिक्लाइन सिन्ड्रोम’ जस्ता पान्डेमिकले वनस्पति जगत्माथि चुनौती दिइरहेका छन्। त्यति मात्र होइन अरू नसर्ने रोग तथा अवस्थाको सामना गर्नुपर्ने हुन्छ। जस्तै : कुपोषण, खडेरी, कहिले डुबान, क्यान्सर, माटोसम्बन्धीका समस्या, रासायनिक प्रभाव र विकिरणको प्रभाव।

उल्लिखित कुनै पनि रोगले छोएका वनस्पति मानिसका लागि हानिकारक मानिन्छ। हामी कति अस्वस्थ वनस्पतिबाट प्राप्त हुने खानेकुरा खाइरहेका छौँ, सोचेका पनि छैनौँ। हाम्रो अलिकति चेतना यस्तै विविध रोगव्याधबाट बिरुवालाई बचाउन प्रयोग गरिएका विषादीविरुद्ध चाहिँ छ तर बिरुवा आफैँमा रुग्ण भएको थाहा पाएका छैनौँ।


मानव मात्र होइन सिङ्गो प्राणी जगत्को जीवनको आधार वनस्पतिको स्वास्थ्य के कसो गर्दा तन्दुरुस्त बन्छ भन्ने बारेमा सबै मानिसले सचेत हुन आवश्यक छ। अजैविक विषादीको प्रयोगलाई कम गर्दै, प्राकृतिक सन्तुलित तथा स्वच्छ वातावरण तयार गरी बोटबिरुवालाई निरोगी बनाई आफू पनि रोगबाट सुरक्षित रहन सकौँ।

नयाँ नेपाल

गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा फड्को : गोरखापत्रद्वारा प्रकाशित

बाहिङ भाषा पृष्ठ



# बाहिङ होपो तलुवागढीके इतिहास



■ धिरेन सुस्तोचा बाहिङ

नेसे नीपालदु नीवालदु दीङ स्वयखादुदी किरातीदके पायीखोम बक्ता। मेम् किरात पायीखोमदःदी अरुण ङाकुदीङ् स्वयाखा हरे मेची ङाकु न्यावला पल्लो किरात पायीखोम बक्ता। मेक्सोङ् अरुणदीङ् न्यावलाला ब्रिङ्कुदीङ् स्वयाखादीमे रुःते स्वते माझ किरात पायीखोम् बक्ता। मेक्सोङ् ब्रिङ्कुदीङ् एसे ङाकुमा ङालेमा दुम्सोङ् नीपालदु नीवालदु सम्ममे वालेकोद वल्लो किरात पायीखोम बक्ता। मेमेङ् वल्लो किरात पायीखोमदी बआ ले गढीदःदी चुम्लोलुङ्दी हप्पेदीङ् रीम्आ किरात बाहिङके किकी पायीवाके आसीसोसानाचा खालुवा हो। खालुवाके आसीसोसानाचा हसालु बक्ता। हसालुके आसीसोसानाचा तोलोवा होपो बक्ता। तोलोवा होपोके पालादी बङ्गला नुङ् भारतदीङ् सेनद नुङ् आफा पायीखोमद मोम्तामे को मेके बःने माचाप्सो मेकेदीङ् झुक्कासो सेनद नेपालके स्वयखालाङ् झापा विराटनगर दुम्सोङ् किरात पायीखोमदी १३औ थोःचेनेःरीदी किरातदुःदी ओःतामे।

सेनद नेपालदी कद्याम् साम् थोःचोनेःरीदी ओःतामे मेकेङ् किराती होपोद नुङ् मोचो प्रईंस्तामे। झोआ थोःचो नेरी किराती पायीखोमदःनुङ् मोसोङ् कोङ्को भेत्था आगेथा कुम्तामेना। तलुवागढीमी सेन होपो सेनमकुनाके पालादी तलुवागढी बनेपासो सेनद नुङ् मोम्तामेम् बक्ता। अखनामे चुम्लोलुङ्के तलुवागढी नुङ् मोथा राम्तामे। मखना किरात बाहिङ होपो तोलोवामी अखनामे मोली, पुङ्कु, कडेनी, मिसङ्खे आतोरेम कोङ्को तःरे ङाल्लाम् खेप गढी बनेपासो, लिङ्कुमा गुलोके आङारी चुम्लोलुङ् नुङ् सोलुखुम्बुके साधदी खाखालेपाखाले दानादु दीङ् किराती सेनादलासो जानुकादेवी उतारे पासो ले जाना बाहिङमी डोली बनेपासो, डोलीदी कुर्सो राःसो तोलोवा होपोमी गढीके आलुम्बुदी थान पासो जुल्सो मोपासो बल पुन्सो सेनद नुङ् मोम्तामेको सेनदलायी चुत्तामेम् बक्ता।

एम गढी बाहिङ होपो तोलोवा होपोमी बनेपानाचामी तोलोवालाङ् तलुवागढी नीङ् जुल्सीआ हो। हसालुके आसीसोवासोदःदी हप्पेदीङ् ङाचा तोलोवा, रिनाम्साचा माईला, रिपोचा साईलाको हप्पेदीङ् नोक्पे रिपोचो बक्तामे। मेमेङ् आङाचा तोलाचाके सीसोवासोद मुलुअदी पामोसो रु योक्तामेना तोलाचाके सीसोवासोद।

तलुवागढी २१ हीथुम मिटर तःरे पाःता। मोली, राम्पुरलाङ्, बाख्रे, गहते, निरौला, निशंखेलाङ् कुआ तलुवालाम् कोङ्को को लुकुमालाङ् युआ कोङ्कोके थेराप्आ याक्के कोङ्को तःरे या वटा पोष्ट, खीरीरी बङ्कर, आलेदी जानुका देउता ब। गढीके आधोयु देउराली ब। मेकेदीङ् बङ्कर हतु गढीसम्म बक्ता। मेम् अखना हप्पे पुरे दुम्आ ब। मेमेङ् बङ्करलाम् दुम्सो ककु, जाचो तुचोम् थोकद गढीदी लाचोम् पामेम् बक्ता। देउरालीदीङ् काची ङो मिटर सीसाम्लोला, शाहमी किरातदु ब्लाप्तानोला याक्के बाजिथारीदमी कोट मो पाचो गोठा बने पम्तामेको मेम्लायी कोटघर दाःमे। तोलोवाके आतावा नौल बहादुरके पालादी कोट जुल्सो दशै नाम्ती बाजिथारीदमी सङ्गाराआपो, किरात बाहिङदमी मेसोआपो, काद राःसो भोक गीसो हप्पे रैतीके खीमदी दशै टिका बान्पाचोम तालुकीलायी गीम्तामेम् बक्ता।

तलुवागढीके रुःते–स्वःतेद चान्नी हीथुम तलुवा दाचो पामेम् बक्ता। मोली, पुङ्कु, जेरे, केतुके, वेतेनी, सल्लेरी दमाईथला, चुच्चेलुङ, रुम्जाटार पीथा गल्ली दुम्सोङ् लिङ्कुमा गुलो, माम्खा ढिक दीङ् आलुक्चु मासाकु, रबुवा, दीङ् न्यवाला ङाकु ब्रिङ्कु, दुम्सोङ् ङाद्याल फस्कु, सनङ्कु गुलो, लिब्जु कोङ्को लाङ् बुङ्नामगढीके गुलो दुम्सोङ् गोरुमारेभञ्ज्याङ, स्यावन, पोखोररे, ठूलाछाप, तलुवा राम्पुर, कडेनी, बारचाँद, गहते, निरौलादयाल, भोर्ले, तिनपिप्ले को रुम्जटार खीरीरी तेलोवा होपोके पायीखोम बक्ता। तोलोवाके आलोआ रिनाम्साचाके अंशदी मोप्लोदयाल, खिम्पापु, जंगले, को बासबोट गीना बक्ता। मेम्दी तलुवागढीदीङ् सीसाम्लोला लुकुमा, जावाजुकोङ्को, गोरुमोरेभञ्ज्याङ् हयु जान्जायु दुम्सोङ् जिगोमाहातामा लाङ् मोप्लोदयालसम्ममे रुःते स्वते रिनाम्साचाके अंश बक्ता, खेदा रिपोचा नुङ् हङ्गुचादके अंश माम्खा, रिपाद्याल योक्तामेम् बक्ता।

सेनदनुङ् मोचोनाम गीजोवाजोद, तोलोवाके सेनाद अखनामे कडेनीके गणेशमान कटवल बःमेदुःदी सेनादके तालिम पामेवा ने, ककुद चिख्रेपुदीमे बरीदीमे कुवादीङ् लामेवाने। सेनद तोलोवा होपोके सेनादमी सो पासो सेनद न्यावलाला लाम्तामेको पाल्पाला झक्तामेको मेके पायीखोम पाम्तामे। सेनदीङ् नोला शाहदके पालादी १७ औ थोःचेनेःरीला शाहदमी नेपालदु नीवालदु कब्जा पाम्तामे मेकेङ् किरातदुःदी मोथा फ्लीतामी मखना हप्पेदीङ् ङाल्ला वल्लो किरातदीमे तलुवागढी, च्यानामगढी, बुङ्नामगढी को चिशंखुगढीमी शाहके सेना बाजीदःनुङ् मोम्तामे। बाजिदमी तोलुवागढीदीमे किराती सेनादःनुङ् मोने माचाप्सोमामी गोरखादीमे गुरुङ नुङ् मगरद शाहके सेना दुम्सो किरात बाहिङ सेनादःनुङ् मोथा फ्लीतामे। मखना कद्याम् साम् खेप किरात बाहिङ सेनामी शाह सेनादःनुङ् मोना बक्ता। गोरखादीमे झागाझोले गुरुङद नुङ् लडाईदी बाहिङ सेनाद मोचोना निम्फोङ्लाङ् साःमोना बक्ता।

# जाम्ने थुम्सिआ जालीम् घ्लुन्ताको



■ दुर्गा रुम्दाली बाहिङ

दायाङ्खेदा गयी बाहिङ्ग/बायुङ्गके माथियाम् दाना मारङ माबो। गयिम् मापाथु मानुवा, इकके आतोलाम् पुपे दाना जालीम् रेसा। गेङ्खेदा ईक्के सेन्स्पास्चोम्, कँईपास्चोम् दाना ङ ईक्के जालीम् मो हो। एम् गयिम् गेना पाया दायाना, बिचीमा थो तसाला थोचे (बैशाके पुर्णे) दिङ् हरे तुकुम्ची थोदिङ (औशी) ङाल्ला पाया, पाचोदुम्। कदिङ एम् जालिम् दाना धो लेन्चो दाया ईक्के लोमी बाजीलोदि उभौली पर्व दाया। धोलेन्तियाना पाचोम् ते ङ जालीम् दाया। एम् जालिम् मो पायाना, धो लेन्तियाना हप्पे देल्पो खुम्स्चोको मूलुअदि ख्राप्चोको पाया/पाचोदुम्।

जालिम् मो मारा मोको ? जालीम् दाना, एकेदी निक्सी लक्जाके कोङ् दुम्सोमाम् तोसिवा लक्जा दाया। जा दाना आनिन्ता वाचेर, कदिङ लीम् दाना वाचेर् दिङ् लिम्आ/वाआ आलीम्,जालीम्। एम् निक्सी तेप्तेवा/दासुवा दिङ् कोङ् दुम्आ जालीम्। कदिङ् गयिम् धोलेन्तियाना जालीम् मो पाया। एम् गेना पाया दासो हुतुला रेङने् थुम्सिआ ब। एम् जालीम् तुम्लो लेचोम् आतक्चि दाना गयिमी माताथो, निवाथो जाचोम् कादके आङिन्ता वाचेर, सुराद जुल्यामी, फुयामि कोदिङ् मेम् जुल्ना, फुना ख्लुमना, काद, नुथा जुथ्थादिला दासोमामी पाया। सोबुमालेमा दिम् झक्पा रसादमी, सिङखेमुङके वादमी माजामेला, माखुतिमेला, सावालादिम् झक्पारोसादमि दुखा मागिसोमिला दासो, यदिब्सादमी मावामेला दासो जालीम् मो पाचोदुम्। कदिङ् खारीते लुरीते (खार्तेलुर्ते) पायाना वारमाबुक्सोला। कोरो नाले मालाला, आथो,आथोदि रेवा युला दासो, एम् धमोदिम् बआ हप्पेवा ढेक्सिलुक्सी, सिबेबुबेद लेन्चोमीदुम्, लेन्तियामि। एम् कारीते पायाना ईक्के सारिरेरीद ग्यारसिमेला कोदिङ् गयि अखना बआपिआ निनिनाप्चाद नुसोला जुप्सोला, माताथो निवानिवाथादि अक्सोङ जालीम्मो पाने तायाला, सारिरेरि लेनेतायाला दासो जालीम् पासो धो लेन्तिया। मेमचाम् पासोमामि एम् जालीमो गयिम् पाचोदुम्। आनायो एम् जालीम् मो तुम्लो मापायाखेदा लुप्धे ओसो,ओने थुम्स्तायाम् ब।

**गेक्सो पायामोको ?**

एम् जालीम्मो पायाना हप्पे देल्पोद खुम्स्चोमामि कढङ् पाया। पाचोदिङ् ङाल्ला कढ खुम्सियाको सुकेदी पाया दासो मुलुअदि पाचोदुम्। मुलू ख्रप्तियाको दाना खिम्दी इकके रदु लिङ्खाम् चिकिचोदुम्। मेत्तिकोदिङ् विचीमाके तसला (बैशाके पुर्णे)के नाम्ती चिकिना खिम्दीङ् किकीनोक्सोमि इकके सारिरेरीदनुङ् जी पुन्सो, जालीम्के आदासुवा सोसोङ् खिम् गरेङ् ल्घुन्सो, जालीम् पुम्ला लाचोदुम्। जालीम् पुम्ला लाचोम् सरजाम् द सुम्नि तोलोदि कुर्चोको लाचोदुम्। लाम्लाम्दी नालुङ् तोक्सोङ् लाचोदुम्। ग्याला नालुङ् तोङ्या मेके मेकेदि ग्रो फोक्सोङ् खारुवा सिली मोसोङ् लाचोदुम्। मक्स सिली मोसोङ् लायाना ङाबुचा चिचादमी जालीम् झा, जालीम् झा दासोङ् सिलीमोचोदुम्। जालीम् पुम्दी झङ्याको मेम् सरजाम्द मेकेदि लेन्तिया, लेन्चोदुम्। खिम्दिङ् लाना जालीम् द प्लोचोदुम। नेसे किकिदमी पाम्तामेना देल्सुवा पोमी पाम्तामेने। आना दिल्ला मेम्देल् सुवा पोके सम्भव माताया। मेम्दीङ् आकोङ् मे पोखेदा गेखो मारा पाचो ङाचादके मुलूअदिम् पाया/पाचोदुम्। खिम्दिङ् लाना क थाप्था सेरि, वा जूम द् जालीम् पूम्दि, ल्पोयामिको, नोथा, ङाचादके मुलुअदिदी ङ किसो योकजाचोदुम्। मेत्तिकोदिङ् मेकेदी सिलिमोया कोदिङ् नाम्फा लेयाना ग्याला, ग्याला नालुङ् तोङ्ना बक्ता मेके, मेकेदिङ् नालुङ चोक्सोङ खरुवा सिलि मोसोङ खिम्ला राचोदुम। खिम्दी झक्रायाको देम्बुलोदि किकी नोक्सोमि ग्रो फोक्सोङ् सिलिमोवा। मखना आफामियो ग्रोके फोक्सुवादी खारुवा सिलिमोसोङ् तोलोदिम् जालीम् झम्चोदुम्। ङाचादके मुलूअदिदि नोक्सोमी जी खूप्सोङ् सिलि मोसोङ् तोःलो कूर्चोको जि पुन्चोम् आखो सोचोदुम्। कदिङङखिम् गरे अन्दियाको मेम्नाम्तीम् जालीम्मो थुम्से। कदिङ् मक्सङ् आकोङमे थोचे पासोङ लाचोदुम्।



सी:ली: मोसोङ मसिचा मसिमीद ।

> एम् जालीम् ईक्के किकिपिपिदमी गेक्सो पाम्तामे खेदाइ, एम्दी आनिन्ता लोदाना कोङ् रिम्आ आधेब्ददी लासो खारुवा सिली माचो ते गाप्ताकोम् ब । नेसे किकिदमी लाम्लाम्दी नालुङ् तोक्सोङ् जालीम् पुम्दी झक्तामेको खिम्दिङ् लाना सेरि, जुम्द जाम्तामे तुतामेको खिम्ला नालुङ् चोक्सोङ् राम्तामे ने ।

**गेनामेकेङ् वातामेम् रेसा ?**

गेना मेकेङ् किकीदमी वातामेम् रेसा दायाना ओक्के दुङ्मोदेल्दी नोथाम् जालीम्मो पाम्तामेना अखनाम् ओक्के किकी नोक्सो धनहर्क बाहिङ ७/८ बर्षके बोक्तामेने। अखना नोक्सो किकी ९४ बर्ष दुम्सोङ् बमे। मेम्चाम् पासोमामी एम् जालीम् मो पाचोम् पाचोदुम् पाया दाताकोना,आबो गनिम् पाया दानिको गदी ब्लन्तानि (चितेपानि) खेदा पायाको मोको दातामेको, एम् तेदि सहज दुम्थादिताम् बक्ता। कदिङ् ङप्सीलवा देल्पोदनुङ् मुलूअदी पाक्ताकोना आम् दमियो पाचोदुम् दासो बिस्तामे। गेङ्खेदा गैदा एम् जालीम्मो मापाया खेदा ईक्के सेन्स् पास्चोम् दानादा माराई माबो रेसा दाताकोना लो मेखेदा पायाको मोको दासो देल्पोदमीयो दातामे।

कोदिङ् जालीम् के ते ङाल्ला वार्ताको आना पानेदुम्ता। आनादिङ् हरे, माताथो, निवाथोयो पासोङ् लाचोको एम् ईक्के जालीम् मो हप्पेमि ब्लन्पाचोदुम्। एम् गै बाहिङ्ग/बायुङके हप्पेमि ब्लन्पचोम् ईक्के त दुम्थादिताम् ब अखना। मेम्चाम् पासोमामी एम् जाम्ने थुम्सिवा ईक्के कोङ् ङोलो ते प्रईसिना ब। एम् गै बाहिङ्/बायुङ्दके कोङ् ङोलो ते दुम्सिआ ब। आफा रदुदमि होलिरि, थाम्थिरी ताम्मेको धोलेन्तिमेखेदा, गैम् ग्रो फोक्तीयाको खारुवा सिली मोसोङ् धोलेन्तिया। एमेङ् ईक्के आङोलो सेन्स्पान्स्चोम् अखनाम् हो। एम् लो हप्पेमि गदीजुल्सो लाया, कदिङ् दिल्लाम् चाचावारी दमयि अक्सोङ् तादीकादी दियो पासोङ् लामेला।

**आनिन्ता लो मारा गाम्सिआ ब मोको ?**

एम् जालीम् ईक्के किकिपिपिदमी गेक्सो पाम्तामे खेदाइ, एम्दी आनिन्ता लोदाना कोङ् रिम्आ आधेब्ददी लासो खारुवा सिली माचो ते गाप्ताकोम् ब। नेसे किकिदमी लाम्लाम्दी नालुङ् तोक्सोङ् जालीम् पुम्दी झक्तामेको खिम्दिङ् लाना सेरि, जुम्द जाम्तामे तुतामेको खिम्ला नालुङ् चोक्सोङ् राम्तामे ने। आनादिङ् हरे मेम्नाम्ति जालिम् पुम्दीमे मेके लेचोम् ते थुम्याको आधेब्देदी लाचोको मेम्नाम्ति हप्पेम् हङ् सिली मोचोको नाम्फा खिम्ला लेनि राचोम् ते गाम्सिआ ब।

आफा रदुमि मेम् नाम्ति होलिरि, थाम्तिरी ताम्मेको चण्डिसिली मोमे खेदा गैम् इकके सिली गेङ् मापााचो दासो गाप्तिना ब। एम् दाना गै अखनाम् थोचे खोङ् पासो गक्चोदुम्, अखनाम् आनिन्ता थोचेखोङ् पासो मागङ्या खेदा जाम्सोङ् लाया, लुप्धे ओया। ओक्के जालीम् पुम् सोबुरुदि हयू योङ्गूलो गयु बखेदा, सिली मोदुखा मेकेङ् अखला कोङ्को होल्पुधेब्दे तरे बनेदुम्आ ब। एम् ग्याला दासो दानिखेदा चुम्लोलुङ्ग दुङ्मोदेल् गरे ङप्सि द। को आनामोल्छे मेम् हाल्पुकोङ्को तरेङ् सिलीमोसो आनिन्ता लो प्रस्ताकोम्/ल्पोताकोम् ब। एम् ते ब्लन्पाचोम् दाना गै हप्पे बाहिङ्/बायुङ के तोक्तोतरे राताम् दासो हप्पेदतु सोतोङ्मे ब।

# ग्यानाखारायो दःब लोःनुङ तुम्लोयालो पाचो

सुनसरी जिल्लाके धरानदी खिम पासो बआ, आनीके किःपीदु चुम्लोलुङ्के देउसुम्बु दयालदी २०२३ थोःचे नेःरीदी, आनी पापा जस्तमान जिमी को मामा भिममाया जिमदारनीके ङेलेग्वादी तावा दुम्सो मुन्तामेम् जल्तामेम् बक्ता रमेश युम्बुचा बाहिङ। मेम् देउसुम्बु दयालदीमे खापीदी बक्सो याक्केदीङ् खुचुलु जासो, चुलेपाले कासो याम्आ ङाचा रमेश, कोःयामीना लालायो सीसीर मोआ, जिआकल्आ तायामी। पोडेपासोङ् बक्तामेना पापा ब्याक्तामे मेकेङ् खिमदीमे तावा दुम्नाके जिम्मेवारी आनी तोक्तोदी राता। मेखोको रमेश ङाचा, कोःजा थुल्मा खिमदी चायी दुम्आ थोकद राःचो दुम्आचाम् खिम वाःसो, झोआ लाम भारतके दार्जिलीङ् लाम्तामेको गोरखा भर्ति दुम्तामे। मेत्तीङामाआ नेपालदुको धरान रासो बाहिङ मुलुखिमनुङ् साम्स्सो बाहिङ लोः, तुम्लो को ङप्सीदके गुगालादी ते ग्रोस्सोङ् बःमे। आमदनुङ गोरखापत्र नयाँ नेपालके सह–संयोजक मेखराज बाहिङमी पाम्तामेम लोःसीके आङारी एखोम ब।



बाहिङ तुम्लोचा रमेश युम्बुचा बाहिङ ।

**बेबाचादु गेखोम बक्ता नी ?**

अबेबाःचादु देउसुम्बुदीङ् याम्ता, मेकेदी प्राथमिकतहके पढायी चायी देउसुम्बुदीङ् पाःतंङ, मोकोदीङ् निम्नमाध्यमीकके पढायी पाथा २०३७ थोःचे नेःरीदी बिगुटार नि.मा.बिदी धायीपासो पानेदुम्ता। मखना मेकेमे दयालदीमे प्रशासन बिगुटार पंचायत बक्ता। मेत्तिको २०३८ थोचे नेरीदी रामपुरटारदी माध्यमीक विद्यालयदी पोडे पातंङ, मेमपीलीदीङ् अपापा जाम्तामेको पोडेपाने माताङावा। खिमदीकोःचोम हप्पे थोकद अतोक्तोदी राता। कोदीङ् पोडेपाचो वाःने दुम्ता।

**गनी भारतीय गोरखा भर्ति गेम थोःचेदी दुम्तानीम बक्ता ?**

गु भारतीय गोरखा भर्तिदी २०४५ थोःचे नेःरीदी, तेखीरी नी नाम्ती दार्जिलीङ्के जि.आर.डी गुम( गोरखा रिक्रुटिङ डिपोट) दाःमे मेकेदी भर्ति दुम्ती। एम दार्जिलीङ्के कटप दाःनादी पाःता। अक्टोबर २ दीपासिङ आउट दुम्सो मेत्तीको अक्टुबर २१ दी स्पेसल प्रोमोसन ताःतंङ, मेम्चाम्को हलदार दुम्सो सुबेदार दुम्तीको पेनसन रातीमे बक्ता।

**भारतीय गोरखादीयो पूर्वि पल्टन नुङ् पश्चिम पल्टन बक्ता, गनी गेम् पल्टनदी बक्तानी ?**

गुचायी, पूर्व भारतीय गोरखा राईफल दाःमे पाच एघार गोरखा राईफलदी ते पातंङ्मे। मेके बक्सो, पल्टनदीमे नियम, कानूनदी बक्सो, गीतासोम् तालिमद ब्लासो हक्सीङ ते भारत सरकारके पाने दुम्ता।

**पेन्सन रान्तानी मेकेङ् गेला मारा पासोङ् बःनी ?**

दःबके किपीदु बक्सोङ ब, खेदायो वाःसोमामी, रिम्आदु दाःसो, आफा वार्चादःयो थे लेखो धरानदी बःमेम्चामी गुयो २०५५ थोःचे नेःरीदी रासोमामी, धरानके उप–महानगरपालिका धरान १५ बाजगरा देउरालीपथके स्यामचोकदी खिम पासो बःङाम् ब। अ बेबाचाद एकेङ् बार्तामे, याम्तामे, को पोडे पाम्तामे। ओखो थोःचे नेःरी फुङ्लाम् दोलाम् को सारिरेरी मोःसुम् काःसुम् दुम्ना किदु, पीदु, मोदु, पोदुदी लाचोम् पाङामे ब।

**धरानदी बक्सो दःबके संस्थादी सदस्य दुम्सो समाजके ते पासोङ् बनी गेखोम बनी ?**

२०७३ दीङ् गु सक्रिय दुम्सो मुलुखिमदी साम्स्सो बाहिङ ङप्सीदके गुगाला पासोङ् बःङा। मेम्दीङ् ङाल्ला अःके नाम्नामी मुलुखिमदी ख्लासीमेम् बक्ता। अखना गु बाहिङ किरात मुलुखिम सुनसरीके उपाध्यक्ष दुम्सो, दःबमी जोङ्ना तुःनाथीङ् मुलुअदी गीसोङ् ङप्सीदके लो, तुम्लोद गेक्सो ब्लन पाःनेझाम दाःसो तेग्रोसीना ब। अखना सुनसरी जिल्ला कार्यसमिति ब। बाहिङ किरात मुलुखिम दयाल कार्यसमिति पानबारी, बाहिङ किरात मुलुखिम दयाल कार्यसमिति ले दयाल कार्यसमितिद बःमे। काची मुरुद बुक्सो आफाला लाम्तामेम् ब। गेखो माराखादायो, ब्यक्खा जाम्खा दुम मारान एखो खुम्स्दीखा दु दुम्ताम् ब।

> मुलुखिममी पाचोना हप्पे नुङ् स्यान्मोने दुम्ता । गेसोदा आनी ददबखो लो पामेम् ब मेम्दी गयी मारा दाःमोया खेदायो, गयी कङ् लो कआ, तुम्लो पाआ बःया । कङ् हिसाबमी सारीरेरी पायाम् ब । ददबके ठङ्दी गेक्सो मारा दाःया खेदायो गयी कङ् हो ।

**एम मुलुखिमदी बक्चोना जटिल मारा ब को सजिलो मारा ब खो नायीसीनी माको ?**

मुलुखिममी पाचोना हप्पे नुङ् स्यान्मोने दुम्ता। गेसोदा आनी ददबखो लो पामेम् ब मेम्दी गयी मारा दाःमोया खेदायो, गयी कङ् लो कआ, तुम्लो पाआ बःया। कङ् हिसाबमी सारीरेरी पायाम् ब। ददबके ठङ्दी गेक्सो मारा दाःया खेदायो गयी कङ् हो। मेम्चाम ग्वखीःपासो गेलायो माझङ्या दाःङा गुदा। ब्याङ्यानायो गीचोम सिलोदाम्लो मेमेङ् हो, पाचोम तुम्लो यो कङ्ङा हो।

दिल्ला यीक्के बेबाचादलायी दबके ङप्सी, लोआदी बक्सो लालुखा, बुलुखा, सासेबुसे, सारीलो रेरीलोदी कबुम् दुम्सो उरमोआ, झामोआ, द्वमोआ को ख्लामोआ दुम्याला मेमेङ् मुलुखिममी पाचो लाममे लो ब।

**बाहिङ लो पोडेपाआ यीक्के मुरुदलायी इनीके दाःचो सोःचोम् लोःद बखेदा दाःने चाम्नी ?**

बाहिङ लोमी गोरखा पत्रदी पेजदी रातामदी अग्व थेलेखो ग्र्यासिआ ब। ङाल्ला एखोवा मुलुखिममी घ्लुन्दाम् कोःनेदुम्ता, अखना गोरखा पत्रमी यीक्केलो घ्लुन्तामेकेङ् ब्यक्चो ओसिआ इक्के लो यो रेङ्ने, तोने तानेदुम्ताम् ब। हप्पेमी गोरखा पत्रदी घ्लुआ बाहिङ लो पोडेपाया, जोङ्यामे लोद रेक्तीया को एम् लो ब्लन्पाचो तेग्रोसीया, दाःसो हप्पे बाहिङ्दलायी मुलुअदी गीङामी।

# खालद्याल



■ दिर्गालच्छी बाहिङ

कङ् याक्केम् द्यालदी सरस्वती प्राथमिक स्कुल बक्ता। मेके याक्के बक्दीखा द्याल ताःसेवा। पडेपाआदःयो दोखोङ् बक्तामे। मेम दःदीयो आनीनिङ् सुम्नीहाङ्, जीःहाङ्, परुहाङ्, सुःहाङ्, दाःना बाहिङ लो पाःआ, पडेपाःआदःयो बक्तामे। मेमदःदीयो, जीःहाङ् दोखो हःक्का बक्ता। माराङ् आके धुन्दी तासेवा। आफा चुलबुल पासिमेवानायो आम् थाःमाताबा बक्ता।

कायीनाम्ती मीसमी कङ् प्राक्टिकल पाःपात्तामी। प्राक्टिकलदी लोक्सीके वाःचेर बक्ता। एम्लायी गमलादी वाःपाःचोको जुप्बा पासो राःचो। सुके जुप्बका दुम्सा मोदामीमाराङ् हप्पेलायी वाःचेर योक्ता। सुम जुप्बा स्याहार, खारुते पासो नुःपानी गु कोङुम दुम दाःसो मोःतामी।

सुम्नीलोः

आफानाखोङ्, पडेदुम्सोङ् लाता मीसमीयो हीलो मापामे। सुम मारा पामे दाःसो अखाःवा गमला राःचो प्रस्तामे। जिहङ्मी नीवा खीर्दा, ग्याना आःके खारुहिप्ते पावा, ककक्द पीक्चो वाःताम् माःबोवा। आफाद हप्पेङ् राःने थुम्स्तामे आम्ङा राःचो बक्ता। भूमीहङ्मीयो मीम्ताको खोयीमोको इःके दाःसो हीलोहीसी मापामे।

अःके ग्यानायो मावावा, आबो मरापाङा दाःसो आग्व खाचे खाचे पावाम् ब। स्कुलदी खीम्दी गेस्सो पाःतङ माःवावा। एखोमेङ् लादुखादा वाःताम् माःबो ! खाली गमला मर्चो कोयीसो पाथा लाःचो सेम्दा। ग्वःदिङ् धुक्चुक् दुम्सोङ् बक्ता।

आमामालायी हीलोपावा, हप्पेम वाःआ राःतामे। अःकेदा मावाःआ अखोमेङ् खादायो लादु दाःसो दा। नुःनी मोको ख्लुम्तीम हो, खारुहीप्ते पाप्तीम्यो ब। माःवावा मोको, मीसदलायी ख्लुम्तङ् खारुहीप्ते पाःतङ खादायो माःवावा मोतोमी मोःता आमोमी।

लोक्सी वाःआ लाम्को पासो पासोङ् खाली गमला कुर्सो जिःहङ् स्कुल गक्ता।

> लोक्सी वाःआ लाम्को पासो पासोङ् खाली गमला कुर्सो जिःहङ् स्कुल गक्ता । हप्पेके वाःताम बक्ता । हप्पेके वाःता इःके माराङ् मावाःवा दाःसो बुर्दीमी मिम्स्सोङ् इस्कुल झक्ता । मेकेदी लाइनदी राप्सो प्रार्थना दुम्सोङ् बक्आ सा ।

> माराङ् जिःहङ्के माःवावा ? माराङ्खादा मीङ्आ वाःचेर ग्यानायो माःवा । आफादिङ् थेःपाला आनिमोखोला ब जिःहङ्लायी, गमी इःके इमान्दारी मासामीवा ।

हप्पेके वाःताम बक्ता। हप्पेके वाःता इःके माराङ् मावाःवा दाःसो बुर्दीमी मिम्स्सोङ् इस्कुल झक्ता। मेकेदी लाइनदी राप्सो प्रार्थना दुम्सोङ् बक्आ सा। आम्यो खाली गमला नुङा लायीन्दी राप्ता। हप्पेम् आःनिकुली अःकेला हिक्तीमेम बःकी दाःसो नायीसेम् ब। कक्षाला लाम्तामे भूमिहङ् मीसकेङ् ङाल्लाम् घन्टीदी लोक्सी लीम्कका जुल्मेम् ब। खाली खादायो जिःहङ्मी ङाल्लादी जुल्चो आट पावाम् ब।

मीसमी हप्पेके गमला कोःसो लाता। इतीवा रीस्थी कुलीमी इःकेचायी माराङ् माःवावा जी। चोने पाप्तीको हो मोःमे। अप्ठ्यारो नायीस्चोङ् माःआ नि, मिसमी कङ् कङ् पासोङ् हीलो पामे गोक्सो वाःपात्तानी ? ददबखो खारुहीप्ते पानाद जुप्कका ब। आनिमोखोला ब मोःतामी, आःजेलो गुःमी हप्पेलायी मीङ्आ वाःचेर गीन्तानानिङ् बक्ता। माराङ् जिःहङ्के माःवावा ? माराङ्खादा मीङ्आ वाःचेर ग्यानायो माःवा।

आफादिङ् थेःपाला आनिमोखोला ब जिःहङ्लायी, गमी इःके इमान्दारी मासामीवा। आफामी वाःचेर फाःसो ख्लुम्सो राःतामे। नाङासम्म हप्पे वाःआ राःतामेना, अःके वापाःने माचापुवा दाःआ नीवादी बक्ता खादा। अखना घ्र्यासीआ बङे। एक्को फोःआदी खुसी ग ताप्तीम् ब। ग झिःरा तेग्रोसीआ मुरु बङे। आफा नाम्तीदयो जुम्मोखो लाला।

पृष्ठ संयोजक : बुद्धवीर सेचोचा बाहिङ, सह संयोजक : मेखराज बाहिङ, पत्राचार ठेगाना : नयाँ नेपाल, गोरखापत्र दैनिक, पो.ब.नं.२३, काठमाडौं । mail : buddhabir0 gmail.com



समावेशीकरणको दिशामा एउटा फड्को : गोरखापत्रद्वारा प्रकाशित

शेर्पा भाषा पृष्ठ

# साङगे च्योन्देन्देकी ठुङकर थुछेन २५७० पा

साङगे च्योम्देन्देकी ठुङकर थुछेन ङितोङ ङग्या दुन्चु जम्बुलिङ्गला रङ ग्यवा क्या चियीन वेत् । बैशाख ला यङना पोदा सुम्बी छेवा च्योङा छेर्मु लोई टेङ जम्बुलिङ्गी ग्याल्खप मङपोला साङगे च्योम्देन्देकी ठुङकर थुछेन सुङची कितु लुक्सो वेत् । ति छेर्मु नङवी ग्याल्खप तङ नङबा साङगे तिवा तिरङ मिन्दा क्या छिवी ग्याल्खप तङ छिवा तिवी सङ साङगेला कुश्याप पुल्ने ठुङकर थुछेन लम्सो तोङगीन वाँन वेत् ।

नेपालला चो छ्येला साङ्गे कु ठुङसा लुम्बिनीला श्यूङडी छयोक्ने रङ मिक्सलगी जेगो शिक कोटिक क्याने छिग्यालकी नङ्बी लामा लाछेन तङ गोठित सङ फेप श्यूने ठुङकर थुछेन सुङची किरु रिम्पा लो चेई गोमाने ज्युन गो छुवु यिन । दि नङसीन तलिङ सङ ग्याल्खप ल्यारिमकी छुल्ला ठुङकर थुछेत ग्यावा क्या लम्सो गलवेत ।

गोमला नङसीन पर्ची सिजिन तङ पर्ची सिलोनकी गोपेद नङगु थुछेनकी जेगो गो जुतु छयार्सी ज्याकुला सिलोन बालेन्द्र शाह फेप्सा क्यासिनाङ खोङ माफेवु तप्की श्युङ की कुछप टोछोक छोक्चो ङि.पी. अर्याल, लोन्पो मङपो तङ थुमे माङपो तङ छयोवा गेन्दा तङ छयोलुक तेरी की लामा चा छेन्पो तिवी परला पिर्मी छुल्ला गोपेत नाङने जेगो लम्सु ताङसुङ ।

नङवी ग्याल्खप भूटान, श्रीलंका, थाइल्याण्ड ने तिरङ, मिन्दा क्या ग्याकर बंगलादेश, म्यानमार, कोलम्बिया, कोरिया, मलेशिया, सिंगापुर, रुस, मंगोलिया, जापान, युरोप अमेरिका तङ ग्यानकने सङ दि थुछेनला मीने नेकोर्वा माङबु फेवु नङसिन तालिङ सङ ग्याल्खाप मङपोने नेकोर्वा माङ ठाने कोरा ग्याक्सा, छयोत्पा बुल्सा तङ छ्योमे बुल्साला कङवा ग्याक्सा तिरङ मेतु साङग्यूरला ख्याप्डा गल वेत ।

लोई टेङ ग्याल्खकी चोवो माच्युङसी नङ ग्याल्खप श्युङगी चोवो फेव श्योप नङसिन तलिङ सङ सिलोन बालेन्द्र शाह फेप श्युबुला ति छेनु छ्यार्वा ग्याप्ने नम्डु फुरमाथोपु तप्की खोङ माख्योलु यिन । क्यासिनाङ ङिमा गोमाला के फेपु कुडोन नाछोक तङ ग्याल्ची कुडोन छ्ये छ्ये माङपो फेप्सीन्दु तप्की जेगो काङमिछे टोग्यावा तङ कल्वा जाङपो क्या डुपुला सङ गसो नङगीन लुम्बिनी यर्के छोकपी उजिन स्योन्या डा. ल्हारग्याल लामा छयोकको कुडोन नम्बा, छ्योवा, गेदुन्या नेकोर्वा तङ डेन्बु तेरीला गासो तङ थुग्जे सुङशे नाङसुङ । खोङगी सुङगु नङसीन टावा, आनी, चिन्ज्युङ, चुन्मो तिरङ तोङ रेई तङ जिन्दाग नाछोकको साङगे च्योम्देनदेकी कु ठुङसा लुम्बिनीला मिकसलकी छ्याग छ्योत्पा ग्यावा क्या पुल्सुङ ।

दि न्ये चाछेन्पोने जम्बुलिङ्ला शिंदे हुन्शी, मियी मिलु तिरङ, मिन्दा क्या सेन्चेन थाम्चेतला दुगङलने टाल थोसीक सिने सोवा मोन्लाप तापु यिन । मिसेरला किर्मु तङ लुङ्वा मङपोला थरिङ वोतु मक तङ सिङन्ज्या मेता डो थोप्सी सिने मोन्लाम म्याकिन थोकई च्युङङेनने लु, ह्रोक गलु मिमाङ तङ सेम्चेन तेरी देवाचेनला केयसीक सिने छ्योमे छोक पुल्मे सोल्वा ताप्सुङ ।

> रि नङसिन स्यारखुम्बु, जिरी, धरान चोवी श्यार्वा माङपो ज्युवु ग्याल्सातिवाला सङ तुक रङ क्या थुछेन सुङची क्यासुङ । खाकछे ला ति छेर्मु मिमाङला छ्योकी कोरला हाक कोमु जोप तङ ज्योन्दातिवाला नङबा साङगेकी डिगलाम कोरला साल्श्येत तेरु मिगयुलकी का छ्यो ज्योकु लुक्सो वेत ।

लुम्बिनी यर्के छोकपी कोटिकला जिन्क्योङ क्यावु ठुङकर थुछेन लम्सो तोङङा नङजु मिमाङ तङ, नेपाल श्यूङला छोकपी छयोगने गसो तङ टशि मोन्दुन नाङसुङ ।

**नेपाल तङ छिग्यालला सङ ठुङकर थुछेन**

साङगे ठुङकर थुछेन नरी दोकै क्या यम्बुरकी फगवा शिङगुन, छ्योर्तेन च्यारोङ खाश्योर, श्यार्वी गोन्पा, सल्हाक दोल्हाक चोवी गोन्पा, थाम्चेतला मुक्सलकी जेगो कोटीक क्याने सुङची क्यासुङ । । ती नङसिन काठमाडौ, पाटन, भक्तपुर, किर्तीपुर, धुलिखेल, बनेपा, काभ्रेकि गोन्पा थङ बिहार, बही तेरीला ठुङकर थुछेन सुङची क्यासुङ ।

नेपालकी मिसेर नङला चेई नङबा श्युग्छे नङला चेप श्यार्वा मिमाङ वोतु जोङखा तिवाला गोमाला दोकै क्या ठुङकर तुछेन टो ग्यावा क्या सुङची क्यासुङ । टोप्ला साङ सेर्कीम ताङने जेगो गो जुवु तङ तेसुर मिमाङला साङगे सुङगी कोरला काछ्यो याङना धर्म प्रवचनकि ल्यारिम ज्याग्ने मङज्या श्योप, छो बुलु तङ श्यालक, सपच्याङ क्या जिन्पा तोङगु लुक्सो वेत । तेसुर मिमाङ तेरि जोम्सिमा ल्हाखाङ नङला ज्युओत ु साङगेकि कु, कुपार, थाङका तङ छ्याग्पी चोवी नाङबी तेन तिवा पुङ्बी खला खूर्ने यायेनकी छ्योर्तेन, ल्हाखाङ तङ ग्याल्सा कोरा ग्याकु लुक्सो वेत । रङगी गोन्पाला वोतु चोई त अछ्योवु चोई क्या साङगे कि कु तङ छ्योखाङ ललाकी लाङबु खला ज्याग्ने फेप श्योप, मोटर छ्याने ग्याङठग तोङगिन फेप श्योप लुक्सो वेत । तेरीकी साङगेला क्याप्सुम छ्ये छ्योला क्यापसुम छे गेदुनला क्याप्सुम्छे सिने ङा रोङगिन कोरा गयाकु लुक्सो वेत । ती नङसिन तलिङ छ्योर्तेन श्यार्वा गोन्पाला टोप्ला जोम्ने छ्याग्छ्योपा पुल्सिमा मोटर माङपो छ्याने साङगेकी कु तङ, कुपार नाछोक दुक ग्याल्छेन तङ क्या सुङवा सुङठेन क्या छोर्तेन कोरा ग्यप्ने सल्हाक दोल्हाक छ्योर्तेन सेक लेप्ने यनगलोङ श्यार्वा गोन्पाला रङ लोगने मिमाङला छो, श्यालक माङज्या श्योप, लामा ज्योलु तङ गेदुनपातिवाला गेपग्यकु तिङला लू तङ श्याप्टो क्या गा गा टो टो क्या ठुङकार थुछेन जेगो सुङची क्यासुङ ।

रि नङसिन स्यारखुम्बु, जिरी, धरान चोवी श्यार्वा माङपो ज्युवु ग्याल्सातिवाला सङ तुक रङ क्या थुछेन सुङची क्यासुङ । खाकछे ला ति छेर्मु मिमाङला छ्योकी कोरला हाक कोमु जोप तङ ज्योन्दातिवाला नङबा साङगेकी डिगलाम कोरला साल्श्येत तेरु मिगयुलकी का छ्यो ज्योकु लुक्सो वेत ।

ती नङसिन नेपालकी जोङखा तेरिला नङबा साङगेकि मिरिक नाछोक तङ छिवा तिवी सङ तिङसङ साङगे सुङ मङ खाक्छे गलुला नासेम तोङगिन ठुङकार थुछेनला छोकश्युक लाङगु तङ दासा ललाला खोपरे रङ कङ शेवु चोई ल्यारिम ज्योकु तङ कङ माशेसिनाङ साङगे च्योम्देन्देकि कुपार फेपश्युने थुछेन सुङची क्यासुङ ।

ङ्याम्डेल ग्याल्खप छोक्पी जम्लि तुछेकी छिदुदि ङिन कुङसेङ थाक्च्योत सङ क्यासिन्दु तपकी नङबी ग्याल्खप तिवी सङ दुनठक च्यिग सेग ल्यारिम गिटिग किनिक ।

नेपालला तिरङ मिन्दा क्या जम्बुलिगी ग्यालखप मङपोला सङ बेशाखा सिने साङगेकि ठुङकर थुछेन छासे ग्याछेन्पो क्या सुङची किवी । तलिङ जम्बुलिङला मक तङ ङ्योक्टा मङबु डोई गलु तप्की सङ साङगे च्योम्देन्देकी शिदे कोरकी छ्यो मङ खाक छे गालु कोरला नङबा तिवी शिदे कोरला श्यूक गयकिन ठुङकर थुछेन चेयिन वेत ।



मायादेवी ल्हाखाङला टोछोक छोक्चोकी छ्योपा

# बज्रगुरु तुङग्यूर कप १९ पा स्यारखुम्बु सल्लेरी गोन्पाला



जम्लिङ शिदे तङ सेम्चेन थाम्चेतला मीने लोई टेङ सोकिन कितु बज्रगुरु तुङग्युर थेङ च्युर्गुवा तलिङ सङ ग्युन्माछेवा क्या लम्सु गालवेत । स्यारखुम्बु सल्लेरीकी थेक्छेन पेमा छयोलिङ्ग गोन्पाला खर्चे वैशाख गते ४ ने गो छुवु ति गते च्युक्सुम छेर्मु डुप्पा क्या ङिमा च्युथम्बाला छार्सुङ । पो दा सुम्बी छेवा च्यिगला गो छुवु तङ छेवा च्युथम्बा यङना गुरु रिन्पोछेकी थुछेन छेर्मु छरा कितु लुक्सो नङसिन तलिङ सङ तुकरङ क्या छेवा च्यिगला गो छुने छेवा चुथम्बा छेर्मु डुप्पु यिन । ङिमा तङपोला ठूल्शीक याङसी रिन्पोछे छयोगने गोपेत नङसीमा गोछुवु बज्रगुरु सोकुला स्यारखुम्बुकी युल माङपो, यायेनकी खिम्जी जोङखा, यम्बुर तङ ग्याल्खप ज्येनगी नङबा तिवा सङ मङपो फेपनोक । गोपेत तेम्डेल लम्सु तोङगुला किदुक नाछोकने श्यर्वी श्याप्टो तङ नङवी रिक ज्येन ज्येनकी ल्हामो छयाम, शाक्यविती छ्याम क्येटाक छेन्पो चार्य नृत्य चोवी ल्हेन्मो सङ रिन्पोछे नम्बा तङ मिमाङला जिता पुल्सुङ ।

ङिमा ङिवाने ज्युन गुवा सेक माङश्योक बज्रगुरु ङा रोङगु तिरङ श्यूक ग्यापु तङ गेदुन्पा मेरा दुनग्या ल्हाक तङ की फारछुर माएवा क्या सावु तप्की तलिङ तुत्छोला रङ तुङम्यूर छेनी सङ ठो तिङ चि ग्याक थोपु यिन् ।

ओम मणि पेमे हुँ रोकु दोके टिम्पो मेङसीनाङ ऊँ आ हुँ बज्र गुरु पद्मम सिद्धी हुँ सिने रोङगुला चेई युन रिङपो गोरु तप्की तोङला तोङला चि माछे सिनाङ तिङला राने चिबुलु डोताङ वोतुला तलिङ मिमाङ माङपो जोम्ने तुङग्यूर छेवुला तेरी छासे गासो क्या वेत ।

> गोन्पा सुम्चु सिना ल्हाक्पा लामा तङ टावा आनी क्मा मि ग्ये ग्या की बैशाख गते ४ यङना छेवाच्यिगने गते १२ सेक ग्युन्माछे ङा रावु तङ छेचु छेर्मु क्याब्जे रबज्यम रिन्पोछे छयोग्ने छेवाङ कोरु तङ मिमाङला बज्रगुरु कोरला लुङ तङ ठि नाङसुङ ।

गोन्पा सुम्चु सिना ल्हाक्पा लामा तङ टावा आनी क्मा मि ग्ये ग्या की बैशाख गते ४ यङना छेवाच्यिगने गते १२ सेक ग्युन्माछे ङा रावु तङ छेचु छेर्मु क्याब्जे रबज्यम रिन्पोछे छयोग्ने छेवाङ कोरु तङ मिमाङला बज्रगुरु कोरला लुङ तङ ठि नाङसुङ ।

बज्रगुरुकी फेन्थोक तङ फेन्योनगी कोर ला सुङ छ्यो नङगीन ङिङमी ग्यूपा तिरङ मिन्दा क्या नङबी छयोकी सुङक्योप तङ नङबा तिवी हुङगोउ ङयाम्लेनकी कोरला सङ कलोप नाङसुङ । छेवाङ श्योपला मिमाङ माङपो जोम्बु तप्की सुर्तुम ग्याक्टी चेपतिवा तोतो मिसी उखिम डोप छल्सीमा श्याबश्युवा तिवी पाङ डिने छेवाङ तापदिमो जोटा नङगु श्यब्शुवा तङ डेल्वा बुलु जिन्दाग तेरीला गोन्पा टडिक छोकपा तङ बज्रगुरु छोक्पी थुकजे छे श्युनाङसुङ ।

# गोटे लोङगु जुम्ठुल्वा पासाङ टी. शेर्पा गोङबा जोसुङ




श्यार्वी मिमाङ नङला गोटे लोङगु मि अला माङपो मेसिनाङ मेरा ङि सुमचोई की सङ श्यार्वी मिङछे यार लोङगु क्या ख्याप्डा क्या वेत । रङगी चिछोक नङला तिरङ मिन्दा क्या ग्याल्खप तङ छिग्यालला साङ ख्याप्डा फरु क्या गोटे लोङगु हास्य कलाकार पासाङ टी सङ च्यीग यिङ । खोङ खर्चे मलोक नासा गाल । दि सिना गोमाला सङ पर पारला नाप छाप च्यूङसिनाङ अलोई गल्सीमा यङलोङ रङगी लाका यङना फिल्म तङ ल्हेन्मु नाछोकला श्या ग्याकु तङ गोटे लोङगु लाकाला लोङने छ्यागलेन नङगीन फेप वेत । क्यासिनाङ दि पर्ला चेई दुका रङ ङ्यूङजे च्युङगु तपकी ला अलाई ने ज्युन च्येती लूँव वेत ।

नेपालला रङ तेरि सिना थल्माला क्यारिकेचर कितु तङ गोटे लोङगु खेपा शिङश्येक्पा साम्तेन शेर्पा ज्युवोतु पर्ला खोङगी होक्ला गेटुक क्या गोटे लोङताङ तङ कलाकारिता कोरला ज्योङदर नङगु पासङ टी साम्तेन श्यार्वी गोटे लोङगु लाममा ग्यून माछे क्या छ्यागलेन नाङगीन फेप वेत । साम्तेन श्यार्वा तङ तुच्यिग गो चुवु तङ साम्तेन श्यार्वी ज्ये जिम्बिन सिरा ल्हेन्मु माङपो तङ फिल्म माङपोला लाका लेमु क्यावु तप्की नेपालकी छोक्पा माङ्पोकि चिकोर क्या सिन वेत । फिल्मला गोटे लोङगु तिरङ मिन्दा क्या मिमाङला साम्छ्यर लेमु तेरु क्या सङ लाका किथोपु ङोसी ज्याग्ने रङगी मिङ तङ श्यार्वा चिछोकको मिङछे सङ यार लोङगु लाका क्यावुला नेपाली मिमाङ योङजोक हालेवा तङ गासो क्या थोङ क्यावेत ।

ती नगसिन गोटे लोङगु श्याखामु बसुन्धरा भूषालकि धम्बु लक्खेर साम्ते शेर्पा प्रतिभा राष्ट्रिय पुरस्कार सिरु ग्याखाप चिकोरने चिकोर च्युङगु तङ श्यार्वी मिङछे यार लाङगुला गासो कियिन यम्बु श्यार्वा चिछोक, तङ किदूक नाछोक तिवी सङ खोङला चिकोर क्या सिन वेत । क्यासिनाङ लाका किथोपु पर्ला ती तेरीकी याम्छेन क्याने चेप तङ आमोछ्योवु , क्योवु गल्सिमा सिसाङ ल्हाते मिकितु श्यार्वा तिवी लुक्सोला ग्यूर्वा तोङगोवु नेताङ लेमवेत । खोङ नङसिन चिछोकको मिङछे ज्योकु जुम्डुल्वा तङ खङरी चेला थेम माङमो जेकु खङरीपा तिवाला रोगरम किरु मिकसलकी टडिग किथोप्सी ज्युगथमाला सङ श्यार्वा मिमाङ पर्ने मि खामु तङ टेमु तिवा हुर्ताङ किथोपकी । गोमाने ज्युन पर्ची पर्ची ङुङजे च्युङसीनाङ रङही छ्याग्ले तङ मिमाङकी तेन्दकला खाक्छे चेप तप्की मेन्च्यो कले डोई गलु तप्की दि पर्ला छेला पच्र्याने थार माथोप । खोक्पी नङला छ्यू साने कले गल्सीमा छ्यू थेन्दु तङ मेन्च्योत कितुला मेनखाङला क्यलु तङ थेङमा माङपो टेकिन तङ नेलोक ग्याकिन क्या खर्छे बैशग्स्ते १५ छेर्मु नासा गाल ।

खोङगी फुङबु याम्बुर छ्योर्तेन श्यार्वा गोन्पाला श्याक ङी, ङिमा सुम ज्याग्ने छ्यागछ्योपा पुल्ने गते २७ छेर्मु टेकु थुटी ग्याच्युला सेसुङ । तुठीला फेपश्योप सिना गोमाला जुम्ठुलवा तेजिन फिल्म छोक्पी गोमी गोठीत नीर शाह फेप्ने खोङगी फुङबुला खातक पुल्ने कुश्याप पुल्सुङ । ती पर्ला खिङगी पासङ टी फिल्म तङ टेलिफिल्म माङपोला चेवु तङ ग्याल्खप जुम्ठुल सखुलला कङ मेचे श्याब्जी पुलु यिन सुङगीन शिङश्येक्पा पासङ देवाचेनला क्येसिक सिने मोन्दुन नाङसुङ ।

ती नङसिन चलचित्र संघकि सङ फुङबु फेपलाम ला सुर्ज्याङ क्याने चाबेल साल्हक दो ल्हाक छोर्तेन चाला लुचोलवा मङपो जोम्ने खताक तङ चलचित्र संघकि तर्च्यो पुल्ने कुश्याप पुल्सुङ । रि नङसिन गोटे लोङगु जुम्ठुल्वा दल्जा तिवा सङ थुठीला रङ फेप्ने रङगी छोक्पी तर्च्यो पुल्ने कुश्याप पुल्सुङ ।

# ༄༅། །སངས་རྒྱས་ཀྱི་འཁྲུངས་སྐ ར་གྱི་ངོ་སྤྲོད་དང་གལ་ཆེན་རང་བཞིན་སྐོར།



བསྟན་འཛིན། ཤར་པ།

**ངོ་སྤྲོད།**

སངས་རྒྱས་ཀྱི་འཁྲུངས་སྐར་ནི་ཤར་པའི་ཡུང་པར་ས་ག་ཟླ་བ་ཞེས་འབོད་ཅིང་། འདི་ནི་ནང་པ་སངས་རྒྱས་པ་དང་ཤར་པའི་སྤྱི་ཚོགས་ཀྱི་ཆེད་དུ་དུས་ཆེན་གལ་ཆེ་ཤོས་ཤིག་ཡིན། ལོ་ལྟར་བོད་ཟླ་བཞི་པའི་ཚེས་བཅོ་ལྔ་སྐྱེ་ཞ་གང་བའི་ཉིན་མོར་དུས་ཆེན་འདི་སྲུང་བརྩི་ཞུ་གི་ཡོད། ཉིན་འདི་ནི་དུས་ཆེན་དགུས་མ་ཞིག་ཙམ་མ་ཡིན་པར། སྟོན་པ་སངས་རྒྱས་ཤཱཀྱ་ཐུབ་པའི་མཛད་པ་རྣམ་ཐར་གྱི་ཆེས་གལ་ཆེའི་དུས་ཆེན་གསུམ་འཛོམས་ཀྱི་ཉིན་མོ་ཞིག་ཡིན། དེའི་ཕྱིར་འདི་ལ་དུས་ཆེན་གསུམ་འཛོམས་ཀྱང་ཟེར།

**༡. སྐུ་བལྟམས་པའི་མཛད་པ།**

སྤྱི་ལོ་སྔོན་གྱི་ ༥༦༣ ལོར་བལ་ཡུལ་གྱི་ལུམ་བི་ནིའི་ཚལ་དུ་ཡབ་རྒྱལ་པོ་ཟས་གཙང་མ་དང་ཡུམ་སྒྲ་མ་ལྷ་མཛེས་གཉིས་ཀྱི་སྲས་སུ་རྒྱལ་བུ་དོན་གྲུབ་སྐུ་བལྟམས་པ་རེད། ཁོང་གིས་འཇིག་རྟེན་གྱི་ན་ན་འཆི་བའི་སྡུག་བསྔལ་གཟིགས་ནས་རྒྱལ་སྲིད་དང་ཕོ་བྲང་གི་བདེ་སྐྱིད་སྤྲངས་ཏེ་རབ་ཏུ་བྱུང་ནས་སྒོམ་སྒྲུབ་ལ་ཐེབས་པ་རེད།

**༢. མངོན་པར་རྫོགས་པར་སངས་རྒྱས་པའི་མཛད་པ།**

རྒྱལ་བུ་དོན་གྲུབ་ཀྱིས་ལོ་དྲུག་གི་རིང་ལ་དཀའ་བ་སྤྱད་དེ་མཐར་རྡོ་རྗེ་གདན་དུ་བྱང་ཆུབ་ཤིང་གི་དྲུང་དུ་དགུང་ལོ་སོ་ལྔའི་ཐོག་མངོན་པར་རྫོགས་པར་སངས་རྒྱས་ཀྱི་གོ་འཕང་ཐོབ་པ་རེད། ཉིན་དེ་ནས་བཟུང་ཁོང་ལ་སངས་རྒྱས་(མ་རིག་པའི་གཉིད་ལས་སད་ཅིང་ཤེས་བྱ་ཀུན་ལ་རྒྱས་པ)ཞེས་མཚན་གསོལ་བ་རེད།

**༣. སྐུ་མྱང་ངན་ལས་འདས་པའི་མཛད་པ།**

སངས་རྒྱས་ནས་ལོ་ང་བཞི་བཅུ་ཞེ་ལྔའི་རིང་འགྲོ་བ་སེམས་ཅན་རྣམས་ལ་ཆོས་ཀྱི་འཁོར་ལོ་བསྐོར་ནས་དགུང་ལོ་བརྒྱད་ཅུའི་ཐོག

> དེང་སང་འཛམ་གླིང་ནང་དམག་འཁྲུག་དང་རྙོག་དྲ་མང་པོ་ཡོད་པའི་སྐབས་འདིར་སངས་རྒྱས་ཀྱི་བསླབ་བྱ་ཧ་ཅང་གལ་ཆེན་པོ་ཆགས་ཡོད། ཁོང་གི་གཞི་རྩའི་བསླབ་བྱ་ནི་འཚེ་བ་མེད་པ་དང་། བྱམས་པ། སྙིང་རྗེ། ཞི་བདེ་བཅས་ཡིན།

རྒྱ་གར་གྱི་རྩ་མཆོག་གྲོང་དུ་མྱ་ངན་ལས་འདས་པ་རེད། མཛད་པ་ཆེན་པོ་འདི་གསུམ་ག་བོད་ཟླ་བཞི་པའི་ཚེས་བཅོ་ལྔ་ཉིན་བྱུང་བས་ས་ག་ཟླ་བ་ཞེས་རྩ་ཆེན་པོར་བརྩི་བ་ཡིན།

**སངས་རྒྱས་ཀྱི་བསླབ་བྱ་དང་གལ་ཆེན་རང་བཞིན།**

དེང་སང་འཛམ་གླིང་ནང་དམག་འཁྲུག་དང་རྙོག་དྲ་མང་པོ་ཡོད་པའི་སྐབས་འདིར་སངས་རྒྱས་ཀྱི་བསླབ་བྱ་ཧ་ཅང་གལ་ཆེན་པོ་ཆགས་ཡོད། ཁོང་གི་གཞི་རྩའི་བསླབ་བྱ་ནི་འཚེ་བ་མེད་པ་དང་། བྱམས་པ། སྙིང་རྗེ། ཞི་བདེ་བཅས་ཡིན། མི་གཞན་ལ་གནོད་པ་མ་བྱེད་པར་ཕན་འདོགས་དགོས་པ་ནི་ནང་ཆོས་ཀྱི་སྙིང་པོ་ཡིན། ལྷག་པར་དུ་སྲོག་མི་གཅོད་པ། མ་བྱིན་པར་མི་ལེན་པ། ལོག་གཡེམ་མི་བྱེད་པ། རྫུན་མི་སྨྲ་བ། ཆང་རག་མི་འཐུང་བ་བཅས་ཁྲིམས་ལྔ་སྲུང་བ་ནི་མི་ཚེ་ལེགས་པོ་སྐྱེལ་བའི་ལམ་ཡིན།

**དུས་ཆེན་སྲུང་བརྩི་བྱེད་སྟངས།**

ས་ག་ཟླ་བའི་ཟླ་བ་ཧྲིལ་པོར་ཤར་པ་ཚོས་དགེ་བའི་ལས་ལ་བརྩོན་གྱི་ཡོད། ལྷག་པར་དུ་ཚེས་བཅོ་ལྔའི་ཉིན་མི་མང་པོ་དགོན་པར་ཕྱིན་ནས་མཆོད་མེ་སྟོང་མཆོད་འབུལ་བ་དང་། སྟོན་པའི་ཚོ་ག་གསུང་བ། མ་ཎི་འདོན་པ། ཕྱག་འཚལ་བ་བཅས་བྱེད་ཀྱི་ཡོད། དེ་བཞིན་ཉིན་འདིར་ཤ་མི་ཟ་བར་སྨྱུང་གནས་བྱེད་པ་དང་། ཉམ་ཐག་ལ་སྦྱིན་པ་གཏོང་བ། རི་མགོར་དར་ལྕོག་འཛུགས་པ་བཅས་ཀྱི་སྲོལ་ཡོད། དར་ལྕོག་གི་རླུང་བརྒྱུད་ནས་འཛམ་གླིང་ཡོངས་ལ་མ་ཎིའི་བྱིན་རླབས་ཁྱབ་པའི་ཡིད་ཆེས་བྱེད་ཀྱི་ཡོད།

**མཇུག་དོན།**

སངས་རྒྱས་བཅོམ་ལྡན་འདས་བལ་ཡུལ་དུ་སྐུ་བལྟམས་པ་དེ་ནི་བལ་ཡུལ་གྱི་མི་དམངས་ཡོངས་ཀྱི་སྐྱབས་པ་ཆེན་པོ་ཞིག་ཡིན། མཐའ་དོན་ང་ཚོས་དགེ་བའི་རྩ་བ་ཐམས་ཅད་སེམས་ཅན་ཐམས་ཅད་ཀྱི་དོན་དུ་བསྔོ་བ་དང་། འཛམ་གླིང་ནང་ལ་ཞི་བདེ་དང་བདེ་སྐྱིད་ཡོང་བའི་སྨོན་ལམ་རྩེ་གཅིག་ཏུ་འདེབས་ཀྱི་ཡོད།




# श्यूङगी चठीम शिम्ज्यु डोतङ गो जुवु छ्यरप

मङपो कले क्या जोसिनाङ नेपालकी चठीम तरुङ सेक चेई योमला खेप्पु क्या छेङमा माच्युङगु तप्की श्यूवा ख्येन ग्याकु टडिक कियिन वेत। दि सिना गोमी श्यूङतिवी सङ थेङमा माङपो चठीम शिम्ज्यु किसा क्यासिनङ श्योखातिवी पर्ला थुनलाम डो माथोपुने ख्येन ग्याकु यङना शिम्ज्यु किमाखेउ यिन।

खर्चे वोद्धेम कपला रङ चठीम शिम्ज्यु कितु कोरला छ्याबशी श्योखा माङछेकी दिकी कोरला ख्येकेन क्याउ नाङसिन रास्वपाकी सङ रङगी ज्याकु खेलेन ला नावेम ताङने तिरङ मिन्दा क्या चठीम ग्युच्र्यो सङ तोङगुला श्युङगी टडिक कितु छ्यारप वेत।गोमी चाठीमतिवा ल्हासी तन्दी चठीम मङ ग्याछे तङ तापदे वोसिनाङ मिरिक, क्येरिक तङ तिङला श्योलु मिसेरतिवी यार्के तङ ङोटो तेनदेन किरुला मिरिक तङ ग्याला ज्युवु मधेसी रिकतिवी दिला शुम्ज्यु क्याने रङगी दोत्पा तङ श्युवातिवा लुकगोकी सिने क्ये श्योरिङ वान वेत।

थल्माला चठीम देन्दु परने ज्युन लो मेधे क्यावु मिसेर माङपोकि चठीमला रङगी नोवु दोके क्या श्यूवा नाछोक ख्येन ग्याकगोकी सिन क्ये श्योर सिनाङ कनिङ श्यूङगी दि टडिग क्यासुङ सिसिन छप्तिङ गुपतिङ डोप ङेन्खाला वेत।

ति तप्की मिरिक नाछोक तङ क्येरिक तेरिकी सपसप क्या ती सिन गोलाला रङ छ्योमगोवु नेताङ वेत।तुक क्या चठीम शिमज्यु क्यासुङ सिसिन मिरिकितिवी चोछेला रङगी ङोटो सुङक्योप तङ यर्के तोङगुला फेन्दु क्या ङदेकि मिङ पोक्युर किगोवु तङ ङदे सप्टा फारछुर कि गोवु कोरला मुथुन क्या श्यूवा ज्योग गोवु कोरला मिरिक छोक्पातिवा नावेम तोङगोकी।

चिला सिसिन तफेनला यङ तङ याङ दोकै कोकप म्याङगु तप्की कनिङ चठीमला थो तोङगु छ्यार्सी ज्याग्सुङ सिसि श्यार्वा मिमाङ तिवी सङ ख च्यिक क्या गोमा कि थोप गोवु नेताङ वेत।


**पृष्ठ संयोजक** : आङ दावा शेर्पा, **सह संयोजक** : सोनाम याङ्जी शेर्पा, **पत्राचार ठेगाना** : नयाँ नेपाल, **गोरखापत्र दैनिक, पो.ब.नं.२३, काठमाडौं ।** mail : sherwaling gmail.com

# स्लेट छाडेर जस्तापाता रोज्दा क्षति

**गोकर्ण दयाल**
*बैतडी, वैशाख २५ गते*

विगतका वर्ष जस्तै यस वर्ष पनि हुरीबतासले जिल्लाका आधा दर्जन विद्यालयको जस्तापाताको छाना उडाएर क्षति पुऱ्याएको छ। स्थानीय जनश्रुति अनुसार 'वायु' (हावा) र 'तड' (पहाडको टाकुरा) मिलेर बनेको 'बायोत्तड' शब्दबाट 'बैतडी' जिल्लाको नाम रहन गएकाले पनि बढी हावा चल्ने जिल्लाका रूपमा यो परिचित छ। यद्यपि यहाँका सरकारी संरचना निर्माण गर्दा भूबनोटको ख्याल नगरी जस्तापाताको छाना राख्ने गरिएको छ।

हालै आएको हुरीबतासले मेलौली नगरपालिका–१ को शीतलपुर मावि र २ नम्बर वडाको सलेनास्थित धर्मघर माध्यमिक विद्यालयका दुई वटा भवनको छाना उडाउँदा लाखौँ रुपियाँको क्षति भएको छ। हुरीबतासले विद्यालयको छाना उडाएपछि पठनपाठन प्रभावित बनेको धर्मघर माविका प्रधानाध्यापक लोकराज जोशीले बताउनुभयो। उहाँले भर्ना अभियान सकेर पढाइ सुरु हुने बेला विद्यालयको छाना उडेको बताउनुभयो।



पाटन नगरपालिका–९, हुक्केडाँडास्थित हुरीबतासले क्षति पुऱ्याएको सिद्धेश्व माविको छाना।

हुरीबतासले जिल्लाका अन्य ठाउँमा पनि क्षति पुऱ्याएको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ। हुरीबतासले सिगास, दोगडाकेदार, शिवनाथ र पञ्चेश्वर गाउँपालिकाका विद्यालय, वडा कार्यालय, निजी घर र पसलमा क्षति पुऱ्याएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकरी प्रहरी निरीक्षक बलदेव बडूले बताउनुभयो।

उहाँले हुरीबतासबाट दोगडाकेदार गाउँपालिका–३, कपडास्थित जसलिङ आधारभूत विद्यालयको जस्तापाताले छाएको भवनको छानो उडाएको बताउनुभयो। त्यसै गरी दोकडाकेदार गाउँपालिका–८, कालागाउँस्थित वडा कार्यालय भवनको छानोसमेत हावाहुरीले उडाएको छ।

हावाहुरीका कारण शिवनाथ गाउँपालिका–१ कुस्मौतघाटस्थित सशस्त्र प्रहरी बलको बिओपी भवनमा समेत क्षति पुगेको उहाँले बताउनुभयो। हावाहुरीबाट भएको क्षतिको तथ्याङ्क सङ्कलन भइरेको उहाँले बताउनुभयो।

### बर्सेनि विद्यालयमा क्षति

हावाहुरीले प्रत्येक वर्ष विद्यालय र सरकारी संरचनामा बढी क्षति हुने गरेको छ। शिक्षा विकास तथा समन्वय एकाइ बैतडीको तथ्याङ्क अनुसार हावाहुरीले बर्सेनि १५/२० भन्दा बढी विद्यायको छाना उडाउने गरेको छ।

स्थानीयस्तरमै पाइने स्लेटको छाना छाडेर कम्पनीका जस्तापाता प्रयोग गर्दा विद्यालयको छानो उडाउने समस्या बढेको शिक्षा विकास तथा समन्वय एकाइ बैतडीका सूचना अधिकारी पुष्करराज शर्माले बताउनुभयो। उहाँले भूबनोट अनुसार स्लेटको छाना बलियो हुने भए पनि पछिल्लो समय जस्तापाताको प्रयोग बढेको बताउनुभयो।

उहाँले भन्नुभयो, "विद्यालयको भवन निर्माण गर्दा भूबनोटको ख्याल गरेको पाइएन। बैतडी बढी हावाहुरी चल्ने जिल्ला भएकाले डिजाइन अनुसार टिनका छाना राखेर बनाइएका भवनमा क्षति हुने गरेको छ।"

बैतडीको भूबनोटले टिनको छाना दीर्घकालीन हुँदैन भनेर मन्त्रालयमा छलफल भए पनि भवन निर्माण गर्ने निकायका प्राविधिकले डिजाइन परिवर्तन नगरेको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख नरेन्द्रप्रसाद अवस्थीले बताउनुभयो। उहाँले स्लेटको छाना राखेर बनाएका विद्यालयका भवनमा हावाहुरीले प्रभाव पारेको छैन।

बैतडीको भूबनोट नै बढी हावा चल्ने भएका कारण पक्की भवनमा ढलानको छत बनाउन सुरु गरेको सामाजिक विकास कार्यालय बैतडीका कार्यालय प्रमुख शङ्करदत्त जोशीले बताउनुभयो।

उहाँले भन्नुभयो, "चालु आवमा प्रदेश सरकारबाट विद्यालयका २१ वटा भवन निर्माण भइरहेका सबै ढलानसहितका पक्की भवन रहेका छन्।"

प्राविधिक लागतमै जस्तापाताको प्रयोग बन्द गरिएको उहाँले जानकारी दिनुभयो। सुदूरपश्चिम प्रदेश सरकारमातहत रहेर शिक्षाको क्षेत्रमा काम गर्दै आइरहेको सामाजिक विकास कार्यालयबाट निर्माण भइरहेका नयाँ विद्यालयका सबै भवन ढलान गरेर निर्माण भइरहेको उहाँले बताउनुभयो।

# पाँच वर्षसम्म बनेन बाउली पुल

**बाजुरा समाचारदाता**
*बाजुरा, वैशाख २५ गते*

जिल्लाको मार्तडी–कोल्टी सडकको बिचमा पर्ने बाउलीखोलामा पुल नबन्दा यहाँका बासिन्दालाई आवतजावतमा समस्या परेको छ।

सो खोलामा स्थानीयलाई आउजाउ गर्न सहज हुने गरेर झोलुङ्गे पुल निर्माण गरिए भए पनि सवारीसाधन सञ्चालनमा कठिनाइ छ। खोलामा पक्की पुल निर्माण नहुँदा मार्तडीदेखि कोल्टीसम्म सञ्चालन हुने गरेका सवारीसाधनलाई बर्खाको समयमा खोला तर्न निकै समस्या हुने गरेको छ।

बाउलीखोलामा पक्की पुल निर्माणका लागि २०७८ कात्तिक १५ गते धनगढीस्थित टिडिआर–जुगलकौशिक जेभीले पाँच करोड ५८ लाख ८८ हजार २७० रुपियाँमा ठेक्का सम्झौता गरेको थियो तर कम्पनीको ढिलासुस्तीका कारण पुल निर्माणको काम अलपत्र बनेको छ। अहिलेसम्म पुलको एक पिल्लर मात्र खडा गर्ने काम भएको छ।

पुल निर्माणको काम सुरु भएको पाँच वर्ष पुग्न लाग्दासम्म पनि निर्माणले गति नलिँदा जिल्लाको पूर्वीउत्तर क्षेत्रका बासिन्दालाई सदरमुकाम मार्तडी र धनगढी आउजाउ गर्न कठिनाइ छ। मार्तडी–कोल्टी सडकमा हिउँदको महिना चल्ने सवारीसाधन बर्खायाममा चल्न सक्दैनन्।

सो सडकमा हिउँदको महिना सानाठुला सवारीसाधन मार्तडीदेखि कोल्टीसम्म सञ्चालन हुने भए पनि बर्खाको समयमा मार्तडीमै रोकिने सम्भावना छ।

सम्झौता अनुसार पुल २०७८ फागुन १५ गतेभित्र पूरा हुनुपर्ने हो। सडक डिभिजन कार्यालय अछामले निर्माण कम्पनीलाई २०८२ फागुन ३० गतेसम्म काम सक्ने गरेर म्याद थप गरेको थियो।

बसचालक पदम रोकायाले बाउलीखोलामा पुल नहुँदा बर्खाको समय बसलाई कोल्टीसम्म सञ्चालन गर्न निकै समस्या हुने गरेको बताउनुभयो।

टिडिआर–जुगलकौशिक जेभी कम्पनीका सञ्चालक नरेश ओझाले अहिले पुलको पिल्लर हाल्न र अर्को वर्षमा सबै काम पूरा गर्ने दाबी गर्नुभयो।

उहाँले भन्नुभयो, "काम सुरु गरेको छु। पुलको पिल्लर र वाल सबै निर्माण गरेर आउँदो हिउँदको महिनामा सबै काम पूरा हुन्छ।" सडक डिभिजन कार्यालय अछामका इन्जिनियर सुभाष साहले पाँच वर्ष पुग्न लाग्दासम्म पनि काम पूरा नभएको बताउँदै भन्नुभयो, "दोस्रो म्याद थप गरेको समयमा पनि पुल भने अझै निर्माण भएको छैन। कम्पनीले ९० लाख ५६ हजार रुपियाँभन्दा बढी रकम भुक्तानी लिइसकेको छ।" उहाँले पुल चाँडो निर्माणका लागि पत्रचार गरेको बताउँदै अब पनि समयमा काम नगरे कानुनी प्रक्रियामा जाने बताउनभुयो।

# हुलाक सेवामार्फत घरमैं राहदानी

**बेलौरी समाचारदाता**
*बेलौरी (कञ्चनपुर), वैशाख २५ गते*

चिठीपत्र आदानप्रदानका काममा मात्रै सीमित बनेको हुलाक सेवालाई आधुनिकीकरण गर्न थालिएसँगै सेवाग्राहीलाई सहज भएको छ।

हुलाक कार्यालय कञ्चनपुरका सूचना अधिकारी भोजराज भट्टले विगतमा चिठीपत्र आदानप्रदानमा सीमित बनेको हुलाक कार्यालयले आगामी दिनमा राहदानी, सवारीचालक अनुमतिपत्र, नागरिकता, राष्ट्रिय परिचयपत्र विश्वविद्यालयका प्रमाणपत्रसहितका कागजात सेवाग्राहीको घरमै पुऱ्याउने गरी तयारी थालिएको बताउनुभयो।

पहिलो चरणमा जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने राहदानी घरमै पुऱ्याउने गरी सेवा प्रारम्भ गरिएको उहाँले बताउनुभयो। जिल्ला प्रशासन कार्यालयसँग भएको सहमतिपछि ५५ रुपियाँको टिकट काटेपछि सेवाग्राहीले घरमा राहदानी पाउने उहाँले बताउनुभयो। जिल्ला प्रशासन कार्यालयमा पहिलो चरणमा मङ्गलबार, बुधबार र बिहीबार २५ जनाभन्दा बढीले घरमै राहदानी लिन हुलाक टिकट काटेको उहाँले बताउनुभयो।

राहदानी तयार भएको साता दिनभित्र सेवाग्राहीको घरमै पुऱ्याइने हुलाक कार्यालयका सूचना अधिकारी भट्टले बताउनुभयो। प्रशासनबाट नागरिकता र राष्ट्रिय परिचयपत्र पनि प्रेषण गर्न सकिने छ। यसै गरी यातायात व्यवस्था कार्यालय, कञ्चनपुरबाट तयार भएका सवारीचालक अनुमतिपत्र




सेवाग्राहीको घरमा पुऱ्याउने तयारी अगाडि बढाइएको हुलाक कार्यालयले जनाएको छ। साथै सुदूरपश्चिम विश्वविद्यालयसँग भएको छलफलमा विद्यार्थीका विभिन्न शैक्षिक प्रमाणपत्रसमेत हुलाकमार्फत घरमै पुऱ्याउने गरेर काम अगाडि बढाउने सहमति भएको सूचना अधिकारी भट्टले बताउनुभयो।

उहाँले जिल्ला हुलाक कार्यालय कञ्चनपुरमा पछिल्लो तीन महिनामा २२ हजार ६८७ हुलाक वस्तु आयात तथा निर्यात गरिएको जानकारी दिनुभयो।

सूचना अधिकारी भट्टका अनुसार गत आर्थिक वर्षको माघ, फागुन र चैत महिनामा आठ हजार ८८६ (डाँक बाट) रजिस्ट्री चिठी, सात हजार ७१४ रजिस्ट्री चिठी (दर्ता), तीन हजार ५२७ समाचार पत्रपत्रिका आयात र निर्यात गरिएका छन्।

जिल्ला हुलाक कार्यालय कञ्चनपुरमा द्रुत चिठीपत्र, पुलिन्दा दर्ता, वैदेशिक पार्सल, बुक पोस्ट (रजिस्ट्री) र रजिस्ट्री चिठी आयात तथा निर्यात सङ्ख्या बढ्दो क्रममा रहेको छ।

# सरकारी संरचनादेखि बजार ऐलानी जग्गामा

**धनगढी समाचारदाता**
*धनगढी, वैशाख २५ गते*

कैलालीमा बस्ती मात्रै नभई थुप्रै सरकारी संरचनादेखि लिएर बजार ऐलानी जग्गामा रहेका छन्।

पञ्चायतकालमा बनाइएका मन्डी (बजार) देखि लिएर मुलुक सङ्घीय संरचनामा गएपछि बनेका कतिपय सरकारी भवन पनि ऐलानी जग्गामा रहेका हुन्।

यहाँको प्रायः पालिकाका कतिपय गाउँ ऐलानी जग्गामा छन्। यसै गरी धार्मिक संरचनादेखि लिएर विद्यालय, सार्वजनिक भवन पनि प्रायः ऐलानी जग्गामै बनाइएका छन्। कैलारी गाउँपालिका–१ मा रहेको हसुलिया बजार, सोही पालिकाको ५ नम्बर वडामा रहेको पुरानो पवेरा मन्डी (बङ्गालीपुर), लम्कीचुहा नगरपालिका–३ स्थित चिसापानी बजार ऐलानी/पर्ती जग्गामा छन्। यसै गरी कैलारी–३ मा रहेको शिवरत्नपुर, मोहनपुरलगायतका गाउँ ऐलानी जग्गामै छन्।

धनगढी उपमहानगरपालिकाको धनगढी र गोदावरी नगरपालिकाको अत्तरिया बजारमा पनि कतिपय व्यक्तिगत र सार्वजनिक संरचना ऐलानी जग्गामै बनाइएको छ। थुप्रै सरकारी, सार्वजनिक संरचनादेखि व्यक्तिका घर ऐलानी जग्गामा रहेका कारण यस्ता जग्गामा भएको अतिक्रमण हटाउने विषय जटिल रहेको कैलारी गाउँपालिकाका अध्यक्ष राजसमझ चौधरीले बताउनुभयो।

उहाँका अनुसार हसुलियामा पालिकाको कार्यालय, कृषि विकास बैङ्क, राष्ट्रिय वाणिज्य बैङ्क, इलाका प्रहरी कार्यालय, साझा घरलगायत ऐलानी जग्गामा छन्। "हसुलिया बजार नै ऐलानी जग्गामा छ," अध्यक्ष चौधरीले भन्नुभयो, "त्यसैले सरकारी, सार्वजनिक जग्गामा भएको अतिक्रमण हटाउने विषय अत्यन्त जटिल देखिन्छ।"



तस्बिर : कुलराज चौधरी

ऐलानी जग्गामा रहेको हसुलिया बजार।

गौचरन र सिनो फल्ने ठाउँका रूपमा रहेको ऐलानी जग्गामा तत्कालीन प्रधानपञ्च चन्द्रबहादुर गुरुङले मन्डीको रूपमा हसुलिया बजार स्थापना गरेको बताइन्छ। करिब २००७ सालतिर कसैले एक कट्ठा, कसैले आधा कट्ठा जमिन ओगटेर त्यहाँ मन्डी बनाएको कैलारी उद्योग वाणिज्य सङ्घका अध्यक्ष एवं हसुलियाका पुरानो व्यापारी नेपालु चौधरीको भनाइ छ। उहाँका अनुसार दीपेन्द्र माध्यमिक विद्यालय स्थापना भएपछि २०३० बाट बजार विस्तार भएको थियो। "अहिले यहाँ ठुला घर बनिसकेका छन्," चौधरीले भन्नुभयो।

त्यस्तै कैलारी गाउँपालिका–५, बङ्गालीपुरमा रहेको पुरानो पवेरा मन्डी पनि ऐलानी जग्गामै छ। अरू गाउँमा पनि धेरै ऐलानी जग्गा रहेको उल्लेख गर्दै सङ्घका अध्यक्ष चौधरीले सरकारको कदम राम्रो रहे पनि वास्तविक सुकुमवासी वा भूमिहीनले भने जग्गा पाउनुपर्ने बताउनुभयो।

"आफ्नै नम्बरी १५/२० बिघा जमिन भएकाले पनि ऐलानी जग्गा ओगटेका छन् भने त्यसलाई सरकारीकरण गर्नु पर्दछ," उहाँले भन्नुभयो।

लम्कीचुहा नगरपालिकाका प्रमुख सुशीला शाहीले पालिकामा चिसापानी बजार ऐलानी जग्गामै रहेको भन्दै वन क्षेत्रमा भएको अतिक्रमण र अव्यवस्थित बसोबासीलाई हटाउन नसकिने बताउनुभयो।

## नगरप्रमुखको सेवासुविधा सामाजिक कार्यमा

**धनगढी समाचारदाता**
*धनगढी, वैशाख २५ गते*

कैलालीको धनगढी उपमहानगरपालिकका प्रमुख गोपाल हमालले पालिकाकाबाट आफूले सेवा सुविधाबापत प्राप्त गरेको रकम सामाजिक क्षेत्रमा खर्च गरिरहनुभएको छ।

नगरप्रमुख हमालले आफूले सेवा सुविधाबापत पाएको रकममा थप गरेर ४४ लाख रुपियाँ सामाजिक क्षेत्रमा खर्च गरिरहेको जानकारी दिनुभयो। आर्थिक वर्ष २०८२/८३ सम्म सेवा सुविधाबापत ३८ लाख ८२ हजार रुपियाँ प्राप्त गरेको र त्यसमा पाँच लाख १७ हजार व्यक्तिगत रकम थपेर सामाजिक विकासको क्षेत्रमा सहयोग गर्दै आइरहेको नगरप्रमुख हमालले शुक्रबार पत्रकार सम्मेलन गरेर जानकारी दिनुभएको छ।

उहाँले २३ लाख ९७ हजार सामाजिक विकासमा वितरण गरिसक्नुभएको छ। बाँकी रहेको १४ लाख ८५ हजार रुपियाँ पनि सामाजिक क्षेत्रमै खर्च गर्ने हमालले बताउनुभयो।

उहाँले सार्वजनिक शिक्षाको विकास तथा विपन्न वर्गको शिक्षामा पहुँच, गौ संरक्षण र व्यवस्थापनका लागि रकम खर्च गर्नुभएको छ। यसै गरी दृष्टि फाउन्डेसन, मानवसेवा आश्रम, आमाको माया छात्रावास, खगेन्द्र नवजीवन केन्द्रलाई पनि सहयोग गरेको जनाइएको छ।

# मापदण्डविपरीतका मेडिकलमाथि कारबाही

**बेलौरी समाचारदाता**
*बेलौरी (कञ्चनपुर), वैशाख २५ गते*

नेपाल मेडिकल काउन्सिलले कञ्चनपुरका विभिन्न स्थानमा दर्ताबिना नै सञ्चालनमा रहेका क्लिनिकलाई कारबाहीका लागि सिफारिस गरेको छ। काउन्सिलले गरेको अनुगमनका क्रममा मापदण्डविपरीत सञ्चालनमा रहेको पाइएपछि कारबाहीका लागि जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गरेको हो।

नेपाल मेडिकल काउन्सिलका सदस्य डा. अजयकुमार शाहले अनुगमनका क्रममा जिल्लाका विभिन्न क्षेत्रमा सञ्चालित मेडिकल दर्ताबिना सञ्चालनमा रहेको भेटिएको बताउनुभयो। उहाँले यसका साथै अधिकांश मेडिकलमा चिकित्सकबिना नै उपचार गराइरहेको भेटिएको बताउनुभयो। अवैध तरिकाले सञ्चालनमा रहेका मेडिकल बन्द गर्न लगाइएको उहाँको भनाइ छ।

कृष्णपुर नगरपालिका गुलरियास्थित स्टार डेन्टल क्लिनिक र शुक्लाफाँटा नगरपालिकास्थित झलारी बजारमा सञ्चालनमा रहेको युएस डेन्टल क्लिनिकमा पनि चिकित्सकबिना नै सबै उपचार गरिँदै आएको भेटिएपछि बन्द गर्न लगाइएका अनुगमनमा सहभागी डा. विकास खड्काले बताउनुभयो।


**भूलसुधार**

मिति २०८३।०१।२५ गते गोरखापत्र दैनिकको पृष्ठ ९ मा प्रकाशित **भन्सार विभाग, महेशपुर भन्सार कार्यालय**, महेशपुर, नवलपरासी (ब.सु.प.)प. को **सवारी तथा ढुवानीका साधनहरूको लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना**मा **प्रथम पटक प्रकाशित मिति २०८३।०१।२३ गते** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

**बागमती प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोषको सचिवालयको सूचना**

नवप्रवर्तनात्मक अनुसन्धान सम्बन्धी प्रथम चरणको आइडिया अवधारणा प्रस्ताव आह्वान गरिएको सूचना मन्त्रालयको वेबसाइटमा मिति २०८३।०१।२५ मा प्रकाशन गरिएको छ। आइडिया अवधारणा प्रस्ताव साथ पेश गर्नुपर्ने कागजात एवं शर्तहरू र आइडिया अवधारणा प्रस्तावको ढाँचा लगायतका विस्तृत विवरण सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश हेटौँडाको वेबसाइटः www.mosd.bagamati.gov.np हेर्नुहुन अनुरोध छ।

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, धनुषा**
**बोलपत्र स्वीकृतिको आशय सम्बन्धी सूचना**
**प्रकाशन मितिः २०८३।०१।२६**

यस कार्यालयको मिति २०८२/११/१७ गते प्रकाशित सार्वजनिक सूचना बमोजिम म्याद भित्र रीतपूर्वक प्राप्त हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| S.N. | Contract No. | Name of Successful Bidders | Bid Amount (with PS & VAT ) |
|---|---|---|---|
| | BCO/ AN A/ O /NCB/ 3-2082/83 | Baba Nirman ewa aleshwor Mahottari | 3,32,40,138.15 |

**कृषि सामग्री कम्पनी लिमिटेड**
**KRISHI SAMAGRI COMPANY LTD (KSCL)**
**(An Undertaking of Government of Nepal)**
**प्रधान कार्यालय, काठमाडौं**
**सच्याइएको सम्बन्धमा।**

यस कम्पनीमा रिक्त रहेका विभिन्न श्रेणीका पदहरूमा पदपूर्तिका लागि दरखास्त आह्वान सम्बन्धमा मिति २०८३/०१/२५ मा दोस्रो पटक पुनः सूचना प्रकाशन गरिएकोमा सो सूचनामा कम्पनीको वेबसाइट www.kscl.gov.np हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको व्यहोरा सम्बद्ध सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**धरौटी तथा अन्य कोष खाताको रकम सदरस्याहा गर्ने सम्बन्धी सूचना।**
**प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०१/२६**

प्रस्तुत विषयमा यस कार्यालयको आ. व. २०८१/०८२ सम्म विभिन्न प्रयोजनमा कट्टी भएको धरौटी रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, को नियम ६८ तथा प्रचलित कानुनबमोजिम सदरस्याहा गर्नुपर्ने भएकाले यस कार्यालयमा धरौटी जम्मा गरेका व्यक्ति, सङ्घ संस्थाहरू र अन्य कोषहरूको हकमा जिल्ला एड्स समन्वय समिति अ. को. के., जिल्ला उर्जा कोष पर्वत र जिल्ला समन्वय समिति जि. बा. उ. ती. जे.पी. नामको ने. बै. लि. कुश्मा स्थित खाताहरूमा कारोवार भएको हुँदा सम्बन्धित व्यक्ति, सङ्घ संस्थाहरूले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र प्रमाण सहित रकम दावीको लागि निवेदन दिनुहुन अनुरोध छ। अन्यथा प्रचलित कानुनबमोजिम राजस्व दाखिला गरिने व्यहोरा जानकारी गराइन्छ। विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**जिल्ला समन्वय समितिको कार्यालय**
**कुश्मा, पर्वत (०७६-४२०५३०)**

**बैकल्पिक सूचीमा रहेका उम्मेदवारहरूलाई सम्पर्क राख्न आउने बारेको सूचना।**

यस कम्पनीको निम्नानुसारको विज्ञापनमा स्थायी नियुक्तिको लागि सिफारिस भएका मुख्य उम्मेदवारहरू विविध कारणले सिफारिस भएको पदमा कार्यरत नरहेकोले नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०७८ को विनियम २७ (२) मा रहेको व्यवस्था बमोजिम प्रतिक्षा सूचीमा रहेका वैकल्पीक उम्मेदवारहरू योग्यताक्रमको आधारमा स्थायी नियुक्तिको लागि सिफारिस भएकाले यो सूचना प्रकाशित भएको मितिले ३०(तीस) दिन भित्र कम्पनीको केन्द्रीय कार्यालय, कर्मचारी प्रशासन शाखामा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

| क्र.सं. | वि.नं. | तह | पद | सिफारिस समुह | सिफारिस भएका वैकल्पिक उम्मेदवार | ठेगाना |
|---|---|---|---|---|---|---|
| १. | ६५/०८०-८१ | ४ | सहायक | आ.ज. | शुभम चौधरी | हरिपुर-०२, सर्लाही |
| २. | ६५/०८०-८१ | ४ | सहायक | अपाङ्ग | विशम गमुवा थारु | राप्तीसोनारी -०९, बाँके |
| ३. | ५७/०८१-८२ | ७ | इन्जिनियर | खुला | श्याम प्रसाद रिमाल | तारकेश्वर-०३, नुवाकोट |

**नेपाल टेलिकम**
**केन्द्रिय कार्यालय**
**मानव संशाधन विभाग**
**(कर्मचारी प्रशासन शाखा)**

**वर्गीकृत डिस्प्ले**

**माइग्रेसन सर्टिफिकेट हरायो**

मिति २०८३।०१।२४ मा व्यासीदेखि देकोचा, भक्तपुरसम्म जाँदा मेरो राष्ट्रिय परीक्षा बोर्ड N B बाट जारी निम्न व्यहोराको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा फोन नं. ९७६९०००७४९ मा खबर गरिदिनुहोला।
**रजिस्ट्रेसन नं. ८१३२६०२८०२२४**
**नाम थर : निजु राजोपाध्याय**
**ठेगाना : झौखेल, भक्तपुर**

**बीमा लेख हरायो**

मिति २०८१।०५।०१ गते वानेश्वरदेखि न्यूरोडसम्म जाँदा मेरो निम्न व्यहोराको बीमा लेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा फोन नं. ९८४८००६३५६ मा खबर गरिदिनुहोला।
**पोलिसि नं. : GLI ००१००२५२८७**
**नाम थर : मोति प्रसाद आचार्य**
**ठेगाना** : साटाखानी गा.वि.स.-०५, सुर्खेत

**माइग्रेसन सर्टिफिकेट हरायो**

मिति २०८२।०८।१६ मा टीकाथलीदेखि सातदोबाटो, ललितपुरसम्म जाँदा मेरो राष्ट्रिय परीक्षा बोर्ड N B बाट जारी निम्न व्यहोराको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा फोन नं. ९७६१९३९१५५ मा खबर गरिदिनुहोला।
**रजिस्ट्रेसन नं. ८१२१९०२९०१२८**
**नाम थर : रानी यादव**
**ठेगाना : टीकाथली, ललितपुर**

# सार्वजनिक जग्गा संरक्षण अभियान
# मानवीय पक्षलाई ध्यान दिइयोस्

**सुर्खेत समाचारदाता**
*सुर्खेत, वैशाख २५ गते*

कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले सरकारी जग्गा खाली गराउने नाममा भूमिहीन सुकुमवासीमाथि ज्यादती नगर्न सरकारलाई आग्रह गर्नुभएको छ। उहाँले जनतालाई कानुन कार्यान्वयनका नाममा आतङ्कित बनाउने काम भइरहेको भन्दै त्यस्ता गतिविधि बन्द गर्न आग्रह गर्नुभएको हो।

शुक्रबार वीरेन्द्रनगर नगरपालिकाको ५० औँ स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा बोल्दै मुख्यमन्त्री कँडेलले सुकुमवासी व्यवस्थापनका नाममा भएका गतिविधिले जनता उकुसमुकुसको अवस्थामा पुगेको उल्लेख गर्दै भन्नुभयो, "लोकतान्त्रिक व्यवस्थामा जनताले सुरक्षित र आश्वस्त महसुस गर्न पाउनु पर्छ।"

उहाँले भूमिहीन तथा सुकुमवासी समस्या क्रमशः समाधान हुने प्रकृतिको भएको उल्लेख गर्दै दीर्घकालीन र व्यावहारिक समाधान खोज्नुपर्नेमा जोड दिनुभयो।

मुख्यमन्त्री कँडेलले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो वाचापत्र कर्णालीबाट सार्वजनिक गरेको स्मरण गराउँदै आगामी बजेटमा प्रदेश सरकारले सङ्घीय सरकारसमक्ष राख्दै आएका योजना र प्राथमिकतालाई समेट्न आग्रह गर्नुभयो।



वीरेन्द्रनगर नगरपालिकाको ५० औँ स्थापना दिवसमा बोल्नुहुँदै कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेल ।

सो अवसरमा वीरेन्द्रनगर नगरपालिकाका नगरप्रमुख मोहनमाया ढकालले कर्णाली प्रदेशको नमुना नगरपालिका बनाउन आफूहरू क्रियाशील रहेको बताउनुभयो। वीरेन्द्रनगरलाई समुन्नत र समृद्ध बनाउन अझै पनि ढल व्यवस्थापनलगायत धेरै काम गर्न बाँकी रहेको उहाँको भनाइ छ।

सुकुमवासीको विरोध

यसैबिच सुर्खेतका भूमिहीन तथा सुकुमवासीले वैकल्पिक व्यवस्था नगरी भूमिहीन र सुकुमवासीको उठिबास गराउन लागेको भन्दै शुक्रबार वीरेन्द्रनगरमा विरोध प्रदर्शन गरेका छन्। उनीहरूले बर्सौंदेखि बसोबास गर्दै आएको स्थानमा उचित विकल्प नदिई बलपूर्वक हटाउनु अन्यायपूर्ण भएको बताएका छन्। साथै सरकारले बसोबासको समस्या समाधान गर्न संवाद र सहकार्यको बाटो अपनाउनुपर्ने र सुकुमवासी समुदायले सुरक्षित आवास, वैकल्पिक व्यवस्थापन तथा स्थायी बसोबासको सुनिश्चितता गर्न सरकारसँग माग गरेका छन्।

# घरदैलोमा राहदानी

**सुर्खेत समाचारदाता**
*सुर्खेत, वैशाख २५ गते*

सुर्खेतका सबै स्थानीय तहमा हुलाकमार्फत जनताको घरदैलोमा राहदानी पुऱ्याउन सुरु भएको छ। त्यसका लागि जिल्ला प्रशासन कार्यालय सुर्खेत र हुलाक निर्देशनालय सुर्खेतबिच बिहीबार समझदारीपत्रमा हस्ताक्षर भएको थियो। जिल्ला प्रशासन कार्यालय, सुर्खेतका तर्फबाट प्रमुख जिल्ला अधिकारी जगदीश्वर उपाध्याय र हुलाक निर्देशनालयका तर्फबाट हुलाक निर्देशक गोविन्दप्रसाद पाण्डेले सेवा सुचारु गर्ने गरी हस्ताक्षर गर्नुभएको हो।

राहदानी विभागबाट राहदानी प्राप्त भइसकेपछि जिल्ला प्रशासन कार्यालयबाट सुर्खेतस्थित हुलाक निर्देशनालयले राहदानी बुझी सेवाग्राहीको घरदैलोमा वितरण गर्ने जनाइएको छ। वितरण गरिसकेको राहदानीको जानकारी हुलाक निर्देशनालयले जिल्ला प्रशासन कार्यालयलाई दिनु पर्छ।

हुलाक निर्देशनालय सुर्खेतका सूचना अधिकारी सुनिता खत्रीले आगामी आइतबारदेखि घरदैलोमा राहदानी पुऱ्याउने तयारी भइरहेको बताउनुभयो। उहाँका अनुसार हाल राहदानी मात्र हुलाकमार्फत बुझाइने छ। नागरिकताका सम्बन्धमा भने प्रशासन तथा इलाकामा सम्बन्धित व्यक्तिको औँठाको छापसमेत आवश्यकता पर्ने हुँदा त्यस बारेमा कुनै निर्णय नभएकाले पहिलो चरणमा हुलाकले राहदानी पुऱ्याउन सम्झौता गरेको उहाँको भनाइ छ।

नेपाल सरकार मन्त्रीपरिषद्को गत चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीको बुँदा नं. २७ मा सरकारी सेवा घरमै उपलब्ध गराउने उद्देश्यले हुलाक सेवालाई आधुनिकीकरण गरी विकास गर्ने नीति अनुसार राहदानी नागरिकता, प्रतिलिपि, लाइसेन्सलगायत सरकारी कागजात घरमै पुऱ्याउने जनाएको थियो।

यसैबिच **दैलेख पञ्चकोशी समाचारदाता**का अनुसार दैलेखवासीको राहदानी घरमै पुग्ने भएको छ। सार्वजनिक सेवा प्रवाहलाई सहज, छिटो र प्रविधिमैत्री बनाउने उद्देश्यसहित जिल्ला प्रशासन कार्यालय र जिल्ला हुलाक कार्यालय दैलेखबिच समझदारीपत्रमा हस्ताक्षर भएसँगै उक्त सेवाको सुरु गरिएको हो।

सम्झौतापत्रमा प्रमुख जिल्ला अधिकारी आन्दह सारुमगर र जिल्ला हुलाक कार्यालय प्रमुख निर्मला थापाले हस्ताक्षर गर्नुभएको हो। वैशाख २६ गतेदेखि नै जारी हुने राहदानी सेवाग्राहीको इच्छा अनुसार हुलाकमार्फत घरमै पुऱ्याइने प्रमुख जिल्ला अधिकारी सारुमगरले बताउनुभयो। उहाँले जिल्ला प्रशासन कार्यालयमै पुगेर राहदानी बुझ्न चाहने सेवाग्राहीका लागि पुरानै व्यवस्था यथावत् रहने जानकारी दिनुभयो।

यस्तै जिल्ला हुलाक कार्यालयका प्रमुख निर्मला थापाले राहदानी लिन प्रशासन कार्यालय धाउनुपर्ने बाध्यता अब हट्ने बताउनुभयो। उहाँले राहदानी वितरणलाई थप सहज, व्यवस्थित र सेवामैत्री बनाउन जिल्ला प्रशासन कार्यालय परिसरमै हुलाक काउन्टर सञ्चालन गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, "घरमै राहदानी बुझ्ने सेवा पूर्ण रूपमा स्वेच्छिक हो। जिल्ला प्रशासन कार्यालयबाटै राहदानी लिन चाहनेले सामान्य प्रक्रिया पूरा गरे पुग्छ भने हुलाकमार्फत घरमै राहदानी बुझ्न चाहने सेवाग्राहीले थप फाराम भर्नुपर्ने छ। घरसम्म पुऱ्याउँदा हुलाक ऐन अनुसारको दस्तुर भने लाग्ने छ।"

जिल्लामा लागु भएको उक्त सेवा अन्तर्गत राहदानीका लागि आवेदन दिने सेवाग्राहीले चाहेको खण्डमा आफ्नै घरमा राहदानी बुझ्न सक्ने छन्। जिल्ला प्रशासन कार्यालय दैलेखका अनुसार नागरिकलाई घरदैलोमै सरकारी सेवा उपलब्ध गराउने उद्देश्यले सुरु गरिएको यो सेवा प्रभावकारी हुने अपेक्षा गरिएको छ।

# स्थायी लेखा नम्बर वितरण सुरु

**कालीकोट समाचारदाता**
*कालीकोट, वैशाख २५ गते*

कालीकोटको रास्कोट नगरपालिकाले स्थायी लेखा (प्यान) नम्बर दिन सुरु गरेको छ। रास्कोट नगरपालिकाले प्यान नम्बर दिन सुरु गरेपछि यसैका लागि कम्तीमा १० हजार खर्च गरेर सुर्खेत वा जुम्ला पुग्नुपर्ने बाध्यता हटेको छ। नगरपालिकाले प्यान नम्बर प्राप्त हुन थालेपछि स्थानीय खुसी व्यक्त गरेका छन्।

यसअघि आन्तरिक राजस्व कार्यालय जुम्ला र सुर्खेतबाट मात्र प्यान नम्बर प्रदान गर्ने गरिन्थ्यो।

नगरपालिकाका सूचना प्रविधि अधिकृत तथा सूचना अधिकारी भीमबहादुर बुढाले व्यवसाय, कम्पनी, फर्म र व्यक्तिगत आम्दानीको हिसाब राख्ने र नागरिकलाई करको दायरामा ल्याउन सघाउने सरकारको उद्देश्य पूरा गर्न रास्कोटले स्थायी लेखा नम्बर वितरण सुरु गरेको स्पष्ट पार्नुभयो।

उहाँले आन्तरिक राजस्व कार्यालय सुर्खेत र जुम्लाले स्थायी लेखा नम्बर दिँदै आएकोमा अब रास्कोट पनि थपिएको जानकारी दिनुभयो। आन्तरिक राजस्व कार्यालय जुम्लाका कर अधिकृत भूपेन्द्र कँडेलले रास्कोट पुगेर प्यानसम्बन्धी अभिमुखीकरणसहित सेवा सुरु गरिएको बताउनुभयो। रास्कोट नगरपालिकामा एउटा फाँटबाट व्यवसाय दर्ता गरेर अर्को फाँटमा प्यान नम्बरको सेवा पाउँदा खुसी हुँदै भावना जनरल स्टोर्सकी सरिता सिम्खडा चौलागाईले बल्ल सिंहदबार गाउँ आएको आभास भएको जनाउनुभयो।

# वन क्षेत्रमा प्रहरी चौकी नराख्न ज्ञापनपत्र

**हुम्ला समाचारदाता**
*हुम्ला, वैशाख २५ गते*

वनक्षेत्रमा प्रहरी चौकी स्थापना गर्न लागेको विरोधमा जिल्ला प्रशासन कार्यालयमार्फत हुम्लाका जनप्रतिनिधिहरूले प्रधानमन्त्री कार्यालयलाई ज्ञापनपत्र बुझाएका छन्। हुम्ला र बाजुराको सीमाक्षेत्रमा पर्ने तर हुम्लाको भूभाग रहेको लाम्पाटा च्याचौरमा बाजुराको हिमाली गाउँपालिकाले एकतर्फी रूपमा प्रहरी चौकी स्थापना गर्न लागेको विरोधमा जनप्रतिनिधिहरूले ज्ञापनपत्र पेस गरेका हुन्।

दुई जिल्लाको सिमाना कवाडीखोला रहेको र त्यसको पारि बाजुरा र वारि हुम्ला रहेको जानकारी हुँदाहुँदै हुम्लातर्फको भूभाग लाम्पाटा च्याचौरमा हिमाली गाउँपालिकाको पहलमा प्रहरी चौकी स्थापना गर्न लागेको जानकारी आएपछि त्यसको विरोधमा हुम्लाका जनप्रतिनिधिले प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पेस गरेको सर्केगार्ड गाउँपालिकाका अध्यक्ष ठानबहादुर रोकायाले बताउनुभयो। सो क्षेत्र हुम्ला जिल्लाका नाम्खा, खार्पुनाथ र सर्केगार्ड गाउँपालिकाको सीमाक्षेत्र अन्तर्गत पर्ने बताउँदै उहाँले एक पक्षीय रूपमा वनक्षेत्रमा प्रहरी चौकी स्थापना गर्ने कार्यले दुई जिल्लाबिचको भौगोलिक सीमा, प्रशासनिक अधिकार क्षेत्र र स्थानीय तहको अधिकार सम्बन्धमा गम्भीर विवाद उत्पन्न हुन सक्ने देखिएको उल्लेख गर्नुभयो।



*तस्बिर : राजन रावत*

**हुम्लाको वन लाम्पाटा च्याचौरमा बाजुराले प्रहरी चौकी स्थापना गर्न लागेको विरोधमा ज्ञापनपत्र बुझाउनुहुँदै हुम्ला जनप्रतिनिधि ।**

छबुँदे ज्ञापनपत्रमा हुम्लाको अधिकार क्षेत्रमा पर्ने लाम्पाटा च्याचौरमा बाजुराको पहलमा प्रहरी चौकी स्थापन गर्ने कार्य रोक्नुपर्ने, उक्त क्षेत्रको वास्तविक भौगोलिक तथा प्रशासनिक सीमा सम्बन्धमा सङ्घीय सरकारबाट आधिकारिक अध्ययन तथा नापजाँच गर्नुपर्ने, सम्बन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, जनप्रतिनिधि तथा स्थानीय नागरिकबिच समन्वय र सहमतिबिनै कुनै पनि प्रशासनिक वा सुरक्षा संरचना स्थापना गर्न नहुने, सम्भावित जिल्ला सीमा विवाद समाधानका लागि उच्चस्तरीय छानबिन तथा समन्वय समिति गठन गर्नुपर्ने, हुम्लाका छ वटा गाउँपालिका र बाजुराको हिमाली गाउँपालिकासँग जोडिएको मासपुर, जिले, छिप्रेझुल, लाम्पाटा च्याचौर, दमच्या, रानी सैना, डुबानीखोला, गोपी लेक क्षेत्र परापूर्वकालदेखि हुम्लावासीले भोगचलन गर्दै आएको जानकारी गराउनुका साथै स्थानीय जनभावना, ऐतिहासिक प्रयोग तथा प्रशासनिक अभिलेखलाई आधार मानेर निष्पक्ष निर्णय गर्न माग गरिएको छ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले ज्ञापनपत्र तत्काल प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा पठाउने बताउनुभयो। उहाँले यो समस्याबारे जानकारी भएको र बाजुराका प्रमुख जिल्ला अधिकारीलाई पनि यस विषयमा कुराकानी गरी प्रहरी चौकी स्थापना गर्ने कार्य अगाडि नबढाउन आग्रह गरिएको बताउनुभयो।

# सल्यानको माटोमा अम्लीयपन बढी

**सल्यान समाचारदाता**
*सल्यान, वैशाख २५ गते*

सल्यानमा माटोको उर्वराशक्ति संरक्षण तथा व्यावसायिक कृषिलाई प्रवर्धन गर्ने उद्देश्यले माटो परीक्षण शिविर सञ्चालन गरिएको छ। राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ सल्यानका आयोजना तथा एकीकृत कृषि प्रयोगशाला सुर्खेतको प्राविधिक सहयोगमा 'माटो परीक्षण शिविर सञ्चालन तथा डिजिटल माटो नक्सा अद्यावधिक कार्यक्रम' सम्पन्न गरिएको हो।

परियोजना कार्यान्वयन एकाइ सल्यानले जिल्लाका १३२ जना किसानको खेतबारीबाट माटोको नमुना सङ्कलन गरी परीक्षण गरिएको जनाएको छ। विशेष गरी जोन क्षेत्र लागु भएका किसानलाई लक्षित गरेर शिविर सञ्चालन गरिएका परियोजना एकाइ प्रमुख अनिल बानियाँले जानकारी दिनुभयो। उहाँका अनुसार परीक्षणका क्रममा अधिकांश किसानको माटोमा अम्लीयपन देखिएको छ। अम्लीयपन बढी भएका क्षेत्रमा माटो सुधारका लागि कृषि चुनलगायत आवश्यक सामग्री वितरण गरिने बताइएको छ।

एकीकृत कृषि प्रयोगशाला सुर्खेतका वरिष्ठ कृषि अधिकृत प्रयोगबहादुर शाहीले अत्यधिक रासायनिक मल प्रयोगका कारण माटोको गुणस्तर कमजोर बन्दै गएको बताउनुभयो। उहाँले माटो परीक्षणपछि सिफारिसका आधारमा मात्र मल प्रयोग गर्न आग्रह गरिए पनि किसानले त्यसलाई पूर्ण रूपमा पालना नगर्दा समस्या बढ्दै गएको उल्लेख गर्नुभयो। माटो परीक्षणपछि कुन बाली लगाउँदा उपयुक्त हुन्छ भन्ने विषय किसानले सहज रूपमा थाहा पाउने भएकाले यस कार्यक्रमले उत्पादन वृद्धि र माटोको गुणस्तर संरक्षणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

नेपालमा करिब ५५ प्रतिशत माटो अम्लीय रहेको उल्लेख गर्दै माटो सुधार नगरी दीर्घकालीन रूपमा कृषि उत्पादन वृद्धि सम्भव नहुने धारणा कार्यक्रममा व्यक्त गरिएको थियो। माटो परीक्षणमा प्रमुख जिल्ला अधिकारी महेन्द्रकुमार सापकोटा, घनश्याम भण्डारी तथा प्रदीप पाण्डेलगायतको सहभागिता रहेको थियो।

# दैलेखमा ४२० हेक्टर वनक्षेत्र अतिक्रमणको चपेटामा

**राष्ट्रिय समाचार समिति**
*दैलेख, वैशाख २५ गते*

दैलेख जिल्लाका विभिन्न वनक्षेत्रको जग्गा अतिक्रमण हुने क्रम बढेपछि प्राकृतिक सम्पदा र वनको अस्तित्व नै सङ्कटमा पर्न थालेको छ।

डिभिजन वन कार्यालय दैलेखको पछिल्लो तथ्याङ्क अनुसार जिल्लाभर हालसम्म कुल ४२०.२९ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको पाइएको छ। जिल्लामा रहेका छ वटा सबडिभिजन वन कार्यालयले स्थानीय तहमा वन सुरक्षा, अतिक्रमण नियन्त्रण र गैरकानुनी गतिविधिको निगरानी गर्दै आए पनि बढ्दो मानवीय हस्तक्षेप र अवैध कब्जाका कारण वन विनाश मुख्य चुनौती बनेको छ।

प्राप्त तथ्याङ्क अनुसार जिल्लाका सबै ११ वटै स्थानीय तहमा वन अतिक्रमणको समस्या देखिएको छ; जसमा रामाघाट सबडिभिजन अन्तर्गत पर्ने चामुण्डाविन्द्रासैनी नगरपालिका र ठाँटीकाँध गाउँपालिकामा सबैभन्दा बढी अर्थात् २४०.१० हेक्टर जमिन अतिक्रमण भएको छ।

यस्तै महाबु सबडिभिजन अन्तर्गत पर्ने (महाबु र नौमुले गाउँपालिका) मा ६२.१२ हेक्टर जमिन र दुल्लु सबडिभिजन अन्तर्गत पर्ने (दुल्लु नगरपालिका र भैरवी गाउँपालिका) ५९.५१ हेक्टर जमिन, वनक्षेत्र अतिक्रमित भएको छ। यसै गरी राकम कर्णाली सबडिभिजन अन्तर्गत पर्ने आठबिस नगरपालिकामा एउटा मात्र पालिका पर्छ; जसमा २५.७२ हेक्टर जमिन अतिक्रमण परेको छ। डुङ्गेश्वर सबडिभिजन अन्तर्गत पर्ने (डुङ्गेश्वर र गुराँस गाउँपालिका) मा १८.९२ हेक्टर जमिन तथा लोहोरे सबडिभिजन अन्तर्गत पर्ने (नारायण नगरपालिका र भगवतीमाई गाउँपालिका) मा १३.८९ हेक्टर जमिन अतिक्रमणको चपेटामा परेको छ। जिल्लाभरकै यो तथ्याङ्क हेर्दा रामाघाट क्षेत्रमा सर्वाधिक दोहन भएको देखिन्छ।

विशेष गरी चामुण्डाविन्द्रासैनीको जम्मुकाँध र ठाँटीकाँध क्षेत्रमा सार्वजनिक जग्गाको दोहन तीव्र देखिएको छ। यी दुई पालिकामा मात्र ५३३ जनाले सार्वजनिक जग्गा अतिक्रमण गरेर बसोबास गरिरहेका छन्। अव्यवस्थित बसोबासीका रूपमा दर्ता हुने प्रक्रियाको आडमा कतिपय पहुँचवाला र समाजका टाठाबाठा व्यक्तिले सार्वजनिक वनक्षेत्र र मध्यपहाडी लोकमार्ग आसपासका जग्गामा पक्की संरचना निर्माण गरेको पाइएको छ।

डिभिजन वन कार्यालय दैलेखका प्रमुख अमर शाहले सार्वजनिक जग्गाको विषयमा कानुनमा भएको व्यवस्था अनुसार कडा रूपमा अघि बढ्ने बताउनुभयो। उहाँका अनुसार सडक र वनक्षेत्र मिचेर संरचना नबनाउन पटक पटक पत्राचार र भौतिक रूपमै भेटेर आग्रह गर्दासमेत कतिपयले अटेर गरी संरचना निर्माण गरिरहेका छन्। "कानुनको ठाडो उल्लङ्घन गर्नेको अनुसन्धान भइरहेको छ," प्रमुख शाहले भन्नुभयो, "अतिक्रमणकारीलाई वनक्षेत्रको सार्वजनिक कानुन अनुसार छिट्टै कानुनी दायरामा ल्याइने छ।"

जिल्लाको कुल ४२०.२९ हेक्टर वनक्षेत्र अतिक्रमण हुनुले वातावरणीय सन्तुलनमा गम्भीर असर पुऱ्याएको छ।


## गुठिचौर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
धलमुडी, जुम्ला
कर्णाली प्रदेश, नेपाल

**आशयको सूचना गरिएको सम्बन्धमा ।**

**सूचना प्रकाशित मितिः- २०८३/०१/२६**

यस गुठिचौर गाउँपालिकाबाट तपशिल बमोजिमको मितिमा तपसिल बमोजिमको निर्माण कार्यको बोलपत्र आह्वान सूचना प्रकाशन गरिए अनुसार पर्न आएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमको बोलपत्रदाता न्यूनतम मूयाङ्कित सारभूत रूपमा प्रभावग्राही ठहर हुन आएकोले, स्वीकृतिको लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्र आह्वान सूचना प्रकाशित मिति | स्वीकृत बोलपत्रदाता | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|---|
| १ | NCB/082-083/ M | arden Management and encing Construction in iripadhya aba | २०८२।१२।२४ | Anukul Nirman ewa Chandannath-02 umla | १६३२२३८.५२ |

**प्रमुख प्रशासकीय अधिकृत**



## Dangisharan Rural Municipality
### Office of the Rural Municipal Executive
Hekuli, Dang
Lumbini Province

**Invitation for Bids**

**Date of publication:** 2083/0 /2

Dangisharan Rural Municipality, Office of Rural Municipal Executive, Hekuli, Dang invites bids from Nepalese eligible bidders for the following tems under ealed uoation Biding Procedures specified in Public Procurement Act 2063 and Regulation 2064 (Including Ammendments). liglible Bidders may obtain further information and inspect each bidding documents at angisharan ural Muncipality ekuli ang. isit www.dangisharanmun.gov.np.

| Contract Identification No: | Name of Particulars | Estimated Amount Including VAT (NRs) | Bid Security amount NRs. | Cost of Bid Document (NRs.) | Last Date of SQ Submission |
|---|---|---|---|---|---|
| M- AN - - -2 2082/083 | upply and nstallation of Cold torage tems at angisharan ural Municipality-03 ang. | 0 3.20 | 32 000.00/- | 000.00/- | May 202 2:00AM |

**Chief Administrative Officer**



## महेन्द्र बहुमुखी क्याम्पस
धरान

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।**

**प्रकाशित मितिः- २०८३/०१/२६ गते**

महेन्द्र बहुमुखी क्याम्पसबाट मिति २०८२/१२/२० गते प्रकाशित सूचना अनुसार निम्न कार्यको लागि बोलपत्र आह्वान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित एवम् सारभूत रूपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको यो सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**तपसिलः-**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम ठेगाना | कबोल रकम (भ्याट र पि.एस.) समेत | कैफियत |
|---|---|---|---|---|---|
| | 03/MMC/NCB/ O / 082/83 | Construction of Top Floor of Office Administrative Block tore ouse at uarter of Mahendra Multiple Campus haran | AN A AAN B AT O CON T CT ON A AN - N A | 0 2 2. | |

**चन्द्रकुमार राई**
**क्याम्पस प्रमुख**



## Nepal Telecom
### Wireline and Customer Service Directorate (WCSD)
Chhauni, Kathmandu

**Letter of Intent**

**Published Date: 2083-01-26 (9 May, 2026)**

This is to notify to all the concerned Bidders who have submitted the bid for **Tender No.: NDCL/WCSD/NCB/05/082-83 for Supply and Delivery of Optical Fiber Tools and Accessories** published on **February 26, 2026** 2082/ / in orkhapatra aily. urther it is intended to award above mentioned tender to the following bidder as their bid price listed below in accordance with the TB clauses of Tender ocument is hereby selected as substantially responsive lowest evaluated bid.

| Tender No. | Description of Work | Name of Lowest Evaluated Bidder | Bid Amount |
|---|---|---|---|
| N C / C / NCB/0 / 082-83 | upply and elivery of Optical iber Tools and Accessories | M/s haabha ntrepreneurs Pvt. td. haabha/ eli . Nepal | NP : 32 0 2 00.00 nclusive of AT |

This is to notify you that it is our intention to award the contract for e ecution of **IFB No. NDCL/WCSD/NCB/05/082-83 for Supply and Delivery of Optical Fiber Tools and Accessories** to you as your bid price amount **NPR: 32,012,900.00** n words: Nepalese upees Thirty Two million Twelve Thousand Nine undred only inclusive of AT in accordance with the TB clauses of Tender ocument is hereby selected as substantially responsive lowest evaluated bid.

# अतिक्रमण हटाउन मागियो तथ्याङ्क

**कपिलवस्तु समाचारदाता**
*कपिलवस्तु, वैशाख २५ गते*

कपिलवस्तुमा सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउने तयारी सुरु गरिएको छ। जिल्लाका विभिन्न स्थानमा वनक्षेत्र, सरकारी तथा गुठी अन्तर्गतका जग्गा मिचेर बनाइएका संरचना हटाउन सम्बन्धित निकाय सक्रिय भएका छन्।

वनक्षेत्र अतिक्रमण गरी निर्माण गरिएका संरचना तथा खेतीयोग्य बनाइएका जमिन खाली गराउन डिभिजन वन कार्यालय कपिलवस्तुले पहल थालेको छ। कार्यालयले सामुदायिक तथा साझेदारी वन उपभोक्ता समूहलाई पत्राचार गर्दै अतिक्रमित भूमिको तथ्याङ्क माग्न थालेको छ।

अघिल्लो तथ्याङ्क अनुसार कपिलवस्तु डिभिजन वन कार्यालयको कार्यक्षेत्रभित्र करिब चार हजार हेक्टरभन्दा बढी वनक्षेत्र अनधिकृत रूपमा कब्जा भएको डिभिजनका सूचना अधिकारी यादव सापकोटाले जानकारी दिनुभयो। त्यसै गरी गौतम बुद्ध डिभिजन वन कार्यालयको कार्यक्षेत्रमा करिब दुई हजार हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको बताइएको छ। अतिक्रमणको क्षेत्र हरेक वर्ष हटाउँदै आएको वन कार्यालयले जनाएको छ।

यसैबिच शिवराज नगरपालिकाले सामुदायिक विद्यालयको जग्गा अतिक्रमण गरी बनाइएका संरचना हटाउन डोजर चलाउने तयारी गरेको छ। नगरपालिका–७, जवाभारीस्थित शेष आधारभूत विद्यालयको नौ बिघा एक कट्ठा क्षेत्रफल जग्गामा अनधिकृत रूपमा बसेको बस्ती हटाइने तयारी गरिएको हो। वैशाख १५ गते सूचना जारी गरेपछि केही घर घरधनी आफैँले फोड्न सुरु गरेको पालिकाले जनाएको छ।

त्यसै गरी नगरपालिकाले चन्द्रौटा बजार क्षेत्रमा राजकुलो अतिक्रमण गरी बनाइएका संरचना हटाउने तयारी गरेको छ।

गाउँमा सिंहदरबार

# विद्यालय भवनबाट प्रशासन चल्दै



स्थानीय विद्यालय भवनमा सञ्चालित इस्मा गाउँपालिका कार्यालय।

**तम्घास समाचारदाता**
*तम्घास (गुल्मी), वैशाख २५ गते*

गुल्मी जिल्लाको इस्मा गाउँपालिकाले विद्यालय भवनबाट आफ्नो सेवा प्रवाह गरिरहेको छ। विगतका नौ वर्षसम्म आफ्नै भवन निर्माण गर्न नसकेपछि सो गाउँपालिकाले विद्यालय भवनबाट प्रशासन चलाइरहेको छ।

जिल्लाका पाँच स्थानीय तहले आफ्नै सुविधासम्पन्न प्रशासकीय भवनबाट सेवा प्रवाह सुरु गरेका छन्। यद्यपि अझै पनि तीन स्थानीय तह भाडाका भवनमा निर्भर रहँदा वार्षिक रूपमा ठुलो रकम खर्चिन बाध्य भएका छन्।

सङ्घीयता कार्यान्वयनसँगै स्थापना भएका स्थानीय तहले नौ वर्षको अवधिमा क्रमशः आफ्नै संरचना निर्माणलाई प्राथमिकता दिएका भए पनि केही पालिकाले अझै स्थायी प्रशासकीय भवन बनाउन सकेका छैनन्।

जिल्लामा दुई नगरपालिका र १० गाउँपालिका गरी १२ स्थानीय तह छन्। तीमध्ये मुसीकोट, रेसुङ्गा नगरपालिका, मालिका, रुरुक्षेत्र र छत्रकोट गाउँपालिकाले आफ्नै प्रशासकीय भवनबाट सेवा प्रवाह गर्दै आएका छन्।

छत्रकोट गाउँपालिकाले केही दिनअघि मात्रै नवनिर्मित सुविधासम्पन्न भवनबाट सेवा सुरु गरेको हो। यसअघि गाउँपालिकाले सभाहलबाट प्रशासनिक सेवा सञ्चालन गर्दै आएको थियो।

धुर्कोट, मदाने र चन्द्रकोट गाउँपालिकाका प्रशासकीय भवन निर्माणाधीन अवस्थामा छन्। भवन निर्माण सम्पन्न नहुँदासम्म ती पालिकाले अस्थायी संरचनाबाट सेवा सञ्चालन गरिरहेका छन्।

मदाने गाउँपालिकाले साबिक गाविस भवनबाट, इस्मा गाउँपालिकाले विद्यालय भवनबाट, धुर्कोट गाउँपालिकाले बहुउद्देश्यीय सभाहलबाट तथा सत्यवती गाउँपालिकाले सभाहलमार्फत सेवा प्रवाह गर्दै आएका छन्। गुल्मीदरबार, कालीगण्डकी र चन्द्रकोट गाउँपालिकाले भने हालसम्म पनि भाडाका भवनबाट प्रशासनिक सेवा सञ्चालन गर्दै आएका छन्। स्थायी प्रशासकीय भवन नहुँदा ती पालिकाले मासिक रूपमा ठुलो रकम भाडामा खर्च गर्नँ परेको छ।

कालीगण्डकी गाउँपालिकाले हालै मात्र प्रशासकीय भवन निर्माणका लागि जग्गा व्यवस्थापन गरी बोलपत्र प्रक्रिया अगाडि बढाएको जनाएको छ। गाउँपालिकाका अनुसार सुविधासम्पन्न तीनतले भवन निर्माणको प्रक्रिया सम्झौताको चरणमा पुगेको छ। हाल गाउँपालिकाले दुई वटा भवनका लागि मासिक ९० हजार रुपियाँ भाडा तिर्दै आएको छ।

गुल्मीदरबार गाउँपालिकाले पनि आफ्नै प्रशासकीय भवन निर्माण प्रक्रिया अघि बढाएको जनाएको छ। गाउँपालिकाले हाल तीन वटा भवन प्रयोग गर्दै मासिक ७४ हजार ९५१ रुपियाँ भाडा तिर्दै आएको छ।

चन्द्रकोट गाउँपालिका स्थापनाकालदेखि नै चन्द्रकोट क्याम्पसको भवनबाट सञ्चालन हुँदै आएको छ। सूचना अधिकारी शिवप्रसाद ज्ञवालीले गाउँपालिकाले क्याम्पसलाई मासिक ९७ हजार रुपियाँ भाडा बुझाउँदै आएको जानकारी दिनुभयो। उहाँका अनुसार गाउँपालिकाको प्रशासकीय भवन निर्माण अन्तिम चरणमा पुगेको छ।

स्थानीय तहहरूले आफ्नै प्रशासकीय भवन निर्माणलाई तीव्रता दिएसँगै सेवा प्रवाहलाई थप व्यवस्थित, प्रभावकारी र नागरिकमैत्री बनाउने अपेक्षा गरिएको छ।

# भूमिगत पानीको स्रोत घट्दै

## पानीको सङ्कटमा उपभोक्ता



घोराहीको झारबैरामा रहेको खानेपानी ट्याङ्की।

**घोराही समाचारदाता**
*घोराही, वैशाख २५ गते*

दाङको घोराही उपमहानगरपालिका अन्तर्गतको नारायणपुर क्षेत्रमा भूमिगत पानीको स्रोतबाट पानी आउन छाडेको छ। यसले गर्दा यहाँका उपभोक्ता समस्यामा परेका छन्।

भूमिगत पानीको स्रोतमा पानीको मात्रा कम भएको नारायणपुर खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाले जनाएको छ। जनसङ्ख्या बढ्दै गएको नारायणपुर क्षेत्रमा पानीको स्रोत ५० प्रतिशतले घट्दा पानी वितरणमा समस्या देखिन थालेको दाबी सो संस्थाका पदाधिकारीले गरेका छन्। संस्थाका अध्यक्ष कुलप्रसाद रजौरेले पानीको स्रोत घट्दा संस्थाले यसअघि दैनिक करिब २३ लाख लिटर पानी वितरण गर्दै आएकोमा अहिले करिब आधामा झरेर १२ लाख लिटरमा सीमित भएको बताउनुभयो। उहाँका अनुसार पानीको स्रोतमा कमी आएसँगै संस्थामा आबद्ध चार हजार २९ घर उपभोक्ता प्रत्यक्ष प्रभावित भएका छन्।

घोराही उपमहानगरपालिका–१० निवासी उपभोक्ता सीता केसीले गर्मी समयसँगै पानी बढी चाहिने भए पनि कम आउँदा भान्सादेखि सरसफाइको काममा समस्या भएको बताउनुभयो। गृहिणी केसीले भन्नुभयो, "गर्मीमा बढी पानी चाहिन्छ तर यतिबेला पानी आउँदैन। कहिले त आउँदा आउँदै सुक्ने गरेको छ।"

अध्यक्ष रजौरेले पछिल्लो समय पानीको स्रोत घट्दै गएको र त्यसको असर अहिले संस्थाले भोग्नु परेको बताउनुभयो। पानीका मुहान सुक्दै जानु नै अहिले देखिएको समस्याको मुख्य कारण भएको बताउँदै अध्यक्ष रजौरेले भन्नुभयो, "अहिले नारायणपुर क्षेत्रमा पानी वितरणका लागि मुख्य स्रोतका रूपमा रहेका बिपी वाटिकामा दुई वटा र झारबैरामा रहेको भूमिगत पानीका स्रोतमा पानीको मात्रा आधाले घटेको छ। यसले गर्दा पर्याप्त मात्रामा पानी वितरण गर्न सकेका छैनौँ।" उहाँले चार/पाँच वर्षसम्म नारायणपुर क्षेत्रमा पानीको समस्या नहुने गरी डिप बोरिङसँगै ओभरहेड ट्याङ्की निर्माण गरेर पानी वितरण थालिए पनि समस्या देखिएको बताउनुभयो।

# पुनर्जीवन पाउँदै गाउँका चौतारा

**अर्घाखाँची समाचारदाता**
*अर्घाखाँची, वैशाख २५ गते*



तस्बिर : गणेश खनाल

अर्घाखाँचीको ढाकवाङमा निर्माण गरिएको चौपारी।

अर्घाखाँचीको ढाकावाङस्थित नाच्नेचौरमा सडक विस्तारका क्रममा भत्किएको ऐतिहासिक वरपिपलको चौतारो स्थानीयवासीले पुनर्निर्माण गरी रङरोगनसहित आकर्षक बनाएका छन्। डिभिजन वन कार्यालयको सहयोग र स्थानीयको श्रमदानमा पुनर्निर्माण गरिएको चौतारी (चौपारी) अहिले गाउँको सामुदायिक भेटघाट, विश्राम तथा सांस्कृतिक गतिविधिको केन्द्र बन्दै गएको छ।

ढाकावाङको नाच्नेचौरस्थित उक्त चौपारीमा अहिले गाउँका भेला, बैठक तथा छलफल हुन थालेका छन्। बरपिपलको छहारी, चराचुरुङ्गीको मधुर आवाज र शीतल वातावरणका कारण चौपारी स्थानीयका लागि आकर्षणको केन्द्र बनेको छ। तस्बिर तथा भिडियो खिच्नेदेखि विश्रामस्थलका रूपमा समेत यसको उपयोग बढ्दै गएको छ। धार्मिक आस्था अनुसार स्थानीयले बरपिपलको पूजा गर्दै संरक्षण अभियानलाई निरन्तरता दिएका छन्।

स्थानीय युवा जितेन्द्र खत्रीका अनुसार गाउँमा भत्किएका तथा मासिएका चौपारी पुनर्निर्माण गर्ने अभियान नै सञ्चालन गरिएको छ। उहाँले भन्नुभयो, "गाउँका अन्य स्थानमा पनि चौपारी निर्माण र वरपिपल संरक्षणको काम गरिरहेका छौँ। चौपारीलाई रङरोगन गरेर चिटिक्क बनाउने अभियानले गाउँको पुरानो पहिचान फर्काउन मद्दत पुगेको छ।" गाउँका चोक तथा अग्ला स्थानमा खोजी खोजी चौपारी निर्माण गरिरहेको उहाँले बताउनुभयो।

विगतमा सडक निर्माणका क्रममा डोजर र एक्साभेटर प्रयोग गर्दा धेरै चौपारी र वरपिपल मासिएका तथा पुरिएका थिए। अहिले तिनै पुराना चौपारीलाई पुनर्जीवन दिन स्थानीय जुटिरहेका छन्।

भूमिकास्थान नगरपालिका–२, ढाकावाङका तुल्सीराम भुसालले आफ्नो बाल्यकालमा गाउँभर चौपारी देखिने गरेको स्मरण गर्नँभयो। उहाँका अनुसार गाउँलेले महिनौँसम्म कोदालो, गैँती र बेल्चा प्रयोग गर्दै श्रमदानमार्फत चौतारो निर्माण गर्थे। चौपारीमा वर र पिपलका रुख रोपिन्थे, जहाँ पैदलयात्रु विश्राम गर्थे भने गाउँका विवाद समाधानदेखि विकाससम्बन्धी छलफलसमेत हुने गर्थ्यो।

भुसालले भन्नुभयो, "चौपारीमा वरपिपलको छहारीमा बसेर गाउँको कचहरी चल्थ्यो। त्यहीँ बसेर झगडा मिलाउने, साँधकिला समाधान गर्ने र गाउँ विकासका योजना बनाइन्थ्यो। पैदलयात्रु पनि त्यहीँ बसेर थकान मार्थे।" घरअगाडिको संरक्षणविहीन चौतारो भत्किए पनि वर र पिपलका रुख भने बाँकी थिए। अहिले त्यसलाई पुनः संरक्षण गरी नयाँ स्वरूप दिइएको छ। चौतारो निर्माणका लागि डिभिजन वन कार्यालयले ७० हजार रुपियाँ सहयोग गरेको थियो भने निर्माण कार्य स्थानीयवासीको श्रमदानबाट सम्पन्न गरिएको हो।

डिभिजन वन कार्यालय र भू तथा जलाधार कार्यालयको बजेट, स्थानीयको आर्थिक सहयोग तथा श्रमदानमार्फत जिल्लाका विभिन्न स्थानमा चौपारी पुनर्निर्माणको काम भइरहेको छ। डिभिजन वन कार्यालयले गत वर्ष ढाकावाङ र अर्घामा चौपारी निर्माण गरेको थियो भने यस वर्ष थप तीन वटा चौपारी निर्माणाधीन छन्।

वन कार्यालयका सूचना अधिकारी केशर खड्काका अनुसार जिल्लाभरबाट १८ वटा चौपारी मर्मत तथा निर्माणका लागि माग आएको छ। उहाँले भन्नुभयो, "धार्मिक, प्राकृतिक र जैविक दृष्टिले महत्त्वपूर्ण भएकाले यिनको संरक्षणमा जुटेका छौँ। चौपारीसँग जोडिएको इतिहास पनि जोगाउन आवश्यक छ।"

भू तथा जलाधार कार्यालय प्रमुख राकेशबहादुर कुँवरले पुराना चौपारी खोजी गर्दै संरक्षण गरिनुका साथै आवश्यक स्थानमा नयाँ चौपारी निर्माणको काम पनि भइरहेको बताउनुभयो।

# जोखिमपूर्ण यात्रा रोक्न छत हटाइँदै

**अर्घाखाँची समाचारदाता**
*अर्घाखाँची, वैशाख २५ गते*



जिल्ला ट्राफिक कार्यालय अर्घाखाँचीले अनुमतिबिना जिपको छतमा राखिएका संरचना (छत) हटाउने अभियान सुरु गरेको छ। मनलाग्दी रूपमा जिपको छतमा सामान राख्ने तथा यात्रुसमेत ओसार्ने प्रवृत्ति बढ्दै गएपछि ट्राफिक प्रहरीले यस्तो अभियान सञ्चालन गरेको हो।

जिल्ला ट्राफिक कार्यालय अर्घाखाँचीका प्रमुख प्रहरी वरिष्ठ नायब निरीक्षक लीलबहादुर कुँवरका अनुसार पछिल्लो समय सवारी नियमको उल्लङ्घन गर्दै छतमा अत्यधिक सामान राख्ने र यात्रु राखेर जोखिमपूर्ण यात्रा गराउने घटना बढ्दै गएको थियो। यसले सडक दुर्घटनाको सम्भावना उच्च बनाउने भएकाले नियन्त्रणका लागि कडाइ गर्नँ परेको उहाँले बताउनुभयो। प्रहरीका अनुसार हालसम्म जिल्लाका विभिन्न स्थानबाट करिब ४० वटा जिपका छत हटाइएको छ। अभियान अझै जारी रहने र नियमविपरीत कार्य गर्ने सवारीसाधनमाथि आवश्यक कारबाही गरिने पनि ट्राफिक कार्यालयले जनाएको छ।

ट्राफिक प्रहरीले सवारीचालकलाई सवारीसाधनको संरचना परिवर्तन गर्दा अनिवार्य रूपमा अनुमति लिन आग्रह गरेको छ। साथै यात्रुको सुरक्षालाई ध्यानमा राख्दै तोकिएको क्षमताभन्दा बढी यात्रु नओसार्न र छतमा यात्रु नराख्न चेतावनी दिइएको छ। यस अभियानबाट सवारी व्यवस्थापनमा सुधार आउने, दुर्घटना न्यूनीकरण हुने तथा यात्रुको सुरक्षामा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ। प्रहरीले सर्वसाधारणलाई पनि सुरक्षित यात्रा सुनिश्चित गर्न नियम पालना गर्न अनुरोध गरेको छ।

# कर्तव्य ज्यान मुद्दामा छ जना पक्राउ

**बाँके समाचारदाता**
*बाँके, वैशाख २५ गते*

जिल्ला प्रहरी कार्यालय बाँकेले कर्तव्य ज्यानमा संलग्न रहेको आरोपमा छ जनालाई पक्राउ गरी थप अनुसन्धान अघि बढाएको छ।

गत सोमबार नेपालगन्ज उपमहानगरपालिका–१२, बेलासपुरमा खजुरा गाउँपालिका विशालचन्द ठकुरीको हत्या गरिएको घटनामा संलग्नलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी नायब उपरीक्षक दीपक पातलीले जानकारी दिनुभयो। प्रहरीका अनुसार पक्राउ पर्नेमा कैलाली लम्कीचुहा नगरपालिका–१ का १९ वर्षीय दीपेन्द्रराज गिरी, २० वर्षीय बिबिएस कुँवर, १८ वर्षीय सुशील खत्री, २० वर्षीय खकेन्द्र देवकोटा, कालीकोट पचालझरना गाउँपालिकाका १८ वर्षीय सन्तोष सन्न्याल र सुर्खेत वीरेन्द्रनगर नगरपालिकाका २० वर्षीय रूपेश थापा रहेका छन्।

घटनालगत्तै फरार उनीहरूमध्ये चार जनालाई बर्दियाको ठाकुरबाबा नगरपालिका अम्रेनीनजिकबाट र दुई जनालाई नेपालगन्जबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार वैशाख २१ गते साँझ बेलासपुरका प्रीतम अधिकारीको व्रतबन्ध कार्यक्रममा सहभागी हुन आएका प्रीतमका साथी घरमा बस्ने ठाउँ नभएपछि आफन्तपर्ने दीपेन्द्र रोकायको घरमा एउटै कोठामा बसेर रमाइलो गरेका थिए।

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**मिति: २०८३।०१।२६**

यस कार्यालयबाट तपशिल बमोजिमको निर्माण कार्य खरिद सम्बन्धी मिति २०८२।०८।०५ को "राजधानी दैनिक" राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरू मध्ये निम्नानुसारका न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र; सार्वजनिक खरिद ऐन २०६३ दफा २७ (२) तथा ITB 39.1 बमोजिम स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (PS र VAT समेत) ने.रु. |
|---|---|---|---|---|
| १ | O N/ / NCB/20/082-83 | Upgrading of Barhabise Salghari Chemidevi Dolangsa Dinsang Kalinchok Sadak, Barhabise Municipality Sindhupalchok | M/S Indrayani Sky - Kali Mata-Gaura J.V, Mahankal 06, Kathmandu | 15,22,21,135.09 |

कार्यालय प्रमुख
पूर्वाधार विकास कार्यालय
सिन्धुपाल्चोक

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरणमन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प.)**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०८३।०१।२६ गते)**

यस कार्यालयबाट बडेरामा नवनिर्मित भवनमाथि ट्रस निर्माण कार्य गर्न e-bidding प्रक्रियाबाट बोलपत्र आह्वान गरिकोमा निर्धारित समय भित्रमा रितपुर्बक दर्ता भएका बोलपत्रहरु मध्ये निम्न बोलपत्र न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही देखिएको हुँदा सार्बजनिक खरिद ऐन, 2063 को दफा २७ को उपदफा (२), (३) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जनकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**ठेक्का सम्बन्धी विवरण**

| सि.न. | ठेक्का नं. | कामको विवरण | छनोट भएका बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक रु. (भ्याट र पी.एस. सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १ | DFO-NAW/ Works/NCB/ 2082-083/05 | WoodenTruss Construction Over Newly Constructed Building at Badera, Sunwal-13, Nawalparasi (Ba.Su.Pa) | Tirupati Construction, Palhinandan-04, Nawalparasi | २९,२१,८१२।८२ | |

डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प.)

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशन मिति : २०८३ वैशाख २६ गते)**

यस निर्देशनालयबाट NDCL/ NDCL/WCSD/SQ-02/082-83 for Optical Distribution Network Installation, Testing and Handover Works for FTTH in Lumbini Province) खरिद गर्नका लागि मिति २०८२ चैत्र १८ गते गोरखापत्र दैनिकमा आव्हान भएको सूचना बमोजिम प्राप्त हुन आएको सिलबन्दी दरभाउपत्र प्रस्तावहरूको मूल्याङ्कन पश्चात् निम्नानुसारको न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही दरभाउपत्र दाताको प्रस्ताव स्वीकृत गर्ने निर्णय भएकोले यो आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

| सिलबन्दी दरभाउपत्र नं. | स्वीकृत भएको दरभाउपत्र दाताको नाम | स्वीकृत रकम रु. |
|---|---|---|
| N C / C / -02/082-83 for Optical Distribution Network Installation, Testing and Handover Works for FTTH in Lumbini Province | M/s Infotech Services Pvt. Ltd., Jawalakhel, Nepal | 30,89,563.28 (Inclusive of VAT) |

Nepal Telecom
**नेपाल टेलिकम**
वायरलाइन तथा ग्राहक सेवा निर्देशनालय
छाउनी , काठमाडौं

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
**थाहा बहुप्राविधिक शिक्षालय**
बागमती प्रदेश, थाहा–०९, चित्लाङ, मकवानपुर

**बोलपत्र स्वीकृतिको आशय सम्बन्धी सूचना**

**प्रकाशन मिति : २०८३।०१।२६**

यस शिक्षालयको तपसिलमा उल्लेखित निर्माण कार्यका लागि प्रकाशित सूचना बमोजिम निर्धारित म्यादभित्र रितपूर्वक प्राप्त हुन आएका बोलपत्रहरू मध्ये तपसिलको बोलपत्र न्यूनतम मुल्याङ्कित र सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा तपसिलको बोलपत्र स्वीकृत भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

| S.N. | Name of Contract | Name and address of Bidder | Bid Amount without vat in NRs. |
|---|---|---|---|
| CTEVT/TPI Exp 082/83 Civil-01 | Construcation Workshop gurd post, gate, compound wall and leveling of ground at Thaha Polytechnic Institute, Chitlang Thaha -09 makawanpur, | Jireshwori builders pt.ltd., Madhyapur thimi -03 BhaKtapur Nepal | 21,29,696.79 |

शिक्षालय प्रमुख

overnment of Madhesh Province
Ministry of Energy, Irrigation and Water Supply
**Water Supply and Sanitation Division Office**
aleshwor, Mahottari

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८३।०१।२६**

यस कार्यालयबाट मिति २०८२/१२/१८ को राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार यस कार्यालयमा तपसिल उल्लेखित ठेक्का नं. का लागि दर्ता हुन आएका बोल्पत्रहरु मध्ये निम्न बोल्पत्रहरु मूल्यांकन समितिबाट न्यूनतम मूल्याङ्कित र सारभूत रूपमा प्रभावकारी भई स्वीकृतिको लागि छनोट र सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र दफा ४७(१) प्रयोजनार्थ बोलपत्रदाताहरुको सूचनाका लागि यो सूचना प्रकाशित गरिएको छ।

| Contract No. | Description of Works | Substantially Responsive Lowest Evaluated Bidder s Name and address | Evalauated Bid Price with VAT and PS (NRs.) |
|---|---|---|---|
| WSSDO/Mahottari/ Goods/NCB/ 27/082/83 | Supply and Delivery of HDPE Pipes For Kemlipur WSP,Dhanusha and Naktajhij WSP, Dhanusha. | Nepal Blackgold & Allied Industry Pvt. Ltd., Butwal-10 | 53,66,749.68 |
| w/Mahottari/ Works/NCB/ 28/082/83 | Drilling & installation of 4" PVC Deep Tubewell-at Barah Bigha of Janakpur-9 and Manimandap of Janakpur-13, Dhanusha | S.P and S.S Construction Pvt. Ltd., Janakpur-14 | 16,68,625.93 |
| WSSDO/Mahottari/ Works/NCB/ 29/082/83 | Drilling and Installation works of 10"*8" Dia. Deep Tubewell at Pusbalpur WSP, Dhanusha | Shova Group of Construction, Kathmandu-29, Dillibazar | 35,10,732.50 |

Division Chief

# पुग्नैपर्ने कुस्मा बजारमा छैनन् शौचालय

**फलेवास समाचारदाता**
*पर्वत, वैशाख २५ गते*



*तस्बिर : साजन परियार*

**कुस्माको शिवालय चोकमा रहेको सार्वजनिक शौचालय ।**

पछिल्लो समय साहसिक पर्यटनको केन्द्रका रूपमा विकास हुँदै गएको पर्वत सदरमुकाम कुस्मा बजारमा सार्वजनिक शौचालयको अभाव देखिन थालेको छ।

झोलङ्गे पुल, बन्जी जम्प, जिपलाइनलगायत पर्यटकीय गन्तव्य अवलोकन गर्न दैनिक सयौँ पर्यटक आउने कुस्मामा यात्रु तथा पर्यटकका लागि पर्याप्त सार्वजनिक शौचालय नहुँदा बजार क्षेत्र दुर्गन्धित बन्दै गएको छ।

कुस्मा बजार पर्वतसहित बागलुङ, म्याग्दी र मुस्ताङ जिल्लाका यात्रुको प्रमुख सम्पर्क केन्द्र पनि हो। ती जिल्लाबाट छुट्ने तथा भित्रिने अधिकांश सवारीसाधन कुस्मास्थित शिवालय चोक हुँदै आवतजावत गर्छन्। विभिन्न जिल्लातर्फ जाने यात्रु केही समय शिवालय चोकमा रोकिने गरे पनि सार्वजनिक शौचालयको उचित व्यवस्था नहुँदा उनीहरू समस्यामा पर्ने गरेका छन्।

विगतमा सवारीचालकले यात्रुलाई दिसापिसाब गराउन खुला ठाउँमा गाडी रोक्ने चलन रहे पनि अहिले त्यस्तो दृश्य कम देखिन्छ। यात्रुहरू शौचालय प्रयोग गर्न होटेल वा रेस्टुरेन्ट प्रवेश गर्न बाध्य छन्। धेरै जसो अवस्थामा केही न केही खाजा वा खाना खाएपछि मात्र होटेलका शौचालय प्रयोग गर्न पाइने अवस्था रहेको यात्रुको गुनासो छ। बागलुङका यात्रु रेशम खड्का भन्नुहुन्छ, "शिवालय चोकको शौचालयमा दिसापिसाबका लागि दुई वटा मात्रै कोठा छन्। एउटा गाडी रोकिनासाथ १०–१५ जना लाइन बस्छन्। पालो कुरुन्जेल गाडी छुट्ने डर हुन्छ। होटेलमा जाँदा केही न केही खानै पर्छ, नत्र शौचालय प्रयोग गर्न पाइँदैन।"

पोखराबाट आउने सवारीसाधनलाई कुस्मा पुग्न डेढ घण्टासम्म लाग्ने गरेको छ भने बागलुङ, म्याग्दी र मुस्ताङबाट आएका यात्रु पनि आधादेखि तीन घण्टासम्मको यात्रा गरेर कुस्मा आइपुग्छन्। रात्रिबस बिहानै शिवालय चोकमा पुग्ने भए पनि सार्वजनिक शौचालयको पर्याप्त व्यवस्था नहुँदा यात्रु थप समस्यामा पर्ने गरेका छन्।

हाल शिवालय चोकमा सामान्य अवस्थाको एउटा सार्वजनिक शौचालय सञ्चालनमा छ। करिब १३ वर्षअघि निर्माण गरिएको दुईकोठे उक्त शौचालय अहिले जीर्ण बनेको छ। शौचालयमा पानीको धारासमेत व्यवस्थित नहुँदा दुर्गन्ध फैलिने गरेको स्थानीय बताउँछन्। शौचालय व्यवस्थापन गर्दै आएकी गोरी परियारले यात्रु तथा पर्यटकको चाप बढ्दै जाँदा साँघुरो संरचनाले समस्या बढाएको बताउनुभयो।

उहाँले भन्नुभयो, "पहिले पाँच रुपियाँ शुल्क लिइन्थ्यो, अहिले १० रुपियाँ लिने गरिएको छ। त्यही रकमबाट पानी, सरसफाइ, सेफ्टी ट्याङ्क सफा र मर्मतको खर्च जुटाउनु पर्छ।"

व्यवसायीका अनुसार ग्राहकले केही नखाई शौचालय मात्र प्रयोग गर्ने अवस्था बढे निजी होटेलका शौचालय व्यवस्थापन गर्नसमेत कठिन हुने गरेको छ। त्यसैले सार्वजनिक शौचालयको क्षमता विस्तार अपरिहार्य बनेको उनीहरूको भनाइ छ।

पर्वत जिल्लालाई २०६९ चैत ३१ गते खुला दिसामुक्त जिल्ला घोषणा गरिएको थियो। घोषणा भएको १३ वर्ष बितिसक्दा पनि सदरमुकाम कुस्मामै व्यवस्थित सार्वजनिक शौचालय अभाव हुनु विडम्बनापूर्ण रहेको स्थानीय बताउँछन्।

पछिल्लो समय पर्यटक आगमन बढेसँगै कुस्मा बजारमा सरसफाइ र आधारभूत पूर्वाधारको आवश्यकता पनि बढेको छ। कुस्मा नगरपालिकाले दिगो विकास लक्ष्य अन्तर्गत सरसफाइलाई प्राथमिकतामा राखेको दाबी गरे पनि सार्वजनिक शौचालय निर्माणतर्फ अपेक्षित ध्यान दिन सकेको छैन। कुस्मा नगरपालिकाका नगरप्रमुख रामचन्द्र जोशीले सार्वजनिक शौचालय निर्माण आवश्यक रहेको स्वीकार गर्दै चालु आवमा बजेट विनियोजन हुन नसकेका कारण योजना अघि बढ्न नसकेको बताउनुभयो।

# योजना छन् तर छैन बजेट



**बजेट अभावमा निर्माण हुन नसकेको सडक ।**

**अर्जुन काफ्ले**
*स्याङ्जा, वैशाख २५ गते*

जिल्लाको विकासका लागि महत्त्वपूर्ण मानिएका योजनामा बजेट व्यवस्थापन हुन नसक्दा यहाँको सगम्र विकास प्रभावित हुने भएको छ।

आर्थिक वर्ष २०८२/८३ मा पूर्वाधार विकास कार्यालय स्याङ्जाले निर्धारण गरेका विभिन्न १० वटा योजना अलपत्र पर्ने भएका छन्। चालु आर्थिक वर्षमा निर्माण हुने भनिएका १२१ योजनामध्ये १०३ वटा योजना कार्यान्वयनमा गएकोमा आठ वटा योजना कार्यान्वयनमा लैजाने गरी मूल्याङ्कनको अन्तिम चरणमा पुगेको सो कार्यालयले जनाएको छ।

अलपत्र परेका योजनामध्ये सबैभन्दा ठुलो छ करोड बजेटको ज्याग्दीखोला कोरिडोरको विकासनिर्माण रहेको कार्यालयले जनाएको छ। चार करोड रुपियाँ लागत लाग्ने छ वटा योजना विवादका कारणले लागत अनुमानको चरणमै पुग्न सकेको छैन।

तीन करोड रुपियाँ लागत अनुमान गरिएको बिरुवा–धोबादी हुँदै राङखोला जोड्ने सडक पनि बजेट अभावमा अलपत्र छ। त्यसै गरी संशोधन र ठेक्का आह्वान गर्न नसक्नेमा झन्डै दुई करोड रुपियाँ लागत अनुमान गरिएका १० वटा योजना अलपत्र पर्ने पक्का भएको कार्यालयका निमित्त प्रमुख इन्जिनियर गुरुदत्त अधिकारीले बताउनुभयो। यहाँ छ वटा योजनामा स्थानीयस्तरमा विवाद छ भने अन्य दुई योजनामध्ये संशोधन गर्नुपर्ने र ठेक्कामा लैजान नसक्ने अवस्थामा रहेको इन्जिनियर अधिकारीले बताउनुभयो।

**भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

यसमा भ.पु.जि., भ.न.पा. १० हाल २ बस्ने दामोदर सुवाल समेतका निवेदकहरूको बुबा गोपीलाल सुवालको नाउँमा सर्भे नापीको पालामा दर्ता एवं ना.सा. गर्न बाँकी जनिएको तपसिलका कित्ता जग्गाको लगतवाला गोपीलाल सुवालको नाउँबाट साविक मौजा ३२ नं. महाकाली रैकर सि.नं. ५१८ न.नं. १८५१, १८५२, १८५३ क्षे.फ. १।। बाट भिड्ने सो कित्ता जग्गाका जग्गावाला गोपीलाल सुवाल मिति २०५८/१०/२३ गते, निजकी श्रीमती तुल्सीमाया सुवाल मिति २०६८।०६।०७ गते मृत्युपछि हकदार छोराहरू दामोदर सुवाल, किशोर सुवाल गरी जना २ भएको हुँदा तपसिलमा उल्लिखित कित्ता जग्गा दर्ता एवं नामसारी समेत गरी ज.ध. स्रेस्ता कायम गर्नका लागि माग गरेकोले निवेदकहरू बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम दर्ता/ना.सा. हुनुनपर्ने कुनै मनासिव कारण भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै जग्गावालाको नाउँ कहीं भ.पु. व्यासी बस्ने गोपीलाल पेन्तगो र कहीं गोपीलाल सुवाल कायम भएको सिफारिस पेश गरेको एवं ७ नं. फाँटवारी फेला नपरेको भनी भू.सु. फाँटबाट लेखिआएको। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| नगर | ४ क | १२१ | ०–१३–२–० | पुन वहादुर सितुखु भपु गोलमदी | यो जग्गा भ.पु. व्यासी बस्ने गोपीलाल पेन्तगोको दर्ता हो जोती खाई आएको छु |

**भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

भ.पु.जि., भ.न.पा. १४ हाल ४ बस्ने रामेश्वरी देवभण्डारी श्रेष्ठको श्रीमान् नन्दलाल देवभण्डारी श्रेष्ठको नाउँमा सर्भे नापीको पालामा दर्ता एवं ना.सा. गर्न बाँकी जनिएको तपसिलका कित्ता जग्गाको लगतवाला नन्दलाल तखाछेको नाउँबाट साविक मौजा ३२ रै.प. ११ नं. गुण्डु सि.नं. ५५८ न.नं. २९३, २९४ क्षे.फ. १'।३ बाट भिड्ने सो कित्ता जग्गाका जग्गावाला नन्दलाल देवभण्डारी श्रेष्ठको मिति २०७३।०८।०७ गते मृत्यु भएपछि हक खाने हकदार एक मात्र श्रीमती तथा म निवेदक रामेश्वरी देवभण्डारी श्रेष्ठ, छोराहरू प्रेमलाल देवभण्डारी श्रेष्ठ, प्रविन श्रेष्ठ गरी जना ३ भएकोमा प्रेमलाल देवभण्डारी श्रेष्ठ मिति २०७८।०४।२५ गते मृत्यु भएपछि हक खाने हकदार एक मात्र श्रीमती रजनी देवभण्डारी श्रेष्ठ, छोराहरू प्रदिप देव भण्डारी श्रेष्ठ, प्रज्वल देवभण्डारी श्रेष्ठ, मदिप देवभण्डारी श्रेष्ठ गरी जना ६ भएको हुँदा तपसिलमा उल्लिखित कित्ता जग्गा दर्ता एवं नामसारी समेत गरी ज.ध. स्रेस्ता कायम गर्नका लागि माग गरेकोले निवेदकहरू बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम दर्ता/ना.सा. हुनुनपर्ने कुनै मनासिव कारण भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै ज.ध. नन्दलाल देव भण्डारी श्रेष्ठको नाउँ कहीं भ.पु. नासमना बस्ने नन्द लाल, कहीं नन्द लाल तखाछे कहीं नन्दलाल देवभण्डारी श्रेष्ठ भएको व्यक्ति अलग्ग अलग्ग व्यक्ति नभई एकै व्यक्ति नन्दलाल देव भण्डारी श्रेष्ठ भएको समेत सिफारिस पेश गरेको एवं ७ नं. फाँटवारी फेला नपरेको भनी भू.सु. फाँटबाट लेखिआएको। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| गुण्डु | ५ | ५२६ | ०–८–२–० | रामबहादुर कार्की | यो जग्गा भ.पु. मलाछे बस्ने नन्दलालको हो मैले जोती खाई आएको छु। |
| गुण्डु | ५ | ५३४ | ०–६–१–० | सूर्यवहादुर कार्की | ऐ. ऐ. |

सीपमूलक शिक्षाको प्रभाव

# पढ्दै, कमाउँदै विद्यार्थी

**म्याग्दी समाचारदाता**
*म्याग्दी, वैशाख २५ गते*

यहाँको मङ्गला गाउँपालिका अन्तर्गत बाबियाचौरमा रहेको मङ्गला माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थी पढ्दै कमाउँदै गर्न थालेका छन्।

विद्यालयमा सञ्चालित प्राविधिक धारतर्फ बालीविज्ञान अध्ययन गर्ने विद्यार्थीले तरकारी उत्पादन गरी बजारमा बिक्री गरेर आम्दानी पनि गर्न थालेका छन्। विद्यालयमा प्राविधिक धार कक्षा ९ देखि १२ सम्म अध्ययन गर्ने विद्यार्थीले आफ्नो मेहनतबाट आम्दानी पनि गर्ने गरेका हुन्।

बालीविज्ञान विषयमा पढाइ सुरु भएपछि विद्यार्थी कक्षाकोठामा पढ्ने र करेसाबारीमा पुगेर कृषिजन्य उत्पादनका बारेमा अध्ययन र अनुसन्धानसँगै मौसम अनुसारको कृषि उत्पादन गरी स्थानीय बाबियाचौर बजारमा बिक्रीका पनि लागि लैजाने गरेका छन्।

विद्यालयले प्राविधिक धारका विद्यार्थीको प्रयोगात्मक अभ्यासका लागि पाँच रोपनी जग्गा भाडामा लिएर तरकारी लगाइएको छ। उक्त जग्गामा उत्पादन भएका तरकारीलाई टिपेर बाबियाचौर बजारमा बिक्री गर्ने गरेको प्राविधिक धारका संयोजक शिक्षक करण कँडेलले बताउनुभयो। उहाँका अनुसार यस मौसममा साग र जुकिनी बिक्री गरिएको छ भने गोलभँडा फल्ने क्रममा छ।

विद्यालयमा सिकेको आधुनिक कृषिप्रणाली र उत्पादनका बारेमा सिकेको ज्ञान परम्परागत खेती गर्दै आएका अभिभावकलाई समेत सिकाउने गरेको विद्यालयका प्रधानाध्यापक गमबहादुर खत्रीले बताउनुभयो। उहाँका अनुसार विद्यालयबाट अहिलेसम्म तीन ब्याचले कक्षा १२ उत्तीर्ण गरेर निस्केका छन्। हालसम्म ५० जना हाराहारी विद्यार्थीले विद्यालयस्तरको अध्ययन पूरा गरेका छन् भने अहिले कक्षा ९ मा पनि विद्यार्थी सङ्ख्या राम्रो रहेको छ। साबिकको शिक्षा विभाग हालको शिक्षा तथा मानव संसाधन विभागबाट ५३७ वटा प्राविधिक धारका विद्यालय रहेको मङ्गला गाउँपालिकाको शिक्षा शाखा प्रमुख गणेश कटुवालको भनाइ छ।

कटुवालका अनुसार विभागले प्राविधिक शिक्षलाई गरिखाने शिक्षाका रूपमा विकास गरेको हुँदा यो धारतर्फ अध्ययन गर्दा प्रयोगात्मक सिप विकास भई आम्दानीसमेत गर्ने दक्ष जनशक्ति उत्पादन हुने भएकाले यसतर्फ अभिभावकले ध्यान दिनु पर्छ।

विद्यालयले उत्पादन गरेको तरकारी अहिले बाबियाचौर बजारमै खपत हुने गरेको छ। विद्यार्थीलाई आवश्यक पर्ने कृषि औजारदेखि बिउबिजन सबै उपलब्ध गराउने, विद्यार्थीले लगाएको तरकारीको बजार खोज्नसमेत सघाउने गरिएको विद्यालयका प्रधानाध्यापक खत्रीले बताउनुभयो। टनेलभित्र तथा खुला स्थानमा गोलभँडासहित अन्य तरकारी उत्पादनको विधि र प्रक्रियाका बारेमा विद्यार्थीलाई सिकाउने गरिएको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष परमानन्द विश्वकर्माले छोटो समयमा उत्पादन गरी बजारमा लैजान सकिने र थोरै लगानीमा प्रशस्त आम्दानी गर्न सकिने भएकाले अभ्यासका रूपमा जग्गा भाडामा लिएर काम सुरु गरेको सुनाउनुभयो। विद्यालयमा उचित छात्रावास तथा 'पढ्दै कमाउँदै कार्यक्रम' अन्तर्गत मङ्गला गाउँपालिका–२ र विद्यालयको समन्वयमा सहभागी हुनेले आफ्नो क्षमता अनुसार कमाउन पनि सक्छन्।

विद्यालय उमेरमै पाठ्यपुस्तकसँगै व्यावहारिक ज्ञानसमेत आर्जन गर्न पाएकोमा भविष्यमा प्राविधिक विषय पढेपछि बेरोजगार हुनु पर्दैन भन्नेमा विश्वस्त रहेको कक्षा ११ मा अध्ययनरत सुप्रिया आचार्यको भनाइ छ। विद्यालयले भाडामा लिएको जग्गामा विगतमा च्याउ खेतीसमेत गरेको थियो।

# आरक्षले दिएन सहमति

**बागलुङ समाचारदाता**
*बागलुङ, वैशाख २५ गते*

नेपालको एकमात्र ढोरपाटन सिकार आरक्षमा पदमार्ग बनाउने योजना अन्योलमा परेको छ। आरक्षले स्वीकृति नदिँदा ढोरपाटन–बुकीपाटन–फागुने हुँदै सुर्तिबाङ जोड्ने पदमार्ग निर्माण गर्ने योजना निर्माणको अझै अन्योल हट्न सकेको छैन।

ढोरपाटनको उपल्लो क्षेत्रमा पदमार्ग बनाउन स्वीकृति मागे पनि आरक्ष कार्यालयले स्वीकृति नदिँदा सम्झौता हुन सकेको छैन। योजना सम्झौता नहुँदा पदमार्गका लागि विनियोजित १५ लाख रुपियाँ बजेट फ्रिज हुने अवस्था आएको एकीकृत सेवा कार्यालयका शाखा अधिकृत नारायण रिजालले बताउनुभयो।

पर्यटक पछिल्लो समय पैदलयात्रा र घोडचढीमार्फत ढोरपाटनको उपल्लो क्षेत्रमा पुग्न थालेपछि कार्यालयले पदमार्ग बनाउने योजना बनाएको थियो। अधिकृत रिजालले भन्नुभयो, "असोजदेखि नै योजना सम्झौता गर्न खोजे पनि आरक्ष कार्यालयले वन मन्त्रालयको सहमति चाहिने भनेपछि कामै रोकिएको छ।"

वर्षायाममा ढोरपाटन–बुकीपाटन–फागुने हुँदै सुर्तिबाङ जोड्ने लेकाली गोरेटो बाटो हिलाम्मे हुँदा यात्रा जोखिमपूर्ण रहेको पर्यटकबाट गुनासो आएपछि एकीकृत सेवा कार्यालयले पदमार्ग बनाउने योजना अघि सारेको छ। वातावरणीय सन्तुलन कायम राख्दै पदमार्ग बनाउन चाहे पनि अनुमति नपाएको गुनासो रिजालले गर्नुभयो।

बुकीपाटनमा घुम्न जेठ, असार, साउन र भदौ महिना उपयुक्त मानिन्छ। बर्सातका कारण लेकाली गोरेटो बाटो जोखिमपूर्ण बन्छन्। पर्यटकीय पदमार्ग बनाउन पनि कानुनी प्रक्रिया मिलाउन आरक्ष, वन तथा भूसंरक्षण विभाग, वन तथा वातावरण मन्त्रालय र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग धाउनु परेको कार्यालयका प्रमुख शिव शर्माले बताउनुभयो। ढोरपाटन सिकार आरक्ष कार्यालयका रेन्जर सागर सुवेदीले आरक्षभित्र संरचना बनाउने अनुमति वन तथा वातावरण मन्त्रालयले मात्रै दिने बताउनुभयो।

# हुरीबतासका कारण क्षति

**नवलपरासी समाचारदाता**
*कावासोती, वैशाख २५ गते*

लगातार परेको वर्षासँगै आएको हुरीबतासका कारण पूर्वी नवलपरासीमा क्षति पुऱ्याएको छ। बौदीकाली, बुलिङटार, हुप्सेकोट विनयीत्रिवेणी गाउँपालिका गैँडाकोट, कावासोती, देवचुली र मध्यविन्दु नगरपालिकामा हावाहुरी र बतासले क्षति पुऱ्याएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

हावाहुरी र बतासले बौदीकाली गाउँपालिकामा दुई विद्यालयमा क्षति पुऱ्याएको छ। स्थानीयका अनुसार हावाहुरीले विशेष गरी पुराना तथा कमजोर अवस्थामा रहेका रुख भौतिक संरचनामाथि खस्दा क्षति भएको हो। रुख ढल्दा पानबारी सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको केही भागमा क्षति पुगेको छ। मन्दिरपरिसर आसपासका संरचनामा समेत आंशिक असर परेको स्थानीयले जानकारी दिएका छन्। बुलिङटार गाउँपालिका वडा नं. १, ४ र ५ मा रहेका पाँच विद्यालयको छाना नै उडाएपछि पठनपाठन बन्द भएको गाउँपालिकाले जनाएको छ।

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग**

**Microsoft Volume License खरिदको बोलपत्र अस्वीकृति गरिएको सम्बन्धी सूचना**

**(प्रकाशित मिति : २०८३।०१।२६ गते)**

मिति २०८२।०९।११ गतेको गोरखापत्र दैनिक एवं www.bolpatra.gov.np/egp मा **The Supply and Installation of Microsoft Volume Licenses** BNo. BB / / /NCB/ A/ 0/082/83 शीर्षक खरिदको लागि 2 पद्धतिको राष्ट्रिय स्तरको बोलपत्र आह्वान गरिएकोमा निर्धारित अन्तिम समयावधिसम्ममा www.bolpatra.gov.np/egp मा Online दाखिला हुन आएका बोलपत्रहरूको मूल्याङ्कन गर्दा, प्राविधिक प्रस्ताव परीक्षणमा सफल रहेका बोलपत्रदाताबाट बोलपत्रको मान्यावधि थप गर्न सहमति प्राप्त हुन नसकेकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५३ उपनियम ५ र ६ मा भएको व्यवस्था बमोजिम उक्त Microsoft olume icense खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) बमोजिम अस्वीकृत गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

**सबइन्जिनियर श्री मनिष कुमार ठाकुरलाई सेवाबाट हटाइएको सूचना**

सडक विभाग पुलमा पदाधिकार रहेको नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, हाईवे उपसमूह, रा.प.अनं. प्रथम श्रेणी (प्रा.) सबइन्जिनियर श्री मनिष कुमार ठाकुर (क.सं.नं. १९८७५९) लाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) खण्ड (छ) को कसूरमा सोही ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरीने गरी सेवाबाट हटाइएको व्यहोरा यस विभागको मिति २०८३/०१/२३ को निर्णयानुसार जानकारी गराइन्छ।

**शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति : २०८३/०१/२६ )**

यस निर्देशनालयका लागि आवश्यक Pole Accessories खरिद गर्नका लागि मिति २०८२/१२/१० गते गोरखापत्र दैनिकमा आह्वान भएको सुचना बमोजिम प्राप्त हुन आएका प्रस्तावहरूमध्ये मूल्याङ्कन पश्चात निम्नानुसारको दरभाउपत्रदाता सारभूतरूपमा प्रभावग्राही न्यूनतम बोलकबोल गर्ने दरभाउपत्रदाता भएकाले सो दरभाउपत्रदाताको प्रस्ताव स्वीकृत गर्ने निर्णय भएकाले यो आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

| सि. नं. | शिलबन्दी दरभाउपत्र नं. | स्वीकृत भएको दरभाउपत्रदाताको नाम | स्वीकृत रकम (मू.अ.क. समेत) |
|---|---|---|---|
| १ | N C /P -B / -0 /082-83 for upply and elivery of Pole Accessories | M/s Corporation Pvt. td. Mahala mi- alitpur | ६७,३६,६०८।०० |

**नेपाल दुरसञ्चार कम्पनी लिमिटेड**
**(नेपाल टेलिकम)**
**प्रादेशिक निर्देशनालय भैरहवा, लुम्बिनी प्रदेश**

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
सघन शहरी तथा भवन निर्माण आयोजना
राजपुर, डोटी

**धरौटी रकम फिर्ता लिन आउने सम्बन्धमा**

सूचना प्रकाशन मिति:२०८३।०१।२६

प्रस्तुत विषयमा यस आयोजना अन्तर्गत आ.व. २०८०।८१ भित्र कार्य सम्पन्न भएका निर्माण व्यवसायी, परामर्शदाता तथा उपभोक्ता सिमितिले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम कट्टा गरी राखिएको धरौटी रकम फिर्ता लिन कर समायोजन सहित १५ दिन भित्र यस कार्यालयमा निवेदन दिनहुन जानकारी गरिन्छ। अन्यथा उक्त धरौटी रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम राजस्वमा दाखिला गरिने व्यहोरा समेत सूचित गरिन्छ

**मधेश प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**पशुपंछी तथा मत्स्य विकास निर्देशनालय**
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
**मलंगवा, सर्लाही**

**प्रस्ताव आह्वान सम्बन्धी म्याद थपको सूचना**

यस विज्ञ केन्द्रबाट प्रथम पटक प्रकाशित मिति २०८३ /०१/१० गते श्री राष्ट्रिय दैनिक गोरखापत्रमा आव्हान भएको सूचना अनुसार तपशिल अनुसारका कार्यक्रमहरूको माग अनुसार प्रस्ताव प्राप्त नभएकोले मिति २०८३/०१/२६ गतेदेखि मिति २०८३।०२।०१ गते सम्म थप प्रस्ताव/आव्हानको लागि म्याद थप गरिएको व्यहोरा अनुरोध छ।

**तपसिल**

१. पोखरीभित्रको रेसवे प्रणालीमा मत्स्यपालक (IPRS) कार्यक्रम
२. मत्स्य उत्पादकत्व वृद्धि कार्यक्रम
३. पशु आहारा आत्मनिर्भर कार्यक्रम
४. निर्यात प्रवर्धन लागि मासु उत्पादन कार्यक्रम

**नि.कार्यालय प्रमुख**

**रत्ननगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रत्ननगर, चितवन बागमती प्रदेश नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मितिः २०८३/०१/२६**

यस रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय रत्ननगर, चितवनको मिति २०८२।१२।२० (प्रथम पटक) र २०८३।०१।०२ (दोस्रो पटक) को राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार यस कार्यालयद्वारा सम्पादन हुन गइरहेको तपसिलको कार्यका लागि दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित तथा सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ (१) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि आजैका मितिदेखि लागू हुने गरी ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरेको रकम (भ्याट र पी.एस. सहित) |
|---|---|---|---|
| १ | Construction of ealth Post Type-2 ard No. | श्री agadamba Construction Bharatpur-Chitwan | रु. ३२,६८,७३३।५८ (बत्तीस लाख अठसट्ठी हजार सात तेत्तीस रुपैयाँ र पैसा अन्ठाउन्न मात्र) |
| २ | The Procurement and elivery of ater upply P Pipe orks at | श्री Mahanagar press Nirman ewa Pvt. td. Bharatpur- 0 Chitwan | रु. ९,३३,७१९।– (नौ लाख तेत्तीस हजार सात सय उन्नाइस मात्र) |

**भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

भ.पु.जि., भ.न.पा. ५ बस्ने बाहुन काजी दर्शनधारीका माइला बुबा सुकुचा दर्शनधारी (कुस्ले) को नाममा भू.सु. तथा मा.पो. कार्यालय भक्तपुरमा नापनक्सा भई स्रेस्ता जनिएको तपसिल कित्ताहरूका निवेदकको हजुरबुबा तेजबीर दर्शनधारी (कुस्ले) को २०१० र निजकी एक मात्र श्रीमती देवी भन्ने बेटी माया दर्शनधारी (कुस्ले) को २०१० सालमा मृत्यु भई निजहरूको हकदारमा छोराहरू तुईसि दर्शनधारी (कुस्ले) १, सुकुचा दर्शनधारी (कुस्ले)–१, र आसामरु दर्शनधारी (कुस्ले)–१, समेत जना ३ भएकोमा तुईसी दर्शनधारी (कुस्ले) २०१३ सालमा र निजकी एक मात्र श्रीमती पुनमाया दर्शनधारी (कुस्ले) को २०११ मा मृत्यु भई निजका विवाहित छोरीहरू आसमाया दर्शनधारी (कुस्ले) १, र कान्छी दर्शनधारी (कुस्ले) १ र एक मात्र छोरा पुन लाल दर्शनधारी (कुस्ले) को २०१२ मा अविवाहित अवस्थामै मृत्यु भएको र ज.ध सुकुचा दर्शनधारी (कुस्ले) को र निजकी एक मात्र श्रीमती मन माया दर्शनधारी (कुस्ले) को २०२६ सालमा मृत्यु भई निजको छोरा विष्णु बहादुर दर्शनधारी (कुस्ले) को २०२८ सालमा अविवाहित अवस्थामै मृत्यु भई र निज आसामरु दर्शनधारी (कुस्ले)को २०६७/०९/१३ मा र निजकी एक मात्र श्रीमती केशरी दर्शनधारीको मिति २०५६/११/१७ मा मृत्यु भई प्रचलित कानून बमोजिम हकदार बाहुन काजी दर्शनधारी–१ ले जग्गा दर्ता ना.सा. गरिपाऊँ भनी निवेदन माग गरेकोमा १ नं. मोही लगत, २ नं. अनुसूची र ७ नं. फाँटवारी भू.सु.का. फाँट भक्तपुरबाट रेकर्डबाट फेला नपरेको भनी पेश भई आएको साथै सुकुचा दर्शनधारी (कुस्ले) नाममा विभिन्न प्रमाण कागजातहरूमा कुस्ले, कपाली, दर्शनधारी, यो जग्गा भ.पु. साकोठो बस्ने सुकुचा कुस्लेको हो, यो जग्गा भ.पु. तुलाछे बस्ने सुकुचा कुस्लेको हो मैले जोती खाइआएको हो उल्लेख भएको साथ जग्गा दर्ता ना.सा.को सिफारिस भई आएको हुँदा कसैको दाबी विरोध भए वा सरकारी सार्वजनिक जग्गालाई असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा निवेदकको माग बमोजिम भइजाने व्यहोराको यसै सूचनाद्वारा सूचित गरिन्छ। **तपसिल फिल्डबुकको विवरण**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | ज.ध. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| भक्तपुर | झौखेल | ८छ | ३१० | १–४–०–० | द्वारिका सुवाल भ.पु तननी | | यो जग्गा भ.पु. साकोठा बस्ने सुकुचा कुस्लेको हो। |
| भक्तपुर | झौखेल | ९ख | ४६९ | ०–८–०–० | पूर्ण कुमार ग्वामरु भ.पु यलाछे बेसी टोल | | यो जग्गा भ.पु. तुलाछे बस्ने सुकुचा कुस्लेको हो मैले जोती खाइ आएको हो। |

# भौतिक संरचनाको अभावमा सेवा विस्तारमा समस्या

**रौतहट समाचारदाता**
*रौतहट, वैशाख २५ गते*

जमिन तथा भौतिक संरचनाको अभावमा रौतहटको चन्द्रपुर नगरपालिका-६ स्थित प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय शय्या सेवा सञ्चालनबाट वञ्चित भएको छ। मधेश प्रदेश सरकारले सर्लाही, पर्सा र रौतहटमा १० बेडसहितको आयुर्वेद सेवा विस्तार गर्न स्वीकृति प्रदान गराए पनि जमिन तथा भौतिक संरचना अभावको कारण रौतहट उक्त सेवाबाट वञ्चित हुनु परेको हो।

चिकित्सालय प्रमुख डाक्टर शिवशङ्कर रायले प्रदेश सरकारबाट सेवा विस्तारको स्वीकृति आए पनि आवश्यक भौतिक संरचना नहुँदा अस्पतालले उक्त अवसर गुमाउनुपरेको बताउनुभयो। १० शय्या सञ्चालनका लागि भवन र पर्याप्त जमिन आवश्यक पर्छ। त्यसका लागि नगरपालिकासँग पटक पटक समन्वय गरिए पनि कार्यान्वयन हुन नसकेको बताउनुभयो। चिकित्सालयमा आवश्यक केमिकलको समेत अभावले मधुमेह र युरिक एसिडबाहेक अन्य रोगको रक्त परीक्षण गर्न नसकिएको चिकित्सकको गुनासो रहेको छ। प्रयोगशालामा परीक्षण सेवा सीमित हुँदा बिरामी निजी क्लिनिक धाउन बाध्य छन्।




*तस्बिर : यादवराज पुरी*

**प्रादेशिक आयुर्वेद चिकित्सालय रौतहट।**

स्थानीय ६५ वर्षीय रामएकवाल ठाकुरले आयुर्वेदिक उपचारप्रति विश्वास भए पनि सेवा अभावले समस्या हुने गरेको बताउनुभयो। उहाँका अनुसार औषधी र जाँच सहज भए सर्वसाधारण नागरिकलाई धेरै राहत हुन्थ्यो तर धेरै परीक्षण बाहिर गर्नुपर्दा खर्च बढेको छ। भौतिक अभावबिच पनि चिकित्सालयले ज्येष्ठ नागरिक सेवा र स्तनपायी (लैक्टेसन) सेवा प्रभावकारी रूपमा सञ्चालन गरिरहेको चिकित्सालयका सूचना अधिकारी विनयकुमार झाले बताउनुभयो। उहाँका अनुसार दैनिक आउने वृद्धवृद्धालाई निःशुल्क परामर्श र आयुर्वेदिक औषधी वितरण गर्दै आएको छ।

# प्लास्टिक प्रदूषणले चराचुरुङ्गी र पशुको जीवन सङ्कटमा

**ढल्केबर समाचारदाता**
*ढल्केबर, वैशाख २५ गते*

प्लास्टिक प्रदूषणले चराचुरुङ्गी र पशुको जीवन सङ्कटमा पर्न थालेका छन्। धनुषाको मिथिला बिहारी नगरपालिका-२, पुरनदाहामा चुच्चोमा प्लास्टिक टाँसिएर अचेत अवस्थामा फेला परेको कालो जुनबक्कुला चराको उद्धार गरिएको छ। चराचुरुङ्गी संरक्षणमा सक्रिय मिथिला वाइल्डलाइफ ट्रस्टका अध्यक्ष देवनारायण मण्डलले सो चराको उद्धार गर्नुभयो।

अध्यक्ष मण्डलका अनुसार चराको चुच्चोमा फेविकोल जस्तो पदार्थले टाँसिएको प्लास्टिक बेरिएको थियो। त्यसका कारण चराले आहार खान नसकी कमजोर भएर अचेत बनेको हुन सक्ने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "चुच्चोबाट प्लास्टिक हटाएको केही समयपछि चराले आफैँ माछा समात्न सुरु गऱ्यो। समयमै उद्धार नभएको भए चराको ज्यान जान सक्थ्यो।" प्लास्टिकजन्य फोहोर खुला रूपमा फाल्ने प्रवृत्तिका कारण चराचुरुङ्गी र पशु सङ्कटमा पर्न थालेको उहाँको भनाइ छ।

अध्यक्ष मण्डलले घरायसी फोहोर प्लास्टिकको झोलामा हालेर जथाभावी फाल्ने चलन बढ्दो रहेको बताउनुभयो। ती झोलाभित्र रहेका खानेकुरासँगै चराचुरुङ्गी तथा पशुले प्लास्टिकसमेत निल्ने गरेका छन्। पछिल्लो समय सिमसार क्षेत्र तथा आसपासमा फालिएको प्लास्टिक हावाहुरीले पानी क्षेत्रमा पुऱ्याउने गरेकाले जलचर तथा पानीमा आश्रित चरा थप जोखिममा परेको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार कतिपय अवस्थामा माछा समात्ने क्रममा प्लास्टिक पनि चराको घाँटीमा अड्किने गरेको छ। चुच्चोमा बेरिने, घाँटीमा अड्किने वा पेटमा पुग्ने कारणले धेरै चरा मर्ने गरेका छन्। अध्यक्ष मण्डलले ध्वनि प्रदूषण, धुवाँ, माटो प्रदूषण, रासायनिक मल तथा विषादीको अत्यधिक प्रयोगले समेत चराचुरुङ्गीको अस्तित्व सङ्कटमा परेको बताउनुभयो। विषादी मिसिएको अन्न, किरा तथा फट्याङ्ग्रा खाँदा विषाक्त भएर चरा मर्ने गरेको उहाँको भनाइ छ। उद्योगबाट नदीपोखरीमा मिसिने रसायनयुक्त पानीका कारण पनि चराचुरुङ्गी प्रभावित हुँदै गएको उहाँले सुनाउनुभयो।

चरासम्बन्धी एक अध्ययन अनुसार नेपालमा पछिल्लो समय ५७ प्रतिशत चराको सङ्ख्या घटेको तथा २२ प्रजातिका चरा लोप भइसकेका छन्। वातावरणीय प्रदूषण, वन विनाश, सिमसार क्षेत्रको अतिक्रमण र प्लास्टिकजन्य फोहोर यसको प्रमुख कारण रहेको अध्यक्ष मण्डलले बताउनुभयो।

त्यस्तै एक वर्षअघि जनकपुरमा बिरामी अवस्थामा रहेको एउटा छाडा गाईको शल्यक्रिया गर्दा पेटबाट करिब २० किलो प्लास्टिक निकालिएको थियो। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनुषाका वरिष्ठ पशु चिकित्सक सञ्जीव ठाकुरले गाईको शल्यक्रिया गर्दा पेटबाट त्यतिको मात्रामा प्लास्टिक निस्किएको थियो।

पशु चिकित्सक ठाकुरले थोरै मात्रामा प्लास्टिक खाँदा गोबरमार्फत बाहिर निस्कन सक्ने भए पनि धेरै मात्रामा खाँदा पेटमा जम्मा भएर बस्ने गरेको बताउनुभयो। यसले गर्दा पशुले खाना पचाउन सक्दैन र सङ्क्रमण बढाउने गरेको उहाँले जानकारी दिनुभयो।

पशु चिकित्सक ठाकुरका अनुसार दीर्घकालीन रूपमा पशु कमजोर हुने, खाना कम खाने, पेट फुल्ने, छटपटिने, सास फेर्न गाह्रो हुने, रक्तअल्पता देखिने जस्ता समस्या उत्पन्न हुन्छन्। गाईभैँसीमा दुध उत्पादन घट्ने समस्या पनि देखिन्छ। कतिपय अवस्थामा प्लास्टिकले पेटभित्र घाउ बनाउने जस्ता जटिल रोगसमेत निम्त्याउन सक्ने उहाँको भनाइ छ। उहाँले प्लास्टिकजन्य रोगको ठोस उपचार शल्यक्रिया मात्रै भएको बताउँदै त्यो पनि खर्चिलो र सबै ठाउँमा सहज सेवा उपलब्ध नभएको बताउनुभयो।

पशु चिकित्सक ठाकुरले प्लास्टिक प्रदूषण न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि, व्यवस्थित फोहोर व्यवस्थापन, खुला रूपमा फोहोर नफाल्ने बानीको विकास, सहरी क्षेत्रमा छाडा पशु नियन्त्रण तथा विद्यालय तहदेखि नै वातावरणीय शिक्षामा प्लास्टिक प्रदूषणसम्बन्धी विषय समावेश गर्न आवश्यक रहेको बताउनुभयो।

## प्रहरीले रोक्यो बालविवाह

**सर्लाही समाचारदाता**
*सर्लाही, वैशाख २५ गते*

सर्लाहीको बरहथवामा प्रहरीले १६ वर्षकी एक बालिकाको विवाह रोकेको छ।

बरहथवा नगरपालिका-६, मुसहर बस्तीमा बालविवाह हुन लागेको सूचना पाएपछि पुगेको प्रहरीले विवाह रोकेको हो। १६ वर्षकी बालिकाको आगामी आइतबार सर्लाहीकै चन्द्रनगर गाउँपालिका-४, पोखरियामा विवाहको कार्यक्रम तय भएको थियो। स्थानीयबाट बालविवाह हुन लागेको सूचना पाएपछि अभिभावकलाई सम्झाइबुझाइ गरी विवाह रोकिएको इलाका प्रहरी कार्यालय बरहथवाका महिला तथा बालबालिका, ज्येष्ठ नागरिक सेवा केन्द्रका इन्चार्ज एवं प्रहरी निरीक्षक सुषमा कठायतले जानकारी दिनुभयो।

उहाँका अनुसार प्रहरीसहित वडाध्यक्ष, कर्मचारीलगायत गएर बालविवाह नगर्न/नगराउन सचेतसमेत गराइएको छ। २० वर्ष पुगेपछि मात्र विवाह गर्न पाउने कानुनी प्रावधान रहेको छ। कानुन अनुसार २० वर्ष पुगेपछि मात्र विवाह गर्न सचेतना जगाउँदै अहिले विद्यालयमा पुगेर जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आइरहेको प्रहरी निरीक्षक कठायतले बताउनुभयो।

# अर्गानिक खेतीमा आकर्षण

**अजय शाह**
*गौशाला (महोत्तरी), वैशाख २५ गते*

महोत्तरी जिल्लाको उत्तरवर्ती क्षेत्रका किसान अर्गानिक खेतीतर्फ आकर्षित हुन थालेका छन्।

सघन तरकारी खेती हुने बर्दीबास, गौशाला, औरही, रामगोपालपुर र भङ्गहा नगरपालिकाका किसानले विषादी र रासायनिक मलको प्रयोग घटाउँदै प्राङ्गारिक खेतीलाई प्राथमिकता दिन थालेका हुन्। तरकारी, तेलहन, उखु जस्ता नगदेबाली उत्पादन हुने यस क्षेत्रमा परम्परागत खनजोत र प्राङ्गारिक मलको प्रयोगबाटै सन्तोषजनक उत्पादन हुन थालेको किसानको भनाइ छ।

विषादीयुक्त तरकारीले जनस्वास्थ्यमा नकारात्मक असर पार्न थालेपछि आफूहरूले यसको प्रयोग छाडेको गौशाला-३, नवराजपुरका किसान दीपेन्द्र महतोले बताउनुभयो। किसान महतोका अनुसार झारपतिङ्गर, घरायसी फोहोर, ढैँचा तथा गाईवस्तुको गोबर र बाख्राको मल प्रयोग गरी सजिलै प्राङ्गारिक मल तयार गर्न सकिन्छ। यस्तो मलले माटोको उर्वरा शक्ति कायम राख्ने र बर्सेनि मलको मात्रा घटाउँदै लैजान सकिने भएकाले प्रभावकारी रहेको अर्का किसान रामबाबु महतोले जानकारी दिनुभयो।

रासायनिक मल अभाव, गुणस्तरमा अनिश्चितता, बढ्दो परनिर्भरता जस्ता समस्याबाट बच्न पनि अर्गानिक खेतीतर्फ उन्मुख भएको किसानको भनाइ छ। बालीमा लाग्ने रोग तथा किराको नियन्त्रणका लागि गाईको गहुँत, खरानी र पानी प्रयोग गर्ने विधि प्रभावकारी देखिएको बर्दीबास-१२, पशुपतिनगरका किसान अमृत महतो (भोला) ले बताउनुभयो। किसानका अनुसार अर्गानिक उत्पादन स्वादिलो हुनुका साथै उपभोक्ताको रोजाइमा पर्न थालेको छ। २०७६ सालदेखि सुरु गरिएको यस अभ्यासमा प्रारम्भिक वर्ष उत्पादन केही कम भए पनि पछिल्ला वर्षमा उत्पादन क्रमशः वृद्धि हुँदै गएको किसानको अनुभव छ।

अर्गानिक उत्पादन बजारमा पुगेपछि तत्काल बिक्री हुने गरेको बर्दीबास-१० का किसान हरिबहादुर बलम्पाकीले बताउनुभयो। उपभोक्तासमेत अर्गानिक उत्पादन चिन्न सक्ने भएका छन्। यस्ता उत्पादन प्राकृतिक आकार र रङका हुने भएकाले पहिचान गर्न सजिलो हुने बर्दीबास-१ की उपभोक्ता सरिता अधिकारीको भनाइ छ।

यस क्षेत्रमा अर्गानिक खेतीप्रति बढ्दो आकर्षणलाई राज्यले सहयोग गरे उत्पादनको गुणस्तर र बजार विस्तारमा थप टेवा पुग्ने कृषिविज्ञको भनाइ छ। यसैबिच अर्गानिक मलको कारोबार गर्दै आएका औरही-२ का दिनेश यादवका अनुसार पछिल्ला दुई वर्षयता किसानको आकर्षण बढेसँगै उत्तरी क्षेत्रमा अर्गानिक मलको माग उल्लेख्य रूपमा बढेको छ। कृषि प्राविधिक ममता घिमिरेका अनुसार प्रारम्भिक चरणमा लागत केही बढी लागे पनि क्रमशः मलको आवश्यकता घट्दै जाने भएकाले अर्गानिक खेती दीर्घकालीन रूपमा कम लागत र लाभदायी हुने गर्छ। किसान र उपभोक्तामा यसको महत्त्वबारे चेतना बढ्दै जाँदा अर्गानिक खेती विस्तार हुँदै गएको उहाँको भनाइ छ।

# दादुरा रोगी फेला परेपछि खोप सञ्चालनको तयारी

**महोत्तरी समाचारदाता**
*महोत्तरी, वैशाख २५ गते*

महोत्तरी जिल्लाको बलवा नगरपालिकाका केही वडामा दादुरा रोगी फेला परेपछि ती वडामा नियमित खोपका साथै अतिरिक्त खोप सञ्चालन गर्ने तयारी गरिएको छ। स्वास्थ्य कार्यालय महोत्तरीका खोपका सम्पर्क व्यक्ति रामबाबु यादवले बलवा नगरपालिकाका दुई वडामा आठ जना दादुरा रोगी फेला परेको उल्लेख गर्दै थप खोप सेवा सञ्चालनको तयारी सुरु गरिएको जानकारी दिनुभयो। उहाँले बलवा-९ मा सात तथा ८ मा एक गरी आठ जनामा दादुरा रोग फेला परेको बताउँदै नगरपालिकाको स्वास्थ्य शाखासँग समन्वय गरी खोप सञ्चालनको तयारी भइरहेको बताउनुभयो।

उहाँले बलवा नगरपालिकाले नियमितका साथसाथै वैशाख २८ देखि ३१ गतेसम्म अतिरिक्त खोप सञ्चालन गर्ने निर्णय गरेको र अहिले छुटफुट भएका बालबालिकाको लगत सङ्कलन गरिरहेको बताउनुभयो। धमौरामा रहेको स्वास्थ्य चौकीमा वैशाख दोस्रो साता उपचारका लागि पुगेका रोगीको अवस्था तथा लक्षण हेरेर दादुरा पहिचान गरी तत्कालै स्वास्थ्य कार्यालयमा जानकारी प्राप्त भएको उहाँले बताउनुभयो। दादुरा सङ्क्रमित फेला परेपछि निगरानी बढाएर दादुरा फैलिन नदिएको र अहिले दुवै वडामा अवस्था सामान्य रहेको बताउँदै उहाँले नियमित खोप लिएको र छुट भएकाको पहिचान गरिरहेको जानकारी दिनुभयो। समुदायमा असामान्य स्वास्थ्य समस्या वा रोग देखिए तत्कालै नजिकको स्वास्थ्य संस्थामा खबर गर्ने काम बढेको बताउँदै यादवले समुदायमा आधारित रोग निगरानी प्रणालीसम्बन्धी अभिमुखीकरण कार्यक्रम हरेक ठाउँमा हुन थालेपछि यसरी जनचेतना बढेको बताउनुभयो।

**भूमिसुधार तथा मालपोत कार्यालय ललितपुरबाट काठमाडौँ जिल्ला, का.म.न.पा. वडा नं. २२ र २३ बस्ने ज.ध.हरू मिना श्रेष्ठ र सविता श्रेष्ठको नाममा रहेको तपसिल बमोजिमको जग्गाको मोही कान्छा महर्जनले मोही बाँडफाँट गरिपाऊँ भनी यस कार्यालयमा मागदाबी गरेको हुँदा जग्गा बाँडफाँट सम्बन्धी हकदाबी गर्न आउन विशेष अदालत ऐन २०५९ को दफा १० को उपदफा ९ बमोजिम म्याद सरहको ३० दिने सार्वजनिक सूचना।**

उपरोक्त सम्बन्धमा तपाईंहरू जग्गाधनी रहेको तपसिलको कित्ता जग्गाको मोही बाँडफाँट गरिपाऊँ भनी मोही कान्छा महर्जनको निवेदन परी तपाईंहरूको नाममा उपस्थित हुन आउनेबारे १५ दिने म्याद जारी गरिएकोमा तपाईंको ठेगानामा तपाईंको घर फेला पार्न नसकिएकोले म्याद बुझाउन नसकिएको भनी तामेलदारले प्रतिवेदन पेश गरेको हुँदा तपाईंका नाममा यो म्याद सरहको ३० दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त कित्ता जग्गाको मोही बाँडफाँट हुन नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र लिखित जवाफ सहित आफैँ वा कानून बमोजिम वारेस मार्फत उपस्थित हुन आउनुहोला। अन्यथा म्यादभित्र उपस्थित नभई म्याद गुजारी बसेमा कानून अनुसार भइजाने व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ।

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोहीको मागदाबी | जग्गाधनीको नाम, थर |
|---|---|---|---|---|---|
| खोकना | ४/च | २२१<br>२२२ | ०-१३-२-०<br>०-१३-२-० | उक्त कित्ता जग्गामध्ये कि.नं. २२१ को पूर्व तर्फबाट आधा र कि.न. २२२ को पश्चिम तर्फबाट आधा जग्गा मोहीको भागमा हुनेगरी माग गरेको। | मिना श्रेष्ठ, का.म.न.पा. वडा नं. २२, हाल ललितपुर महानगरपालिका वडा नं. ३, र सविता श्रेष्ठ, का.म.न.पा. वडा नं. २३, काठमाडौँ। |

KATHMAND PAT AKA KHANEPANI LIMITED
Main Office, Tripureshwor, Kathmandu
**BID ADDEND M NOTICE**
**Addendum No.: 1**
**(Published On: 2083/01/26)**
This is to notify all the concerned bidders that addendum has been issued for the NCB title **The Procurement of Light Vehicle Driving Service (IFB NO: KUKL/NCB/S/02/082/083)** published on 3rd Baisakh 2083 through http://bolpatra.gov.np/egp . The Addendum can be downloaded from PPMO s e-procurement portal http://bolpatra.gov.np/egp.

**मालपोत कार्यालय सिन्धुपाल्चोक, चौताराबाट जारी भएको ३५ (पैँतीस) दिने सार्वजनिक सूचना।**

सिन्धुपाल्चोक जिल्ला, साविक घोर्थली गा.वि.स. वडा नं. ९ बस्ने भैर बहादुर गुरुङको नाति रन बहादुर गुरुङको छोरा लोक बहादुर गुरुङले आफ्ना दाजु गणेश बहादुर गुरुङको नाममा दर्ता स्रेस्ता/पुर्जा कायम रहेको निम्न बमोजिमको कित्ता जग्गाहरू नामसारी गरी पाऊँ भनी दिनुभएको निवेदन अनुसार निजको नाममा नामसारी गर्दा अरू कसैको हक जान सक्ने भए/अन्य हकदार भए हकदाबीका लागि यो ३५ (पैँतीस) दिनको सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र कसैको हकदाबी भएमा आफूसँग भएको सबुत प्रमाणहरू संलग्न राखी आफैँ वा वारेस मार्फत दाबी उजुरी गर्न आउनुहोला। म्याद नाघी आएको उजुरी उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। **तपसिल**

| सि.नं. | गा.वि.स. | वडा नं | कि.नं. | ज.ध. |
|---|---|---|---|---|
| १. | घोर्थली | ६ | १०२ | गणेश बहादुर गुरुङ |
| २. | घोर्थली | ९ | १०, ६७, ३४४, ३७४, ३८७, ३९१, ३९७, ४०४, ६२०, ६२८, ४५४, ६३३, र ६४५ | |

**कैफियतः** यसमा माथि उल्लिखित जग्गाको जग्गाधनी गणेश बहादुर गुरुङको मिति २०८०।०७।०७ मा मृत्यु भएको, निजको विवाह नभएको, बाबु र आमाको समेत मृत्यु भएको र हकवालाहरू जेठो दाजु लाल बहादुर गुरुङको मिति २०५३।०१।२८ मा मृत्यु भएको, निज मृतक लाल बहादुर गुरुङकी एक मात्र पत्नी मन कुमारी गुरुङ रहेको, माइलो दाजु मान बहादुर गुरुङ र कान्छो लोक बहादुर गुरुङ रहेको र निजको स्याहार सम्भार काजकिरिया कान्छो भाई लोक बहादुर गुरुङले गरेको हुँदा निजको नाममा एकलौटी नामसारी गरी दिन त्रिपुरासुन्दरी गा.पा. १ नं. वडा कार्यालयको च.नं. १२४ मिति २०८२।०८।०२ को सिफारिसबाट लेखिआएको। निवेदकहरूको माग बमोजिम नामसारी गरिदिँदा अरू कसैको हक भोगमा असर पर्छ पर्दैन ? मृतक ज.ध. को स्याहार सम्भार काजकिरिया गर्ने अरू कोही हकवाला भए हकदाबी गर्नुहोला। अन्यथा नियमानुसार भई जानेछ।

Notice Publication ate: May 202
T O P OPO A P
N A ngineering Company td nvites e uest for Proposal P from eligible consulting forms Consultant to provide the following consulting services.

| RFP No: | Description of service |
|---|---|
| N C/ P/ CM /082/83-0 | Construction Material nvestigation and ab Testing for ttar anga torage ydroelectric Pro ect Baglung ukum Purba istricts |

nterested eligible consultants are re uested to collect e uest for proposal P from the address provided hereunder or visit N C website **www.neaec.com.np** for further information regarding P notice.

**NEA Engineering Company Limited**
Chakupat - 0 alitpur Nepal
Phone: 0 - 2 80 / 2 8

**भूमिसुधार तथा मालपोत कार्यालय ललितपुरबाट ललितपुर जिल्ला, साविक चापागाउँ वडा नं. ३, हाल गोदावरी नगरपालिका वडा नं. ११, बस्ने ज.ध. ईन्द्र माया देशारको नाममा रहेको तपसिल बमोजिमको जग्गाको मोही अनुप देशार समेतले मोही बाँडफाँट गरिपाऊँ भनी यस कार्यालयमा मागदाबी गरेको हुँदा जग्गा बाँडफाँट सम्बन्धी हकदाबी गर्न आउन विशेष अदालत ऐन, २०५९ को दफा १० को उपदफा ९ बमोजिम म्याद सरहको ३० दिने सार्वजनिक सूचना।**

उपरोक्त सम्बन्धमा तपाई जग्गाधनी रहेको तपसिलको कित्ता जग्गाको मोही बाँडफाँट गरिपाऊँ भनी मोही अनुप देशार समेतको निवेदन परी तपाईंको नाममा उपस्थित हुन आउनेबारे १५ दिने म्याद जारी गरिएकोमा तपाईंको घर ठेगानामा म्याद बुझाउन जाँदा म्याद नबुझेको र घरदैलोमा समेत टाँस ठगर्न नदिएकोले म्याद बुझाउन नसकिएको भनी तामेलदारले प्रतिवेदन पेश गरेको हुँदा तपाईंका नाममा यो म्याद सरहको ३० दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त कित्ता जग्गाको मोही बाँडफाँट हुन नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र लिखित जवाफ सहित आफैँ वा कानून बमोजिम वारेस मार्फत उपस्थित हुन आउनुहोला। अन्यथा म्यादभित्र उपस्थित नभई म्याद गुजारी बसेमा कानून अनुसार भइजाने व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ।

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | निवेदक/मोहीको दाबी | ज.ध.को नाम/ठेगाना |
|---|---|---|---|---|---|
| झरुवारासी | १/क | ९८ | ०-१२-२-० | उक्त कित्ता जग्गालाई पूर्व पश्चिम चिरा पारी दक्षिण तर्फबाट आधा जग्गा मोहीलाई कायम हुने। | ईन्द्रमाया देशार, साविक चापागाउँ वडा नं. ३ हाल गोदावरी नगरपालिका वडा नं.. ११, ललितपुर। |

**डिभिजन वन कार्यालय गोरखाको गोलिया काठ लिलाम बिक्री सम्बन्धी सूचना**

(दोश्रो पटक प्रकाशित मिति २०८३/०१/२६)

यस कार्यालयलाई नेपाल विद्युत प्राधिकरण मर्स्याङ्दी करिडोर २२० के.भि प्रसारण लाईन आयोजनाबाट कटान भई आ.व. २०८२/०८३ मा हस्तान्तरण भएको साल प्रजातिको ५४२२.८५ क्यू.फिट गोलिया काठ तथा अन्य विभिन्न प्रजातिको १२१६.८२ क्यू.फिट गोलिया काठ गरी कुल जम्मा ६६३९.६७ क्यू.फिट काठ र अन्य मिश्रित दाउरा १८ चट्टाका लटहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। गण्डकी प्रदेश वन नियमावली, २०८१ को नियम ७२ को उपनियम (४) बमोजिम लिलाम बिक्री प्रक्रियाका लागि गोलिया काठको हकमा प्रचलित कानून बमोजिम डिभिजन वन कार्यालयमा सूचीकृत भएका वन पैदावारमा आधारित उद्योग संञ्चालन गर्न इजाजत प्राप्त गरी सञ्चालनमा रहेका उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र श्री वन निर्देशनालय, गण्डकी प्रदेश, पोखरा र यस कार्यालयबाट बोलपत्र फाराम खरिद गरी १६ औं दिन दिनको कार्यालय समयभित्र बोलपत्र खरिद गरिएकै कार्यालयमा सिलबन्दी बोलपत्र दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। विस्तृत सूचना यस कार्यालयको वेबसाइट **www.dfogorkha.gov.np** बाट डाउनलोड गरी हेर्न सकिनेछ। विस्तृत विवरणका लागि यस कार्यालयमा सम्पर्क गर्नु हुन समेत सूचित गरिन्छ।

**भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

भ.पु.जि., भ.न.पा. १५ को हाल वडा नं. २ बस्ने मिन केतन राज शर्माले हामीहरूको बाजे रिपु भंजन राज राजोपाध्यायका नामको साविक लगत २५ नं. बाँसवारी मौंजा रै.प. तर्फको सि.नं. ११७ न.नं. ५८७ रो.-॥ऽ॥२ बाट भिडी दर्ता हुने तपसिल बमोजिमको कित्ता जग्गा राम प्रसाद ब्रामणका नाममा सर्भे नापीका बखत नापनक्सा भई दर्ता बाँकी रहेकोमा, साविक दर्तावाला रिपु भंजन राज राजोपाध्यायको मिति २००९ सालमा, निजकी पत्नी कमलालया देवी राजोपाध्यायको मिति २००७ सालमा मृत्यु भई हक खाने छोराहरू इन्द्रेश राज शर्मा, गिरेन्द्र राज राजोपाध्याय, कृष्ण गोपाल राजोपाध्याय र रमापति राज शर्मा भएकोमा, इन्द्रेश राजको मिति २००९ सालमा, निजकी पत्नी वामलोचना देवी शर्माको मिति २०६३/०२/१० मा मृत्यु भई हक खाने छोराहरू श्रीनिकेतन शर्मा, मिनकेतन राज शर्मा भएकोमा, श्रीनिकेतनको मिति २०२६ सालमा अविवाहित अवस्थामा मृत्यु भएको, त्यस्तै गिरेन्द्र राजको २०६५/१२/०५ मा, निजकी जेठी पत्नी लक्ष्मीश्वरीको मिति २००३ सालमा मृत्यु भई हक खाने छोरा एकेन्द्र शर्माको मिति २००४ सालमा अविवाहित अवस्थामा मृत्यु भएको, कान्छी पत्नी लोहिता देवी, निजका छोराहरू महेन्द्र राज, नरेन्द्र राज, मणिन्द्र राज, मुकुन्द राज, मधुमर्दन राज शर्मा समेत जना ६ भएको, त्यस्तै कृष्ण गोपाल, निजकी पत्नी झंकेश्वरीको क्रमशः २०६२/१०/२० र २००३ सालमा निःसन्तान अवस्थामा मृत्यु भएको, त्यस्तै नापीवाला रमापति राज, निजकी पत्नी दुर्गा देवीको क्रमशः २०७८/०१/१६ र २०७७/१०/१४ मा मृत्यु भई हक खाने छोरा पुस्कर राज शर्मा भएको हुँदा हामी हकदारहरूका नाउँमा छुट जग्गा दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको, १ नं. मोही लगत पेश गरेको, २ नं. अनुसूची र ७ नं. फाँटवारी रेकर्डबाट फेला नपरेको भनी लेखिआएको, रै.प. मि.नं. ६०/०६६/०६७ मा भिडेको भनी मोठ भिडी आएको, नापीवालाको नाम कतै रमापति राज शर्मा, कतै राम प्रसाद ब्रामण अलग व्यक्ति नभई एकै व्यक्ति भएको, त्यस्तै रिपु भंजन राज, कतै रीपुभँजँ राजोपाध्याय अलग-अलग नभई एकै व्यक्ति हो भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको देखिँदा यसका निवेदकहरू बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| छालिङ | ७ | ५६५ | १-६-०-० | राम सुन्दर सैजु भ.पु. खौमा टोल | भ.पु. खौमा बस्ने राम प्रशाद ब्रामणको नंबरी हो। |

**भूमि प्रशासन कार्यालय भक्तपुरबाट जारी भएको मोही हक नामसारी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

भ.पु.जि., म.थि.न.पा. ४ बस्ने गुण कृष्ण श्रेष्ठले ज.ध.हरू प्रमोद कुमार श्रेष्ठ समेतको नाउँमा दर्ता कायम रहेको भक्तपुर जि., म.थि.न.पा. वडा नं. १७ सि.नं. १०२-११८९-१२ कि.नं. ५४७ को क्षे.फ. १७.१० व.मि. र ऐ.ऐ. सि.नं. १०२-११८९-१३ कि.नं. १९४, ३३० र ९६९ को क्रमशः क्षे.फ. ४१.४०, ८.६३ र ५७२.४५ व.मि. जग्गाहरूका मोही बज्यै जोग माया फसी श्रेष्ठको मिति २०३१ सालमा, निजको पति बुर कुमार श्रेष्ठको मिति २००० सालमा मृत्यु भई हक खाने छोराको जायजन्म नभएको, छोरीहरू तुल्सी माया श्रेष्ठ, हरि माया श्रेष्ठ, सानु माया श्रेष्ठ, कान्छी माया श्रेष्ठ गरी ४ जना भएकोमा निजहरूको विवाह भइसकेको हुँदा विवाहित छोरीमध्ये तुल्सी माया श्रेष्ठको २०६१/११/२९ मा, निजको पति तेज कृष्ण श्रेष्ठको मिति २०२८ सालमा मृत्यु भई हक खाने छोराहरू बाल कृष्ण श्रेष्ठ, धनश्याम श्रेष्ठ, राधेश्याम श्रेष्ठ र विवाहिता छोरीहरू मोती माया श्रेष्ठ, श्याम सुन्दर श्रेष्ठ, पदम श्रेष्ठ भएकोमा, राधेश्याम श्रेष्ठको २०६९/११/०१ मा मृत्यु भई हक खाने हकदारमा श्रीमती दिव्यश्वरी श्रेष्ठ भएकोमा निजले सम्मानित ललितपुर जिल्ला अदालतबाट मिति २०७४/०५/११ मा आफ्नो अंश भाग बुझी लिइसकेको हुँदा निजको अंश भाग नलाग्ने र छोरा राजिब श्रेष्ठ, छोरीहरू रेजना श्रेष्ठ, रेमिना श्रेष्ठ, रजना श्रेष्ठ भएकोमा छोरीहरूको विवाह भइसकेको, त्यस्तै विवाहिता छोरीहरूमध्ये हरिमाया श्रेष्ठको २०५७/१०/१६ मा, निजको पति तुल्सी लाल श्रेष्ठको २०७०/०९/२५ मा मृत्यु भई निजको तर्फबाट सन्तान जायजन्म नभएको, त्यस्तै छोरीहरूमध्ये सानु माया श्रेष्ठको २०५७/०२/०४ मा निजको पति रामदास श्रेष्ठको मिति २०३८/१२/१५ मा मृत्यु भई हक खाने छोराहरू कृष्ण भक्त श्रेष्ठ, रघुराम श्रेष्ठ, माधव श्रेष्ठ भएकोमा, कृष्ण भक्त श्रेष्ठ अविवाहित अवस्थामा २०७३/०२/०६ मा मृत्यु भएको, माधव श्रेष्ठको २०७३/०४/१५ मा, निजकी श्रीमती राम माया श्रेष्ठको २०८२/०३/११ मा मृत्यु भई हक खाने मिहिर श्रेष्ठ, निरु श्रेष्ठ, सरस्वती श्रेष्ठ, लक्ष्मी श्रेष्ठ, सलिना श्रेष्ठ भएको, त्यस्तै छोरीहरूमध्ये कान्छी माया श्रेष्ठको २०६२/०४/११ मा, निजको पति सन्तमान श्रेष्ठको २०७४/०५/२४ मा मृत्यु भई हक खाने छोराहरू गुण कृष्ण श्रेष्ठ, लक्ष्मण श्रेष्ठ भएको हुँदा अन्य हकदारहरूको मञ्जुरीले मेरो नाउँमा मोही हक नामसारी गरिपाऊँ भनी निवेदन गर्नुभएको हुँदा निवेदकले खुलाएको हकदारहरूभन्दा अन्य हकदार कोही छन् वा छैनन् ? मोहीले र निजको पतिले कसैलाई धर्मपुत्र वा अष्टलोह पास गरेको छ वा छैनन् ? मोही जोग माया फसी श्रेष्ठ जीवित हुन्जेल कसले पालन पोषण गरेको हो ? र बिमारी हुँदा औषधी उपचार र मृत्युपछि गरिने सम्पूर्ण सामाजिक संस्कार अनुसारको कार्य कसले गरेको हो ? निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम मोही हक ना.सा. हुनुनपर्ने भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

# समाचार सङ्क्षेप

## ब्राउन सुगरसहित पक्राउ

**इनरुवा** (गोरखापत्र), वैशाख २५ गते । सुनसरीमा चौबिस ग्राम ब्राउन सुगरसहित इटहरी उपमहानगरपालिका–१९ का ३८ वर्षीय चक्रबहादुर जिमीलाई पक्राउ गरेको छ। प्रहरीले जिमीलाई चेकजाँच गर्दा उहाँको साथबाट लागुऔषध ब्राउन सुगर २४.४४ ग्राम फेला परेकाले पक्राउ गरेको हो।

जिल्लाको इटहरी उपमहानगरपालिका–१९, ब्रह्मपुरस्थित लागुऔषध कारोबार भइरहेको सूचनाका आधारमा इलाका प्रहरी कार्यालय इटहरी र सामुदायिक प्रहरी बिट गैसारबाट खटिएको प्रहरी टोलीले चक्रबहादुर जिमीलाई लागुऔषध, उहाँले प्रयोग गर्ने को.३९ प ३१२३ नम्बरको मोटरसाइकल, नगद १९ हजार ९८० र मोबाइल एक थानसहित नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय इटहरीले जनाएको छ।

## भूमिहीनलाई जग्गाधनी प्रमाणपत्र वितरण

**इलाम** (रासस), वैशाख २५ गते। भूमि समस्या समाधान आयोग जिल्ला समिति इलाममार्फत भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन कार्य अन्तर्गत ३७८ परिवारलाई जग्गाधनी प्रमाणपत्र वितरण गरिएको छ।

जिल्ला समितिका संयोजक प्रकाश अधिकारीका अनुसार सबै कानुनी प्रक्रिया पूरा गरी हालसम्म ४४५ परिवारले उपभोग गरेको जग्गा दर्ता गर्ने निर्णय भएको छ। परिवारलाई ५९३ कित्ताको जग्गाधनी प्रमाणपत्र वितरण गरिएको हो। प्रमाणपत्र वितरण तथा दर्ताबाट एक करोड ८६ लाख ३१ हजार ४९५ राजस्व सङ्कलन भएको आयोगले जनाएको छ। यसै गरी ७३८ परिवारको नापजाँच, राजस्व निर्धारण तथा जग्गा दर्ता प्रक्रिया अन्तिम चरणमा पुगेको अधिकारीले बताउनुभयो। पालिकासँगको समन्वय र सहकार्यमा जिल्लाभर कुल २० हजार १७४ निवेदन सङ्कलन गरिएको थियो। भूमिहीन दलिततर्फ २४८, भूमिहीन सुकुमवासीतर्फ ८५७ र अव्यवस्थित बसोबासीतर्फ १८ हजार ९१० निवेदन परेका थिए। तीमध्ये एक हजार ९२६ निवेदन प्रमाणीकरण प्रक्रियामा छन्।

## अपाङ्गता भएका व्यक्तिलाई सहयोगी सामग्री वितरण

**सोलुखुम्बु** (गोरखापत्र), वैशाख २५ गते । सोलुखुम्बुको सोलुदुधकुण्ड नगरपालिकामा अपाङ्गता भएका व्यक्तिलाई आवश्यक सहयोगी सहायक सामग्री वितरण गरिएको छ। प्रदेश सरकार, करुणा फाउन्डेसन नेपाल तथा राष्ट्रिय अपाङ्ग महासङ्घको त्रिपक्षीय लागत साझेदारीमा सञ्चालित 'अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम' अन्तर्गत उक्त सामग्री वितरण गरिएको हो।

ह्विलचेयर पाएपछि खुसी हुँदै स्थानीय क्युरे श्रेष्ठले भन्नुभयो, "हामीले किन्न नसकिरहेको अवस्थामा नगरपालिकाले ह्विलचेयर उपलब्ध गराउँदा सहज भएको छ, स्थानीय सरकारले हामी जस्ता जनतालाई पनि खुसी बनाएको छ।" अर्का अपाङ्गता भएका लोकबहादुर मगरले पनि बैसाखी पाएकोमा हर्षित हुँदै सरकार साथमा रहेको महसुस भएको बताउनुभयो।

कार्यक्रम अन्तर्गत श्रवण समस्या भएका व्यक्तिका लागि श्रवण यन्त्र, हिँडडुलमा सहजताका लागि बैसाखी, ह्विलचेयर, दृष्टिविहीन व्यक्तिका लागि सेतो छडी तथा शारीरिक अशक्तता भएका व्यक्तिका लागि कृत्रिम खुट्टासहित विभिन्न प्रकारका ५२ वटा सहयोगी सामग्री वितरण गरिएको महिला तथा बालबालिका शाखाकी महिला विकास निरीक्षक रिता ढुङ्गानाले जानकारी दिनुभयो।

सामग्री हस्तान्तरण गर्दै सोलुदुधकुण्ड नगरपालिकाकी उपमेयर गान्धीमाया तामाङले समाजमा फरक क्षमता भएका व्यक्तिलाई सहयोग गरेर अरू सरह बाँच्न पाउने अधिकारको सुनिश्चित गर्न नगरपालिका लागिपरेको बताउनुभयो।

# अटिजम र सिकाइ कठिनाइ भएकाका लागि 'वेदा एकेडेमी'

**सुनसरी समाचारदाता**
*इटहरी, वैशाख २५ गते*

वेदा एकेडेमी अहिले विशेष आवश्यकता भएका बालबालिकाका लागि आशाको केन्द्र बन्दै गएको छ। इटहरी–९ मा स्थापित एकेडेमी कोशी प्रदेशमा समावेशी शिक्षाको क्षेत्रमा एउटा महत्त्वपूर्ण उपलब्धि बनेको हो।

अटिजम, सिकाइ कठिनाइ तथा न्युरोटिपिकल (सामान्य विकासक्रम भएका) बालबालिकालाई एउटै शैक्षिक वातावरणमा समेट्ने उद्देश्यसहित स्थापना गरिएको यसै शैक्षिक सत्रबाट सञ्चालन प्रारम्भ गरिएको विद्यालयलाई प्रदेशमै पहिलो समावेशी मोडेलका रूपमा लिइएको छ।

नेपाल सरकारले समावेशी शिक्षा, प्रारम्भिक बालविकास (इसिडी) तथा विशेष आवश्यकता भएका बालबालिकाको शिक्षामा जोड दिँदै नीति तथा कार्यक्रम अगाडि सारेको सन्दर्भमा वेदा एकेडेमीले स्थानीय तहमार्फत गुठीमा दर्ता गर्ने प्रक्रियालाई अगाडि बढाई समावेशी रूपमा विद्यालय सञ्चालनमा ल्याएको विद्यालयकी प्रधानाध्यापक सिर्जना तिम्सिनाले जानकारी दिनुभयो।

शिक्षामन्त्री सस्मित पोखरेलले प्रत्येक प्रदेशमा समावेशी विद्यालयको अवधारणालाई अगाडि सारेको सन्दर्भमा निजी स्तरबाट गरिएको प्रयासस्वरूप स्थापित वेदा एकेडेमीलाई नमुना पहलका रूपमा हेरिएको छ। इटहरी उपमहानगरपालिका शिक्षा शाखामार्फत गुठी अन्तर्गत दर्ता प्रक्रियालाई अगाडि बढाई वेदा एकेडेमीले औपचारिक रूपमा अध्ययन अध्यापन सुरु गरिसकेको छ। यहाँ अटिजम भएका बालबालिकासँगै सिकाइमा कठिनाइ भएका तथा अन्य बालबालिकालाई समावेशी वातावरणमा शिक्षा प्रदान गरिन्छ।

एकेडेमीले विशेष गरी अटिजम भएका र अन्य बालबालिकाबिच सामाजिक अन्तरक्रिया, सहकार्य, सहानुभूति र समावेशी सोच विकासको क्षेत्रलाई प्राथमिकता दिँदै उनीहरूको सहज जीवनयापनमा सहजीकरणको भूमिका निर्वाह गर्ने अपेक्षा राखेको काठमाडौँ विश्वविद्यालय स्कुल




अफ एजुकेसनका शिक्षक तथा वेदा एकेडेमीका सल्लाहकार रमेश बरालको भनाइ छ।

सल्लाहकार बरालका अनुसार वेदा एकेडेमीको मुख्य बल यसको विशेषज्ञ टोली हो। यहाँ वरिष्ठ बालरोग विशेषज्ञ, अटिजम क्षेत्रमा लामो अनुभव भएका विज्ञ, समावेशी शिक्षा विशेषज्ञ तथा सिकाइ कठिनाइसम्बन्धी प्रशिक्षित जनशक्ति सक्रिय रूपमा संलग्न छन्। प्रत्येक बालबालिकाको व्यक्तिगत आवश्यकता पहिचान गरी त्यस अनुसार शिक्षण पद्धति, व्यवहार व्यवस्थापन तथा थेरापी सेवा प्रदान गरिने प्रधानाध्यापक तिम्सिनाको भनाइ छ। वेदा एकेडेमीमा प्रत्येक बालबालिकाको व्यक्तिगत अवस्था र आवश्यकतालाई केन्द्रमा राखेर शिक्षण पद्धति अपनाइन्छ। अटिजम भएका तथा सिकाइ कठिनाइ भएका बालबालिकाका लागि एकै प्रकारको शिक्षण प्रभावकारी नहुने भएकाले यहाँ व्यक्तिगत योजनामा जोड दिइने प्रधानाध्यापक तिम्सिनाले बताउनुभयो।

यसबाहेक अटिजम भएको बालबालिकाका लागि नियमित आवश्यक पर्ने स्पिच, अकुपेसनललगायत थेरापी गराउने भारतीय अनुभवी विशेषज्ञको समेत सहभागिताले विद्यालयको शिक्षण प्रणालीलाई अझ प्रभावकारी र परिणाममुखी बनाउने व्यवस्थापन पक्षको विश्वास छ।

विद्यालय सञ्चालक समिति सदस्य तथा वरिष्ठ बालरोग विशेषज्ञ डा. सञ्जयकुमार साहले विद्यालयमा स्पिच थेरापी, व्यवहार व्यवस्थापन, सामाजिक सिप विकास, आत्मनिर्भरता अभिवृद्धि तथा दैनिक जीवनोपयोगी गतिविधिमा विशेष ध्यान दिइने गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "अटिजम भएका बालबालिकाका लागि यस्ता सेवा अत्यावश्यक मानिन्छन्, जसले उनीहरूको दीर्घकालीन विकास र समाजमा समायोजन हुने क्षमतालाई सुदृढ बनाउँछ।"

विद्यालय व्यवस्थापन समितिका सदस्य तथा पूर्वाञ्चल विश्वविद्यालय नर्सिङ सङ्कायका उपप्राध्यापक सरिता खतिवडाका अनुसार वेदा एकेडेमीको मूल विशेषता यसको समावेशी शैक्षिक संरचना हो। त्यहाँ अटिजम भएका बालबालिकासँगै सिकाइ कठिनाइ भएका तथा न्युरोटिपिकल बालबालिकालाई एउटै वातावरणमा अध्ययन गराइन्छ। फरक फरक क्षमताका बालबालिकालाई एउटै कक्षामा राख्दा उनीहरूबिच सहकार्य, सहानुभूति र पारस्परिक सम्मानको भावना विकास हुने विश्वास गरिएको छ। उहाँका अनुसार यस्तो अभ्यासले बालबालिकालाई सानैदेखि विविधता स्वीकार गर्ने संस्कार दिन्छ, जसले दीर्घकालीन रूपमा समावेशी समाज निर्माणमा योगदान पुऱ्याउँछ।

अटिजम भएका बालबालिकाका अभिभावकले आफ्ना 'अटिस्टिक' बालबालिकाका लागि उपयुक्त शैक्षिक संस्था नहुँदा विगतमा धेरै चुनौती सामना गर्नु परेको थियो तर वेदा एकेडेमी सञ्चालनमा आएपछि बालबालिकाले सुरक्षित, सहायक र व्यावसायिक वातावरण पाएको उनीहरूको अनुभव छ।

वेदा एकेडेमीले समावेशी शिक्षाको माध्यमबाट अगाडि सारेका नीतिगत अवधारणालाई व्यावहारिक कार्यान्वयनमा ल्याउने महत्त्वपूर्ण काम गरेको अटिजम भएका बालबालिकाका अभिभावकको विश्वास रहेको छ।

# पर्यटन पूर्वाधार र प्रवर्धनमा प्रगति भएको दाबी



तस्बिर : शशिधर पराजुली

**पत्रकार सम्मेलनमा मन्त्री भीम पराजुलीलगायत ।**

**विराटनगर समाचारदाता**
*विराटनगर, वैशाख २५ गते*

कोशी प्रदेशका पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुलीले आफ्नो कार्यकालको एक सय दिन पूरा भएको अवसरमा मन्त्रालयले सम्पादन गरेका एक सय वटा मुख्य उपलब्धि सार्वजनिक गर्नुभएको छ। शुक्रबार सार्वजनिक गरिएका उपलब्धिमा पर्यटन प्रवर्धन, वन व्यवस्थापन, जैविक विविधता संरक्षण र सुशासनका क्षेत्र समेटिएका छन्।

मन्त्री पराजुलीले पर्यटन प्रवर्धनका लागि गण्डकी, मधेश र बागमती प्रदेशसँग द्विपक्षीय समझदारी, पोखरा–विराटनगर सिधा हवाई सेवा र पर्यटकीय बस सञ्चालनका लागि पहल गर्नुभएको हो। सुनसरीको रामधुनीलाई रामायण सर्किटसँग जोड्न र चितवनका पर्यटन व्यवसायीसँग एकीकृत प्याकेज बनाउन पहल सुरु भएको छ। पूर्वाधारतर्फ ओखलढुङ्गाको हर्कपुरमा पर्यटन सूचना केन्द्र स्थापना गरिएको छ भने ४६.९ किलोमिटर पदमार्ग निर्माण तथा मर्मत सम्पन्न गरिएको छ।

वनक्षेत्रबाट छ करोड दुई लाख ९२ हजार राजस्व सङ्कलन भएको छ। सरकारी, सामुदायिक र निजी वनबाट लाखौँ क्युबिक फिट काठ र दाउरा उत्पादन गरी बिक्रीवितरण तथा लिलाम प्रक्रिया अगाडि बढाइएको छ। धनकुटा र पाँचथरमा स्थायी नर्सरी निर्माण गरी ४० वटा नर्सरी मर्मत गरिएको छ। मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि झापा, मोरङ र सुनसरीमा र्‍यापिड रेस्पोन्स टिम गठन गरी ड्रोनमार्फत गस्ती सुरु गरिएको छ भने ३३ किलोमिटर क्षेत्रमा सोलार फेन्स र सौर्य तारबार मर्मत गरिएको छ।

संरक्षणतर्फ सन्दकपुरमा रेड पाण्डा र पाँचथरमा चौँरी महोत्सव आयोजना गरिएको छ। ओखलढुङ्गामा रेड पाण्डाको सर्वेक्षण र पहिरो नक्साङ्कन सम्पन्न भएको छ। वातावरणतर्फ ३३ वटा अध्ययन प्रतिवेदन स्वीकृत गरिएका छन् भने १३ स्थानमा सडक पहिरो रोकथाम र १० स्थानमा सिँचाइ जलाधार व्यवस्थापनका कार्य सम्पन्न भएका छन्।

यस अवधिको महत्त्वपूर्ण उपलब्धि मन्त्रालय र वन निर्देशनालयको बेरुजु शून्य रहनु हो, जसले वित्तीय अनुशासन र सुशासनलाई पुष्टि गरेको मन्त्री पराजुलीले बताउनुभयो। आर्थिक वर्ष २०८२/८३ मा मन्त्रालयले वित्तीय ३७.९८ प्रतिशत र भौतिक ७२.५ प्रतिशत प्रगति हासिल गरेको छ। मन्त्रालयका सचिव डा. इन्द्रप्रसाद सापकोटाले आगामी वर्षदेखि २५ लाखभन्दा कम बजेटका साना योजना मन्त्रालयमा नराखिने र त्यस्ता योजना स्थानीय तहमा पठाइने जानकारी दिनुभयो। मन्त्रालयले पत्रकारसँग वन, वातावरण, जलवायु र पर्यटनका विविध विषयमा झन्डै तीन घण्टा अन्तर्क्रियासमेत गरेको थियो।

# 'रामप्रसाद राई' गाउँपालिकाको शैक्षिक श्वेतपत्र जारी

**राष्ट्रिय समाचार समिति**
*भोजपुर, वैशाख २५ गते*

रामप्रसाद राई गाउँपालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यसहित २१ बुँदे 'शैक्षिक श्वेतपत्र–२०८३' जारी गरेको छ। गाउँपालिकाभित्र रहेका विद्यालयको शैक्षिक अवस्थालाई सुदृढ बनाउँदै दक्ष, सिपयुक्त तथा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने दीर्घकालीन लक्ष्यका साथ उक्त श्वेतपत्र सार्वजनिक गरिएको हो।

शिक्षा क्षेत्रमा देखिएका विभिन्न समस्या, जस्तै विद्यार्थीको घट्दो उपस्थिति, नतिजामा आएको गिरावट, दक्ष जनशक्तिको अभाव, पूर्वाधारको कमीलगायतका चुनौतीलाई सम्बोधन गर्ने उद्देश्यले यो पहल गरिएको गाउँपालिकाले जनाएको छ।

श्वेतपत्रमार्फत विद्यालय व्यवस्थापन, शिक्षकको क्षमता अभिवृद्धि, विद्यार्थीको सिकाइ उपलब्धि सुधार, प्रविधिमैत्री शिक्षण प्रणालीको विकास र अभिभावकको सहभागिता वृद्धि गर्ने विषयलाई प्राथमिकतामा राखिएको छ। गाउँपालिकाले माध्यमिक शिक्षा परीक्षा (एसइई) मा उत्कृष्ट नतिजा हासिल गर्ने एक/एक जना छात्र र छात्रा तथा माध्यमिक तहका एक सर्वोकृष्ट शिक्षकलाई एक–एक थान ल्यापटप प्रदान गर्ने घोषणा गरेको छ। यसले विद्यार्थीमा प्रतिस्पर्धात्मक भावना विकास गर्नुका साथै शिक्षकलाई अझ जिम्मेवार र उत्प्रेरित बनाउने गाउँपालिकाको भनाइ छ।

गाउँपालिकाभित्र सञ्चालनमा रहेका ३४ वटा सामुदायिक विद्यालयमध्येबाट उत्कृष्ट शिक्षक छनोट गरी १० जनालाई जनही १० हजार नगदसहित सम्मान गरिने छ। कक्षा ८ मा उत्कृष्ट अङ्क ल्याउने एक जना छात्र र एक जना छात्रालाई पनि जनही १० हजारसहित सम्मान गर्ने व्यवस्था गरिएको छ। यस्ता प्रोत्साहनमूलक कार्यक्रमले विद्यार्थी र शिक्षक दुवैलाई राम्रो प्रदर्शन गर्न थप ऊर्जा दिने विश्वास गरिएको छ।

श्वेतपत्रमा विद्यालयको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने, शिक्षकको उपस्थितिलाई कडाइका साथ लागु गर्ने, शैक्षिक सामग्रीको उपलब्धता सुनिश्चित गर्ने, पुस्तकालय तथा प्रयोगशालाको व्यवस्थापन सुधार गर्ने, सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्ने, अतिरिक्त क्रियाकलापलाई प्रोत्साहन गर्नेलगायत बुँदा समेटिएको बताइएको छ। साथै विद्यालय–अभिभावक–समुदायबिचको सहकार्यलाई मजबुत बनाउने विषयलाई पनि प्राथमिकतामा राखिएको छ।

'विकासको पहिलो आधार नै शिक्षा हो, अध्यक्ष राईले भन्नुभयो, "शिक्षा क्षेत्रको गुणस्तर सुधारले मात्र समग्र विकासलाई गति दिन सक्छ। त्यसैले २१ बुँदे श्वेतपत्रमार्फत हामीले ठोस योजना अघि सारेका छौँ। यसको प्रभावकारी कार्यान्वयनमा सबैको साथ आवश्यक छ।" गाउँपालिकाले जारी गरेको उक्त श्वेतपत्रले स्थानीय तहमा शिक्षा सुधारको स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ। यसको प्रभावकारी कार्यान्वयन भएमा सामुदायिक विद्यालयको गुणस्तरमा सुधारका साथै विद्यार्थीको सिकाइ उपलब्धिमा सकारात्मक परिवर्तन देखिने स्थानीय जानकारको भनाइ छ।

# गान्धी मनमोहनमार्ग अलपत्र

**उर्लाबारी समाचारदाता**
*उर्लाबारी, वैशाख २५ गते*

हिउँदमा धुलो र वर्षायाममा हिलो खेपिरहेका मोरङको पथरीशनिश्चरे–१०, शिविरडाँडाबाट शनिश्चरे बजारदेखि गान्धीआश्रम–टकुवा हुँदै रङ्गेली जोड्ने गान्धी–मनमोहनमार्गका यात्रीको दुःख यो वर्ष पनि उस्तै छ। पाँच वर्षदेखि लथालिङ्ग भएको सडक २०८१ को फागुनमा कालोपत्रे हुन थालेपछि स्थानीय खुसी भएका थिए तर तीन महिनापछि काम बन्द भएपछि अवस्था जस्ताको त्यस्तै छ।

दुई खण्डमा ठेक्का लागेको यो सडकको ठेक्का सम्झौता २०७६ कात्तिक २४ गते भएको थियो। हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय इटहरीका सूचना अधिकारी उपेन्द्र दासले भन्नुभयो, "सम्झौता भए अनुसार २०७९ कात्तिक २३ गते सडक निर्माण गरी हस्तान्तरण गर्नुपर्ने थियो। पथरीदेखि डाँसखोलासम्मको १५ किलोमिटर सडक ७७ करोड नौ लाख ७०८ रुपियाँ ५२ पैसामा ठेक्का लागेको हो।"

सूचना अधिकारी उपेन्द्र दासका अनुसार तेस्रो पटक थपेको म्याद सकिन अब दुई महिनाभन्दा कम समय बाँकी छ। अर्थात् तेस्रो पटक थपेको म्याद २०८३ को असार १६ गते सकिन्छ तर सात वर्षको अवधिमा सडकको भौतिक प्रगति ४५ प्रतिशत मात्र भएको छ। अर्थात् आधा काम भएको छैन। त्यस्तै ३८.५५ प्रतिशत वित्तीय प्रगति भएको छ। यो खण्डमा हालसम्म पाँच किलोमिटर सडक कालोपत्रे भएको छ।

दोस्रो खण्डको काम अझ सुस्त छ। सूचना अधिकारी उपेन्द्र दासले भन्नुभयो, "दोस्रो खण्डमा डाँसखोलादेखि नेपाल–भारत सीमाको चोप्राहा बोर्डरसम्मको १४.७९७ मिटर सडक पर्छ। यो खण्ड ८० करोड ४५ लाख ९१ हजार १९५ रुपियाँ ३१ पैसामा ठेक्का लागेको हो।" २०७६ कात्तिक २४ गते ठेक्का सम्झौता भएको सडक तीन वर्षमा अर्थात् २०७९ कात्तिक २३ गते निर्माण सम्पन्न गर्नुपर्ने थियो। हुलाकी राजमार्ग निर्देशनालयले तेस्रो पटक म्याद थपेर २०८३ को असार १६ गते निर्माण सम्पन्न गर्न पुनः सम्झौता भएको थियो तर यो खण्डमा हालसम्म ३७ प्रतिशत मात्र भौतिक प्रगति भएको छ।

# रामधुनी मन्दिरमा एक सय आठ धारा

**वराहक्षेत्र समाचारदाता**
*वराहक्षेत्र, वैशाख २५ गते*

धार्मिक ऐतिहासिक धरोहरका रूपमा रहेको सुनसरीको रामधुनी मन्दिरपरिसरमा १०८ धारा निर्माण गरिएको छ। धारा निर्माणसँगै रामधुनी मन्दिरमा दर्शन गर्न आउने श्रद्धालुले स्नान गर्न पाउने भएका छन्।

भगवान् रामको पाउ स्पर्श भएको मन्दिरमा धारा निर्माण भएसँगै श्रद्धालुले तीर्थस्थलमा सहज रूपमा स्नान गर्न पाउने रामधुनी बाबा वनखण्डी मन्दिर गुठी व्यवस्थापन समितिले जनाएको छ। सङ्घीय पर्यटन मन्त्रालय र रामधुनी नगरपालिकाको ५०/५० प्रतिशत अनुदान सहयोगबाट निर्माण भएको १०८ धारा, मण्डपसहित कमलकुण्ड पोखरीको सौन्दर्यीकरण गरिएको मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्ष डिल्ली कार्कीले बताउनुभयो।

सङ्घीय पर्यटन मन्त्रालय र रामधुनी नगरपालिकाको संयुक्त लगानी एक करोड ३४ लाख ५६ हजार १०९ रुपियाँ पाँच पैसा बजेटमा गत वर्ष ठेक्का लागेर धारा, मण्डप, कमलकुण्ड पोखरीको सौन्दर्यीकरण गरिएको बताइएको छ।

पौराणिक कथन अनुसार त्रेता युगमा भगवान् रामचन्द्र वनवासको क्रममा यस तपोवनको पुण्य स्थलमा धुनी लगाएर एक रात बास बसेको र आफ्ना पाउका एक जोर खराउ बास



बसेकै ठाउँमा छाडी गएको भन्ने भनाइ छ। रामको चरण परेको भूमि र उनले बालेको धुनी हेर्न देश तथा विदेशबाट श्रद्धालु दर्शन गर्न आउने गरेका छन्।

सङ्घीय, स्थानीय सरकारले चासो दिँदा मन्दिरको मुहार फेरिने क्रम बढ्दै गएको गुठी व्यवस्थापन समितिका उपाध्यक्ष रामप्रकाश कोइराला बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "पछिल्लो समय मन्दिरमा आन्तरिक र बाह्य धार्मिक पर्यटकको चहलपहल बाक्लिएको छ। उदासी सम्प्रदायको धार्मिक पर्यटकको आकर्षण बढेको छ।

सुनसरीको वराहक्षेत्र नगरपालिका, भोक्राहा नरसिङ्गा गाउँपालिकाको सीमामा पर्ने रामधुनी नगरपालिका–४, जङ्गलको बिचमा मन्दिर रहेको छ। मन्दिरको विकासका लागि सङ्घीय सरकार र स्थानीय सरकारले बजेट उपलब्ध गराउँदा मन्दिर क्षेत्रको विकासमा सहयोग पुगेको रामधुनी बाबा वनखण्डी मन्दिर गुठी व्यवस्थापन समितिका उपाध्यक्ष रामप्रकाश कोइरालाले बताउनुभयो।

**नेपाल विद्युत प्राधिकरण**
दरबारमार्ग, काठमाडौँ, फोन नं. ११५०

**विद्युत आपूर्ति बन्द हुने सम्बन्धी सूचना**

nderground केवल जडान तथा चर्जिंग र फिडर Preventive Maintenence कार्य गर्नुपर्ने हुँदा मिति २०८३/०१/२६ गते शनिबारबार बिहान ०७:०० बजेदेखी दिउसो १२:०० बजेसम्म सिंहदरबार–२ फिडर अन्तर्गत सिंहदरबार भित्र, न्युरो अस्पताल तथा दिउसो १२:०० बजे देखि १६:०० बजेसम्म नयाँबजार फिडर अन्तर्गत नयाँबजर क्षेत्र, इन्द्रेणी र आसपासका क्षेत्रमा विद्युत आपूर्ति बन्द हुने **साथै**

मिति २०८३/०१/२७ गते आइतबार बिहान ०७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म सिंहदरबार–२ फिडर अन्तर्गत सिंहदरबार भित्र, न्युरो अस्पताल तथा दिउँसो १२:०० बजे देखि १६:०० बजेसम्म असन फिडर अन्तर्गत भोटाहिटी, असन चोक र आसपासका क्षेत्रमा विद्युत आपूर्ति बन्द हुनेभएकोले सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध गर्दछौँ। थप जानकारीको लागी ने.वि.प्रा. को वेबसाईट www.nea.org.np मा हेर्न या ने.वि.प्रा. को हटलाइन नम्बर ११५० को एक्सटेन्सन नं. ३ मा डायल गरी बुझ्न सकिने छ। यसबाट पर्न जाने असुविधाप्रति नेपाल विद्युत प्राधिकरण क्षमाप्रार्थी छ। कार्य सम्पन्न भएमा निर्धारित समयअगावै विद्युत सेवा सुचारु हुनेछ।

**तीनपाटन गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यलय
लाम्पन्टार, सिन्धुली, बागमती प्रदेश, नेपाल

**दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचना**
(सूचना प्रकाशन मितिः२०८३/०१/२६ गते )

मिति २०८३/०१/१७ गते गोरखापत्रमा निम्न कार्यको बोलपत्र आह्वान भए अनुसार प्राप्त बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनोट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| कामको विवरण | व्यवसायीको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट समेत) |
|---|---|---|
| Procurement of Third Party Consulting firm for the measurement of quantities of riverbed materials e tracted by the the contractor from irgha Chadaha and Langurkhola river flowing along Tinpatan Rural Municipality, Sindhuli for FY 2082/083 | Point Consulting ngineering and esigners Pvt.ltd Bibhutimarga Buddhanagar Kathmandu,Nepal | 3 3 0/- |

**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**नेपालगन्ज उड्डयन कार्यालय**
**नेपालगञ्ज, बाँके**

**भि.ओ.आर./डि.एम.ई. परिसरको जग्गा कृषि प्रयोजनका लागि बहालमा लगाउने ठेक्का कार्यको बोलपत्र आव्हानको सूचना**

बोलपत्र नं.०२/०८२/८३
(प्रथम पटक प्रकाशित मिति २०८३/०१/२६)

नेपालगञ्ज विमानस्थलको भि.ओ.आर./डि.एम.ई. परिसरको करिब ४५ विगाहा क्षेत्रफलमा रहेको जग्गा ५ वर्षका लागी सामान्य कृषि प्रयोजनमा न्यूनतम ठेक अंक रु.१,३२,००,०००/– (अक्षरुपी रु. एक करोड बत्तिस लाख मात्र) कायम गरी जग्गा बहालमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिल अनुसारका शर्तहरूको अधिनमा रही काम गर्न इच्छुक कारोवारको इजाजत प्राप्त करमा दर्ता भएका फर्म/कम्पनी/संस्थाहरूबाट रितपूर्वकको सिलवन्दी बोलपत्र आह्वान गरिन्छ।

शर्तहरू:

१) यो सूचना प्रकाशित भएको मितिले २० औं दिनको कार्यालय समय भित्र बोलपत्र दस्तुर बापतको रकम रु.३,३९०/– (मु.अ.कर सहित) पछि फिर्ता नहुने गरी यस कार्यालयको सिद्धार्थ बैंक लि., नेपालगंज स्थित खाता नं. ०१५१५०८०४७५ मा दाखिला गरी सोको सक्कल बैंक भौचर कार्यालयमा पेश गरी प्राप्त रसिद सहित तपशिल बमोजिमका कागजातहरू अनिवार्य रूपमा पेश गरी यस कार्यालयको प्रशासन शाखाबाट बोलपत्र सम्बन्धी कागजात खरीद गरी सक्नु पर्ने छ।
(क) नविकरण सहितको फर्म दर्ता प्रमाणपत्र, प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,
(ख) मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ग) आर्थिक वर्ष २०८१/८२ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(घ) व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वःघोषणा पत्र,
(ङ) सञ्चालकहरूको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
(च) नेपाल नागरिक उड्डयन प्राधिरकणलाई बुझाउनु पर्ने बक्यौता रकम नरहेको Clearance etter।
(छ) बोलपत्र प्रक्रियामा सहभागिता जनाउने सम्बन्धमा कम्पनीको सञ्चालक बोर्डको निर्णय संलग्न हुनु पर्नेछ। साझेदारी ( oint enture) भए साझेदारी करारपत्रको प्रमाणित प्रतिलिपि तथा प्रत्येक साझेदार सञ्चालकहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि समेत पेस गर्नुपर्नेछ।

२) आफ्नो कुल कबोल अंकको ५% ले हुन आउने रकम श्री सिद्धार्थ बैंक लि., नेपालगंज स्थित यस कार्यालयको चल्ती खाता नं.०१५१५०८०४४३ मा जम्मा गरेको बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको मान्यता प्राप्त कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र खोलिने मिति देखि ९० दिन भन्दा बढि अवधिको म्याद भएको बैंक जमानत (कार्यालयबाट स्वीकृत नमुना बमोजिम) बोलपत्र साथ पेश गर्नु पर्नेछ।

३) प्राप्त बोलपत्र २२ (बाईसौँ) दिनको २:०० बजे फर्म/कम्पनी/संस्था वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यायलमा खोलिने छ। फर्म/कम्पनी/संस्था वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खरीद, दाखिला र खोल्ने अन्तिम दिन बिदा परेमा उक्त कार्य कार्यालय खुलेको पहिलो दिन सोही समय अनुसार गरिने छ।

४) यस सूचनासँग सम्बन्धित अन्य शर्तहरू सहितको पुर्ण सूचना नेपाल नागरिक उड्डयन प्राधिकरण तथा नेपालगंज नागरिक उड्डयन कार्यालयको आधिकारिक **Website** क्रमशः caanepal.gov.np र nepalgun .caanepal.gov.np राखिएको छ। यस सूचनाको बारेमा थप कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार


**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | २,९९,९०० ▲ |
| चाँदी | : | ५२७५ ▲ |

**सेयर बजार**

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २७४५.६५ (+२७.४९) ▲ |
| कारोबार रकम | : | ३,२८६,८७०,५५१ ▲ |
| कारोबार भएका सेयर | : | ७,४७८,५६२ |
| कारोबार सङ्ख्या | : | ५३,०१४ |
| कारोबार भएका कम्पनी | : | ३३५ |

## नेपाल–भारत विद्युत् व्यापार सम्झौता
# संसद्बाट अनुमोदन गर्न नपर्ने



- नेपाल-भारत 'लङ टर्म पावर ट्रेड एग्रिमेन्ट-२०२४' संसद्बाट अनुमोदन गर्न नपर्ने तर सम्झौताको जानकारीका लागि सङ्घीय संसद्का दुवै सदनमा पठाउनुपर्ने ।
- राष्ट्रिय हित, स्वदेशी विद्युत् खपत र ऊर्जा स्वाधीनता प्रभावित नहुने सुनिश्चित गर्न सरकारलाई छबुँदे निर्देशनात्मक आदेश ।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २५ गते*

सर्वोच्च अदालतले नेपाल र भारतबिच भएको 'लङ टर्म पावर ट्रेड एग्रिमेन्ट-२०२४' सङ्घीय संसद्का दुवै सदनमा जानकारीका लागि पठाउन सरकारका नाममा निर्देशनात्मक आदेश गरेको छ। सम्झौताविरुद्धको रिट खारेज भएको डेढ वर्षपछि पूर्णपाठ सार्वजनिक गर्दै सर्वोच्चले सम्झौता संविधानको धारा २७९ अनुसार संसद्बाट अनुमोदन भने गर्नु नपर्ने फैसला गरेको छ। दुवै सदनको जानकारीका लागि सम्झौता पठाउन भने अदालतले आदेशमा उल्लेख गरेको छ। अदालतको फैसलासँगै भारतसँगको दीर्घकालीन विद्युत् व्यापार योजनालाई अघि बढाउने बाटो खुलेको छ।

तत्कालीन प्रधान न्यायाधीश प्रकाशमानसिंह राउत तथा न्यायाधीशद्वय सपना प्रधान मल्ल र महेश शर्मा पौडेलको पूर्ण इजलासले निवेदकको माग अनुसार सम्झौता संसद्बाट अनुमोदन हुने प्रकृति नरहेको फैसलामा उल्लेख छ। अदालतको निर्देशनात्मक आदेशमा भनिएको छ, "नेपाल सन्धि ऐन, २०४७ को दफा १० मा यस ऐनको दफा ६ बमोजिम नेपाल सरकारले स्वीकार गरेका सन्धिको सूचना व्यवस्थापिकामा पेस गर्नुपर्ने हुँदा प्रस्तुत सम्झौता जानकारीका लागि ३० दिनभित्र संसद्का दुवै सदनमा पठाउनू।"

अदालतले सम्झौता नेपालको संविधान, प्रचलित कानुन र अन्तर्राष्ट्रिय सन्धि तथा अभ्यास अनुसार नै भएको निष्कर्ष निकालेको छ । निवेदक पक्षले दीर्घकालीन विद्युत् व्यापार सम्झौताले नेपालको ऊर्जा स्वाधीनता, प्राकृतिक स्रोत र राष्ट्रिय हितमा असर पर्ने दाबी गर्दै सम्झौता कार्यान्वयन रोक्न मागसमेत गरेका थिए। अदालतले सम्झौताले नेपालमा उत्पादित विद्युत् निर्यात, प्रसारण लाइनको पूर्वाधारको विस्तार तथा द्विपक्षीय ऊर्जा सहकार्यलाई संस्थागत गर्ने उद्देश्य राखेकाले असंवैधानिक भन्न नमिल्ने ठहर गरेको हो। सम्झौतामा नेपालबाट भारततर्फ १० हजार मेगावाटसम्म विद्युत् निर्यात गर्ने दीर्घकालीन लक्ष्य लिइएको छ।

सर्वोच्चले निर्देशनात्मक आदेशका क्रममा नेपाल सन्धि ऐन, २०४७ को दफा १२ बमोजिम द्विपक्षीय सम्झौतालाई नेपाल राजपत्रमा प्रकाशन गर्न पनि आदेश गरेको छ। सम्झौता अनुसार विद्युत् व्यापार ग्रिड जडान तथा प्रसारण पूर्वाधारको विस्तारमा राष्ट्रिय हित प्रतिकूल नहुने गरी कार्यान्वयन गर्न पनि सरकारलाई आदेश गरेको छ । विद्युत् बिक्री गर्दा स्वदेशी खपतमा कुनै कटौती नहुने तथा प्रतिकूल प्रभाव नपर्ने सुनिश्चित गर्न पनि अदालतले आदेशमा भनेको छ।

सम्झौता कार्यान्वयनका क्रममा जलस्रोत बाँडफाँट वा उपयोगलगायतका विषयमा थप सम्झौता गर्नुपर्ने भएमा नेपालको राष्ट्रिय हित प्रतिकूल नहुने तथा अन्य कुनै पनि मुलुकको एकाधिकार कायम नहुने प्रबन्ध गर्न पनि अदालतले आदेशमा उल्लेख गरेको छ।

## समझदारी संशोधन गर्न आदेश

**बुलबुले समाचारदाता**
*सुर्खेत, वैशाख २५ गते*

भारतीय सरकारी कम्पनीसँगको साझेदारीमा निर्माण प्रस्ताव गरिएको फुकोट कर्णाली जलविद्युत् आयोजनाको समझदारीपत्रको प्रावधान संशोधन गर्न सर्वोच्च अदालतले निर्देशनात्मक आदेश दिएको छ । यससम्बन्धी मुद्दाको पूर्णपाठ सार्वजनिक गर्दै आयोजनाबाट नेपाललाई निःशुल्क प्राप्त हुने बिजुलीको अनुपात बढाउन निर्देशनात्मक आदेशसहित विलम्ब भएको समय समायोजन गर्न पनि निर्देश गरिएको छ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारत भ्रमणका क्रममा मे २०२३ मा सरकारी स्वामित्वको विद्युत् उत्पादन कम्पनी (भियुसिएल) र भारतीय सरकारी स्वामित्वको नेसनल हाइड्रोइलेक्ट्रिक पावर कर्पोरेसन (एनएचपिसी) बिच समझदारी (एमओयु) भएको थियो। समझदारीपत्रको प्रावधान अनुसार प्राप्त हुने भनिएको २१.९ प्रतिशत बिजुलीको परिमाण भने बढाउन भनिएको छ। "नेपालले निर्माणको तयारीसमेत गरिसकेको उच्च प्रतिफलयुक्त आयोजनाबाट सरकारले केवल २१.९ प्रतिशत बिजुली मात्र प्राप्त गर्ने सम्झौतामा पुन : समझदारी गरी नेपाल सरकारको लगानीसमेतलाई ध्यानमा राखी लगानीको अनुपातमा समन्याय हुने गरी निःशुल्क प्राप्त हुने अनुपातमा यथासम्भव वृद्धि गर्न समझदारीपत्रमा आवश्यक संशोधनको व्यवस्था मिलाई कार्यान्वयन गर्ने," अदालतले भनेको छ।

भियुसिएलका निमित्त प्रमुख कार्यकारी अधिकृत (सिइओ) हिरामान वाइबाले एनएचपिसीलाई आदेशबारे जानकारी गराई संवादका लागि आग्रह गरिएको तर प्रतिक्रिया भने प्राप्त नभएको बताउनुभयो।

कालीकोट जिल्लामा अवस्थित कर्णाली नदीमा बन्ने ४८० मेगावाटको फुकोट कर्णालीको निर्माण लागत करिब ९२ अर्ब रुपियाँ छ। २०७५ सालमा आयोजनाको सर्वेक्षणका लागि विद्युत् विकास विभागले अनुमति दिएको थियो।

**एमआरपी विवाद**

# भैरहवा नाकाबाट छुट्न थाले सामान



**भैरहवा समाचारदाता**
*भैरहवा, वैशाख २५ गते*

अधिकतम खुद्रा मूल्य (एमआरपी) उल्लेख अनिवार्य गर्ने व्यवस्थाका कारण अवरुद्ध बनेको भैरहवा नाकाको आयात प्रक्रिया भन्सार विभागको सहजीकरणपछि पुनः सहज हुन थालेको छ।

भन्सारविन्दुमै एमआरपी, ब्रान्ड तथा उपभोग्य मिति उल्लेख भएको लेबल अनिवार्य हुनुपर्ने नियम कार्यान्वयन गरिएपछि १० दिनदेखि आयात प्रक्रिया प्रभावित थियो। विभागले आयातकर्ताबाट लिखित स्वघोषणा गराएर तत्कालका लागि सामान छुटाउन दिने व्यवस्था गरेपछि रोकिएका सामग्री भन्सारबाट छुट्न थालेका हुन्।

भन्सार विभागले बुधबार साँझ जारी गरेको सहजीकरण अनुसार आयातकर्ताले बजारमा बिक्री वितरणअघि एमआरपी, ब्रान्ड, उपभोग्य मितिलगायतका विवरण उल्लेख भएको लेबल टाँस्ने प्रतिबद्धता जनाएपछि सामान आयात गर्न सकिने व्यवस्था गरिएको हो।

भैरहवा भन्सार कार्यालयका प्रमुख हरिहर पौडेलले विभागबाट मौखिक रूपमा सहजीकरणको जानकारी प्राप्त भएसँगै बिहीबारदेखि आयात प्रक्रिया पुनः सञ्चालनमा आएको बताउनुभयो। "एमआरपी उल्लेख नगरिएका सामान आयात गर्ने व्यवसायीबाट भन्सारमै लिखित प्रतिबद्धतासहितको स्वघोषणा गराइएको छ," पौडेलले भन्नुभयो, "यसपछि रोकिएका सामान धमाधम छुट्न थालेका छन्।"

एमआरपीसम्बन्धी नयाँ व्यवस्था लागु भएपछि भैरहवा नाकामा ठुलो सङ्ख्यामा मालवाहक गाडी रोकिएका थिए। नेपाल भन्सार एजेन्ट सङ्घ, सिद्धार्थनगरका अनुसार चार सयभन्दा बढी गाडी भन्सार प्रक्रिया नहुँदा नाकामै रोकिएका थिए।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको चैत ३० गतेको पत्रका आधारमा वाणिज्य विभागले १५ दिने सूचना जारी गर्दै एमआरपी, ब्रान्ड र उपभोग्य मिति उल्लेख नभएका तयारी वस्तु तथा खाद्य सामग्री आयातमा कडाइ गरेको थियो। सोही निर्देशन अनुसार वैशाख १४ गतेदेखि भन्सारविन्दुमै यस्ता सामग्री रोक्न थालिएको थियो।

व्यवसायीले अत्यन्त छोटो समयमै नियम लागु गरिएको, धेरै सामानपहिले नै विदेशबाट अर्डर भइसकेको तथा कतिपय वस्तुमा भन्सारविन्दुमै लेबल टाँस्न व्यावहारिक कठिनाइ हुने भन्दै विरोध जनाएका थिए। उनीहरूले गोदाममा पुगेपछि मात्रै एमआरपीसहितको लेबल टाँस्न पाउनुपर्ने माग राख्दै आएका छन्।

आयातकर्ताले सामान नछुटाउँदा कतिपय सामग्री लामो समयसम्म भन्सारपरिसर तथा बाटोमै रोकिएका थिए। यसले आयात व्यापार मात्रै नभई राजस्व सङ्कलनमा समेत असर पारेको थियो। भैरहवा भन्सार कार्यालयका अनुसार एमआरपीसम्बन्धी कडाइपछि वैशाख १४ गतेयता आयात क्रमशः घट्दै गएको थियो।

सहजीकरणपछि भने बिहीबारसम्म रोकिएका ९० भन्दा बढी ट्रकका सामान भन्सारबाट छुटेका छन्। बिहीबार मात्रै कार्यालयले ५४ करोड रुपियाँ राजस्व सङ्कलन गरेको जनाएको छ। भन्सार प्रमुख पौडेलका अनुसार वैशाख १४ यताकै यो सबैभन्दा ठुलो राजस्व असुली हो।

नेपाल भन्सार एजेन्ट सङ्घ, सिद्धार्थनगरका अध्यक्ष मधुप्रसाद पन्थीले जापान, चीनलगायत तेस्रो मुलुकबाट आउने सामानमा नयाँ व्यवस्था कार्यान्वयन गर्न बढी जटिलता देखिएको बताउनुभयो। "विदेशबाट सामान नेपाल आइपुग्न महिनौँ लाग्ने अवस्था हुन्छ," पन्थीले भन्नुभयो, "छोटो सूचनाका आधारमा नियम लागु हुँदा बाटोमै रहेका सामानमा तत्काल एमआरपी कार्यान्वयन गर्न कठिन भयो।"

उहाँका अनुसार भैरहवा नाकाको तुलनामा चीन तथा तेस्रो मुलुकसँग बढी व्यापार हुने वीरगन्ज, विराटनगर, तातोपानी र केरुङ नाकामा यसको प्रभाव अझ बढी देखिएको छ। भैरहवा नाका मुख्य रूपमा भारतसँगको औद्योगिक कच्चा पदार्थ तथा दैनिक व्यापारिक सामग्री आयातका लागि प्रयोग हुने प्रमुख नाका मानिन्छ।

## सहकारीका ऋणीको थप नाम सार्वजनिक

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २५ गते*

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले दोस्रो चरणमा ११ समस्याग्रस्त सहकारीका १०९ ठुला ऋणीको नाम सार्वजनिक गरेको छ। सहकारी बचत फिर्ताको दबाब बढिरहेका बेला समितिले ठुला ऋणीमाथि सार्वजनिक दबाब सिर्जना गर्ने रणनीति अघि बढाएको छ।

समितिले 'ठुला ऋणीको नामावली प्रकाशन-२' शीर्षकमार्फत ११ वटा समस्याग्रस्त सहकारी संस्थासँग सम्बन्धित १०९ जना ठुला ऋणीको विवरण सार्वजनिक गरेको हो।

यसअघि समितिले पहिलो चरण अन्तर्गत १० समस्याग्रस्त सहकारीका ८७ ठुला ऋणीको नाम सार्वजनिक गरेको थियो।

समितिका अनुसार दोस्रो चरणमा सार्वजनिक गरिएका ऋणी कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, गोरखा सेभिङ एन्ड क्रेडिट सहकारी संस्था लिमिटेड, लुःनिभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, हाम्रो नयाँ कृषि सहकारी संस्था लिमिटेड तथा प्यासिफिक सेभिङ एन्ड इन्भेस्टमेन्ट कोअपरेटिभ लिमिटेड, सोसाइटल बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पशुपति सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ लिमिटेड, शिव शिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, स्टान्डर्ड सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ लिमिटेड, कान्तिपुर सेभिङ एन्ड क्रेडिट सहकारी संस्था लिमिटेड र लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका ठुला ऋणीको नाम सार्वजनिक सूचीमा समावेश छ।

समस्याग्रस्त सहकारीबाट ठुलो रकम ऋण लिएर लामो समयदेखि भुक्तानी नगर्ने व्यक्ति तथा संस्थाको विवरण समितिले सार्वजनिक गर्दै आएको छ। सहकारी क्षेत्रमा देखिएको तरलता सङ्कट, बचतकर्ताको रकम फिर्तामा भएको ढिलाइ तथा वित्तीय अनुशासन कमजोर भएको अवस्थामा ठुला ऋणीमाथि दबाब सिर्जना गर्न नाम सार्वजनिक गर्ने रणनीति अपनाएको हो।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष डिल्लिराज आचार्यले सम्पर्कविहीन ऋणीमाथि क्रमशः कानुनी तथा प्रशासनिक दबाब बढाइने नीति अवलम्बन गरिने बताउनुभयो। उहाँका अनुसार प्रारम्भिक चरणमा ऋणीलाई समितिको सम्पर्कमा आउन आग्रह गरिने छ। त्यसपछि पनि अटेर गर्ने ऋणीको परिवारका सदस्य तथा नजिकका नातेदारसँग सम्बन्धित बैङ्क खाता, सार्वजनिक सेवा सुविधा तथा अन्य प्रशासनिक पहुँच सीमित गर्ने विकल्पसमेत अघिसारिने उहाँले बताउनुभयो।

समयमै सम्पर्कमा आउने ऋणीलाई भने केही सहुलियत दिन सकिने उहाँको भनाइ छ। सहकारी बचतकर्ताको रकम फिर्तालाई प्राथमिकतामा राख्दै ठुला ऋणीलाई कानुनी दायरामा ल्याउने प्रक्रिया निरन्तर अघि बढ्ने उहाँले बताउनुभयो।

समितिले आगामी दिनमा थप समस्याग्रस्त सहकारीका ठुला ऋणीको नाम पनि क्रमशः सार्वजनिक गर्ने तयारी गरेको छ।

## डिडिसी सुधार गर्न निर्देशन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २५ गते*



कृषि तथा पशुपन्छी विकासमन्त्री गीता चौधरीले धराशायी बन्दै गएको दुग्ध विकास संस्थान (डिडिसी) लाई सुधार गर्न निर्देशन दिनुभएको छ।

संस्थान लामो समयदेखि घाटामा गएको, किसानले भुक्तानी नपाएको र आन्तरिक व्यवस्थापन भद्रगोल भएको गुनासो आएपछि मन्त्री चौधरीले शुक्रबार संस्थानको बालाजुस्थित दुग्ध विकास आयोजनाको निरीक्षण गरी सो निर्देशन दिनुभएको हो । २०७२ सालदेखि घाटामा गएको संस्थानलाई सुधार गर्न कर्मचारीलाई १० बुँदे सुधारको कार्ययोजना अगाडि बढाउन मन्त्री चौधरीले निर्देशन दिनुभएको छ। सो क्रममा मन्त्री चौधरीले संस्थानभित्र हुने राजनीतिक चलखेल अन्त्य गर्न र आर्थिक पारदर्शिता कायम गर्न पनि निर्देशन दिनुभयो । संस्थानले विभिन्न निकायबाट उठाउनुपर्ने सम्पूर्ण बक्यौता रकम १० देखि १५ दिनभित्र अनिवार्य असुल गर्न पनि मन्त्री चौधरीको निर्देशन थियो । किसानले महिनौँदेखि दुधको पैसा नपाउने अर्कोतिर संस्थानको बक्यौता नउठ्ने अवस्था अब स्वीकार्य नहुने बताउनुभयो । संस्थानको ढुवानी, मौज्दात र बिक्रीवितरणलाई पारदर्शी बनाउन 'रियल टाइम डिजिटल ट्र्याकिङ' प्रणाली लागु गर्नसमेत मन्त्री चौधरीले निर्देशन दिनुभयो। मन्त्री चौधरीले भन्नुभयो, "अबदेखि किसानलाई गरिने भुक्तानी र कर्मचारीको सुविधालगायतका सबै आर्थिक कारोबार अनिवार्य रूपमा बैङ्किङ प्रणालीमार्फत मात्र गर्नु पर्छ।"

संस्थानलाई राजनीतिक अखडा बनाउन नदिने उद्घोष गर्दै मन्त्रीले एक हप्ताभित्र कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्नसमेत निर्देशन दिनुभयो। संस्थानको भार बढ्ने गरी राखिएका अनावश्यक कर्मचारी र राजनीतिक आधारमा गरिएका नियुक्ति तत्काल हटाउनसमेत मन्त्रीले निर्देशन दिनुभयो।

किसानलाई राहत दिन र संस्थानका उत्पादनको पनि बिक्री बढाउन नयाँ 'बार्टर सिस्टम' (सट्टापट्टा) लागु गर्न उहाँको निर्देशन थियो । जस अनुसार किसानले दुधको भुक्तानी लिँदा ५० प्रतिशत नगद र ५० प्रतिशत संस्थानकै दाना लिन सक्ने व्यवस्था मिलाउन सके व्यापार विस्तार हुन सक्ने उहाँको भनाइ छ।

डिडिसीको बजार विस्तारका लागि सिंहदरबारभित्रका सबै मन्त्रालय र सरकारी कार्यालयमा डिडिसीका उत्पादन (विशेष गरी मोही र दुग्धजन्य पदार्थ) अनिवार्य प्रयोग गर्न पहल गरिने मन्त्री चौधरीले बताउनुभयो । उहाँले भन्नुभयो, "डिडिसी देशको गौरव र किसानको भरोसाको केन्द्र हो । यसलाई राजनीतिको थलो होइन, नेपाल सरकारको उत्कृष्ट र व्यावसायिक संस्था बनाउन हामी दृढ छौँ।"

डिडिसीले अहिले दैनिक मुलुकभर ६० हजार लिटर दुध सङ्कलन गरी वितरण गरिरहेको जनाएको छ। दैनिक ८५ हजार लिटर दुध खपत भइरहेकोमा अपुगका लागि संस्थाले धुलो दुध वितरण गर्दै आएको छ।

## रायो सागमा अत्यधिक विषादी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २५ गते*



कालीमाटी तरकारी बजारमा बिक्रीका लागि राखिएको रायो सागमा अत्यधिक विषादी फेला परेको छ। कालीमाटी तरकारी तथा फलफूल बजार विकास समितिका अनुसार भक्तपुरको मध्यपुर थिमि नगरपालिकाबाट बिक्रीका लागि शुक्रबार कालीमाटी बजार ल्याइएको रायो सागमा ५५.७२ प्रतिशत 'अर्गानोफस्फेट' नामक विषादी भेटिएको हो । सो मात्रा उपभोगका लागि अयोग्य रहेको जनाइएको छ।

केन्द्रीय कृषि प्रयोगशाला अन्तर्गतको कालीमाटीमा रहेको द्रुत विषादी अवशेष विश्लेषण एकाइले कालीमाटी तरकारी बजारबाट १३ वटा नमुना लिएर नमुना परीक्षण गराउँदा रायो सागमा उच्च विषादी भेटिएको हो। केन्द्रीय प्रयोगशालाले २०७१ साउनदेखि कालीमाटीसहित देशका १२ स्थानमा कार्बामेट र अर्गानोफस्फेट समूह कीटनाशक विषादीको मात्रा परीक्षण गर्दै आएको छ। यस प्रकारको विषादी ३५ प्रतिशतभन्दा कम उपभोग योग्य, ३५ देखि ४५ प्रतिशतसम्म केहीदिन राखेर खान मिल्ने र ४५ प्रतिशतभन्दा बढी खान अयोग्य मानिन्छ।

सो प्रयोगशालाका अनुसार कालीमाटीसहित झापाको बिर्तामोड, सुनसरीको धरान, सिन्धुलीको सिन्धुली, धनुषाको ढल्केबर, सर्लाहीको लालबन्दी, नवलपरासीको कावासोती, कास्कीको पोखरा, रुपन्देहीको बुटवल, बाँकेको नेपालगन्ज, सुर्खेत, कैलालीको अत्तरिया गरी १२ वटा प्रयोगशालाबाट तरकारीमा कार्बामेट र अर्गानोफस्फेट समूहका रासायनिक विषादीको परीक्षण गर्दै आएको छ।

**पन्चपुरी नगरपालिका**
**नगरकार्यपलिकाको कार्यालय**
**बाबियाचौर, सुर्खेत**
**कर्णाली प्रदेश नेपाल**

**आर्थिक प्रस्ताव खोल्नेसम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८३/०१/२६**

यस कार्यलयबाट चतुरे दहताल सडक निर्माण ठेक्का नं PMO/SKT/NCB/WORKS/082/83-04 प्रकाशित मिति २०८२।१०।२० को सूचना अनुसार e-gp मा दर्ता हुन आएका बोलपत्रहरूमध्ये प्राविधिक प्रस्तावको मूल्यांकनमा निम्न अनुसारका बोलपत्रदाताहरूले प्राविधिक प्रस्तावको शर्तहरू पुरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरूले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८३।०२।०३ मा दिउँसो १:०० बजे यस कार्यालयमा खोलिने भएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम अनुसार ३१ अनुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। **तपसिल**

| सि.नं. | बोलपत्रदाताको नाम | ठेगाना |
|---|---|---|
| १ | SHUVALAXMI-OM JAY DURGE-ABHINASH JV | दुल्लु ०७ दैलेख |
| २ | PS Construction | वीरेन्द्रनगर न पा ०२ |
| ३ | BNS-LB JV | चामुण्डा विन्द्राशैनी -०७ |

**प्रमुख प्रशासकीय अधिकृत**

**नौबहिनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लुङ्ग, प्युठान जिल्ला**
**लुम्बिनी प्रदेश, नेपाल**

**धरौटी सदरस्याहा गर्ने सम्बन्धी सूचना**

मितिः २०८३/०१/२६

यस नौबहिनी गाउँपालीकाको ग १.३ धरौटी खातामा आ.व. २०८२/८३ सम्म व्यक्ति, संस्था तथा फर्महरूको नाममा बाँकी रहेको धरौटी रकम आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ र ६८ बमोजिम सदरस्याहा गरी राजस्व खातामा आम्दानी बाँध्ने निर्णय भएकाले यो सूचना प्रकाशन गरिएको छ। धरौटी राख्नुको प्रयोजन समाप्त भएका विभिन्न व्यक्ति, संस्था तथा फर्महरूको नाममा धरौटीको नामनामेसी तथा रकम सहितको विस्तृत विवरण यस कार्यलयको वेबसाइट **www.naubahinimun.gov.np** तथा सूचना पाटीमा प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र उक्त धरौटी रकम फिर्ता लिन आवश्यक प्रमाण सहित कार्यालयमा निवेदन दिनुहुन सूचित गरिन्छ। अन्यथा कानुन बमोजिम धरौटी रकम सदरस्याहा गरिने बेहोरा जानकारी गराइन्छ।

प्रमुख प्रशासकीय अधिकृत

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति २०८३।०१।२६**

यस केन्द्रको मिति २०८२।१२।२० गतेको गोरखापत्र दैनिकमा प्रकाशन भएको राष्ट्रिय विद्युतीय बोलपत्र आह्वानको सूचना बमोजिम तपसिलमा उल्लेखित कार्यका लागि eGP System बाट म्यादभित्र प्राप्त भएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव २०८३।०१।२१ गते खोली बोलपत्र मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताहरूको बोलपत्र प्राविधिक प्रस्तावको शर्तहरू पूरा गर्न सफल भई सारभूतरूपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ज. को उपनियम (५) बमोजिम सफल बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव देहायको मिति र समयमा यस केन्द्रमा खोलिने भएकोले सरोकारवालालाई उपस्थित हुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| बोलपत्र नं. | कामको विवरण | सफल बोलपत्रदाताहरूको नाम र ठेगाना | प्रस्ताव खोल्ने मिति र समय |
|---|---|---|---|
| JEMC/NCB/26-2082/083 | Procurement of Art Board Paper | १. श्री साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड, कालिमाटी, काठमाडौँ।<br>२. श्री एस एस पेपर्स, कोटेश्वर, काठमाडौँ।<br>३. श्री पेपरम्याक्स नेपाल प्रा.लि., काठमाडौं। | मिति २०८३।०२।०५ गते समयः १२:०० बजे |

**जनक शिक्षा सामग्री केन्द्र लिमिटेड**
सानोठिमी, भक्तपुर
फोन नं. ६६३०७८७

# बजेट रोक्का हुँदा आयोजना अलपत्र

**सिँजा समाचारदाता**
*सिँजा (जुम्ला), वैशाख २५ गते*

सघन सहरी तथा भवन निर्माण आयोजना जुम्ला अन्तर्गतका ठुला विकास आयोजना अलपत्र परेका छन् । चालु आर्थिक वर्ष २०८२/८३ मा स्वीकृत करोडौँ रुपियाँका आयोजना कार्यान्वयन हुन नसकेका हुन् ।

सहरी विकास मन्त्रालयबाट स्वीकृत जुम्ला, मुगु, हुम्ला, डोल्पा र कालीकोटमा सञ्चालन हुने १६ वटा ठुला आयोजना बजेट अभावका कारण रोकिएका छन् ।

आयोजना प्रमुख जगदीश लामिछानेका अनुसार बस्ती विकास तथा सहरी विकास शीर्षक अन्तर्गतका ठुला योजनाको बजेट अर्थ मन्त्रालयले रोक्का गरेपछि योजना कार्यान्वयन हुन सकेको छैन । उहाँले भन्नुभयो, “ठुला आयोजनाको बजेट नै रोकिएपछि काम अघि बढाउन सकिएको छैन । अहिले पाँच वटा विद्यालयका भवन निर्माण प्रक्रिया मात्रै अगाडि बढेको छ ।”

कार्यालयका अनुसार प्रतियोजना तीन करोड रुपियाँका दरले करिब ४८ करोड रुपियाँ बराबरका १६ आयोजना सञ्चालनमा ल्याउने तयारी थियो । सडक, भवन, खेल पूर्वाधारलगायतका संरचना निर्माण गर्ने लक्ष्य रहे पनि बजेट रोकिएपछि योजना अन्योलमा परेका छन् ।

कार्यालयले साना योजनाभन्दा ठुला आयोजनालाई प्राथमिकतामा राखे पनि अर्थ मन्त्रालयबाट ठेक्का प्रक्रिया अगाडि नबढाउन परिपत्र गरेपछि काम रोकिएको आयोजना प्रमुख लामिछानेले जानकारी दिनुभयो । यसअघि प्रत्येक आयोजनाका लागि तीन करोड रुपियाँ बजेट विनियोजन भएको थियो । ती योजना कार्यान्वयनका लागि साउनदेखि नै विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी ठेक्का प्रक्रिया अगाडि बढाउनुपर्ने थियो । बजेट रोक्का भएपछि स्वीकृत योजना अलपत्र बनेका हुन् ।

स्थानीय पूर्वाधार विकास कार्यालयका अनुसार कर्णाली प्रदेशका १० जिल्लाका लागि चालु आवमा स्वीकृत ६३ योजनामध्ये ३८ योजना मात्र सञ्चालनमा छन् । बाँकी २५ योजना रोक्का भए पनि पछिल्ला दिनमा फुकुवा गरिएको बताइएको छ । आव सकिन लागेकाले समय अभावका कारण ती योजना कार्यान्वयन गर्न कठिन हुने देखिएको छ ।

यसै गरी मुगुका सात ठुला आयोजना पनि अलपत्र परेका छन् । मुगुका लागि चालु आवमा सहरी विकास मन्त्रालयका पाँच र युवा तथा खेलकुद मन्त्रालयका दुई गरी सात वटा ठुला योजना स्वीकृत भएका थिए तर आवश्यक प्रक्रिया समयमै पूरा नहुँदा ती सबै योजना रोक्का भएका छन् ।

सहरी विकास मन्त्रालयमार्फत मेलबाडा बस्ती स्थानान्तरण, चिमाथ–पडेपानी सडक निर्माण, रारा एकीकृत पर्यटकीय पूर्वाधार निर्माण, जडेपानी–नाथार्पु–नचारा बस्तीमा एकीकृत बस्ती विकास स्तरोन्नति तथा छायानाथ धाममा पर्यटकीय पूर्वाधार निर्माण गरी तीन/तीन करोड रुपियाँका पाँच आयोजना अलपत्र परेका हुन् । ती सबै आयोजनाका १५ करोड रुपियाँ विनियोजन गरिएको थियो ।

यस्तै युवा तथा खेलकुद मन्त्रालयले छायानाथ रारा नगरपालिकामा खेल मैदान, पोखीमा खेल मैदान निर्माणका लागि तीन करोड रुपियाँ बजेट विनियोजन गरेको थियो । सम्बन्धित निकायले समयमै प्रक्रिया पूरा नगर्दा ती योजना कार्यान्वयनमा आउन नसकेको जनाएको छ ।

# उन्नत बिउले बढायो गहुँ उत्पादन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २५ गते*

यस वर्ष गहुँको उत्पादन २.५ प्रतिशतले बढेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा छ लाख ८५ हजार हेक्टर क्षेत्रफलमा २१ लाख सात हजार मेट्रिक गहुँको उत्पादन भएको छ । गत आव २०८१/८२ मा छ लाख ८३ हजार हेक्टर क्षेत्रफलमा २० लाख ५६ हजार मेट्रिक टन उत्पादन भएको थियो ।

यस वर्ष गहुँको उत्पादकत्वसमेत बढेको छ । गत वर्ष प्रतिहेक्टर ३.०१ प्रतिशत गहुँको उत्पादकत्व रहेकोमा यस वर्ष बढेर प्रतिहेक्टर ३.०७ प्रतिशत पुगेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका वरिष्ठ तथ्याङ्क अधिकृत रामकृष्ण रेग्मीले उन्नत बिउ र रासायनिक मलको उपलब्धताले गहुँको उत्पादनमा वृद्धि भएको जानकारी दिनुभयो । पछिल्लो समय उन्नत बिउ, सिँचाइ सुविधा र अनुकूल मौसमका कारण उत्पादनमा सुधार भएको उहाँको भनाइ छ । चालु आवमा सरकारले प्रतिक्विन्टल गहुँको न्यूनतम मूल्य तीन हजार ९४५ रुपियाँ निर्धारण गरेको छ । स्थानीय उत्पादन माग धान्न नसक्दा बाहिरी मुलुकबाट समेत गहुँको आयात हुने गर्छ ।

बिस्कुट, पास्ता बनाउनका व्यवसायीले बाहिरी मुलुकबाट गहुँ आयात गर्छन् । त्यस्तै रोटी, ब्रेड, नुडल्समा पनि गहुँको बढी प्रयोग हुने गर्छ । भन्सार विभागको तथ्याङ्क अनुसार चालु आवको नौ महिनामा एक अर्ब ३७ करोड ३७ लाख रुपियाँ बराबरको दुई करोड ३९ लाख ६४ हजार ७९६ किलोग्राम गहुँ आयात भएको छ । भारत, चीन, मेक्सिकोबाट नेपालमा गहुँ आयात हुने गर्छ ।

## भित्र्याउन समस्या

**बाजुरा समाचारदाता**
*बाजुरा, वैशाख २५ गते*


फाइल फोटो

बाजुराका किसानलाई हिउँदेबाली गहुँ भित्र्याउन समस्या भएको छ । वैशाखको पहिलो साताटेखि लगातार भारी वर्षासँगै कहिले असिनापानीले यहाँका किसानलाई हिउँदेबाली गहुँ भित्र्याउन समस्या परेको हो ।

कात्तिक र मङ्सिरमा यहाँका किसानले खेतमा लगाएको गहुँबाली यतिबेला पाकेर पँहेलपुर भएको छ । पाकेको गहुँ पानीले बिगार्ने त्रास किसानलाई छ ।

बुढीगङ्गा त्रिवेणी नगरपालिका–९ का स्थानीय देवबहादुर सेरालाले, वैशाखको पहिलो सातादेखि पानी पर्न सुरु भएपछि यहाँ गहुँबाली भित्र्याउन समस्या हुने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, “कात्तिकमा लगाएको गहुँबाली पाकेको छ । पाकेको गहुँ घरमा भित्र्याउन नपाउँदै बर्सात र असिनापानी हुन्छ कि भन्ने चिन्ता छ ।”

यहाँका बुढीगङ्गा, त्रिवेणी, बडीमालिका, बुढीनन्दा, हिमाली, स्वामीकार्तिक खापर, जगन्नाथ, खप्तड छेडेदहलगायतका क्षेत्रमा गहुँ खेती राम्रो हुन्छ । बुढीगङ्गा नगरपालिकामा साबिकका बह्रतोला, कुलदेवमाडौँ, बाह्रबिस र त्रिवेणीको कैलाशमाडौँमा गहुँ खेती अरू ठाउँभन्दा राम्रो हुने गरेको छ । यहाँका किसानले हाल पासाङल्हामु, डब्लु के १४४, डाँफेमुनाल र स्वर्गद्वारी जातको गहुँ लगाउने गर्छन् । अधिकांश किसान भने पुरानो स्थानीय जातको नै प्रयोग गर्दै आएका छन् ।

बाजुरामा दुई लाख ३० हजार ३७ हेक्टर जमिन भए पनि यसमध्ये २२ हजार हेक्टर मात्र खेतीयोग्य छ । पाँच हजार २३५ हेक्टरमा मात्र वर्षभरि सिँचाइ सुविधा छ ।

गहुँ हिउँदेबाली भएकाले हिउँदमा वर्षा नभए उत्पादन घट्छ, वर्षा भए उत्पादन बढ्छ । उन्नत जातको गहुँको बिउ प्रयोगले पनि गहुँ उत्पादनमा वृद्धि भएको छ ।

कृषि ज्ञान केन्द्र बाजुराका प्रमुख जसिराम साहनीले, “बाजुरामा १० हजार ४६० हेक्टरमा गहुँ खेती हुन्छ र त्यसबाट करिब १७ हजार ७८२ मेट्रिक टन उत्पादन हुने गरेको बताउनुभयो ।

# बाँकेमा एउटा मात्रै छोटी भन्सार




**बाँके समाचारदाता**
*बाँके, वैशाख २५ गते*

बाँकेमा सशस्त्र द्वन्द्वकालअघि सात वटा छोटी भन्सार कार्यालय रहेकोमा नयाँ नियमावली अनुसार एउटा मात्रै कायम हुने भएको छ । नेपाल सरकारले वैशाख २१ गते राजपत्रमा प्रकाशन गरेको सूचना अनुसार बाँकेमा छोटी भन्सारका रूपमा नरैनापुर मात्रै उल्लेख गरिएको छ ।

नेपालगन्ज भन्सार कार्यालयका प्रमुख जनार्दन पौडेलले विगतमा सात वटा छोटी भन्सार कार्यालय रहेकोमा अब एउटा मात्रै कायम भएको बताउनुभयो ।

उहाँले भन्सार विभागबाट आवश्यक निर्णय प्राप्त भएपछि नरैनापुरमा भन्सार कार्यालय स्थापनाको प्रक्रिया अघि बढाइने जानकारी दिनुभयो । कार्यालय प्रमुख पौडेलले भन्नुभयो, “शुक्रबार भन्सार विभागको केन्द्रीय टोली आउँदै छ, यसबारे थप जानकारी र आवश्यक निर्देशन प्राप्त हुने छ ।” भन्सार कार्यालयका अनुसार नेपालगन्जमा यसअघि सुइया बघौडा, नरैनापुर, भगवानपुर, खडैचा, भङ्घोटना, साईगाउँ र उढरापुर गरी सात वटा छोटी भन्सार कार्यालय थिए ।

सशस्त्र द्वन्द्वको समयमा असुरक्षा भएपछि छोटी भन्सार कार्यालय हटाइएको हो । तीमध्ये केही भन्सार कार्यालयका भवन जीर्ण भएर भत्किसकेका छन् ।

# सहकारीमार्फत मौरीपालन विस्तार


तस्विर : गणेश खनाल

**मौरीका घार लिँदै स्थानीय ।**

**अर्घाखाँची समाचारदाता**
*अर्घाखाँची, वैशाख २५ गते*

भूमिकास्थान नगरपालिकाले मौरीपालन गरी मह उत्पादन गर्ने जिम्मा कृषक सहकारी संस्थालाई दिएको छ । वडा नम्बर १ र २ को ढाकावाङमा रहेको प्रगति कृषक सहकारी संस्थालाई ४७ थान मौरीसहितका घार र सामग्री उपलब्ध गराएको हो । नगरले वडा नं. ९ को ढिकुरा, १० को धनचौरलगायत सम्भावित क्षेत्रलाई मौरी पकेट क्षेत्र घोषणा गरी कृषकलाई मौरीपालन वृद्धि गर्न विभिन्न घार वितरणदेखि प्राविधिक सहयोग गर्दै आएको छ ।

ढाकावाङ पनि मौरीपालनको सम्भावित क्षेत्र भएकाले मौरी पकेट कार्यक्रम अन्तर्गत सहकारीलाई मौरी वितरण गरेको हो । नगरप्रमुख झविलाल थापाले पहिला रित्ता घार वितरण गर्दा घारमा मौरी नहुँदा खाली रहने र खेर गएकाले सहकारी समूहलाई मौरीसहित मौरीजन्य सामग्री वितरण गरिएको बताउनुभयो । उहाँले ४७ घार मौरी पाल्पाबाट ल्याइएको बताउनुभयो । मौरीपालनबाट घरखर्च चल्ने आम्दानी गर्न सकिने भएकाले राम्रोसँग मौरी पाल्नका लागि कृषक हौसिएका पनि छन् ।

प्रमुख प्रशासकीय अधिकृत रवीन्द्रप्रसाद चौधरीले सहकारीमा आबद्ध सबै कृषकको घरमा मौरीपालनलाई व्यवसायकै रूपमा अगाडि बढाउनुपर्ने बताउनुभयो । नगरपालिकाले घरमै पुगेर कृषि प्राविधिकले सहयोग पुऱ्याउने उहाँको भनाइ छ ।

पाँच लाख ८८ हजार ७३७ रुपियाँ कुल लागत बजेटमध्ये दुई लाख ९९ हजार ३६० रुपियाँ नगरपालिकाको अनुदान रहेको छ भने अरू रकम सहकारीको लगानी रहेको सहकारीका अध्यक्ष भुवानन्द भुसालले बताउनुभयो । यहाँ वनक्षेत्र धेरै रहेको र जङ्गलमा चिउरी, म्याललगायत फूल फुल्ने रुख पर्याप्त भएकाले मौरीपालन फस्टाउने उहाँले जानाकारी दिनुभयो ।


## Hydroelectricity Investment and Development Company Limited

New Baneshwor, Kathmandu

**Unaudited Financial Statements**

**At The Third Quarter Ending on 30/12/2082 (13/0  /2026) of The Fiscal   ear 2082/83**

### Statement of Financial Position

In Rupees 000

| Particulars | This Quarter Ending 30th Chaitra 2082 | Previous Quarter Ending 30th Poush 2082 | Corresponding Previous  ear Quarter 31st Chaitra 2081 |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non Current Assets** | **12,    , 09** | **12, 16,3 0** | **11,552,218** |
| ntangible Assets | 3 | 3 | 3 |
| Property Plant and    uipments | 8 3 | 3 | |
| ight-of-use Assets | 3 280 | 3 | 2 |
| nvestment   ork in Progress | 2 | 2 | 2 |
| eferred Ta  Assets | - | - | - |
| **Financial Instruments** | **12,3 6,022** | **12,3 5,0** | **11, 86,096** |
| nvestment in    uity | 8 | 3   3 | 08 3 3 |
| nvestment in Corporate Bonds | - | - | - |
| oan to Power Pro ects  Net | 880 33 | 0 8 | 83 |
| **Current Assets** | **16,368,925** | **16, 10,185** | **1 , 00,952** |
| Prepayments and Advances | 32 | 223 | 20 |
| Current Ta  Assets | 228  88 | 32 | 0  02 |
| nventory | 22 | | 3 |
| **Financial Instruments** | - | - | - |
| Accrued  ncome | 0 3 | 3 | 20 |
| taff Advances and   oans | 3 32 | 3 3 3 | 22 |
| Term   eposits with Banks | 2 0 0 000 | 2 0 000 | 0 000 |
| Cash and Bank Balances | 00 8 3 | 8 38 | 20 |
| **TOTAL ASSETS** | **28,813,33** | **28,826,525** | **28,953,1 0** |
| **EQ  IT   AND LIABILITIES** | | | |
| **E  uity** | **28,0 0, 93** | **2 ,925,805** | **28,188,851** |
| Paid  p  hare Capital | 2   28 2 | 2   28 2 | 2    8 3 |
| eserves | 3   2 283 | 2 | 3 2 03 |
| **Liabilities** | | | |
| **Non Current Liabilities** | **28 ,5** | **286, 38** | **212,869** |
| etirement Benefit Obligations | 8 | 8 | 08 |
| ease  iabilities | 8 | 33 | 8 |
| eferred Ta    iability | 230 3 | 230 | 8  3 |
| **Current Liabilities** | **58,29** | **613,982** | **551, 50** |
| Provisions | 3  2 | 8 | 0 |
| Current Ta    iability | 22 3 | 0 | 30  88 |
| ease  iabilities | 8 3 0 | 8 2 | 28 |
| Other  inancial  iabilities | 2 8 | 32 8 3 | 0 |
| **TOTAL EQ  IT   AND LIABILITIES** | **28,813,33** | **28,826,525** | **28,953,1 0** |

### Statement of Profit or Loss

| Particulars | This Quarter Ending 30th Chaitra 2082 | Previous Quarter Ending 30th Poush 2082 | Corresponding Previous  ear Quarter 31st Chaitra 2081 |
|---|---|---|---|
| **Revenue** | **88,  2** | **560,088** | **1,093,1 0** |
| evenue from Contract with Customers | 0 | 2 | |
| inance income | 2 8 | 2  2 | 0  3 |
| ividend  ncome | | 033 | 8 |
| Other income | | 8 | 3 2 |
| **E  penses** | **(1 ,090)** | **,2 6** | **(58,69 )** |
| mployee Benefits | 28 2 | 8 | 30 88 |
| inance Costs | 33 | 2 2 | 0 |
| Operating and Administrative    penses | 3 | | 2 |
| epreciation and Amortisation | 0 | 0 0 | 8 |
| mpairments | | | - |
| **Profit Before Ta** | **,352** | **56 ,335** | **1,03 ,  3** |
| ncome Ta  es | 22 3 | 0 | 30  88 |
| efered Ta     penses/ ncome | - | - | - |
| **Net Profit** | **5 6,986** | **02,2** | **28,985** |
| | | | |
| **Other Comprehensive Income** | | | |
| **ain/(Loss) on revaluation of Financial Assets (Net of Ta  )** | 3 3 | 3 0 | 2 800 |
| **Total Comprehensive Income** | **532,62** | **38 ,935** | **1,653, 85** |

| Ratios | This Quarter Ending 30th Chaitra 2082 | Previous Quarter Ending 30th Poush 2082 | Corresponding Previous  ear Quarter 31st Chaitra 2081 |
|---|---|---|---|
| Basic  arning per share  in  s.  Annualised | 2. 3 | 3. | .2 |
| Market value per share  in  s. | *277.0* | *251.5* | *235.0* |
| Price  arning  atio | . 8 | . | .2 |
| Current  atio | 3 . 2 | 8. | 20. |
| eturn on Assets    Annualised | 2. 3 | 2. 8 | 3. |
| Net worth per share  in  s. | 2. | . | . |
| Total Assets per share  in  s. | . | . | 8. |

**Notes**

. Above figures are sub ect to change upon instructions of statutory auditors.
2. Company has estimated impairment based on the risk assement on its investment.
3. The coupon rates appro imately reflects the effective interest rate as there are no other incremental costs of charges
. taff Bonus  included in the heading   mployee Benefits  is sub ect to approval from overnment of Nepal.
. Previous year s figures have been regrouped/rearranged whenever necessary to make them comparable with the current years s classification/disclosure.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची–१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

**हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको आ.व. २०८२/८३ को तेस्रो त्रैमासिक अवधिको विवरण**

१. **वित्तीय विवरण**
त्रैमासिक अवधिको वासलात, नाफा/नोक्सान सम्बन्धी विवरण र प्रमुख वित्तीय अनुपातहरू यसै साथ संलग्न गएिको छ । यस अवधिमा कम्पनीले प्रमुख कार्यकारी अधिकृतलाई रु. २५,१३,६२२ बराबरको कुल पारिश्रमिक तथा सञ्चालकहरूलाई कुल बैठक भत्ता बापत रु. १७,७२,७७० प्रदान गरेको थियो ।

२. **व्यवस्थापकीय विश्लेषण**
(क) कम्पनीबाट हालसम्म ४८ बटा आयोजनामा रु. ६५ अर्ब ८७ करोड कर्जा तथा स्वपुँजी लगानी स्वीकृत भएकोमा रु. १५ अर्ब ८९ करोड प्रवाह भई रु. ४९ अर्ब ९८ करोड प्रवाह हुन बाँकी रहेको छ । स्वीकृत लगानीको रकम अपेक्षा अनुसार समयमा प्रवाह हुन नसक्दा बैंक मौज्दातमा वृद्धि भएको छ ।
(ख) कम्पनीबाट जलविद्युत परियोजनामा प्रवाह भएको कर्जामध्ये समीक्षा अवधिको अन्त्य सम्ममा रु. ७ अर्ब ९५ करोड कर्जा बाँकी रहेको छ । सञ्चालनमा आएका आयोजनाहरूबाट कर्जा भुक्तानी तालिका अनुरूप नियमित रूपमा कर्जा असुली भइरहेको छ । यसैगरी, आ.व. २०८२/८३ को चैत मसान्त सम्ममा बजार मूल्य अनुसार स्वपुँजी लगानी अन्तर्गत सार्वजनिक एवं निजी क्षेत्रबाट प्रवर्द्धित जलविद्युत तथा नवीकरणीय ऊर्जा सम्बन्धी परियोजना/कम्पनीहरूमा रु. ४ अर्ब ४९ करोड (लागत मूल्य अनुसार रु. ३ अर्ब ७२ करोड) स्वपुँजी लगानी भएको छ ।
(ग) कम्पनीले आफ्नो सहायक कम्पनी मार्फत् अघि बढाएको घुन्सा खोला र सिम्बुवा खोला जलविद्युत आयोजनाहरूको शेयर संरचनामा नेपाल विद्युत प्रधिकरण र विद्युत उत्पादन कम्पनी लिमिटेड समेतलाई सहभागी गराई शेयर संरचना परिवर्तन गरिएको छ । घुन्सा खोला जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्झौता र वित्तीय व्यवस्थापनको कार्य सम्पन्न भइसकेको छ । सिम्बुवा खोला जलविद्युत आयोजनाको निर्माण पूर्वका अन्य कार्यहरू सम्पन्न भई विद्युत खरिद बिक्री सम्झौता र वित्तीय व्यवस्थापनको प्रक्रियामा रहेका छन् ।
(घ) कम्पनीले समीक्षा अवधिको अन्त्य सम्ममा गत वर्षको सोही अवधिको तुलनामा कर अघिको मुनाफामा २५.१५ प्रतिशतले घट्न गई रु. ७७ करोड ४३ लाख आर्जन गरेको छ । यस अवधिमा बैंकको ब्याजदरमा व्यापक गिरावट आई कम्पनीबाट भएको लगानीको प्रतिफलमा नकारात्मक असर पर्न गएका कारण नाफा घट्न गएको हो ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण**
यस अवधिमा कम्पनी वा यसका संस्थापक वा सञ्चालकको विरुद्धमा कम्पनीको व्यावसायिक कारोबार सम्बन्धमा कुनै पनि मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. **सङ्गठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**
यस कम्पनीको त्रैमासिक अवधिको शेयर कारोबार सम्बन्धी विवरण :

| अधिकतम मूल्य (रु.) | न्यूनतम मूल्य (रु.) | अन्तिम मूल्य (रु.) | कारोबार भएको कुल दिन | कारोबार सङ्ख्या | कारोबार भएको शेयर सङ्ख्या | कारोबार रकम (रु.) |
|---|---|---|---|---|---|---|
| ३०७ | २५४.६० | २७७ | ५३ | ३९,३१० | १,३८,९०,८६१ | ३,९२,४५,७४,४४४.५० |

५. **समस्या तथा चुनौती**
(क) कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीको कार्यदेश बमोजिम अन्य वैकल्पिक वित्तीय साधनबाट वित्तीय स्रोत परिचालन गरी लगानी अभिवृद्धि गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
(ख) कम्पनी जलविद्युत तथा अन्य नवीकरणीय ऊर्जाको क्षेत्रमा लगानी गर्ने विशिष्टिकृत संस्था भएकोले लगानी विस्तार हुँदै जाँदा स्वाभाविक रूपले जोखिम व्यवस्थापनमा बढी सजग र सतर्क हुनुपर्ने आवश्यकता देखिएको छ ।
(ग) कम्पनीको व्यवसायको वृद्धि सँगसँगै संस्थागत सुदृढीकरण र क्षमता विकास गर्दै लैजानुपर्ने आवश्यकता रहेको छ ।

६. **संस्थागत सुशासन**
कम्पनीमा संस्थागत सुशासन कायम राख्न व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ । कम्पनीको सञ्चालनलाई व्यवस्थित गर्न संस्थागत सुशासन मार्गदर्शन, २०७९ र आन्तरिक नियन्त्रण प्रणाली, २०७९ लगायत विभिन्न जोखिमहरू न्यूनीकरण गर्न सञ्चालक समितिद्वारा नीति निर्देशिकाहरू पारित गरी लागू गरिएको छ । कम्पनीको चुस्त कार्य सम्पादन तथा सुशासन अभिवृद्धि गर्नका लागि सञ्चालक समिति अन्तर्गत जोखिम व्यवस्थापन समिति, लेखापरीक्षण समिति, मानव संशाधन तथा क्षतिपूर्ति व्यवस्थापन समिति, सम्पत्ति तथा दायित्व व्यवस्थापन समिति लगायत समितिहरूको व्यवस्था गरिएको छ । यसका साथै प्रचलित कानून, नियमन निकायहरूबाट प्राप्त निर्देशनहरू एवं लेखापरीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिँदै आएको छ ।

७. **सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।

# अमेरिकाविरुद्ध नेपाल 'ए' को जित



तस्बिर : विकास द्धरै

गोरखापत्र समाचारदाता
*काठमाडौँ, वैशाख २५ गते*

आइसिसी विश्वकप लिग–२ अन्तर्गत त्रिदेशीय शृङ्खलाको अभ्यासस्वरूप खेलिएको खेलमा नेपाल 'ए' ले अमेरिकालाई तीन विकेटले पराजित गरेको छ। माथिल्लो मूलपानी क्रिकेट मैदानमा पहिले ब्याटिङ गरेको अमेरिकाले निर्धारित ५० ओभरमा आठ विकेटको क्षतिमा २६२ रन बनाएको थियो।

नेपाल 'ए' ले पाँच बल बाँकी छँदा छ विकेट गुमाएर लक्ष्य पूरा गऱ्यो। नेपालले एक दिनअघि अभ्यास खेलमै स्कटल्यान्डलाई ४५ रनले हराएको थियो। आइसिसी विश्वकप लिग–२ अन्तर्गत त्रिदेशीय शृङ्खलाको अभ्यासस्वरूप स्कटल्यान्ड र अमेरिकाले नेपाल 'ए' सँग दुई खेलको अभ्यास शृङ्खलामा सहभागी भएका हुन्। नेपाल र अमेरिका पनि सहभागी हुने सो त्रिदेशीय शृङ्खला वैशाख ३० गतेदेखि सुरु हुँदै छ।

नेपाल 'ए' का लागि मयन यादवले सर्वाधिक ७२ रन बनाउनुभयो। उहाँले ८० बलमा चार चौका र दुई छक्का प्रहार गर्नुभयो। तृतदास २३, अनिलकुमार यादव २७, देव खनाल १७, सन्दीप जोरा ३७, कुशल मल्ल ३३ र बसिर अहमद १८ रनमा आउट हुनुभयो। पवन सर्राफ २४ र दीपक डुम्रे दुई रनमा अविजित रहनुभयो।

अमेरिकाका लागि मिलिन्द कुमारले दुर्य, सञ्जय कृष्णमूर्ति, हर्मित सिंह, रुसिल उगर्कर, नोस्थुस केन्जिग र सौरभ नेत्रवल्करले एक–एक विकेट लिनुभयो। यसअघि अमेरिकाका लागि स्मित पटेलले शतकीय पालि खेल्नुभएको थियो। उहाँले १०८ बलमा १० चौका र पाँच छक्काको सहयोगमा सर्वाधिक ११६ रन बनाउनुभएको हो। अमेरिकाका अन्य ब्याट्सम्यानले भने स्मितलाई उचित साथ दिन सकेनन्। कप्तान मोनाङ्क पटेल २०, शुभम रन्जने १६, सञ्जय कृष्णमुर्थी १५ तथा साइतेजा मक्कमल्ला १० रनमा आउट हुनुभयो। हरमित सिंह २५ तथा जसदीप सिंह ३३ रनमा अविजित रहनुभयो। हरमित र जसदीपको ब्याटिङले अमेरिकाले पालिको अन्त्य भने सानदार तरिकाले गरेको थियो। नेपाल 'ए' का लागि पवन सर्राफले दुई तथा नारायण जोशी, रसिद खान, शेर मल्ल, बसिर अहमद, शाहब आलम र विपिन खत्रीले एक–एक विकेट लिनुभयो।

## अन्तर्राष्ट्रिय प्याराग्लाइडिङ प्रतियोगिता सुरु

सुनसरी समाचारदाता
*इटहरी, वैशाख २५ गते*

धरानमा अन्तर्राष्ट्रिय प्याराग्लाइडिङ प्रिमियर लिग प्रतियोगिता शुक्रबार सुरु भएको छ। कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले धरान–४, छोटी मोरङस्थित प्याराग्लाइडिङ उडान स्थलमा आयोजित समारोहमा सहभागी भारतीय खेलाडी पाइलटलाई स्वागत गर्दै प्रतियोगिताको उद्घाटन गर्नुभएको हो। प्रतियोगिता प्याराग्लाइडिङ तथा ह्याङग्लाइडिङ सङ्घको आयोजनामा सुरु भएको हो। आगामी वैशाख २८ गतेसम्म सञ्चालन हुने गरी प्रतियोगिता छोटी मोरङबाट उडान भरेर धरान–१४ स्थित खत्री धारा आसपास अवतरण हुने व्यवस्था गरिएको छ।

प्रतियोगिताको उद्घाटन कार्यक्रममा मुख्यमन्त्री कार्कीले प्रदेशमा साहसिक पर्यटनको ठुलो सम्भावना रहेको बताउँदै प्याराग्लाइडिङ र माउन्टेनियरिङ जस्ता खेलले साहसिक खेल पर्यटनको विकासमा महत्त्वपूर्ण योगदान रहने चर्चा गर्नुभयो। मुख्यमन्त्री कार्कीले अन्तर्राष्ट्रिय प्याराग्लाइडिङ प्रतियोगिताको सम्पूर्ण खर्च प्रदेश सरकारले बेहोर्ने तथा नेपाल पर्यटन बोर्डको समेत सहभागिता रहने घोषणासमेत गर्नुभयो। आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा प्याराग्लाइडिङलाई विशेष प्राथमिकता दिइने र अन्तर्राष्ट्रियस्तरका खेल प्रतियोगिता आयोजना गरिने उहाँको प्रतिबद्धता छ।

धरान र आसपासका क्षेत्रलाई प्याराग्लाइडिङ तथा ह्याङग्लाइडिङको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य सरकारको रहेको मुख्यमन्त्री कार्कीको भनाइ छ। प्रतियोगितामा अन्तर्राष्ट्रिय खुला, पुरुष, महिला तथा राष्ट्रिय पुरुष र महिला गरी पाँच विधामा प्रतिस्पर्धा भइरहेको आयोजकले जनाएको छ।

## लोकेशले इयु ट्वान्टी-ट्वान्टी लिग खेल्ने

गोरखापत्र समाचारदाता
*काठमाडौँ, वैशाख २५ गते*

नेपालका ब्याट्सम्यान लोकेश बमले बेल्जियममा हुने इयु २०–२० लिग खेल्ने हुनुभएको छ। लोकेशले एन्टवर्प एङ्कर्सले टोलीबाट खेल्नुहुने छ।

यसअघि आसिफ शेख एन्टवर्प एङ्कर्समा अनुबन्ध हुनुभएको छ। यसै गरी नेपालका इयु २०–२० लिगमा नेपालका कप्तान रोहित पौडेल ग्लेन्ट ग्लाडियटर्स, जेबी ब्रुग्सबाट दीपेन्द्रसिंह ऐरी, ललित राजवंशी, ईशान पाण्डे, अनिल साह र गुल्सन झा तथा लिज रेड लायन्समा स्टार लेग स्पिनर सन्दीप लामिछाने आबद्ध हुनुभएको थियो। पाँच टिमको सहभागिता रहने यो लिग जुन ६ देखि १४ तारिखसम्म आयोजना हुँदै छ।

## भिल्ला र फ्राइवर्गबिच युरोपा लिग फाइनल



**लन्डन**, वैशाख २५ गते। जोन म्याकगिनले दुई गोल गरेपछि एस्टन भिल्ला शुक्रबार नटिङ्घम फरेस्टलाई ४–० ले हराएर युरोपा लिगको फाइनलमा पुगेको छ। प्रिमियर लिग क्लब एस्टन भिल्ला ४४ वर्षपछि पनि प्रमुख युरोपेली फुटबलको उपाधि भिडन्तमा पुगेको हो। पछिल्लो पटक सन् १९८२ मा एस्टन भिल्लाले युरोपियन कप खेलेको थियो। सो समय एस्टन भिल्लाले बायर्न म्युनिखलाई हराएर उपाधि जितेको थियो। एस्टन भिल्लाका प्रशिक्षक उनाइ इमरीले भने चार पटक युरोपा लिग उपाधि जितिसक्नुभएको छ। सेभिलेलाई तीन र भियारियललाई एक पटक इमरीले आफ्नो प्रशिक्षकत्वमा युरोपा लिग उपाधि दिलाउनुभएको थियो। एस्टन भिल्ला समग्रमा ४–१ गोल अन्तरले अगाडि बढ्यो। भिल्ला पहिलो लेगमा १–० ले पराजित भएको थियो। एस्टन भिल्लाले मे २० मा इस्तानबुलमा हुने फाइनलमा जर्मनीको फ्राइवर्गविरुद्ध खेल्ने छ।

फ्राइवर्गले १० खेलाडीमा सीमित ब्रागालाई ३–१ ले हराएर फाइनलमा स्थान बनाएको हो। फ्राइवर्गले पनि पहिलो लेगमा भएको हारबाट पुनरागमन गर्दै समग्रमा ४–३ गोलको अग्रतासहित अगाडि बढ्यो। फ्राइवर्ग पहिलो पटक युरोपेली लिगको फाइनलमा पुगेको हो। म्याकगिनले अन्तिम दुई गोल गर्नुभएको हो। यसअघि पहिलो गोल ओली वाट्किन्स र दोस्रो गोल इमिलियोनो बुएन्डियाले गर्नुभएको थियो। बुएन्डियाले पेनाल्टीमा गोल गर्नुभएको हो। फ्राइवर्ग पहिलो लेगमा २–१ ले पराजित भएको थियो। यस पटक गत हप्ता पोर्चुगलमा ब्रागाको जितमा गोल गर्ने मारियो डोर्गेलेसले खेलको सातौँ मिनेटमै रातो कार्ड पाएपछि फ्राइवर्गका लागि खेल सहज बनेको थियो। फ्राइवर्गका लागि लुकास कुब्लरले दुई तथा जोहान मान्जाम्बीले एक गोल गर्नुभयो। ब्रागाका लागि पाउ भिक्टरले गरेको गोल सान्त्वना मात्र बन्यो।

यसै गरी कन्फरेन्स लिगको फाइनल भिडन्त प्रिमियर लिग क्लब क्रिस्टल प्यालेस र स्पेनको रायो भालेकानोबिच हुने भएको छ। क्रिस्टल प्यालेसले सेमिफाइनलको दोस्रो लेगमा साख्तर डोनेस्कलाई २–१ ले हरायो। क्रिस्टल प्यालेस कुल ५–२ गोल अन्तरले अगाडि बढेको हो। यसै गरी भालाकेनोले स्ट्राउसवर्गलाई दुवै लेगमा समान १–० गोल अन्तरले पराजित गरेको थियो। एपी

## श्रेष्ठ एसियन सिनियर भारोत्तोलनमा निर्णायक

गोरखापत्र समाचारदाता
*काठमाडौँ, वैशाख २५ गते*

नेपालका गोपाल श्रेष्ठले २०२६ एडब्लुएफ एसियन सिनियर भारोत्तोलन प्रतियोगितामा सहभागिता जनाउने भएका छन्। श्रेष्ठले सो प्रतियोगितामा अन्तर्राष्ट्रिय टेक्निकल अफिसियल (आइटिओ) को भूमिका निर्वाह गर्नुहुने छ।

नेपाल ओलम्पिक कमिटी (एनओसी) का कार्यवाहक अध्यक्ष अशोक वज्राचार्य, उपाध्यक्ष ज्योति राना र महासचिव राजीव श्रेष्ठले श्रेष्ठलाई शुक्रबार आयोजित कार्यक्रममा शुभकामनासहित बिदाइ गर्नुभयो। सो प्रतियोगिता भारतको गुजरातस्थित गान्धीनगरमा मे ९ देखि १७ तारिखसम्म हुने छ। सातदोबाटोस्थित एनओसी बिदाइ कार्यक्रममा कार्यवाहक अध्यक्ष वज्राचार्यले नेपालको भारोत्तोलनलाई निरन्तर अन्तर्राष्ट्रिय एक्सपोजर दिइरहेकोमा नेपाल भारोत्तोलन सङ्घका अध्यक्ष रामकृष्ण श्रेष्ठ (बोस) को प्रशंसा गर्नुभयो।

यसै गरी महासचिव श्रेष्ठले अन्तर्राष्ट्रिय भारोत्तोलन प्रतियोगिता र निर्णायक जस्ता प्राविधिक पक्षमा बढ्दो सहभागिताले नेपाली खेलकुदलाई अझ उचाइमा पुऱ्याउने छ भन्नुभयो। बिदाइ कार्यक्रममा नेपाल भारोत्तोलन सङ्घका सचिव कुमारमान श्रेष्ठ र केन्द्रीय सदस्य तथा ओलम्पियन राजेन्द्रबहादुर प्रधानको पनि उपस्थिति रहेको थियो।

# कला / साहित्य

# 'सङ्गीत नेपालीको एकतासूत्र'



तस्बिर : कविन अधिकारी

गोरखापत्र समाचारदाता
*काठमाडौँ, वैशाख २५ गते*

राष्ट्रपति रामचन्द्र पौडेलले साहित्य, कला र सङ्गीतले सबै नेपालीलाई एकताको सूत्रमा बाँधेको बताउनुभएको छ। राष्ट्रपति भवनमा शुक्रबार आयोजित नातिकाजी राष्ट्रिय सङ्गीत सम्मान तथा पुरस्कार प्रदान समारोहमा उहाँले साहित्य, कला र सङ्गीतले सामाजिक एकता सुदृढ बनाउने बताउनुभयो।

राष्ट्रपति पौडेलले भन्नुभयो, "बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र भौगोलिक विविधता रहेको हाम्रो देशमा साहित्य, कला, गीत, सङ्गीत आपसमा प्रेम, मित्रता र भ्रातृत्व बढाउँदै राष्ट्रिय एकतालाई बलियो बनाउने आधार हुन्।" उहाँले नेपाली गीत/सङ्गीतको प्रवर्धनमा जोड दिँदै यसको विकास तथा आधुनिकताबिच सन्तुलन कायम गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

राष्ट्रपति पौडेलले नेपाली लोकभाका पछ्याउँदै आधुनिक गीत/सङ्गीतको सिर्जनामा नातिकाजीले पुऱ्याउनुभएको योगदान अनुकरणीय रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "नातिकाजीका सिर्जनामा रहेको चेतना, प्रेम, देशभक्ति र मानवीय संवेदनाका अनुभूतिले उहाँलाई नेपाली गीत/सङ्गीतप्रेमीमाझ सदैव अमर बनाइराखेको छ।"

सो समारोहमा 'नातिकाजी राष्ट्रिय सङ्गीत सम्मान तथा पुरस्कार–२०८१' प्रदान गरिएको थियो। कार्यक्रममा 'नातिकाजी राष्ट्रिय विशिष्ट सङ्गीत सम्मान–२०८१' बाट गीतकार नारायणकुमार आचार्य, गायक जुजुकाजी रञ्जित, गीतकार वीरेन्द्र पाठक, गायक शशि गुरुङ, गणेश पराजुली, गीतकार/गायक/सङ्गीतकार डा. भीमार्जुन आचार्य, सङ्गीतकार निर्वाणसिं गुरुङ, गीतकार साबु गदाल र गीतकार तथा सङ्गीतकार अष्ट लामा सम्मनित हुनुभयो।

त्यस्तै 'नातिकाजी राष्ट्रिय सङ्गीत पुरस्कार–२०८१' बाट गीतकार मनोज खड्का, गायक रोशन गुरुङ, सङ्गीतकार ताराप्रकाश लिम्बू, गायिका सरिता शाही, एरेन्जर चाँद सिंह र रेकर्डिस्ट महेश्वर राजभण्डारी सम्मानित हुनुभयो। कार्यक्रममा 'नातिकाजी राष्ट्रिय प्रतिभा पुरस्कार–२०८१' गायिका सहिमा श्रेष्ठ, गायक सुरेश लामा र गायिका विपना तामाङलाई प्रदान गरिएको थियो। त्यस्तै 'नातिकाजी राष्ट्रिय शास्त्रीय सङ्गीत पुरस्कार–२०८१' बाट शास्त्रीय सङ्गीततर्फ प्रमोद उपाध्याय सम्मानित हुनुभयो। सो अवसरमा 'नातिकाजी राष्ट्रिय कला पत्रकारिता पुरस्कार–२०८१' पत्रकारिता क्षेत्रबाट अनन्त वाग्ले र गीता अधिकारी पुरस्कृत हुनुभयो। हरेक वर्ष स्रष्टाको पहिचान र प्रोत्साहनका लागि सम्मान तथा पुरस्कार प्रदान गर्दै आएको समाजका अध्यक्ष शम्भुजित बाँस्कोटाले बताउनुभयो। कार्यक्रममा सम्मानित तथा पुरस्कृत कलाकर्मीले स्वर्गीय नातिकाजीका गीत प्रत्यक्ष प्रस्तुत गर्नुभएको थियो।

## पाककला प्रतियोगिता हुने

गोरखापत्र समाचारदाता
*काठमाडौँ, वैशाख २५ गते*

नेपाली खानाको मौलिकता, विविधता र सांस्कृतिक पहिचानलाई संरक्षण र अन्तर्राष्ट्रियस्तरमा प्रवर्धन गर्ने उद्देश्यसहित दोस्रो राष्ट्रिय पाककला प्रतियोगिता–२०२६ आयोजना हुने भएको छ।

अन्तर्राष्ट्रिय नेपाली सेफ सोसाइटी र नेपाल सेफ सोसाटीको संयुक्त आयोजनामा आगामी जेठ १ र २ गते झापाको पाथीभरा कुलिनरी आर्ट कलेजमा प्रतियोगिता सञ्चालन हुन लागेको हो। कार्यक्रममा अन्तर्राष्ट्रिय नेपाली सेफ सोसाइटीका केन्द्रीय अध्यक्ष अरुण अधिकारीले प्रतियोगिताले नेपाली पाककलालाई व्यावसायिकता, नवप्रवर्तन र अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमतासँग जोड्ने विश्वास व्यक्त गर्नुभयो।

त्यस्तै नेपाल पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक सूर्य थपलियाले सेफहरू विश्वव्यापी जनशक्ति भएको उल्लेख गर्दै कार्यक्रमले स्थानीय पर्यटन, उत्पादन र संस्कृतिलाई थप प्रवर्धन गर्न सहयोग पुग्ने बताउनुभयो। कार्यक्रममा खुला पाककला प्रतियोगिता, विभिन्न खाद्य प्रतिस्पर्धा तथा खाद्य महोत्सव आयोजना गरिने छ। ५० भन्दा बढी स्टल रहने महोत्सवमा स्थानीयदेखि अन्तर्राष्ट्रियस्तरका परिकारको स्वाद लिन सकिने आयोजकले जनाएको छ। प्रतियोगितामा १० भन्दा बढी देशका अनुभवी अन्तर्राष्ट्रिय सेफ निर्णायकका रूपमा सहभागी हुने छन्।

## 'नेपालमा पुस्तकालय' लोकार्पण



गोरखापत्र समाचारदाता
*काठमाडौँ, वैशाख २५ गते*

भोलाकुमार श्रेष्ठको पुस्तक 'नेपालमा पुस्तकालय' लोकार्पण भएको छ। राजधानीमा एक कार्यक्रमबिच उक्त पुस्तक लोकार्पण गरिएको हो। सिङ्गो जीवन पुस्तकालय सेवामा समर्पित गर्नुभएका श्रेष्ठले आफ्नो कृति 'नेपालमा पुस्तकालय' मा नेपालमा पुस्तकको इतिहासका पाटालाई उजागर गर्नुभएको छ।

आठ वटा अध्यायमा विभाजन गरिएको पुस्तकमा प्राचीन समयदेखि हालसम्मको पुस्तकालय स्थापना र विकासका लागि योगदान पुऱ्याएका संस्था एवं व्यक्तित्वका बारेमा समेट्ने जमर्को गरिएको छ। पुस्तकलाई बी रिडले प्रकाशन गरेको हो।

## तीन नेपाली चलचित्र प्रदर्शनमा



गोरखापत्र समाचारदाता
*काठमाडौँ, वैशाख २५ गते*

शुक्रबारबाट हलमा तीन नेपाली चलचित्र लालीबजार, गुरुआमा र मालती मङ्गले प्रदर्शनमा आएको छ। स्वस्तिमा खड्का अभिनीत चलचित्र 'लालीबजार' बादी समुदायकी एक महिलाले छोरीको प्रतिष्ठा र जीविकोका लागि गर्ने सङ्घर्षको कथा बताउँछ। चलचित्रलाई यम थापाले निर्देशन गर्नुभएको छ। स्वस्तिमासँग चलचित्रका अन्य कलाकारमा रवीन्द्रसिंह बानियाँ, समाइरा थापा, मुकुन्दकुमार श्रेष्ठ, अभय बराल, प्रेम पाण्डे, प्रदीप ढकाल, आशा पौडेललगायतको अभिनय रहेको छ। प्रकु पाण्डेयको निर्देशन तथा कथा लेखन रहेको चलचित्र 'मालती मङ्गले' ले ग्रामीण दम्पतीको प्रेम र सामाजिक परिवेशलाई समेटेको छ। चलचित्रमा विजय बराल, वर्षा राउत, मेक्सम गौडेल, प्रकाश घिमिरे, सरिता गिरी, शुषमा निरौला, सुनील तामाङलगायतका कलाकारको अभिनय रहेको छ। त्यस्तै चलचित्र 'गुरुआमा' ले किशोरकिशोरी कसरी दुर्व्यसनमा फस्छन् र यसमा अभिभावकको भूमिका कस्तो हुन्छ भन्ने कथा दर्साउँछ। प्रेम सोनी सुनारको निर्माण तथा निर्देशन रहेको चलचित्रमा मिथिला शर्मा, गौरी मल्ल, बुद्धि तामाङ, टीका सानु र शुषमा थापाको अभिनय छ।

### नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

**नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर**

२०८३ साल वैशाख २६ गते (मे ०९, २०२६) शनिबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १५०।८८ | १५१।४८ |
| युरो | १ को रु. | १७७।५४ | १७८।२५ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | २०५।३० | २०६।१२ |
| स्विस फ्रैङ्क | १ को रु. | १९३।८२ | १९४।५९ |
| अस्ट्रेलियन डलर | १ को रु. | १०९।१८ | १०९।६१ |
| क्यानेडियन डलर | १ को रु. | ११०।५६ | ११०।९९ |
| सिङ्गापुर डलर | १ को रु. | ११९।०१ | ११९।४९ |
| जापानी येन | १० को रु. | ९।६२ | ९।६६ |
| चिनियाँ युआन | १ को रु. | २२।१८ | २२।२७ |
| साउदी अरब रियाल | १ को रु. | ४०।२२ | ४०।३८ |
| कतारी रियाल | १ को रु. | ४१।४१ | ४१।५८ |
| थाई भाट | १ को रु. | ४।६८ | ४।७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ४०।०८ | ४१।२५ |
| मलेसियन रिङ्गिट | १ को रु. | ३८।४८ | ३८।६३ |
| दक्षिण कोरियन वन | १०० को रु. | १०।२९ | १०।३३ |
| स्विडिस क्रोनर | १ को रु. | १६।३९ | १६।४६ |
| डेनिस क्रोनर | १ को रु. | २३।७६ | २३।८५ |
| हङ्कङ डलर | १ को रु. | १९।२७ | १९।३५ |
| कुवेती दिनार | १ को रु. | ४९२।७५ | ४९४।७९ |
| बहराइन दिनार | १ को रु. | ३९९।८४ | ४०१।४३ |
| ओमानी रियाल | १ को रु. | ३९१।८९ | ३९३।४५ |

**नोट**: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

## स्वादको संसारमा सङ्घर्षशील यात्रा

सुकृत नेपाल
*काठमाडौँ, वैशाख २५ गते*

काठमाडौँको जमलस्थित 'एल्लो प्यागोडा होटेल' को भान्सामा यतिबेला युद्धस्तरमा काम भइरहेको छ। भाँडाको आवाज, मसलाको सुगन्ध र ओभनको रापबिच एक जना व्यक्ति निकै शान्त मुद्रामा देखिनुहुन्छ। सेतो सुकिलो कोट र शिरमा ककर्ड सेफ ह्याट (टोपी) लगाउने राम खड्काको हातमा एउटा चक्कु छ र अगाडि विभिन्न तरकारी। उहाँको काट्ने शैलीमा यस्तो निपुणता छ, मानौँ कुनै कलाकारले क्यानभासमा कुची चलाइरहेको छ तर यी सिपालु हात र सुकिलो पोसाकको पृष्ठभूमिमा ओखलढुङ्गाका पहाड, अभावका काला रात र आँसुले निथ्रुक्क भिजेका विगतका पाना लुकेका छन्।

आजभन्दा दुई दशकअघि ओखलढुङ्गाको एउटा दुर्गम गाउँमा खड्काको बाल्यकाल बितिरहेको थियो। बुबा भारतीय सेनामा हुनुहुन्थ्यो, आमा घरको खेतीपाती र मेलापातमा व्यस्त। पहाडको त्यो जीवन कठिन थियो। घरबाट बसपार्क पुग्नै दुई घण्टा ओरालो झर्नुपर्थ्यो। गाउँमा खेतीपातीको काम चल्थ्यो तर रामको मन कहिल्यै माटो र कोदालोसँग जोडिएन। उहाँ भन्नुहुन्छ, "दसैँमा जब काठमाडौँबाट मानिस नयाँ र सफा लुगा लगाएर गाउँ आउँथे, मलाई उनीहरूको त्यो चमक देखेर अचम्म लाग्थ्यो। मलाई पनि त्यस्तै सुकिलो बन्ने रहर थियो।" त्यही रहरले उहाँलाई एसएलसीपछि काठमाडौँमा ल्याइपुऱ्यायो।

सपना बोकेर काठमाडौँ छिर्नुभएका रामका लागि सहर सोचे जस्तो जादुमयी रहेन। न हातमा कुनै सिप थियो, न खल्तीमा पैसा। सुरुमा उहाँले एउटा मिठाई पसलमा जागिर सुरु गर्नुभयो, जहाँ उहाँको मासिक तलब मात्र चार सय रुपियाँ थियो। "त्यो समय सम्झिँदा अहिले पनि गला अवरुद्ध हुन्छ," राम विगत कोट्याउनुहुन्छ, "कति रात आधा पेट भात र एक कप चियाको भरमा बिते। कोठामा पुग्दा भोकले पेट पोलिरहेको हुन्थ्यो तर भविष्यको आशाले आँसु पुछ्दै निदाइन्थ्यो।" होटेलको चम्किलो 'एग्जेक्युटिभ सेफ' को पदसम्म आइपुग्न उहाँले भाँडा माझ्नेदेखि तरकारी काट्ने (हेल्पर) सम्मको काम निकै इमानदार भएर गर्नुभयो।




रामको करियर 'ओमी चाइनिज रेस्टुरेन्ट' बाट औपचारिक रूपमा सुरु भयो। त्यसपछि उहाँले वैशाली होटेल (ठमेल), ठमेल इको होटेल र रोयल सिङ्गी जस्ता प्रतिष्ठित होटेलमा आफ्नो पसिना बगाउनुभयो। आज उहाँ नेपाली, भारतीय र इटालियन परिकारका 'मास्टर' मानिनुहुन्छ तर चिनियाँ खाना बनाउनुलाई अझै पनि एउटा चुनौतीका रूपमा लिने गर्नुहुन्छ। उहाँको एउटा दार्शनिक बुझाइ छ, "खाना केवल पेट भर्ने वस्तु होइन, यो त मुडको प्रतिविम्ब हो। कहिलेकाहीँ मेहनत गरेर बनाउँदा पनि पाहुना खुसी हुँदैनन्, कहिलेकाहीँ सामान्य कुराले पनि उनीहरूको मन जित्छ।"

एल्लो प्यागोडा होटेलमा हुने राजनीतिक भेटघाट र समारोहका कारण रामले देशका शीर्ष नेतृत्वको स्वादलाई नजिकबाट चिन्ने मौका पाउनुभएको छ। पुष्पकमल दाहाल 'प्रचण्ड' लाई रामले बनाएको रोस्ट चिकेन र ग्रिल चिकेन निकै मन पर्छ। केपी शर्मा ओलीको रोजाइमा जहिले पनि कुरिलोको सुप अग्रस्थानमा रहन्छ। शेरबहादुर देउवा र नन्दकिशोर पुन स्वास्थ्यप्रति सचेत रहँदै 'बोइल्ड भेज' (उसिनेको तरकारी) बढी रुचाउनुहुन्छ। राजनीतिज्ञ मात्र होइन, राजेश हमाल र भुवन केसी जस्ता कलाकार पनि रामले पस्केको कन्टिनेन्टल स्वादका फ्यान हुन्। रामलाई खाडी मुलुकबाट कामका लागि धेरै अफर आए तर उहाँले ती अवसरलाई सजिलै त्यागी दिनुभयो। उहाँको एउटै सपना छ, युरोप वा बेलायतका ठुला भान्सामा उभिएर विश्वलाई नेपाली स्वादको परिचय दिने। उहाँ भन्नुहुन्छ, "मलाई पैसा मात्र कमाउनु छैन, मलाई मेरो कलाले संसारभर चिनिनु छ।"

गोरखापत्र संस्थानद्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. ०९/०८१/०८२। प्रधान सम्पादक **जुनारबाबु बस्नेत**
सम्पादकीय : फोन नं. ०१–५३२२९२१, रिपोर्टिङ : ०१–५३४४४२९, डेस्क : ०१–५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१–५३२७४९३, ०१–५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१–५३२०६३८, टोल फ्री नं. १६६०–०१–९४४४४

गोरखापत्र
शनिबार
२०८३ साल वैशाख २६ गते शनिवार
2026 May 9 Saturday
gorkhapatraonline.com

# पत्रिका मात्र होइन गोरखापत्र


श्रीः
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ॥
सर्वे भद्राणि पश्यन्तु मा काश्चिद्दुःख भाग्जनः ॥ १ ॥
गोर्खापत्र
निरोगी सबै हुन् सबै हुन् सुखीया। सबै बेस देखुन् नहुन् के दुखीया॥
सबै को यसै पत्र ले हाथ् सुहाओस्। सबै हर्षले दिल सबै को भराओस्॥ १॥
श्रीगणेशायनमः।
नियम
एडिटर्को राय।
पं० नरदेव, मोतीकृष्ण शर्मा
"पशुपत–छापाखाना"
नेपाल.





श्रीरामसिंह बस्नेत

- प्रधानमन्त्री देवशमशेरले गोरखापत्र प्रकाशित गर्नेबारेको लिखित सनद १९५८ वैशाख ११ गते उनै नरदेवलाई दिएका थिए। त्यसकै आधारमा उनले गोरखापत्र प्रकाशनको सम्पूर्ण अभिभारा वहन गरी काम गरेका थिए। लिखित सनद पाएको दुई हप्तामै अर्थात् वैशाख २४ गते साप्ताहिक गोरखापत्र प्रकाशित गर्न उनी सफल भएका थिए।
- गोरखापत्र प्रकाशित हुन थालेको ३३ वर्षपछि मात्र १९९१ जेठ ५ गतेको अङ्कदेखि त्यो क्रम भङ्ग भएको पाइन्छ। त्यसै अङ्कदेखि गोरखापत्रको सम्पादकका रूपमा पहिलो पटक आफ्नो नाम छपाउने सौभाग्य प्रेमराज शर्माले प्राप्त गरे।

सवा एक शताब्दीको शिशिर वसन्त झेलेर इतिहास रचिसकेको राष्ट्रिय गौरव गोरखापत्रले अझ धेरै उकाली ओराली पार गर्दै आफ्नो अविराम यात्रालाई निरन्तरता दिइरहेको छ। यस परिप्रेक्ष्यमा गोरखापत्रले आफ्नो यात्रामा पछाडि छोडिएका पाइलाहरूलाई नबिर्सीकन सावधानीपूर्वक अघि पाइला चाल्नु पर्छ किनकि कुनै पनि यात्रा चुनौती र अवसररहित हुँदैनन्। गोरखापत्र एक समाचारपत्रिका मात्र हैन, सवा एक शताब्दीको नेपाली समाजको जिउँदो साक्षी पनि हो। त्यसैले यसका विगतका पृष्ठहरू पल्टाउँदा धेरै रोचक तथ्यहरू भेटिन्छन्। समयसँगसँगै गोरखापत्रले आफूलाई कसरी परिष्कृत गर्दै लगेको छ भन्ने पनि देखिन्छ।

## विगतका केही रोचक प्रसङ्ग

कुरा सुरु गरौँ, गोरखापत्रको शीर्षनाम (मास्टहेड) बाटै। आज हामी हरेक दिन यस दैनिक अखबारको मुखपृष्ठको शीर्षनाममा सबैभन्दा ठुलो अक्षरमा 'गोरखापत्र' भनेर जुन रूपमा छापिएको देख्छौँ; प्रारम्भमा त्यसको रूप अर्कै थियो। विसं १९५८ वैशाख २४ मा साप्ताहिक रूपमा प्रकाशित हुँदा यसको न्वारनको नाम 'गोर्खापत्र' भनेर छापिएको थियो। त्यसको २५ वर्षपछि १९८३ जेठ ४ गतेको अङ्कदेखि 'गोरखापत्र' भनेर छापिन थाल्यो। यसो गरिनुको मुख्य कारण नेपाली भाषाको प्रयोगमा आएको क्रमिक परिमार्जन नै थियो। किनकि त्यतिखेरका अन्य लिखतहरू हेर्दा पनि 'र' को काम उच्चारणका आधारमा रेफ (ं) बाट लिने गरिएको देखिन्छ। छपाइमा 'र' को काम रेफबाट लिने प्रचलन हटाई सग्लो 'र' अक्षर नै प्रयोग गर्ने नयाँ शैलीको अगुवाइ त्यतिखेर गोरखापत्रबाटै भएको हुनु पर्छ। रोचक कुरो के छ भने गोरखापत्रको मास्टहेडको कथा यत्तिमै टुङ्गिँदैन। 'गोरखापत्र' भनेर छापिन थालेको ७९ वर्षपछि अर्थात् २०६२ वैशाख २४ गतेदेखि फेरि पहिलेकै रूपमा 'गोर्खापत्र' भनेर छापिन थाल्यो। त्यति मात्र हैन; त्यसमाथि गणेश भगवान्‌को चित्र र 'राष्ट्र, राष्ट्रियता, राजमुकुट र प्रजातन्त्रप्रति प्रतिबद्ध' भनेर वाचासमेत छापिन थाल्यो। यो क्रम भने धेरै लामो चलेन। एक वर्षपछि नै २०६३ वैशाख १८ गतेदेखि फेरि 'गोरखापत्र' नै छापिन थाल्यो, गणेशजीको चित्र र वाचा हटाइयो। साथै धेरै लामो समयदेखि विचार पृष्ठमा सम्पादकीयको ठिकमाथि छापिने गरेको राजमुकुटको चित्र र त्यसमुनि छापिने राजाको महावाणी पनि सोही साल जेठ ३ गतेको अङ्कदेखि हटाइयो। यी सबै समय समयमा देशको राजनीतिक परिवेशमा आएका परिवर्तनका प्रभाव थिए। मास्टहेडकै सन्दर्भमा २०१४ साल वैशाखमा गोरखापत्रको माथि शिरमा गरुडको चित्र र तल नेपालका प्रख्यात धार्मिक तथा सांस्कृतिक स्थलहरू, हिमाली शृङ्खला आदि झल्कने चित्रसमेत दिइएको पाइन्छ। यो क्रम भने लामो समय चलेन।

## संयोग जुरेपछि

गोरखापत्रको जन्म अत्यन्तै दुर्लभ ऐतिहासिक संयोगबाट भएको सबैलाई थाहै छ। जहानियाँ अनुदार निरङ्कुश राणा शासनकालमा पनि देवशमशेर जस्ता उदारवादी र देशका लागि केही राम्रो काम गरौँ भन्ने भावना र सकारात्मक सोच भएका व्यक्ति प्रधानमन्त्री भए। थोरै समयका लागि भए पनि देशको सर्वोच्च कार्यकारी अधिकारसम्पन्न प्रधानमन्त्री बनेका देवशमशेरकै सदिच्छा र सत्प्रयासबाट गोरखापत्रको जन्म भएको हो।

देवशमशेर प्रधानमन्त्री नभएका भए गोरखापत्रको जन्म त्यतिखेर हुँदैनथ्यो। यहाँनिर संयोगको कुरा अर्को के पनि रहेको देखिन्छ भने प्रधानमन्त्री देवशमशेरले नरदेव पाण्डे जस्ता प्रतिभाशाली, अनुभवी एवं अदम्य क्रियाशील व्यक्तिको साथ पाए; जसबाट प्रधानमन्त्रीलाई मरुभूमिमा फूल फुलाउन अर्थात् बौद्धिक गतिविधि करिब शून्य रहेको अवस्थामा पनि समाचारपत्र प्रकाशित गर्न सफलता मिल्यो। उनले नरदेवको साथ नपाएका भए गोरखापत्रको जन्म सायद हुने थिएन। प्रधानमन्त्री देवशमशेरले गोरखापत्र प्रकाशित गर्नेबारेको लिखित सनद १९५८ वैशाख ११ गते उनै नरदेवलाई दिएका थिए। त्यसकै आधारमा उनले गोरखापत्र प्रकाशनको सम्पूर्ण अभिभारा वहन गरी काम गरेका थिए। लिखित सनद पाएको दुई हप्तामै अर्थात् वैशाख २४ गते साप्ताहिक गोरखापत्र प्रकाशित गर्न उनी सफल भएका थिए। प्रधानमन्त्री देवशमशेरले गोरखापत्र प्रकाशनको जिम्मा दिन नरदेवलाई नै किन छाने ? भन्ने प्रश्न पनि सान्दर्भिक हुन्छ। यसको मुख्य कारण नरदेवले विसं १९५५ साउनदेखि नै आफ्नै पाशुपत छापाखानाबाट नेपालको पहिलो पत्रिका 'सुधासागर' साहित्यिक मासिक प्रकाशित गर्न सफल भएका थिए। यही अनुभवका आधारमा देवशमशेरले उनलाई छानेका थिए।

## गुमनाम सम्पादक

आफ्नो श्रम, सिप र बौद्धिकता घोटेर गोरखापत्रलाई जन्माउने, हुर्काउने व्यक्तिहरूले राज्यबाट जीवन निर्वाहका लागि केही पारिश्रमिक त पाउने गरेका थिए तर उनीहरूले काम चाहिँ गुमनामकै अवस्थामा रहेर गर्नु पर्थ्यो। किनकि गोरखापत्रमा सम्पादक फलानो भनेर सम्पादकको नाम छाप्ने चलन सुरुदेखि धेरैपछिसम्म पनि थिएन। नरदेव, जयपृथ्वीबहादुर सिंह, चिरञ्जीवी शर्मा आदिले सम्पादककै जिम्मेवारी वहन गरी गोरखापत्रमा काम गरेका भए पनि सम्पादक भनेर उनीहरूका नाम छापिने गरेको पाइँदैन। जबकि त्यतिखेर भारतबाट प्रकाशित हुने विभिन्न समाचारपत्र र पत्रपत्रिकाहरूमा प्रधान सम्पादक वा सम्पादक साथै प्रकाशकको नाम छाप्ने गरिन्थ्यो। ती भारतीय पत्रपत्रिका काठमाडौँ भित्रिने गरेको भए पनि त्यसको सिको गरेर गोरखापत्रमा सम्पादकको नाम छाप्ने गरिएको पाइँदैन। सम्भवतः त्यतिखेर प्रजा वर्गका मानिसका नाम पत्रिकामा छापेर महत्त्व दिन तत्कालीन शासक वर्गलाई उचित लागेन होला। सम्पादकको काम गर्नेहरूले पनि आफ्नो नाम छाप्ने आँट नगर्नु राणाकालीन परिवेशमा स्वाभाविकै थियो। गोरखापत्रको प्रत्येक अङ्कमा 'एडिटर्को राय' (सम्पादकीय) भनेर समसामयिक विषयमा धारणा त छापिने गर्थ्यो तर राय दिने एडिटर को हो भन्ने पाठकले पत्तो पाउँदैन थिए। गोरखापत्र प्रकाशित हुन थालेको ३३ वर्षपछि मात्र १९९१ जेठ ५ गतेको अङ्कदेखि त्यो क्रम भङ्ग भएको पाइन्छ। त्यसै अङ्कदेखि गोरखापत्रको सम्पादकका रूपमा पहिलो पटक आफ्नो नाम छपाउने सौभाग्य प्रेमराज शर्माले प्राप्त गरे। यसमा पनि रोचक कुरा के देखिन्छ भने सुरुमा उनको पूरा नाम नछापी 'सम्पादक प्रेम' मात्र छापिएको पाइन्छ। अझ रमाइलो कुरो यो पनि भेटिन्छ कि सुरुमा पूरा नामसमेत छाप्ने आँट गर्न नसकेका सम्पादकको पहिचान केही समयपछि 'म्यानेजर तथा सम्पादक डा. प्रेमराज शर्मा' भनेर छापिन थालेको पाइन्छ। उनकै सम्पादनकालमा गोरखापत्र साप्ताहिकबाट साताको दुई पटक प्रकाशित हुन थालेको हो। उनी होमियोप्याथी चिकित्साका एक कुशल चिकित्सकसमेत भएकाले उनले आफ्नो नामको अगाडि डा. लेख्ने गरेका थिए। उनी गोरखापत्रमा संलग्न हुनुअगावै भारतबाट होमियोप्याथी चिकित्साको ज्ञान आर्जन गरी काठमाडौँमा बिरामीको उपचारमा सक्रिय रहने गरेको बुझिन्छ। यसबारे विस्तृत जानकारी भने उपलब्ध छैन।


पण्डित नरदेव

## गोरखापत्र एक : रूप अनेक

गोरखापत्रको इतिहास अहिले १२५ वर्षको भए पनि गोरखापत्र दैनिकको इतिहास भने ६६ वर्षको छ। जन्मँदा सोमबारे साप्ताहिक अखबारका रूपमा जन्मिएको गोरखापत्र १९९१ वैशाख १५ गतेदेखि शुक्रबार प्रकाशित हुन थाल्यो। शनिबार निजामती, जङ्गी कर्मचारीका साथै शिक्षक तथा छात्रलाई फुर्सद हुने भएकाले उनीहरूले गोरखापत्र पढून् भन्ने उद्देश्यले सोमबारको साटो शुक्रबार प्रकाशित गरिएको थियो। गोरखापत्र जन्मिएको करिब ४२ वर्ष छ महिनापछि विसं २००० असोज २९ गतेदेखि साताको दुई पटक सोमबार र शुक्रबार प्रकाशित हुन थाल्यो। त्यतिखेरको सन्दर्भमा यो निकै ठुलो फड्को थियो। त्यसको तीन वर्ष दुई महिनापछि नै विसं २००३ पुस ८ गतेदेखि साताको तीन पटक जोर बार अर्थात् सोमबार, बुधबार र शुक्रबार प्रकाशित हुन थाल्यो। यी सबै गोरखापत्रका राणाकालीन घटनाक्रम हुन्।

गोरखापत्रले दैनिक अखबारको गरिमा देशमा धेरै राजनीतिक उथलपुथलपछि मात्र प्राप्त गऱ्यो। साप्ताहिक प्रकाशनको छ दशकपछि, साताको तीन पटक छापिन थालेको १४ वर्षपछि तथा प्रजातन्त्र प्राप्तिको एक दशकपछि विसं २०१७ फागुन ७ गते राष्ट्रिय प्रजातन्त्र दिवसको शुभसाइतदेखि राष्ट्रिय दैनिक अखबारका रूपमा प्रकाशित भयो। गोपालप्रसाद भट्टराई दैनिक गोरखापत्रको पहिलो प्रधान सम्पादक हुन्। गोरखापत्र कुनै बेला बिहान र बेलुका गरी दिनको दुई पटक पनि प्रकाशित हुन्थ्यो भन्ने कुरा अहिले कतिपयलाई अनौठो वा अपत्यारिलो लाग्न सक्छ तर यो सत्य हो। २०१९ साल कात्तिक २ गतेदेखि २०२२ साल असोज १२ गतेसम्म गोरखापत्रको प्रभातकालीन र सन्ध्याकालीन संस्करण प्रकाशित हुने गरेको थियो। करिब तीन वर्ष यो क्रम चले पनि दिनमै दुई संस्करण निकाल्न प्रकाशन सामग्रीहरूको अभाव, विज्ञापनको अभाव, वितरणमा कठिनाइ साथै मुद्रण खर्च बढी भएकाले सन्ध्याकालीन संस्करण बन्द गरी प्रभातकालीन संस्करणलाई नै अझ सुदृढ बनाउने नीति अपनाइयो।






गोरखापत्रका विशेषाङ्कको पनि आफ्नै इतिहास छ। पहिलो विशेषाङ्कका रूपमा विसं १९९८ असार १७ गते श्री ५ त्रिभुवनको ३५ औँ शुभजन्मोत्सवका उपलक्ष्यमा 'उदयाङ्क' नाम दिई प्रकाशित सामग्रीलाई नै गोरखापत्रको पहिलो विशेषाङ्क मान्न सकिन्छ। यद्यपि त्यसअघि १९८५ साउन महिनामा तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेरको जन्मोत्सवका सन्दर्भमा उनका प्रशंसाका केही सामाग्री छापेको थियो तर त्यसलाई विशेषाङ्क भनेर उल्लेख गरिएको पाइँदैन। गोरखापत्रको लामो इतिहासमा विशेष अवसरहरूमा विशेषाङ्क प्रकाशित गर्ने परम्परा कायमै रहँदै आएको पाइन्छ। गोरखापत्र दैनिक भएको १७ महिनापछि २०१९ असारदेखि शनिवासरीय परिशिष्टाङ्क निरन्तर प्रकाशित हुन थाल्यो। नेपाली साहित्यको श्रीवृद्धिमा यस परिशिष्टाङ्कको अत्यन्तै महत्त्वपूर्ण योगदान रहिआएको छ। हरेक दिनको गोरखापत्र नपढे पनि शनिवासरीय नबिराई पढ्ने र सङ्कलनसमेत गर्ने पाठकहरू छन्।

## फोटो पत्रकारिताको बीजारोपण

गोरखापत्रको इतिहाससँगै जोडिएर आउने अर्को इतिहास छ– नेपाली फोटो पत्रकारिताको। आजको डिजिटल प्रविधिसँग तुलनै गर्न नसकिने अत्यन्तै न्यून प्रविधि भएको त्यस युगमा गोरखापत्रले फोटो छापेर फोटो पत्रकारिताको इतिहास सुरु गरेको थियो। आफ्नो प्रकाशन प्रारम्भ भएको २६ औँ वर्षमा विसं १९८४ वैशाख १३ गतेको अङ्कमा वीरगन्जकी १२ वर्षीय एक सर्वसाधारण बालिका सूर्यमती श्रेष्ठले चर्खामा धागो कातिरहेको तस्बिर गोरखापत्रले आफ्नो तेस्रो पृष्ठमा छापेर फोटो पत्रकारिताको श्रीगणेश गरेको थियो। त्यसैको आधारमा नेपालमा हरेक वैशाख १३ गते फोटो पत्रकारिता दिवस मनाउने गरिन्छ। त्यो फोटो खिच्ने को थिए भन्ने तथ्य अहिलेसम्म जानकारीमा आएको छैन, अथवा भनौँ त्यसबारे पर्याप्त अनुसन्धान गरिएको छैन।

त्यतिखेर भारतमा महात्मा गान्धीको प्रभाव बढिरहेको थियो। गान्धीले चर्खा चलाएर धागो उत्पादन गर्ने अभियान नै चलाएका थिए। चर्खा उनको जीवनको एक अभिन्न दिनचर्या बनेको थियो। भारतको विहार चम्पारण क्षेत्रमा गान्धीको निकै राम्रो प्रभाव थियो। नेपालको वीरगन्ज र भारतको चम्पारण निकटवर्ती सीमा क्षेत्र भएकाले पारिको प्रभाव वारिको जनजीवनमा पर्नु स्वाभाविक थियो। साथै आधुनिक कपडा उद्योगहरूको विस्तार नभइसकेको त्यो युगमा आफ्नो परिवारलाई चाहिने कपडा आफैँ चर्खा चलाएर उत्पादन गर्ने कार्य नेपाली समाजका लागि पनि धेरै नौलो थिएन। यिनै पृष्ठभूमिका आधारमा त्यो फोटोले गोरखापत्रमा स्थान पाएको मान्न सकिन्छ। यहाँनिर रोचक कुरा के छ भने सरकारी व्यवस्थामा सञ्चालन भएको गोरखापत्रले सर्वमान्य राजा वा सर्वशक्तिमान राणा शासकको फोटो नछापी एक अत्यन्त साधारण बालिकाको फोटो छाप्नु आफैँमा अर्थपूर्ण छ। मुख्य कुरा राजा वा राणा प्रधानमन्त्रीको फोटो छाप्दा कस्तो छापिने हो भन्ने कुरामा त्यतिखेरका गोरखापत्रकर्मी विश्वस्त नभएका हुन सक्छन्। शासकवर्गको फोटो राम्ररी नछापिएर कालै छापियो भने जागिर मात्र हैन, जिउधन नै जोगाउन कठिन पर्न सक्ने भएकाले प्रयोगात्मक रूपमा एक सर्वसाधारणको फोटो छापिएको; जुन फोटो राम्रो नछापिए पनि कुनै सङ्कट नआउने देखेर त्यस्तो प्रयोग गरिएको हुन सक्छ भन्ने पुराना जानकारहरूको तर्क रहेको पाइन्छ। त्यो प्रयोग सफल भएपछि राजा त्रिभुवन र राणा शासकहरूका फोटो पनि गोरखापत्रले छाप्ने आँट गरेको देखिन्छ।

## साहसको कथा

गोरखापत्रसँग सम्बन्धित बिर्सन नहुने एउटा घटना यहाँ सम्झिनु सान्दर्भिक हुने छ। कुरा २०४७ को हो। देशमा निर्दलीय पञ्चायती व्यवस्था हटाई बहुदलीय व्यवस्था पुनर्स्थापन गरिएको थियो। त्यसलाई संवैधानिक स्वरूप दिन सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश विश्वनाथ उपाध्यायको अध्यक्षतामा संविधान आयोग गठन गरिएको थियो। त्यस आयोगले तयार गरेको नेपालको संविधान, २०४७ कात्तिक २३ गते राजा वीरेन्द्रद्वारा विधिवत् जारी भएको थियो तर त्यो संविधान जारी हुनुभन्दा केही महिनाअगावै गोरखापत्रको पहिलो पृष्ठमा एउटा सनसनीपूर्ण समाचार आयो। गोरखापत्रका पत्रकार रमेश शर्माको बाइलाइन रहेको त्यस समाचारले आफूलाई दरबारसँग निकट मान्ने केही शक्तिशाली व्यक्तिहरूले बेग्लै संविधानको मस्यौदा तयार गरिरहेका छन् भन्ने रहस्योद्घाटन गरेको थियो। यो समाचारले देशको राजनीतिक वृत्तमा निकै खैलाबैला मच्चायो। त्यो समाचार सत्य होइन भनेर कतैबाट आधिकारिक खण्डन वा प्रतिक्रिया आएन। समाचारलाई लिएर आधिकारिक संविधान आयोगले राजदरबार पुगी यसबारे कडा प्रतिवाद गऱ्यो भन्ने चर्चा चल्यो। अन्ततः त्यही समाचारका कारण अनधिकृत रूपमा अर्को संविधान बनाउने चलखेल निष्क्रिय हुन गयो। त्यो समाचार छाप्ने बेलामा गोरखापत्रकर्मीका सामु जागिर जोगाउने कि देश जोगाउने ? भन्ने गम्भीर प्रश्न खडा थियो। यसमा उनीहरूले ठुलो साहसका साथ देश जोगाउने निर्णय लिएकाले त्यो समाचार छापिन सम्भव भएको थियो। परिवर्तित परिस्थितिले साथ दिएकाले यो समाचारका कारण गोरखापत्रका कसैले पनि जागिर गुमाउनु परेन। वास्तवमा यो प्रसङ्ग नेपाली पत्रकारिताको मात्र हैन, संवैधानिक इतिहासको पनि एक उल्लेखनीय घटना हो।

गोरखापत्रको चर्चा गर्दा २०४९ साल फागुन ७ गतेदेखि प्रकाशन प्रारम्भ भएको निजी क्षेत्रको कान्तिपुर राष्ट्रिय दैनिकलाई पनि सम्झनुपर्ने हुन्छ। कान्तिपुरको पहिलो अङ्कको अन्तिम पृष्ठमा गोरखापत्रप्रति अनावश्यक रूपमा नमिठो व्यङ्ग्य प्रकाशित गरिएको थियो। प्रतिस्पर्धीसँग व्यावसायिक रूपमा प्रतिस्पर्धा गर्नु स्वाभाविकै हो तर जन्मेकै दिन प्रतिस्पर्धीलाई दुस्मनको व्यवहार गर्न उद्यत हुनुलाई के भन्ने ? कान्तिपुर बजारमा आउन थालेपछि नेपालका कतिपय स्वनामधन्य बुद्धिजीवीले समेत 'अब गोरखापत्र बन्द गरे हुन्छ' भन्ने धारणा राखेको पाइन्थ्यो। कतिपय 'गोरखापत्र छिटै बन्द होस्' भनेर भाकल गर्नेहरू पनि थिए। बाहिर 'लोकतन्त्रमा सरकारले मिडिया चलाउनु हुँदैन' भनेर कुर्लिने कतिपय महानुभाव नै नेताहरूका दौराको फेर समातेर राजनीतिक नियुक्ति लिई राज्यसञ्चालित मिडियामा हालीमुहाली गर्न तँछाडमछाड गर्नेहरूबाट गोरखापत्र मात्र अछुतो रहन सम्भव भएन।

## अबको बाटो

गोरखापत्रको गौरवपूर्ण इतिहास त छ तर इतिहासको मात्र बखान गरेर वर्तमान र भविष्य समृद्ध हुन सक्दैन। यस सन्दर्भमा नेपाली समाजमा प्रचलित 'मेरा बाजेले घिउ खाएका थिए, मेरो हातमा बास्ना सुँघ' भन्ने उखान मननीय हुन्छ। सर्वप्रथम गोरखापत्रलाई हेर्ने र बुझ्ने दृष्टिकोणमा परिवर्तन आउनु जरुरी छ। यसलाई सरकारी पत्रिका ठान्नु गलत धारणा हो। प्रारम्भदेखि नै यो जनताले तिरेको करबाट सञ्चालन हुँदै आएको छ। यसको मुख्य स्रोत विज्ञापन र सहायक स्रोत पत्रिका बिक्री हो। त्यसैले यो सरकारमुखी मात्र नभई जनतामुखी हुनु जरुरी छ। देश र जनताका पीर, मर्का अनि विद्यमान विकृति, विसङ्गति र बेथितिका विरुद्ध निष्पक्ष र निडर भई उभिन सक्ने सम्पादकीय सामर्थ्य र स्वतन्त्रता भएमा मात्र गोरखापत्रको भविष्य सुरक्षित र समृद्ध हुने छ। सम्पादकीय स्वतन्त्रता र सम्पादकीय सामर्थ्य नभएको पत्रकारिता ढोडको लौरो जस्तो मात्र हुन्छ।

व्यवस्थापकीय क्षमता बढाउनु गोरखापत्रको अर्को आवश्यकता हो। वितरण व्यवस्थाको हकमा अझै पनि गोरखापत्र निजी क्षेत्रका अरू दैनिकसँग प्रतिस्पर्धात्मक बन्न सकेको छैन। विज्ञापनको भुक्तानी लामो समयसम्म नउठ्ने पुरानो रोगबाट गोरखापत्र मुक्त हुन सकेको छैन।

आजको डिजिटल प्रविधिले समाज र मानवीय स्वभावमा समेत अकल्पनीय परिवर्तन ल्याइदिएको छ। यसका सकारात्मक र नकारात्मक दुवै प्रभाव छन्। मुद्रण पत्रकारिता मात्र हैन, श्रव्य र श्रव्यदृश्य पत्रकारितामा समेत प्रत्येक जसो वयस्क व्यक्तिका हात हातमा भएका मोबाइल मिडियाले ठुलो चुनौती थपिदिएको छ। यो चुनौतीबाट गोरखापत्र मात्र मुक्त छैन। प्रविधिले जे जस्तो परिवर्तन ल्याए पनि सत्य, तथ्य र निष्पक्ष समाचार तथा विचारप्रतिको अनवरत उत्सुकता मानवीय गुण हो। यही मानवीय उत्सुकता परिपूर्ति गर्नमै गोरखापत्रलगायत मूलधारका सबै पत्रकारिता समर्पित हुन सके कुनै नयाँ प्रविधि चलनचल्तीमा आएकै कारणले मात्र वास्तविक पत्रकारिता ओझेलमा पर्नुपर्ने छैन।

गोरखापत्रको आगामी बाटोको कुरा गर्दा सिङ्गै गोरखापत्र संस्थान र यसका सबै सहप्रकाशनकै समृद्धिका लागि सोच्नुपर्ने हुन्छ। यसमा संस्थानमा समयको माग अनुसारको कानुन, राजनीतिक हस्तक्षेपबाट मुक्ति, दीर्घकालीन वित्तीय योजना, चुस्त मानव संसाधन, उचित भौतिक एवं व्यावसायिक वातावरण आदि आधार सुनिश्चित हुनु जरुरी हुन्छ।

अन्त्यमा, गोरखापत्र एउटा दैनिक पत्रिका मात्र हैन; अन्तर्राष्ट्रिय जगत्‌मा समेत नेपालले गौरव गर्न सक्ने राष्ट्रिय पहिचान बोकेको सम्पदा हो। यसलाई जोगाएर अझ सुदृढ र समृद्ध बनाउनु सबै पक्षको जिम्मेवारी हो।

# जय पृथ्वीबहादुर स्मृतिग्रन्थ कक्षभित्र



तेजेश्वरबाबु ग्वंगः



कुरोकै कुरो ! बझाङ्गी महारानीको प्रथम वार्षिक श्राद्ध पशुपति आर्यघाटमा बालक बबुरो मलाई साथै लगिएको थिएँ । श्रद्धा-भक्तिपूर्वक गरिने श्राद्ध-श्रद्धाञ्जली ! अन्तर चेत- मनको श्रद्धा । बबरलेटले ढाकेको ढाकाटोपी, भुवादारी रुमाल अनि गदी चाँदीको डबल सिक्का दक्षिणा-उपहार ग्रहण गरेको मृत्यु संस्कारमुखी संस्कृतिका अनुभूति अनुराग ओकल्ने जमर्को अर्पें । श्रद्धा सुमन गुच्छा भावले !

२०८३ वैशाख १४ सोमबार । गोरखापत्र राष्ट्रिय दैनिक । तत्कालिन अध्यक्ष गोविन्दप्रसाद (अखण्ड) भण्डारी, प्रधान सम्पादक जुनारबाबु बस्नेत, दी राइजिङ नेपाल अङ्ग्रेजी दैनिकका सम्पादक रमेशकुमार लम्साल संयुक्त भई जयपृथ्वीबहादुर स्मृतिग्रन्थ कक्ष स्थापना-तुल अनावरण गर्नुभएको चित्रपट विवरण हेरेँ, पढेँ रमाएँ मनज्ञ । आल्हादित भएँ। विवेकशील व्यक्तिले विवेक सिँच्ने क्षेत्र यिनै यस्तै हुन्, सोचेँ। बनेर निर्धक्क !

राजा जयपृथ्वीबहादुर सिंह वर्तमान सुदूरपश्चिमाञ्चल क्षेत्रको एक दुर्गम जिल्ला ! दुरगम-विकट यातायात साधन सुविधाविहीन । कठिन साध्य जीवन गुजरान गर्न नतमस्तक व्यवस्थामा आश्रित ! सिंहदरबार निर्माणका अग्रगण्य चेष्टाधारी पुरुष तत्कालीन श्री ३ चन्द्रशमशेर जबरा अनकन्टार बझाङका राजा जयपृथ्वी साथ आफ्ना छोरी विवाह गरिदिनुको हेतु हुँदा हुन् अनेक ! अर्को विश्लेषणको पाटो यो !

राजा जयपृथ्वीबहादुर सिंह बैङ्गलोरमा बस्नुहुन्थ्यो । भवनको नाम 'जयाभवन' थियो ! सम्भवतः रानीको नाम जया कुमारी ! मनका तार्किक अठोट ! सत्य नहुन बेर छैन पनि ! प्रसङ्गवश जमर्किएँ ! क्षमस्व माम् ! कान समातेँ। भूल-चूक माफ ! यसको लक्षणार्थ !!!

बझाङ्गी राजा जयपृथ्वीबहादुर सिंह मेरो बाल्यकालमै दिवङ्गत भइसकेथेँ । बाल्यकाल हास्नु-रुनु-खानु-खेल्नु-सुत्नु लम्पसार यताध्य रामायणम् ! तीन वर्से बाल जीवन मन मस्तिष्क धनीमानी हुनु कहाँ। सारा हिन्दु उसले आराध्य मानेका कृष्ण परमात्मा त बखलमा बाँधिएको रतिवृत्ति सबैले सुनी-पढी-दृश्यपटमा हेरी-देखी जानेकै हौँ मनज्ञ ! बालक बुबुरो ग्वंगःको के कुरो ?

जयपृथ्वीबहादुर सिंह अनकन्टार बझाङका राजा भन्न सुहाउन्नथ्यो । जाज्वल्यमान- चिन्तन चेतका अनहोनी हिरा-खानी । विश्व विख्यात 'कोरिनूर हिरा एफ्रिका महाद्वीपको कोइला खानीका गर्भगृहका ओजिला चमकिला चमक चहकिला...! वाह ! वाह ! नेपाली आकाशका राष्ट्रिय विभूति हाम्रा। जेठो मामा अहिले दिवङ्गत स्व. विश्वबहादुर मल्ललाई चन्द्रशमशेर जङ्गबहादुर राणाले बझाङ्गी महारानीको कामकाज गर्न खरिदार दर्जेनीमा नियुक्त गरी पठाएथ्यो । मामाको हस्ताक्षर छापालाई माथ गर्ने कोटीको 'आमा कि मामा' माफिएको उखान-टुक्का ! सिलसिला प्रसङ्गै प्रसङ्गका । अभिव्यञ्जना शैली निर्माण विनिर्माणका। प्रसङ्गवश प्रङ्गीकै प्रसङ्गमा । भूलचुकमा क्षमस्व माम् ! कान छोएँ आफ्नै । बन्छ अपराध छोए अरूको- हैरान ! लोकाचार होइन विल्कुल पापाचार । मात्र ठान्छु यो त निर्बन्ध निबन्धात्मक स्वछन्दाकार वैयक्तिक स्वतन्त्रता लोकतान्त्रिक संवैधानिक एक हितका अधिकार ! जय नेपाल ! खायो कपाल ! श्याम सुन्दर हमाल ! रामसुन्दर दर्नाल ! जय पृथ्वीबहादुर स्मृतिग्रन्थ कक्ष त राष्ट्रिय विभूति सम्मान ! नेपाल राष्ट्रका महिमामय आख्यान गान । महिमामय प्रयाण !

स्मृतिग्रन्थ कक्ष स्थापना प्रयास सुन्दर-शान्त- सानु भूखण्डधारी नेपालको उत्युत्तम महिमागान ! न कसैप्रति कचकच । न खसखस कसैप्रति । साथ चिन्तन-सम्प्रेषणका मार्मिक संवेदन । गर्नैपर्ने, हुनै पर्ने, सुकीर्ति-सम्मान अत्यन्त महान-नितान्तनीय कर्मयोग काण्ड ! हाय हाय राम ! चित्तवृत्ति मूलक कर्मठ क्रिया काण्ड । लम्बा भाषण-चन्दा रासन-गल्लीगल्ली विरोध प्रदर्शन ! भन्दा मान सम्मति सुलक्षणम् । ध्यानमग्न-कर्म सलग्न- मौन सम्मति सुलक्षणम्। अहोरात्र जप ध्यानम्। कर्मण्य वा अधिकारेस्तु माफलेषु कदाचनम् ! गीतागेय महात्म्यम् ! अनुरक्त छु -अभिवन्द्य छु- सत्कर्मयोगमा तल्लिन मगनमस्त रहूँ- रहौँ। कर्मयोगको महिमा गेय गाउँदै गतिमान रहौँ- होऔँ।

इच्छाभोजन, मोजमस्ती जीवन गुजरान चिन्तन घारी चारवाकीव दर्शन छर्कन नभएका होइनन् । छताछुल्ल जताजतै छन्, छ्यापछ्याप्ती बाहुल्य कसका रहे-देखे-भोगेका छन् सबले ! चेतेकै छन्, चैतन्य चोलाले । अनर्गल प्रलाप धारीहरू मौन भाका हाल्छन् । सुनून कसले ! दक्षिण कोरिया पूर्वराष्ट्रपति युन सुकयोलविरुद्ध उच्च अदालतले सात वर्ष जेल सजाय पुऱ्याएको आमसञ्चारमा छ्यापछ्यापिएको थाहा नपाउने को होला ? 'यदा यदाही धर्मस्य ग्लानिर्भवती भारत अभ्युत्थानां धर्मस्य सम्भवामि युगेयुगे' गीतामृत सम्झेँ ! राजा जयपृथ्वीबहादुर सिंह अव मर्त्यमण्डलमा छैनन् । 'नैनक्षिन्दन्ति श्रश्त्रानी, नचदहति पावक; नैनं क्लेदयन्त्यायो नसोस्यति मारुत' दिवङ्गत आत्माप्रतिको शाश्वत धारणा ! आध्यात्मिक दर्शनमा रुमलिएर सीमाबद्ध छैन। विज्ञानमानि प्रगाढ उत्तिकै ! सर्वसम्मत सर्वमान्य मत-अभिमत लोकमान्य मत जनमत !

जयपृथ्वीबहादुरका जीवन साथीलाई बझाङ्गी महारानी भन्थ्यौँ । एउटा यामानको चित्रपट फोटो भित्तामा टाँगिएको थियो । भव्य-सुन्दर-आकर्षक । चित्ताकर्षक- मनमोहक ! कृष्ण परमात्माका राधा ! रामचन्द्रका सीता महारानी ! हेलेन केलर जस्ति पाश्चात्य सभ्यता-संस्कृतिकी । २०७२ वैशाख १२ को प्रलयङ्कारी भूकम्पले ध्वस्त-चकनाचुर पारे । विडम्बना !!! नत्र यस स्मृतिग्रन्थ सङ्ग्रहालय कक्षका शोभा शृङ्गार बन्थे निःसन्देह ! कुरोकै कुरो ! बझाङ्गी महारानीको प्रथम वार्षिक श्राद्ध पशुपति आर्यघाटमा बालक बबुरो मलाई साथै लगिएको थिएँ । श्रद्धा-भक्तिपूर्वक गरिने श्राद्ध-श्रद्धाञ्जली ! अन्तर चेत-मनको श्रद्धा । बबरलेटले ढाकेको ढाकाटोपी, भुवादारी रूमाल अनि गदी चाँदीको डबल सिक्का दक्षिणा-उपहार ग्रहण गरेको मृत्यु संस्कारमुखी संस्कृतिका अनुभूति अनुराग ओकल्ने जमर्को अर्पें। श्रद्धा सुमन गुच्छा भावले ! जयपृथ्वीबहादुर स्मृतिग्रन्थ कक्षको योजनाकार महानुभाव वृन्दमा हार्दिक अभिवादन ! गहकिला सोच-विचार हाम्रो अन्तरमन मस्तिष्कका उज्वल ऊर्जा। जय देश ! जय जनता ! भवतु सब्ब मङ्गलम् ! आज बुद्ध जयन्ती ! विश्व शान्ति कामना दिवस ! ॐ शान्ति ! तँछाडमछाड दम्भ बिसर्जन दिवस ! जय जग जननी ! सुस्मित शान्त विश्व भुवन !!! जयपृथ्वी स्मृति ग्रन्थ बनून् वहार सदासर्वदा सुस्तित - पुस्पित ! शालीन ! भव्य महान् !!!

*शान्ति बनोस्, लक्ष्य हाम्रो शान्ति नै हो स्थिरता हाम्रो शान्ति सदा बहार बनून शान्ति नै सुमधुर सुवास !*
*शान्ति सदा प्रवाहित रहून् जीवन हाम्रो ओतप्रोत बनून; पीडा-घाउ मनको मेटून् हेला घृणा भेटी उन्मुलन् !*
*शान्ति छाउन् छताछुल्ल रहून् भूतल-सागर-समुद्र व्यापी; हाम्रा मुटु अनि मस्तिष्क भरी शान्ति-शान्ति मन मुटुभरि ! रिस राग-द्वेष मिटाई सब स्नेह सरिता सुस्मित भाव छरछर वर्षाइ स्नेह सरिता मङ्गलमय-चेत छरीछरी !*
*उद्देश्य रहुन् शान्ति हाम्रो शान्ति नै मङ्गलमय गान हामीसितै सही रहुन्, सदासर्वदा पावन बहार !*

*(जयपृथ्वीबहादुर सिंहद्वारा रचित अङ्ग्रेजी कविताको नेपाली अनुवाद)*

कविता

## यो गोरखापत्र



कृष्णप्रसाद भण्डारी

गोरखापत्र हो यौटा नेपाली इतिहासमा
अखबार भयो जेठो छापामाध्यम लोकमा।

उन्नाइस सय अन्ठाउन्न वैशाख चौबिस
प्रादुर्भाव भयो राम्रो, गौरवान्वित मानिस।

राणा प्रधानमन्त्रीमा देवशमशेर उत्तम
जयपृथ्वीबहादुर व्यवस्थापक उत्तम।

गरे सङ्कल्प भाषाको उत्थान, अखबार यो
साहित्यको भयो वृद्धि, सूचना परिपक्व भो।

साप्ताहिक थियो पैले, हप्तामा दुईचोटि भो
सोम बुध तथा शुक्र हप्तामा तीनचोटि भो॥

विकास क्रममा फेरि दैनिक भो प्रकाशन
गर्छ अक्षरको खेती, हेरूँ भन्छ सुशासन।


नरदेव थिए मुख्य बने प्रथम पण्डित
नक्सालमा भयो जन्म, आजसम्म अखण्डित।

कवि लेखक जन्मायो, बन्यो सञ्चारको गुरु
देशविदेशका सारा छाप्छ खबर भै गुरु।

मधुपर्क, युवामञ्च, मुना, मासिक पत्रिका
अनलाइनमा फेरि अङ्ग्रेजीमा छ पत्रिका।

बहुभाषिक छन्, पृष्ठ चार दर्जन छेउका
राष्ट्रभाषा सबैलाई स्थान दिने छ स्मारिका।

शताधिक भयो छब्बिस् राष्ट्रको यो छ गौरव
फलोस् फक्रोस् यही पत्र बनोस् यो शान्ति सौरभ॥




# गोरखापत्रको मुद्रण गिद्धे-वेब यात्रा



अजय शर्मा

नेपाली छापाखानाको इतिहास केलाउँदा १९०८ सम्म पुग्नु पर्छ। १९०८ सालमा पहिलोपल्ट स्थापना भएको छापाखानालाई 'गिद्धे प्रेस' नामले चिनिन्छ । प्रधानमन्त्री जङ्गबहादुर राणा बेलायत भ्रमणबाट १९०८ सालमा फर्कंदा ल्याएको हाते छापाखानाबाट नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास सुरु भएको पाइन्छ। त्यसपछि सरकारी र निजी छापाखानाको स्थापना हुँदै इतिहास छ ।

नेपालमा प्रेस भित्रिएको ५० वर्षपछि विसं १९५८ वैशाख २४ गतेदेखि प्रकाशन सुरु भएको गोरखापत्र नेपालको पहिलो समाचारपत्र हो। प्रकाशनको १२६ बर्से यात्रामा रहेको गोरखापत्रले लेटर प्रेस, अफसेट प्रेस, डिजिटल प्रविधि र रङ्गीन छपाइ प्रविधिमा गरेको सुधार उल्लेखनीय छ ।

नेपाली मुद्रणमा गोरखापत्रले विभिन्न आयाम भित्र्याएको छ । लेटर प्रेसबाट मुद्रण सुरु गरेको गोरखापत्रले अफसेट प्रेस हुँदै डिजिटल प्रविधिको प्रवेश र रङ्गीन छपाइ प्रविधिसम्मको यात्रा तय गरेको छ। छापाखाना भित्रिएको समयमा राणा-परिवार र दरबारका गुरुबाहेक सर्वसाधारणको छापाखाना थिएन । छापाखानामा सरकारी इस्तिहार, लिफा, टिकट आदि सरकारी कागजपत्र छपाउँदा पनि प्राइम्मिनिस्टरको सनद अनिवार्य हुन्थ्यो।

नेपाली छापाखानाको इतिहास केलाउँदा १९५० सालसम्म फाटफुट रूपमा दुई-तीन प्रेस भित्रिएको पाइन्छ। मनोरञ्जन प्रेस, नारायणहिटी छापाखाना, जङ्गी लिथोग्राफी छापाखाना आदि प्रारम्भिक संस्थाले मुद्रण कार्यलाई अघि बढाएको पाइन्छ।


१९१९ सालमा 'मोक्ष-सिद्धि' जस्तो पुस्तक छापिनु र १९२७ सालमा ऐनसम्बन्धी पुस्तक प्रकाशित हुनु यसै प्रक्रियाका उदाहरण हुन्। सीमित स्रोत र प्रविधिका बावजुद यी प्रेसहरूले ठुलो आकारका पुस्तक छाप्न सफल हुनु उल्लेखनीय उपलब्धि मानिन्छ। निजी क्षेत्रबाट मुद्रण उद्योगको विकासमा 'पशुपत छापाखाना' को भूमिका अत्यन्त महत्त्वपूर्ण रह्यो। विसं १९५० मा यसको स्थापना भएको प्रमाण भेटिन्छ। यस छापाखानाले नेपाली कागजको प्रयोग, छिटो पुस्तक छपाइ र नयाँ नयाँ प्रकाशनमार्फत नेपाली साहित्य र ज्ञानको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ। भानुभक्त र मोतीराम भभट्ट जस्ता स्रष्टाका कृतिहरूको पुनर्मुद्रण तथा नयाँ पुस्तक प्रकाशनले नेपाली भाषिक र साहित्यिक चेतनालाई व्यापक बनाएको थियो। पशुपत प्रेसबाट विसं १९५५ मा 'सुधा सागर' नामक साहित्यिक पत्रिका प्रकाशित भयो। त्यसपछि विसं १९५८ वैशाख २४ गते देवशमशेरको पहलमा 'गोर्खापत्र' साप्ताहिक पत्रिकाको प्रकाशन सुरु भयो, जसले नेपालमा पत्रकारिताको औपचारिक सुरुवात गऱ्यो।

नेपालमा मुद्रण प्रविधि (छापाखाना) को स्थापना हुनुअघि हातैले पुस्तक लेख्ने गरिएको पाइन्छ । यस्ता पुस्तकहरू एकातिर पहेँलो, एकातिर सेतो रङ भएको नेपाली बाक्लो घोटुवा पाको कागजमा पाको कालो रङको मसीले र कालो रङ्गको बाक्लो घोटुवा कागजमा सुनौलो मसी (सुनको जलपको मसी) ले हातले लेख्ने चलन थियो। प्रेस कमिसनको रिपोर्ट, २०१५ का अनुसार १९१९ सालमा मनोरञ्जन प्रेसबाट संस्कृतमा 'मोक्ष-सिद्धि' नामक पुस्तक रणोद्दीपको सुपरिन्टेन्डेन्टमा केदारनरसिंहद्वारा छापियो। त्यसपछि १९२७ सालमा प्रोपाइटर कमान्डर इन चिफ रणोद्दीपको मर्जीमुताबिक कप्तान विजयजङ्ग पाण्डे क्षत्रिणा शोधितः सन् अक्षर विन्यासी डिट्ठा वीरबहादुर भन्ने लेखिएको ऐनको किताब छापियो । प्रेस कमिसनको रिपोर्ट (२०१५) का अनुसार यसबाट उक्त मनोरञ्जन प्रेसले सरकारी तथा गैरसरकारी दुवै काम गरेको देखिन्छ। समयका दृष्टिले सीमित साधनबिच त्यस प्रेसले १०/१२ साइजको १२ सय पेजी ठेली पुस्तक निकाल्न सक्नु वास्तवमा प्रशंसनीय र महत्त्वपूर्ण कुरो हो। त्यसपछि दोस्रो प्रेस नारायणहिटी छापाखाना (१९३३) मा मुद्रित कवाजसम्बन्धी एउटा पुस्तक भेटिएको छ।

त्यसपछि चाहिँ वसन्तपुर जङ्गी लिथोग्राफी छापाखानामा १९४९ सालतिर मुद्रित कवाजसम्बन्धी अर्को पुस्तक पनि प्राप्त छ। सरकारसँग भएका गोरखापत्र छापाखानासम्बन्धी सनद सवाल हेर्दा तात्कालिक समयमा सरकारको टिकट 'अया' नामक एउटा छापाखाना भएको बुझिन्छ । यसबाट सरकारी टिकट लिफाहरू त्यसै प्रेसमा छापिने कुरो सिद्ध हुन्छ। एक वर्षभित्र यस प्रेसले दुई/तीन वटा ठाउँ फेऱ्यो। यही अनुपातले यसको नाम पनि क्रमशः 'गोरखा पत्र जङगी लिथो-छापाखाना' (श्रावण १९५६), 'टाइप छापाखाना' (भाद्र १९५६) र पछि फेरि केवल 'छापाखाना' भएको देखिन्छ। संवत् १९३० देखि १९३३ को बिचमा छापाखाना नामको (प्रेस) पनि स्थापना भयो। यो छापाखाना तत्कालीन नेपालका प्राइम्मिनिस्टर श्री ३ महाराज वीरशमशेर जङ्गबहादुर राणाको निवासस्थान नारायणहिटीमा थियो। यस कुराको पुष्टि 'पैदल फौजको कवायद' भन्ने किताबमा 'नारायणहिटी छापाखानामा संवत् १९३३ साल। छापन्या सार्जन लक्षमण गुरू भनी लेखिएको र १९४४ साल पौष सुदी १ रोज ६ को सनदमा 'छापाखानाका पंडीत साधुराम पाध्याले पुर्जि हेरी खोरीया फाडने लकडी चोर्यालाई यस्तो यस्तो हुन्याछ भन्या मसौदा बमोजिम इस्तीहार ६००० छपाई काठ महाल बन्दोबस्त नयाँ मुलुक बन्दोबस्तमा दिन्या काम गर' भनी लेखिएकोबाट हुन्छ। योबाहेक अर्को एउटा सरकारी छापाखाना पनि थियो। यसलाई 'जंगी लिथोग्राफी छापाखाना' भनिन्थ्यो। यो छापाखाना १९४९ सालभन्दा अगाडिदेखि नै वसन्तपुरमा थियो (देवकोटा, २०५९)।



*१९०७ सालमा बेलायतबाट फर्किंदा तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले ल्याएको गिद्धे प्रेस।*



*२०४२ सालमा गोरखापत्र संस्थानमा अखबार छापिँदै।*

विसं २००७ को राजनीतिक परिवर्तनपछि नेपालमा छापाखानाको विकास क्रमिक रूपमा भएको पाइन्छ। गोरखापत्र संस्थानको अभिलेख अनुसार खप्ने जिन्सी सामानको अभिलेख अनुसार, आर्थिक वर्ष २०३४/३५ मा गोरखापत्रमा जर्मनीको मिलर कम्पनीमा निर्मित सिङ्गल कलर (मिलर अफसेट मेसिन) सिटफेड अफसेट ल्याइएको थियो, जुन गोरखापत्रमा अद्यावधिक चालु हालतमा रहेको छ । २०३४ सालभन्दाअघि गोरखापत्र संस्थानमा रहेका लेटर प्रेसमध्ये दुई वटा हाइडलवर्ग, दुई वटा भिक्टोरिया, एउटा बेलायती भेन गार्ड, एउटा सेन्चुरी र एक थान टेडल ब्रान्डका मेसिन संस्थानका प्रकाशनको छपाइमा प्रयोग भएका थिए। गोरखापत्रलाई छिटो छपाइका लागि संस्थानले २०३७ साल कात्तिक १४ गते खरिद गरेको ओरियन्ट ब्रान्डको प्रतिघण्टामा १६ हजार कपी आठ पृष्ठ छाप्ने वेब अफसेट मेसिन भित्र्याएको थियो। २०४० सालमा बन्धु वेब मेसिन प्रतिघण्टा २० हजार र प्रति आठ पृष्ठ गोरखापत्र छाप्ने मेसिन ल्याई जडान गरेको थियो।

गोरखापत्र संस्थानको अभिलेख अनुसार २०४३/२०४४ सालमा चाइनिज अफसेट मेसिन (टु कलर, सिटफेड) खरिद भयो। कम्पोज प्रविधितर्फ पनि हाते कम्पोज प्रविधियुक्त लाइनो तथा मोनो ब्रान्डका हट मेटल कम्पोज हुँदा २०३८ सालमा भेरिटाइपर मेसिन जडान गरी सोही मेसिनबाट कम्पोज ब्रोमाइडमार्फत पेज बनाउने काम भयो। संस्थानका प्रकाशनलाई अझ छिटो प्रकाशित गरी पाठकसमक्ष पुऱ्याउन संस्थानले २०४८ सालमा प्रतिघण्टा ३० हजारप्रति छाप्ने सुपर वेब अफसेट मेसिन खरिद गरी प्रविधिमा एक कदम अगाडि बढेको थियो। यस्तै २०५० असोज १३ गते गोरखापत्र संस्थानले सुपर ओरियन्ट वेब अफसेट मेसिन र २०५२ भदौ २८ गते लिथो टेक्स टुइन फ्रेम प्रिन्टिङ डाउन युनिट, २०५९ असार २२ गते ओरियन्ट सुपर वेब अफसेट फोर एचआई कलर मेसिन, २०७२ माघ २३ गते भ्वोइलेट सिटिपी मेसिन, २०७१ जेठ २ गते वेब अफसेट प्रिन्टिङ मेसिन फोर एचआई नयाँ खरिद गरेको थियो।

गोरखापत्र संस्थानको अभिलेख अनुसार आर्थिक वर्ष २०५८/५९ मा संस्थानले फोर कलर फोरआई मेसिन १६ पृष्ठ एकै पटक छाप्ने मेसिन खरिद गरेको थियो। त्यसका साथै संस्थानले क्रियो ब्रान्डको हङकङमा निर्मित इमेजसेटर मेसिन खरिद गरी आफ्ना प्रकाशनको गुणस्तर सुधारमा प्रयास गरेको थियो तर नयाँ प्रविधिसँग उपयुक्त जनशक्तिको विकासमा संस्थानको चासोको अभावले उक्त प्रविधि संस्थानमा धेरै समय चल्न सकेन।

गोरखापत्र संस्थानसँग हाल कम्प्युटर टु प्लेट मेसिन (सिटुपी) मेसिन काठमाडौँ, विराटनगर र कोहलपुर गरी तीन वटा रहेका छन् । काठमाडौँमा रहेको सिटुपी मेसिन थर्मल (तापीय) प्रविधि अन्तर्गतको मेसिन हो। यो मेसिन र प्लेट दुवै थर्मल प्रविधि अन्तर्गतका हुन्। यो ग्लेज प्रिन्ट मेसिन २०७२/७३ सालमा खरिद गरिएको हो। गोरखापत्र विराटनगर कार्यालयमा लेजर भ्वाइलेट प्रविधिको सिटुपी मेसिन २०७६ भदौमा सञ्चालन भएको हो। यस्तै कोहलपुर कार्यालयमा २०७८ चैतमा जडान भएको लेजर प्रविधिको सिटुपी मेसिन हो । यो न्युजप्रिन्ट मेसिन २०७८ साल चैतमा सञ्चालनमा आएको पाइन्छ । गोरखापत्र संस्थानसँग काठमाडौँस्थित कार्यालयमा २०६६ सालमा खरिद गरिएको 'दी प्रिन्टर हाउस दिल्ली' निर्माण गरेको सुपर ओरियन्ट (आठ कलर, आठ श्याम/श्वेत अर्थात् १६ पेज एकै पटक छाप्ने मेसिन रहेको छ। त्यसको केही वर्ष अर्थात् २०७७ सालमा अर्को मेसिन युनिट थपियो र अहिले १२ प्लस आठ गरी एकै पटक २० पेज छापिन्छ। यो मेसिन १५ वर्ष पुरानो मेसिन हो। अहिले काठमाडौँमा गोरखापत्रसँग पाँच वटा मेसिन छन्। जसमा तीन वटा रङ्गीन (कलर) युनिट, दुई वटा श्याम/श्वेत युनिट छन्। जसले एकै पटक १२ प्लस आठ गरी २० पेज छाप्छ। यो मेसिनले अहिले ३६ हजार प्रतिघण्टा (सिपिएच कपी पर आवर) का दरले पत्रिका छाप्छ । गोरखापत्रको विराटनगर कार्यालयमा रहेको वेब अफसेट मेसिन, प्रेस लाइन इन्डियाले निर्माण गरेको एक्सेल मेसिन हो। यो वेब अफसेट मेसिन २०७५ फागुन १६ गते खरिद गरिएको हो। विराटनगरमा २०७६ साल भदौमा यो मेसिन जोडिएको हो। दुई वटा कलर, दुई श्यामश्वेत गरी आठ कलर, आठ श्यामश्वेत छाप्ने १६ पेज एकै पटक छापिन्छ ।

गोरखापत्रको कोहलपुर संस्करण प्रिन्ट गरिरहेको मेसिन २०५७ मा 'दी प्रिन्टर हाउस इन्डिया' को ओरियन्ट ब्रान्डको हो। यसले चार प्लस १२ गरी चार कलर १२ श्यामश्वेत छाप्छ । यहाँ एक कलर तीन श्याम/श्वेत मेसिन युनिट छन्। यसले पनि ३६ हजार प्रति प्रतिघण्टा छाप्छ। यही मेसिनबाट गोरखापत्र दैनिक श्यामश्वेतबाट रङ्गीन (कलर) प्रिन्टमा गएको हो। संस्थानको पछिल्लो फड्को विसं २०७७ मा 'साकुराई' ब्रान्डको फोर कलर सिटफेड मेसिन खरिदलाई मान्न सकिन्छ । सो मेसिनबाट संस्थानका मासिक प्रकाशनको कभर पेज, क्यालेन्डर र अन्य व्यावसायिक काम गर्न सकिन्छ।

# गोरखापत्र डिजिटल यात्रा





नारद गौतम

गोरखापत्रले आफ्नो प्रकाशनको सवा सय वर्ष पूरा गर्ने क्रममा एक्काइसौँ शताब्दीको उन्नत प्रविधि कृत्रिम बौद्धिकता (एआई) को प्रयोगकर्ताका रूपमा आफूलाई स्थापित गरिसकेको छ। सिसाका साना अक्षर हातैले टिपेर स्टिकमा मिलाउने, ग्यालीमा राखेर पृष्ठ तयार गर्ने र हाते मेसिनबाट छापेर पाठकसम्म पुऱ्याउने प्रारम्भिक अवस्थाबाट एआईको प्रयोगसम्म आइपुग्नु गोरखापत्रको दीर्घकालीन विकास यात्राको स्पष्ट प्रमाण हो। समयानुकूल सुधार र प्रविधिको निरन्तर आत्मसात् गर्ने क्षमताकै कारण गोरखापत्रले १२५ (शताब्दी रजत) वर्ष मनाउने सफलता हासिल गरेको हो।

विसं १९५८ वैशाख २४ गते प्रकाशन सुरु भएको गोरखापत्र १२६ वर्षको यात्रा तय गर्दै विश्वव्यापी पहुँच बनाउन सफल भएको छ। नेपालको राणाकालीन कठोर राजनीतिक परिवेशमा जन्मिएको गोरखापत्र आज दोस्रो शताब्दीको निरन्तर गतिशील यात्रामा अघि बढिरहेको छ।

सन् १९३० को दशकदेखि नै गणितज्ञ र इन्जिनियरले अङ्कको प्रयोगमार्फत तथ्याङ्क उत्पादन, प्रशोधन र प्रसारण गर्ने प्रविधिलाई ‘डिजिटल’ नाम दिएका थिए। डिजिटल विकासको इतिहासमा सन् १९८० को दशकलाई महत्त्वपूर्ण कालखण्ड मानिन्छ। यस समयमा व्यक्तिगत कम्प्युटरको विकास, डिजिटल सञ्चार प्रविधिको विस्तार र विभिन्न डिजिटल उपकरणको प्रयोगले विश्वव्यापी रूपमा डिजिटल क्रान्तिको आधार तयार गऱ्यो। त्यसपछि सन् १९९० को दशकमा इन्टरनेट सर्वसाधारणका लागि उपलब्ध हुन थालेपछि सूचना आदानप्रदानको स्वरूप नै परिवर्तन भयो। वेब ब्राउजरको विकास, डिजिटल मल्टिमिडिया सामग्री (जस्तै : डिजिटल फोटो, भिडियो) तथा इमेल सेवाको विस्तारले इन्टरनेटको लोकप्रियता तीव्र रूपमा बढायो।

सन् १९९२ मा जेपिइजी ढाँचाको विकास भयो, जसले तस्बिरको आकार घटाएर सानो स्थानमा धेरै तस्बिर भण्डारण गर्न सकिने बनायो। यसले डिजिटल मिडियाको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्यायो। सन् २००० को दशकमा स्मार्टफोनको विकासले डिजिटल प्रविधिको प्रयोगलाई अझ व्यापक बनायो। मोबाइलमै इन्टरनेट, क्यामरा, भिडियो र अन्य सेवा उपलब्ध हुन थालेपछि डिजिटल सामग्री उत्पादन र उपभोग दुवैमा तीव्र वृद्धि भयो। सामाजिक सञ्जाल, डिजिटल विज्ञापन र विभिन्न अनलाइन सेवाको विकासले डिजिटल संसारलाई अझ गतिशील र प्रभावकारी बनायो। स्मार्टफोनको प्रयोगले डिजिटल यात्रालाई अझ सुलभ, व्यापक र प्रभावकारी बनायो। यी प्रविधिले सूचना सम्प्रेषणको तरिका मात्र परिवर्तन गरेका छैनन्, मानव जीवनशैलीमै गहिरो प्रभाव पाऱ्यो। यसरी हेर्दा गोरखापत्रको डिजिटल रूपान्तरण केवल संस्थागत परिवर्तन मात्र नभई विश्वव्यापी डिजिटल विकाससँगै अघि बढेको एक सशक्त उदाहरणका रूपमा लिन सकिन्छ।

सूचना तथा सञ्चार प्रविधिको तीव्र विकाससँगै विश्वभरका सञ्चार माध्यम परम्परागत स्वरूपबाट डिजिटल स्वरूपतर्फ रूपान्तरण भइरहेका छन्। यही प्रवाहमा नेपालको जेठो र ऐतिहासिक प्रकाशन संस्था गोरखापत्र पनि क्रमशः डिजिटल युग अनुसार रूपान्तरण हुँदै आएको छ। छापा माध्यमबाट सुरु भएको गोरखापत्र आज बहुआयामिक डिजिटल प्लेटफर्मका रूपमा विकसित भएको छ। यसको डिजिटल रूपान्तरण केवल प्रविधि अपनाउने प्रक्रिया मात्र नभई सामग्री उत्पादन, वितरण, व्यवस्थापन र पहुँच विस्तारको समग्र परिवर्तन हो।

सुरुवाती चरणमा गोरखापत्रले सूचना प्रवाहलाई छिटो, विश्वसनीय र अन्तर्राष्ट्रियस्तरसम्म विस्तार गर्ने उद्देश्यले टेलिप्रिन्टर प्रविधिको प्रयोग सुरु गऱ्यो। विसं २०३५ फागुन २७ गतेको निर्णय अनुसार टेलिप्रिन्टर खरिद गरी एपी, एएफपी, सिन्ह्वा जस्ता अन्तर्राष्ट्रिय समाचार एजेन्सीबाट समाचार प्राप्त गर्न थालियो। यो प्रविधि प्रारम्भमा एनालग भए पनि यसले डिजिटल प्रविधितर्फको बाटो खोलिदियो। टेलिप्रिन्टरले विद्युत् सङ्केतमार्फत समाचारलाई कागजमा स्वतः छाप्ने भएकाले समाचार सङ्कलन प्रक्रियामा ठुलो परिवर्तन ल्यायो। त्यसपछि भेरिटाइप प्रविधिको प्रयोगले फोटो कम्पोजिङ प्रक्रियालाई व्यवस्थित र छिटो बनायो। यसका लागि दक्ष जनशक्ति तयार गर्ने, तालिम दिने र पूर्वाधार निर्माण गर्ने निर्णयले संस्थानको प्रविधिप्रतिको प्रतिबद्धता झल्काउँछ।

यसपछि गोरखापत्रले कम्प्युटर प्रविधितर्फ महत्त्वपूर्ण फड्को माऱ्यो। विसं २०३९ देखि फोटो टाइपसेटिङ मेसिनको प्रयोग सुरु भई पेज निर्माण प्रक्रिया थप व्यवस्थित बन्यो। भेरिटाइपर, लाइनोटाइप जस्ता प्रविधिको प्रयोगले हाते कम्पोजलाई विस्थापित गर्दै उत्पादन प्रक्रियालाई छरितो र गुणस्तरीय बनायो। कम्प्युटरमा टाइप गरिएको सामग्रीलाई बोर्डमाइटमा प्रिन्ट गरी पृष्ठ निर्माण गर्ने अभ्यासले डिजिटल प्रविधिको प्रारम्भिक रूप देखायो। पछि आइबिएम कम्प्युटरको प्रयोग र डेस्कटप पब्लिसिङ प्रविधिको प्रवेशले समाचार सामग्री उत्पादनमा आधुनिकता थप्यो। यद्यपि सुरुवाती चरणमा सबै पत्रकारले प्रविधि सहज रूपमा अपनाउन नसके पनि यसले भविष्यको डिजिटल रूपान्तरणका आधार तयार गरेको थियो।

गोरखापत्रले शताब्दी पार गरेपछि डिजिटल तस्बिर र रङ्गीन मुद्रणमार्फत नयाँ मोड लियो। विसं २०५९ असार १० गतेदेखि रङ्गीन छपाइ सुरु हुनु गोरखापत्रका लागि ऐतिहासिक उपलब्धि बन्यो। डिजिटल क्यामराको प्रयोगले तस्बिर उत्पादन प्रक्रियालाई तीव्र, सहज र गुणस्तरीय बनायो। यसले परम्परागत फोटो धुलाउने प्रक्रियालाई विस्थापित गर्दै आधुनिक पत्रकारिताको अभ्यासलाई सुदृढ बनायो। त्यसपछि वेब अफसेट र सिटुपी (कम्प्युटर टु प्लेट) प्रविधिको प्रयोगले मुद्रण प्रक्रियालाई पूर्णतः डिजिटल दिशातर्फ उन्मुख गरायो।

डिजिटल यात्राको अर्को महत्त्वपूर्ण चरण इन्टरनेट र अनलाइन पत्रकारितासँग जोडिन्छ। विसं २०५३ फागुन १२ गते ‘दी राइजिङ नेपाल’ का सामग्री इन्टरनेटमा प्रकाशन गरेर गोरखापत्र संस्थानले नेपालमा डिजिटल पत्रकारिताको प्रारम्भिक अभ्यास सुरु गऱ्यो। पछि आफ्नै वेबसाइट गोरखापत्र अनलाइन डटकम र राइजिङ नेपाल डेली डटकममार्फत समाचार प्रकाशन सुरु भई अनलाइन पत्रकारिताको विस्तार भयो। विसं २०७६ मा अनलाइन विभाग गठन र अनलाइन संस्करणको औपचारिक दर्तासँगै गोरखापत्र अनलाइनले संस्थागत मान्यता प्राप्त गऱ्यो। २०७९ वैशाख १ गतेबाट https://www.gorkhapatraonline.com फेरि परिष्कृत साजसज्जामा आयो। यसमा ‘गोरखापत्र’ दैनिक, ‘मधुपर्क, ‘युवामञ्च’ र ‘मुना’ का सामग्री र गोरखापत्र अनलाइनका उत्पादनका साथै छापा माध्यमका सामग्री, पिडिएफ पृष्ठ तथा ४९ भाषाका सामग्री पिडिएफ प्रकाशन हुँदै आएका छन्। यसले छापा माध्यमलाई डिजिटल प्लेटफर्मसँग जोड्दै विश्वव्यापी पाठकसम्म पहुँच विस्तार गराएको छ।

इपेपर (पिडिएफ) प्रकाशनको सुरुवातले गोरखापत्रको सामग्रीलाई भौगोलिक सीमाभन्दा बाहिर पुऱ्यायो। २०६६ सालदेखि छापा संस्करणलाई डिजिटल रूपमा उपलब्ध गराउन थालिएपछि विदेशमा रहेका पाठकले सजिलै पहुँच पाउन थाले। बहुभाषिक पत्रकारिताको अभ्यासलाई डिजिटल माध्यमसँग जोडेर विभिन्न मातृभाषामा प्रकाशित सामग्रीलाई समेत विश्वव्यापी बनाइयो। यसले भाषिक विविधता संरक्षण र विस्तारमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सफलता प्राप्त भयो।

सामाजिक सञ्जाल र नयाँ मिडियाको प्रयोगले गोरखापत्रलाई आधुनिक सञ्चार प्रवाहसँग जोड्यो। फेसबुक, ट्विटर, युट्युब, इन्स्टाग्राम, टिकटक जस्ता प्लेटफर्ममार्फत समाचार, भिडियो र मल्टिमिडिया सामग्री प्रसारण गर्न थालियो। यद्यपि सुरक्षासम्बन्धी चुनौती पनि देखिए तर ती अनुभवले डिजिटल सुरक्षाको आवश्यकता र व्यवस्थापनलाई अझ बलियो बनायो। युट्युबमार्फत भिडियो सामग्री उत्पादन र प्रसारणले गोरखापत्रलाई मल्टिमिडिया प्लेटफर्मका रूपमा स्थापित गऱ्यो।

डिजिटल अभिलेखीकरण (आर्काइभिङ) गोरखापत्रको अर्को महत्त्वपूर्ण पहल हो। ऐतिहासिक सामग्रीलाई सुरक्षित राख्न र अनुसन्धानकर्तालाई सहज पहुँच दिन संस्थानले आफ्ना सम्पूर्ण प्रकाशनलाई डिजिटल स्वरूपमा रूपान्तरण गर्ने कार्य अघि बढायो। अभिलेखालयसँगको सहकार्य, संस्थानमै अत्याधुनिक स्टुडियो निर्माण र प्रविधिको प्रयोगले यस कार्यलाई गति दिएको छ। यसले गोरखापत्रलाई केवल समाचार माध्यम मात्र नभई ऐतिहासिक अभिलेखको महत्त्वपूर्ण स्रोतका रूपमा पनि स्थापित गरेको छ।

मोबाइल एप्लिकेसन, क्युआर कोड र स्मार्ट गोरखापत्र अभियानले डिजिटल यात्रालाई अझ प्रयोगकर्तामैत्री बनाएको छ। मोबाइल एपमार्फत समाचार पढ्न सहज भएको छ। क्युआर कोड प्रयोगले छापा र डिजिटल सामग्रीबिच सेतु निर्माण गरेको छ। ‘स्मार्ट गोरखापत्र’ अभियानले अनलाइन, एप र सामाजिक सञ्जाललाई एकीकृत गर्दै बहुआयामिक डिजिटल प्लेटफर्मको विकास गरेको छ।

प्रशासनिक तथा व्यवस्थापन पक्षमा डिजिटल रूपान्तरण गरिएको छ। ई. हाजिरी प्रणाली, डिजिटल लेखा प्रणाली, एकीकृत व्यवस्थापन प्रणाली (जिआइओएमएस) र डिजिटल हस्ताक्षरको प्रयोगले संस्थानलाई कागजरहित, पारदर्शी र प्रभावकारी प्रशासनतर्फ उन्मुख गराएको छ। सूचना प्रविधि विभागको स्थापना र साइबर सुरक्षा व्यवस्थापनले डिजिटल संरचनालाई मजबुत बनाएको छ।

त्यसै गरी मल्टिमिडिया युनिट र स्टुडियो निर्माणले भिडियो पत्रकारितालाई संस्थागत स्वरूप दिएको छ। आफ्नै स्टुडियोबाट कार्यक्रम उत्पादन र प्रसारण गर्न थालिएपछि गोरखापत्रले श्रव्यदृश्य माध्यममा आफ्नो उपस्थिति सशक्त बनाएको छ। यसै क्रमलाई निरन्तरता दिँदै विसं २०८२ मङ्सिर १२ गते ‘गोरखापत्र एकेडेमी सञ्चालनसम्बन्धी कार्यविधि–२०८२’ पारित गरी कार्यान्वयनमा ल्याएको छ। यसले गोरखापत्रलाई केवल समाचार प्रकाशनमा सीमित नराखी ज्ञान, अनुसन्धान र बौद्धिक बहसको केन्द्रका रूपमा विस्तार गरेको छ। २०८२ पुस ३ गते आयोजित ‘गोरखापत्र डिस्कोर्स’ मार्फत नीतिगत बहसलाई संस्थागत रूपमा अघि बढाइएको छ, जसको मुख्य उद्देश्य मिडिया तथा डिजिटल साक्षरता अभिवृद्धि गर्नु पनि हो।

विसं २०८२ फागुन १४ गते एआई नीति पारित गरेर गोरखापत्रले डिजिटल रूपान्तरणलाई नयाँ उचाइमा पुऱ्याएको छ। यस नीतिले एआई प्रयोगलाई स्पष्ट, सुरक्षित र जिम्मेवार बनाउँदै पत्रकारितामा मानव सम्पादकीय नियन्त्रणलाई सुनिश्चित गरेको छ। सत्यता, निष्पक्षता, विश्वसनीयता र उत्तरदायित्व जस्ता पत्रकारिताका मूल्यमान्यतालाई कायम राख्दै प्रविधिको प्रयोग गर्ने दिशामा गोरखापत्र अघि बढिरहेको देखिन्छ। यसरी हेर्दा गोरखापत्रको डिजिटल यात्रा निरन्तर विकास, नवप्रवर्तन र समयानुकूल परिवर्तनको सशक्त उदाहरण हो, जसले परम्परागत पत्रकारिताबाट आधुनिक डिजिटल पत्रकारितासम्मको सफल रूपान्तरणलाई स्पष्ट रूपमा प्रतिविम्बित गर्छ।

## डिजिटल रूपान्तरण

- विसं २०३५ फागुन २७ गते दुई थान टेलिप्रिन्टर खरिद गर्ने निर्णय
- विसं २०३८ कात्तिक ३ गते फोटो कम्पोज गर्न भेरिटाइप खरिद गर्ने निर्णय
- विसं २०३९ फोटो टाइपसेटिङ मेसिनको प्रयोग सुरु
- विसं २०३९ असार १३ गते फोटो कम्पोजबाट ‘दी राइजिङ नेपाल’ सप्लिमेन्ट प्रकाशन
- २०४६ मङ्सिर ११ गते डेस्कटप पब्लिसिङ कम्प्युटर खरिद गर्ने निर्णय
- विसं २०५३ फागुन १२ गते (सन् १९९७) ‘दी राइजिङ नेपाल’ का सामग्री इन्टरनेटमा राख्न सुरु
- विसं २०५९ वैशाख २४ गते www.gorkhapatra.org.np बाट अनलाइन प्रकाशन सुरु
- विसं २०५९ असार १ गते डिजिटल तस्बिरसहित शनिबारीय अङ्क प्रकाशन
- विसं २०५९ असार १० गते गोरखापत्र दैनिक रङ्गीन छपाइ सुरु
- विसं २०६६ माघ २ गते (सन् २०१०) ई. पेपर पिडिएफ वेबमा प्रकाशन सुरु
- विसं २०६८ माघ १ गते (सन् २०११) ‘मधुपर्क, ‘युवामञ्च, मुना’ पिडिएफमा प्रकाशन
- विसं २०६९ माघ गते (सन् २०१२) ‘नयाँ नेपाल’ पृष्ठ डिजिटल (पिडिएफ) प्रकाशन
- विसं २०६९ पुस २३ गते (सन् २०१३ जनवरी ७) पहिलो आधिकारिक इमेल gopa mos.com.np निर्माण
- सन् २०१३ फेब्रुअरी १० मा सोही नामको अर्को इमेल निर्माण
- विसं २०६९ मङ्सिर (सन् २०१२)- gorkhapatraonline.com बाट अनलाइन पुनः सुरु
- विसं २०७४ माघ १७ गते डिजिटल अर्काइभिङका लागि अभिलेखालयसँग सम्झौता
- विसं २०७५ भदौ विद्युतीय हाजिरी प्रणाली सुरु
- विसं २०७५ फागुन १७ गते मोबाइल एप सञ्चालन
- विसं २०७६ साउन १ गते सूचना प्रविधि विभाग गठन
- विसं २०७६ भदौ २४ गते गोरखापत्र र राइजिङ नेपाल डेली अनलाइन औपचारिक दर्ता
- विसं २०७७ साउन १ गते डिजिटल लेखा प्रणाली सुरु
- विसं २०७७ सम्म ४३ मातृभाषाका पिडिएफ प्रकाशन सुरु
- २०७९ वैशाख १ गते अनलाइनका दुवै पोर्टल नयाँ डिजाइनसहित परिष्कृत
- २०७९ पुस २४ गते एकीकृत व्यवस्थापन प्रणाली (जिआइओएमएस) लागु
- २०७९ फागुन २४ गते डिजिटल हस्ताक्षर प्रणाली कार्यान्वयन
- २०७९ मा मल्टिमिडिया युनिट स्थापना
- २०८१ वैशाखमा नयाँ मोबाइल एप सञ्चालन
- २०८१ असार १९ गते पहिलो पटक क्युआर कोडमार्फत सामग्री प्रकाशन
- २०८१ पुसमा नयाँ स्टुडियोबाट भिडियो उत्पादन सुरु
- २०८२ पुस ५ गते वाम्बुले राई भाषासहित ४५ भाषामा पिडिएफ प्रकाशन
- २०८२ साउन १२ गते ‘सांसदसँग संवाद’ युट्युब शृङ्खला सुरु
- २०८२ फागुन १४ गते एआई नीति पारित र कार्यान्वयन
- नयाँ माध्यम (सामाजिक मिडिया) विस्तार
- सन् २०१२ डिसेम्बर ३० मा फेसबुक पृष्ठ सुरुवात
- सन् २०१९ मार्च ट्विटरमा आबद्ध
- सन् २०१९ मे १४ मा युट्युब च्यानल सुरु
- सन् २०२० जनवरी २२ मा अनलाइन नियमित सञ्चालन
- सन् २०२१ डिसेम्बरमा इन्स्टाग्राम सञ्चालन
- सन् २०२२ जुन ६ मा टिकटकमा आबद्ध
- सन् २०२२ डिसेम्बरमा डिजिटल सुरक्षा सुदृढीकरण लागु।

*स्रोत : युगसाक्षी, २०८२ तथा अन्य*

# पुस्तकमा गोरखापत्र



यमबहादुर दुरा

जहानियाँ राणा शासनकालमा सुरु भएको नेपालको जेठो अखबार गोरखापत्र विभिन्न राजनीतिक पद्धति पार गर्दै हालको अवस्थामा आइपुगेको छ। यसले आफ्नो स्थापनाकालदेखि नै सूचना, समाचार र विचार प्रवाह गरेर नेपाली समाजमा वैचारिक तरङ्ग ल्याउन सघाएको छ। समयक्रममा गोरखापत्र स्वयम् वैचारिक दुनियाँमा समालोचनाको विषय बनेको छ। यही सिलसिलामा गोरखापत्रको योगदानलाई सम्झेर वा कतिपय अवस्थामा गोरखापत्रप्रति आलोचनात्मक दृष्टि राखेर असङ्ख्य लेख लेखिएका छन्।

अझ कतिपय लेखकले त एक कदम अघि बढेर गोरखापत्रलाई नै विषयवस्तु बनाएर पुस्तकसमेत लेखेका छन्। यस लेखमा विभिन्न पुस्तकमा गोरखापत्र वा गोरखापत्रमा प्रकाशित सामग्रीलाई विषयवस्तु बनाएको विषयलाई प्रकाश पार्ने प्रयास गरिएको छ। यस्ता पुस्तकका सामग्री पुरापुर वा आंशिक रूपमा गोरखापत्रसँग सम्बन्धित छन्। कृतिगत दृष्टिले हेर्दा गोरखापत्रलाई धेरै सम्झने र स्नेहभाव प्रकट गर्ने स्रष्टा कमलमणि दीक्षित देखिनुहुन्छ। दीक्षितले ‘कालो अक्षर’ (२०५०), ‘कागतीको सिरप’ (२०५३), ‘चार कन्था’ (२०५३) तथा ‘शाखासन्तान’ (२०६१) कृतिमार्फत गोरखापत्रलाई सम्झनुभएको छ। उहाँले यी चार कृतिमध्ये ‘कालो अक्षर’ बाहेक गोरखापत्रलाई केन्द्रमा राखेर विश्लेषणात्मक सामग्री पस्कनुभएको छ। ‘कागतीको सिरप’ र ‘चार कन्था’ मा प्रकाशित सबै जसो सामग्री गोरखापत्रमा पूर्वप्रकाशित लेख रहेका छन्। ‘कालो अक्षर’ मा गोरखापत्रसँग सम्बन्धित प्रसङ्ग आंशिक रूपमा रहेका छन्। यी चार कृति पढ्दा गोरखापत्रको आरोहअवरोहपूर्ण इतिहास, तत्कालीन नेपालको सामाजिक राजनीतिक परिदृश्य तथा लेखकको साहित्यिक रुझानयुक्त चिन्तनधाराको झलक मिल्छ।

अर्कातिर अनुसन्धाता हर्षमान महर्जनको हिमालखबर अनलाइनमा २०७७ असोज १ गते प्रकाशित लेख अनुसार कमल दीक्षित, शिव रेग्मी र शिवप्रसाद भट्टराईको संयुक्त सम्पादकत्वमा प्रकाशित ‘गोरखापत्र : सय वर्षका १०१ कथा’ मा १९५८ देखि २०५६ सम्म गोरखापत्रमा छापिएका केही कथाको सँगालो प्रकाशन भएको छ। यसलाई गोरखापत्र संस्थानले २०५८ सालमा प्रकाशनमा ल्याएको हो। अध्येता महर्जनका अनुसार २०६७ सालमा गोरखापत्र संस्थानले शिव रेग्मी, शिवप्रसाद भट्टराई र जयदेव भट्टराईको सम्पादनमा ‘गोरखापत्रको इतिहास’ प्रकाशित गऱ्यो, जसमा धेरै जसो गोरखापत्र र एकाध गोरखापत्र संस्थानका अरू प्रकाशनमा छापिएका ४५ जनाका लेख सङ्कलित छन्। पुस्तकमा प्रकाशित लेखले गोरखापत्रको इतिहास उजागर गर्न सघाएका छन्।

यसै गरी गोरखापत्र संस्थानले २०६० सालमा डा. माधव पोखरेल, शिव रेग्मी तथा शिवप्रसाद भट्टराईको सम्पादकत्वमा ‘गोरखापत्रका एक सय एक निबन्ध’ शीर्षकमा पुस्तक प्रकाशन गऱ्यो। यस पुस्तकमा जसमा विभिन्न कालखण्डमा गोरखापत्रमा छापिएका निबन्धहरू सङ्गृहीत छन्, जसमा पुराना तथा नयाँ लेखकको निबन्धको रसास्वादन गर्न पाइन्छ। यी निबन्धहरू नेपाली निबन्धकारिताको विकासक्रम र निबन्ध लेखनको प्रवृत्तिलाई नियाल्ने आँखीझ्याल बनेका छन्। दीपक श्रेष्ठले ‘गोरखापत्र संस्थान ग्रन्थकोश पत्रपत्रिका’ शीर्षकमा २०८२ साल भदौ २२ गते लेखेको लेख अनुसार गोरखापत्र संस्थान स्वयम्ले ‘गोरखापत्र संस्थान स्मारिका’ (२०४२), ‘गोरखापत्र शैली पुस्तिका’ (२०५५), ‘गोरखापत्र : सय वर्षका कविता’ (२०५८), ‘गोरखापत्र नयाँ नेपाल : भाषा चिनारी’ (२०७१), ‘गोरखापत्र स्मारिका’ (२०७४), ‘सांस्कृतिक सौरभ’ (२०७४) आदि प्रकाशनमा ल्याएको छ (श्रेष्ठ, २०८२)।

गोरखापत्र संस्थानले प्रकाशनमा ल्याएका यी कृतिका अन्तर्वस्तु समीक्षाको विषय बनिसकेका छन्। यिनीहरूको वस्तुनिष्ठ अध्ययन तथा विश्लेषणपछि मात्र अन्तर्वस्तुबारे केही भन्न सकिएला।

त्यस्तै शिव रेग्मी, शिवप्रसाद भट्टराई र जयदेव भट्टराईको सम्पादनमा ‘गोरखापत्रको इतिहास’ (२०६७) गोरखापत्रले नै प्रकाशन गरेको छ। विजय चालिसे सम्पादक रहेको गोरखापत्र ‘शैली पुस्तिका’ (२०५५) र केदार भट्टराई सम्पादक रहेको ‘गोरखापत्र प्रकाशन शैली’ (२०८०) ले पनि गोरखापत्रको इतिहास विषयमा समग्र जानकारी दिएको छ। गोरखापत्रको १२५ औँ वर्ष प्रवेशको उपलक्ष्यमा स्मारिका ‘युगसाक्षी’ (२०८२) प्रकाशित छ। यसमा सङ्गृहीत लेखले पनि गोरखापत्रका समग्र विषय बुझ्न महत्त्वपूर्ण सहयोग पुग्ने छ।

नेपाली साहित्यका अध्येता शरदचन्द्र भट्टराईले गोरखापत्रसँग जोडिएका एक महत्त्वपूर्ण व्यक्तित्वबारे कृति प्रकाशनमा ल्याउनुभएको छ। उहाँले ‘सानो चिनारी नरदेव पाण्डेको’ शीर्षकमा पुस्तिका प्रकाशनमा ल्याउनुभएको हो। २०६० सालमा प्रकाशित यस कृतिको सिधा साइनो गोरखापत्रसँग नभए पनि गोरखापत्रसँग जोडिएका धेरै संस्मरण अनावरित भएका छन्। कृतिले मूल रूपमा गोरखापत्रसँग सम्बद्ध नरदेव पाण्डेलाई चित्रण गरेको छ, जसबाट गोरखापत्रसँग अनेकन् प्रसङ्ग स्वाभाविक रूपमा जोडिन आइपुग्छन्।

गोरखापत्रको पहिलो सम्पादक को हुन् भन्नेबारे अझै पनि विवाद देखिन्छ। कतिले नरदेव पाण्डे नै पहिलो सम्पादक हुन् भन्ने तर्क गरेको पनि पाइन्छ। यद्यपि शरदचन्द्र भट्टराईले यस तर्कलाई नकारेको देखिन्छ। नरदेव पाण्डेका सम्बन्धमा भट्टराई लेख्नुहुन्छ– ‘उनी नेपालको जेठो मानिएको समाचारपत्र गोरखापत्रको पहिलो सम्पादक नभए पनि पहिलो तैनाथवाला सञ्चालक, व्यवस्थापक, हाकिम एवम् मुद्रकचाहिँ थिए। गोरखापत्रको कुरा गर्नासाथ उनको सम्झना भइहाल्छ’ (पाण्डे, २०६०, पृ. ६)।

सोही पुस्तकमा रहेको ‘नरदेव पाण्डे र गोरखापत्र’ शीर्षकको सामग्रीमा शरदचन्द्र भट्टराईले नरदेव पाण्डे २९ वर्षको हुँदा गोरखापत्र जन्मेको र देशकै पहिलो




समाचारपत्रको प्रकाशनसँग नाम जोडिनु उहाँका निमित्त कम गौरवशाली कुरा थिएन भनी लेखिएको छ। उहाँकै रेखदेख र स्याहारसुसारबाट गोरखापत्र परिपुष्ट हुँदै गएको चर्चा पनि गरिएको छ।

पुस्तकमा नरदेव पाण्डेको वंश परिचय, व्यक्तित्व विकाससम्बन्धी पृष्ठभूमि, पारिवारिक विवरण, पाण्डे परिवारको विद्वत् परम्परालगायतका जानकारी समाविष्ट छन्। यति मात्र होइन, सोही पुस्तकमा गोरखापत्रका सम्पादक रहिसकेका बालमुकुन्ददेव पाण्डेले नरदेव पाण्डेबारे ‘सुनेका कुराहरू’ शीर्षकमा लेखेको संस्मरणात्मक लेखलाई पनि स्थान दिइएको छ। शरदचन्द्र भट्टराईले आफ्नो पुस्तकमा उल्लेख गर्नुभए अनुसार बालमुकुन्ददेव पाण्डे नाताले नरदेव पाण्डेको भतिज पर्छन्। बालमुकुन्ददेव पाण्डे नरदेव पाण्डेका भाइ दक्षदेव पाण्डेका छोरा हुन्।

माथि चर्चा गरिएका कृतिबाहेक गोरखापत्रबारे लेखिएका अन्य कृति पनि हुन सक्छन्, जुन ओझेलमा परिरहेका हुन सक्छन्। अर्को कुरा, थुप्रै लेखकले गोरखापत्रमा प्रकाशित आफ्ना लेखहरूलाई समेटेर पुस्तक प्रकाशन गरेको अनेकन् दृष्टान्त भेटिन्छ। यसमा साहित्यिक क्षेत्रमा नाम चलेका लेखकदेखि उतिविधि चर्चामा नआएका कलमजीवी पनि पर्छन्। यसका अतिरिक्त विश्वविद्यालयमा पढाइ हुने पत्रकारिता तथा आमसञ्चार विषयको पाठ्यक्रमसँग सम्बन्धित पुस्तकमा पनि गोरखापत्रको इतिहास तथा यसले नेपाली पत्रकारिताको विकासमा दिएको योगदानबारे पर्याप्त मात्रामा चर्चा भएको छ।

यी तमाम कृतिलाई एकै ठाउँमा राखेर अध्ययन तथा चिन्तन मनन गर्ने हो भने जेठो अखबार आफ्नो गोरखापत्रले १२५ वर्ष लामो समय यात्रामा आफूसँगै हुर्काउँदै गएको रहस्यको गुत्थी फुकाउन धेरथोर सहयोग पुग्ने देखिन्छ। यसबाहेक यी कृतिहरूको गहन अध्ययनबाट तत्कालीन नेपाली समाजको सामाजिक, राजनीतिक तथा सांस्कृतिक जीवनको विम्ब पनि देख्न सकिन्छ।

# गोरखापत्रकी सूर्यमती



देवकी विष्ट

उत्कृष्ट तस्बिरमा फोटो पत्रकारको सफलता मात्र होइन इतिहास पनि झल्कन्छ। १९८४ वैशाख १३ गते गोरखापत्रमा ‘विविध विषय’ शीर्षकमा छापिएको एउटा तस्बिरले पनि त्यस्तै इतिहास बोकेर बसेको छ।

वैशाख १३ गते गोरखापत्रमा छापिएको सो तस्बिरसँगै कपासको गुण केलाइएको आलेख प्रकाशित छ। त्यसै आलेखमा ‘श्रीचन्द्र कामधेनु चर्खा प्रचारका खेती विभागद्वारा प्रकाशित कपास खेतीको साधारण सूचना’ भनी उल्लेख गरिएको छ। महिलाले चर्खामा धागो कातिरहेको तस्बिरमुनि ‘आफ्ना कपासका बगैँचामा ‘श्रीचन्द्र कामधेनु चर्खा’ द्वारा धागो कातिरहेकी वर्ष १२ की वीरगन्ज बस्ने सूर्यमती श्रेष्ठनी’ भनेर तस्बिरको स्पष्ट विवरण (क्याप्सन) प्रकाशित छ। यसै तथ्यका आधारमा सोही तस्बिर छापिएको मितिलाई राष्ट्रिय फोटो पत्रकारिता दिवसका रूपमा मनाउन थालिएको हो।

पत्रिकामा तस्बिर छापिएका सन्दर्भमा केही फरक मत नभएका होइनन्। राणा प्रधानमन्त्री चन्द्रशमशेर जबराको जन्मदिनका अवसरमा १९८३ साउन १८ गते सोमबार पहिलो पटक गोरखापत्रमा तस्बिर छापिएको पाइन्छ। यसैलाई पहिलो छापिएको तस्बिर मानिनुपर्ने मत पनि नभएको होइन। तथापि समाचार र समाचारीय मूल्यसहितको तस्बिरलाई पहिलो प्राथमिकतामा राखी राष्ट्रिय पत्रकारिता दिवस मनाउने सवालमा वैशाख १३ को तस्बिरलाई आधार लिएको पाइन्छ।

नेपालको फोटोग्राफी इतिहासमा फोटो खिच्ने क्यामराको प्रवेश गराउने राणा प्रधानमन्त्री जङ्गबहादुर राणा हुन्। सन् १८५० मा उनी युरोप भ्रमणमा गएका बेला फोटो खिच्ने क्यामरा नेपालमा ल्याएको इतिहासमा उल्लेख गरिएको पाइन्छ तर सो क्यामराबाट खिचिएको तस्बिर कुन हो भन्ने अहिलेसम्म पनि जानकारी नभएको प्रत्युस पन्तको एउटा अनुसन्धानमा जनाइएको छ।

नेपाली जनजीवनको तस्बिर खिचेर प्रकाशनमा ल्याउने पहिलो व्यक्ति बेलायतका नागरिक क्लेरेन्स कोमिन टेलरलाई चिनिन्छ। नेपाली पत्रकारिताको इतिहासमा फोटो छापिएको पहिलो अखबार गोरखापत्र हो। नेपालमा वीरशमशेरले डेढ सय वर्षअघि फोटोग्राफीको सुरुवात गरेका थिए। गोरखापत्रपछि सन् १९३४ मा ‘शारदा’ मासिक पत्रिकामा बालकृष्ण समद्वारा खिचिएको फोटो प्रकाशित भएको थियो। सो तस्बिर अनुसार बालकृष्ण समलाई नेपालको पहिलो फोटो पत्रकार पनि मानिन्छ। बालकृष्ण फोटोग्राफी, चित्रकला र साहित्यमा उत्तिकै सक्रिय व्यक्तित्व हुन्। नेपालको पहिलो नेपाली फोटोग्राफरका



विक्रम संवत् १९८४ वैशाख १३ गते प्रकाशित गोरखापत्रमा छापिएको वीरगन्जकी १२ वर्षीय सूर्यमती श्रेष्ठिनीले कामधेनु चर्खामा धागो कातिरहेको तस्बिर।

> समाचार र समाचारीय मूल्यसहितको तस्बिरलाई पहिलो प्राथमिकतामा राखी राष्ट्रिय पत्रकारिता दिवस मनाउने सवालमा वैशाख १३ को तस्बिरलाई आधार लिएको पाइन्छ।

रूपमा डम्बरशमशेर राणालाई मानिन्छ। डम्बरशमशेर बालकृष्ण समका हजुरबा हुन्।

नेपालको फोटोग्राफी इतिहासमा १९ औँ शताब्दीको मध्यतिर फोटोग्राफी व्यावसायिक रूपमा फस्टाएको पाइन्छ। पहिला राणा र राजपरिवारको फोटोमा मात्रै सीमित फोटोग्राफी पछि आएर सन् १९०९ मा काठमाडौँको प्याफलमा विष्णुध्वज जोशीले व्यवस्थित र पूर्ण व्यावसायिक ‘ग्रान्ड स्टुडियो’ स्थापना गरेका थिए। नेपालको फोटोग्राफी विस्तारै परिवार र आफन्तभन्दा पनि पत्रकारिताका रूपमा सन् १९५० देखि सन् १९८० को दशकमा विकास भएको पाइन्छ। क्यामरा यन्त्रबाट फोटो खिचेर छाप्ने कलालाई फोटोग्राफी भनिन्छ। फोटोग्राफी शब्द ग्रिक भाषाबाट आएको हो। ग्रिक भाषामा फोटोको अर्थ प्रकाश र ग्राफीको अर्थ छाप्नु अथवा कोर्नु हो। सन् १८२६ मा जोसेफ निसेफोर निएप्सेले संसारकै पहिलो फोटो खिचेको मानिन्छ। सन् १८३९ अगस्त १९ मा फ्रान्स सरकारले फोटोग्राफीलाई पत्रकारिताको मान्यता दिएको थियो। सोही कारण सन् २०१० देखि अगस्त १९ लाई विश्व फोटोग्राफी दिवस मनाउन थालेको पाइन्छ। १५ औँ शताब्दीतिर अब्सक्युरा क्यामराको विकासदेखि सुरु भएको क्यामराको यात्रा हेलियोग्राफी क्यामरा, डेगुएरिओ टाइप क्यामरा, क्यालो टाइप क्यामरा, वेटकोलोडियन, ड्राइप्लेट नेगेटिभ, कोडाक हुँदै आज डिजिटल फोटोग्राफीको युगमा छौँ। फोटो खिचेर के बाँच्न सकिन्छ ? यो प्रश्न धेरैको मनमा हुन्छ। मलाई पनि लाग्थ्यो के फोटो पत्रकारिता गरेर बाँच्न सकिन्छ ? यो अलि अप्ठ्यारो प्रश्न पनि हो तर बाँच्न सकिन्छ। मैले मेरो जीवनमा जति समय फोटो पत्रकारिता गरेँ जीवन्त तस्बिरहरू खिचिएका छन्। तस्बिरद्वारा धेरै कथा भनिएका पनि छन्। फोटो पत्रकारिता गर्दागर्दै साथीको एउटै तस्बिर तीन/चार लाखमा बेचिएको सुन्दा अचम्म पनि लाग्थ्यो। फोटोग्राफी पेसा महँगो र कठिन पनि हो। त्यसैले मनमा एक किसिमको भय पनि हुन्छ। महँगो क्यामरा बोकेर आन्दोलन, भिडमा, पानी परेको बेला हिँड्न सचेत हुनु पर्थ्यो किनभने यदि कसैले नोक्सान पुऱ्याइदिए के गर्ने ? जुन अहिले पनि कायम नै छ। कति पटक त फोटो पत्रकार साथीहरूले तस्बिर खिच्ने क्रममा कुटाइ मात्र होइन ज्यान पनि गएको अवस्था छ। मैले पनि आन्दोलनका क्रममा तस्बिर खिच्दा दुर्व्यवहार भोगेको छु। स्कुटर तोडफोड भएको थियो। त्यसको जिम्मेवार को हुन्छ ?

अहिले डिजिटल युगमा फोटोग्राफरको सङ्ख्या धेरै नै छ। नेपालमा फोटोग्राफी, चित्रकारिता, फोटोपत्रकारिता व्यावसायिक पनि बन्दै गएको छ। नेपाल फोटो पत्रकारिता, फोटोग्राफी र पर्यटनका हिसाबले विश्वमा चिनिँदै पनि गएको छ।

# पहिलो अङ्कमै उद्यम तृष्णा



जुनारबाबु बस्नेत

अहिले संसार नै डिजिटल युगमा पौडिरहेको छ । मार्सल म्याक्लुहानले सन् १९६० कै दशकमा 'विश्वलाई एकै गाउँ हुन्छ' भन्दा इन्टरनेटको उद्भव नै भएको थिएन । इन्टरनेटको अन्वेषणले मूर्त रूप लिएसँगै सूचना प्रविधिको विकासले संसारलाई तीनचार दशकयता एउटा गाउँ बनाउँदै छ। पत्रकारिताको मूल मार्ग डिजिटल आयाम बनिरहेको छ। तर पत्रकारिताको आधुनिक स्वरूपका पछाडि लामो इतिहास छ।

इतिहास अलि पर पुग्दा रोमन सम्राट् जुलियस सिजरले इसापूर्व ५९ मै 'एक्टा डिउर्ना' अर्थात् कपडाको तुलका माध्यमबाट सूचना सामग्री प्रकाशनमा ल्याएर राज्यले नागरिकलाई सूचना सार्वजनिक गर्नु पर्छ भन्ने मान्यता आरम्भ गरे । त्यो प्रयास पत्रकारिताको श्रीगणेश नै थियो।


प्रगति कहिल्यै रोकिन्न। तथापि जर्मन अन्वेषक जोहनेस गुटन वर्गले सन् १४४० मा छाप्ने मेसिनको आविष्कार गर्दासम्म छापाको विकासमा तीव्रता आउन सकेको थिएन। तर छापाको विकासपछि पुस्तक अनि छापा पत्रकारिता मुद्रणले उद्योगको आकार ग्रहण गर्दै गयो। सन् १६०५ मा जर्मनमा पहिलो अखबार 'रेलेसन' छापियो । सन् १७०२ मा बेलायतमा 'डेली कोरान्ट' छापिन थालेसँगै अखबारी पत्रकारिता व्यापक विस्तार भए पनि दक्षिण एसियामा अखबार प्रकाशन हुन लामै समय कुर्नु परेको देखिन्छ। सन् १७८० मा कोलकताबाट 'बङ्गाल गजेट' प्रकाशन भयो । त्यसको सय वर्षपछि (सन् १९०१ मे ६) मात्र बल्ल काठमाडौँमा पहिलो अखबार गोरखापत्र (प्रकाशन हुँदा गोर्खापत्र) छापिएर नेपालमा अखबारी पत्रकारिताको नवीन इतिहास प्रादुर्भाव भयो।

विसं १९५८ ज्येष्ठवदी दुई तिथिमा आरम्भ भएको गोरखापत्र यही वैशाख २४ बाट १२६ औँ वर्षमा प्रवेश गरेको छ । पहिलो अङ्कका विषयवस्तुमा अन्वेषकहरूको ध्यान जानुपर्ने आवश्यक देखिन्छ। पहिलो अङ्कमा 'एडिटर्को राय' लेखिएको छ। यसलाई आजको भाषामा सम्पादकीय पनि भन्न सकिन्छ। अखबारमा सम्पादकीय लेख्ने परम्परा डेनियल डेफोले त्यसअघि नै आरम्भ गरेको विषयवस्तु त कति जानकारी थियो ? त्यस बेला तर एडिटरको रायका विषयवस्तु अत्यन्तै गहन छन् । सम्पादकीयलाई अखबारको संस्थागत बोली, अडान र दृष्टिकोण पनि भनिन्छ। त्यस एडिटरको रायमा देशलाई आर्थिक उन्नतिमा लैजाने व्यापक तृष्णा र लक्ष्य देखिन्छ। पहिलो पृष्ठको मुख्य समाचार राखिने छेउतिर अखबारको एकतिहाइ स्थान, माथिदेखि तलैसम्म दिएर 'एडिटर्को राय' शीर्षकसँगै विषयवस्तु आरम्भ नै यसरी गरिएको छ–

*मुलुकमा धन् र सुख इलमबाट हुने हुनाले र अज्ञान् जस्तो दुख अरु केही नहुनाले मुलुकको बढ्ति हवस अज्ञानको को दुख मेरा दुनिञा मा नरहोस्.......*

धन र सुखबाट लेखनी सुरु भएको छ। समकालीन पत्रकारितामा अनेक विधा विकास भएका छन् । त्यसमा वित्तीय पत्रकारिताको विशिष्ट स्थान छ। कतिपयले यसलाई आर्थिक पत्रकारिता पनि भन्छन्। विश्वका ठुला अखबारको समकालीन मुख्य विषयवस्तु नै आर्थिक नीतिलाई प्रवर्धन गर्ने गरी तय गरिएका हुन्छन् । सम्पन्न मुलुकका पत्रकारिताका विषयवस्तु आर्थिक उन्नतिमा केन्द्रित हुने गरेका छन्। लगानी प्रवर्धनबाट उद्यम विस्तार हुन्छ। उद्यमबाटै रोजगारी विस्तार हुन्छ। रोजगारी विस्तारसँगै आय र उत्पादन बढ्छ। नेपालमा पनि यताका दशकमा आर्थिक पत्रकारिताको विस्तार व्यापक नै हुँदै गएको छ तर गोरखापत्रले पहिलो अङ्कबाट यो सुरुवात राम्ररी गरेको पाइन्छ।

आर्थिक तथा वित्तीय पत्रकारिताको आरम्भ गोरखापत्रले पहिलो अङ्कबाटै थालनी गरेको थियो भन्न मिल्ने विषयवस्तु स्पष्ट देखिन्छ । पहिलो अङ्कको 'एडिटर्को राय' नै आर्थिक पत्रकारिताको सारबाट सुरु भएको देखिन्छ । आठ पृष्ठका पत्रिकाभरि आर्थिक विकासका निम्ति अनेक हुटहुटी पाइन्छ। सम्पादकीय भन्न सकिने एडिटरको रायको आरम्भ नै धन, इलम र सुख जस्ता शब्दबाट आरम्भ हुन्छ। ज्ञान नहुनु नै दुःखको कारण हो भनिएको छ। भनिन्छ, अखबारले सूचना र ज्ञानको प्रसार गर्छ। महाराज देव शमशेरले अज्ञान हटाई इलमका निम्ति ज्ञान प्रसार गर्न गोरखापत्र प्रकाशन थालनी गरेको सारलाई 'एडिटर्को राय' ले गहन उद्घोष गरेको बुझ्न सकिन्छ।


एडिटर्को राय ।

मुलुकमा धन् र सुख इलम बाट हुने हु-
नाले र अज्ञान् जस्तो दुख अरु केही नहुना-
ले मुलुक को बढति हवस अज्ञान को दुख
मेरा दुनिञा मा नरहोस भनी ठाँउ ठाँउ मा
गरी २५ पाठसाला राखि बक्से को हुनाले
र [illegible] मा दुनिञा को निमति
अरु ७।८ ठुला ठुला काम गरी बक्सिदा सा-
रा दुनिञा हरू ले ठुलो सुख पाया को हुना-
ले र देश देशावर को गैह खबर, अधिका ठु-
ला ठुला मानिस हरू ले गरे को बुद्धि पुर्व-
क को चारित्र, देश देशान्तर मा मुलुक को
उन्नती को काम भया को हाल आज काल
बडा बडा बुद्धिमान मानिष हरुले बुद्धि
फैलाइ ठुलो ठुलो काम गरे को खबर, सबै-
त् छापा बाट थाहा हुने होता पनी आज स-
म्म नेपाल मा प्रकाश हुन नसके को मा छा-
पा प्रकाश गर्ना ळाइ हाम्रि ले बिन्ती चढाउ-
दा श्री ३ माहाराज बाट दुनिञा को फाईदा
र मुलुक को उन्नति हुने हुना ले छापा प्रका-



गोरखापत्रको प्रकाशन दुनियाँको फाइदाको निम्ति भनिएको छ। इलमी हुन ज्ञान हुनुपर्ने र ज्ञान तथा सूचना विस्तार गर्न छापा पत्रकारिताको विकास अपरिहार्य देखिएको स्पष्ट पार्न खोजिएको छ । नेपाली रैती दुनियाँ छापाको माध्यमबाट अरूबाट ज्ञान सिकेर इलमी हुन सकून् भन्ने ध्येय स्पष्ट देखिन्छ। यति मात्र होइन, अखबारको विकास भएका मुलुक इलमी हुन सकेको र तिनै मुलुक धनी बनेको विषयवस्तुलाई सरल तरिकाले बुझाउन खोजिएको छ। एडिटरको राय पहिलो पृष्ठबाट सुरु भई दोस्रो पृष्ठभरि तीन कालमा विस्तार गरिएको छ । त्यसमा अगाडि भनिएको छ :

*जुन देशमा अखबार बढ्दै गएको छ, ती ती देशमा रोज रोज उन्नति पनि बढ्दै गएको देखिन्छ ..... (पृष्ठ २, एडिटर्को राय)*

अखबारको विस्तार भएको मुलुक नै विकसित हुँदै गएको अनुभव नेपाली पाठकलाई दिएको छ । हुन पनि औद्योगिक क्रान्तिले युरोप र अमेरिकाको विकास तीव्र युगमा प्रवेश गरिसकेका थिए। विश्वभर छापा अखबारको सङ्ख्या नै उल्लेख गरिएको छ। धनी मुलुकमा धेरै अखबार प्रकाशित भएको देखाएर शिक्षा र चेतनालाई आर्थिक विकाससँग जोड्ने प्रयास गरिएको छ। त्यसमा ज्ञानको शक्ति जोड्दै थपिएको छ :

*...मनुष्यमा शब्द (खबर) ज्ञानको शक्ति ज्यादा दिनाले अरु प्राणीभन्दा मनुष्य को ठुलो उन्नति र बडापन (श्रेष्ठता) देखिएको छ, इलम पनि कोइ इलमिले त्यस इलममा केही खबर लेखिदियाको छ भने तेस्को उन्नति भयाको ...*

ज्ञान नै शक्ति हो भन्ने सारलाई सविस्तार गरिएको छ। ज्ञानकै शक्तिले अरू प्राणीभन्दा बढी मानिसको उन्नति भएको छ । त्यसबाट श्रेष्ठता बढेको छ । त्यो श्रेष्ठता भने इलमबाट प्राप्त हुने गहन ध्येय राखिएको छ। शिक्षा र चेतना अभावको त्यो अन्धकार युगमा देशलाई समृद्धिको तृष्णालाई सहज बुझ्न सकिन्छ । गोरखापत्र प्रकाशनका निमित मानवतावादी दर्शनका प्रयोक्ता जयपृथ्वीबहादुर सिंहको लक्ष्यसमेत देखिन्छ। गोरखापत्रका व्यवस्थापक जयपृथ्वीबहादुर भए पनि सनदबाट नरदेव पाण्डेलाई गोरखापत्रको जिम्मेवारी दिइएको थियो । एडिटरको रायको भाषा र शैली हेर्दा नरदेव पाण्डेको भाषा शैली हो कि भन्न सकिन्छ। सेनाका वरिष्ठ अधिकृत डिल्लीजङ्ग थापालाई देखाएर मात्र छाप्नुपर्ने सनदको व्यवस्थाबमोजिम देव शमशेरकै इच्छा अनुरूप एडिटरको राय थियो भन्ने निष्कर्ष पनि निकाल्न सकिन्छ।

पृष्ठ दुईमै निरन्तरतामा गोरखापत्र प्रकाशनबाट के कस्तो फाइदा हुन्छ भन्ने पनि बुँदागत रूपमा देखाइएको छ। नम्बर नै दिएर बुँदागत दिएको त्यस्तो फाइदाको दोस्रोमा आर्थिक उन्नतिलाई नै बढी जोड दिई फाइदा जनाइएको छ। त्यस दोस्रो बुँदामा भनिएको छ–

*अखबार बराबर हेरनाले, दुनियाँ भरको खबर जानि ठुला ठुला मुलुक् मा यस् यस् किसिमले देशको उन्नति गरेको रहेछ, यस्तो सभ्यता रहेछ भनि जान्नाले बुद्धि मान भयका दुनियाँले आफ्नो चालचलन्, व्यवहार, धर्म, कर्म, खेति पाति, इलम इत्यादि संपूर्ण विषय मा उन्नति गरेको देखि दुनियाँमा..*

अखबारबाट ज्ञानको प्रसारलाई बढी जोड त दिइएकै छ, त्यसमा पनि देशवासी र देशको उन्नतिका तृष्णामै बढी केन्द्रित गरिएको छ । सभ्यता बुझ्न सकिने भनिएको छ । चालचलन जान्नु भनेको असल अभ्यासको अनुसरण पनि गर्नु हो। धर्मकर्मसँगै खेतीपातीका कुरा जान्नुपर्नेमा जोड दिएको छ।

गोरखापत्रका पछिल्लो अङ्कमा पनि खेतीपाती गर्ने ज्ञान र सिप सिकाइएको छ। इलम अर्थात् उद्यम सिक्नुपर्ने कुरामा त झनै फाइदा हुने भनिएको छ। यी सबै कार्यबाट देश दुनियाँको उन्नति हुन सक्ने भन्दै गोरखापत्र प्रकाशनको औचित्य पुष्टि गर्ने अब्बल प्रयास गरिएको छ। गोरखापत्र प्रकाशनको भाइभारदारबाटै विरोध भइरहेको कुरा त देव शमशेर गोरखापत्र प्रकाशनको ११४ दिनमै भाइ चन्द्र शमशेरबाट अपदस्त गरी धनकुटा पठाइएकोबाट इतिहास साक्षी छ।

आज पत्रकारिताले बजार अर्थतन्त्र, यसका नीति, कार्यक्रम र योजनालाई मिडिया सामग्रीको केन्द्रविन्दुमा राखिने गरिन्छ। गोरखापत्र प्रकाशनको फाइदाको सातौँ बुँदामा आर्थिक पत्रकारिताको विषयलाई राम्ररी प्रकाश पार्ने प्रयास गरिएको छ। त्यस बुँदामा यस्तो भनिएको रहेछ–

*देश दशावरको र गोर्खा राज्यभरका ठाउँ ठाउँको सुना, चाँदी, लत्ताकपडा, अनाज, कसन, तामा इत्यादि सारा चिजबिज को दरभाउ येसमा बराबार छापिने हुनाले महाजनहरू लाई पनि ठुलो फाइदाछ।*

कलकत्ता र काठमाडौँको दरभाउ छाप्ने कुरा त सनदमै दिइएको थियो। अखबारमा के छाप्ने ? के नछाप्ने भन्ने विषयमा हाम्रा तारिफका कुरा नछाप्नू भन्ने सन्देशले स्वतन्त्र पत्रकारिताको कतिपय मर्म त पाइन्छ नै, साथसाथै कालकता र काठमाडौँको दरभाउ छापेर बजार पारदर्शिता दिन खोजिएको छ । अहिले भन्सारविन्दुमा आयातित वस्तुको अधिकतम बजार मूल्य राख्ने व्यवस्था गर्दा व्यापारिक जगत् अत्तालिएको छ। तर गोरखापत्रको पहिलो अङ्कमै कलकत्ता र काठमाडौँका दरभाउ दिइएको छ। हाल कोलकाता भनिने तत्कालीन कलकत्ता भारतको राजधानी (पछि सन् २०११ मा मात्र भारतको राजधानी दिल्ली सरेको हो) मात्र नभई तेस्रो विश्व बजारलाई जोड्ने बन्दरगाह बजार पनि थियो। नेपाल बाह्य व्यापारको केन्द्र पनि थियो।

गोरखापत्रको पहिलो अङ्कमा अर्थ भन्ने शीर्षकका उद्यमप्रति समाचार जस्तै सामग्री छापिएको छ । त्यस सामग्री आरम्भ गरिएको छ–

*उद्योगी पुरुषलाई लक्ष्मी प्राप्त हुन्छ....*

यसमा उद्यम गर्नु नै जीवनको सार्थकता हो भन्ने सन्देश छ। उद्यम नगर्ने तर भाग्यमा मात्र विश्वास गर्नेले कहिल्यै उन्नति गर्न सक्दैन भनिएको छ। उद्यम के कसरी गर्ने भन्दै सामग्रीको अलिपछि लेखिएको छ–

*उद्योगी मुनष्यलाई केही वस्तु कहिले पनि बेकामको हुँदै न, उद्योगी मनुष्यहरू ढुङ्गा, माटो, फुत्रो कपडा, रुखका बोक्रा, सिग हाड ताँबो फलो पित्तल अरु साना मोलका धातुहरू को आफ् ना परिश्रमले सुन्दर वस्तु बनाइ ठुलो मोल जाने पारी सबैलाई चाह गराय धन कमाउँछन्.....*

लेटर प्रेसमा अक्षर जोडेर लेख्नुपर्ने, दक्ष जनशक्तिको अभाव आदिले भाषिक शुद्धतामा समस्या भए पनि सामग्रीको अर्थ गहन निकाल्न सकिने देखिन्छ । उद्यम गर्न हाम्रा वरिपरिका कच्चा पदार्थबाट औद्योगिक उत्पादन गरी बजारमा उच्च मूल्यमा बेच्न सकिने भनिएको छ। जो उद्यमी हुन्छ, उही अवश्य ठुलो हुन्छ भन्ने गहन सन्देश छ। उद्यम नगर्ने पुरुषका जहान बच्चाले पनि दुःख पाउँछन् भनिएको छ । वास्तवमा विसं १९५८ वैशाख २४ गते प्रकाशित गोरखापत्रको पहिलो अङ्कमा नै अर्थ, उद्यम र इलमका विषयमा महत्त्वपूर्ण जानकारीहरू आज पनि गहन अध्ययन, अन्वेषणका विषय हुन् । पत्रकारिताका प्राज्ञिक अध्येताले यस्ता विषयमा थप अध्ययन गर्नु आवश्यक देखिन्छ।

---

# गोरखापत्रको 'सनद' विश्व पत्रकार आचारसंहिताको मानक



दीपक खनाल


नेपालमा विसं १९५८ वैशाख ११ गते अर्थात् सन् १९०१ मा सनद जारी भएको थियो । गोरखापत्र साप्ताहिक प्रकाशन (विसं १९५८, वैशाख २४ गते) हुनु तीन हप्ताअघि प्राइममिनिस्टर श्री ३ देवशमशेरद्वारा जारी उक्त सनदमा छाप्न हुने र नहुने विषय यसरी उल्लेख गरिएको छ।

"दुनियाँलाई हुन्या इस्तीहार नटाँसिने कुरा र नयाँ जारी भयाको ऐनको कुरा, कलकत्ताको र यहाँको दरभाउ, जंगी निजामतिले असल तरकी गरेकोमा उनको पुर्खावलि देखीको वयान ईष्टान्न, बृगडीयर कर्णेल वहादुर गंभीर सिंह माझीले ५० रुपैयाँ उठतिको जगा विर्ता, हामीबाट र मुखत्यारले दुनियालाई इसपीच दिएको, अनौठा अनोठा कुरा अर्थात् आकाशमा उडेर जाने समुद्रभित्र जाहाज लगेको, देषका दायामा आएको र यहाँ भयको, अदालत विषयमा अन्याय भयाको प्रमाण पुग्याको दोभिता भयाको अड्डा खानाका हाकिम अड्डामा नबसी फोहर गरेको, कसैले मैले यो काम लियाको छु नोकरी पाउ भन्या र यस ठाउँमा मैले धाउ पाया भनी जाहेर गर्न आयाको दामली छाप्न हुने उल्लेख छ। यस्तै छाप्न हुनेमा कसुर भै हाकिमहरू अदलीबदली भयाको, पाहाड मदेसमा जुलुम भयाको, खेती पाति विषय ईलम विषय धर्म विषय उन्नतिको असल–असल कामको कितापको उलथा, श्री ५ सरकारको ठुलो–ठुलो उत्सव, सोर्गेवासी श्री ३ महाराजका तारीफ, बाबुले कमायाको धन जुवा रंडीवाज वदनियत गरी खर्च गर्नेको दिड, सीकारका विषय हाम्रा गोर्खालीले फलानाले खुकुरीले चीतुवा भालुलाई हाने मारे भने इत्यादि वाहादुरी गरेको, ग्याजेट प्रोग्राम, वैंकटेश्वर वंगवासी छापाको असल–असल कुरा उलथा, दुनियाँको वदचलन फतुरा खर्चबाट दिल हटाउने राय र डाक्टरहरूले यसलाई आराम गर्दा यति खिल्लत पाया भन्या कुरा छन्।"

यस्तै श्री ५/३ सरकारका दरबार भित्रका स्वास्नी मानिसको विषय, फौज विषय र हातहतियार राजकाज, सरकारका आम्दानी खर्च, भोट र हाम्रो सेवानाका विकट वाटाको वयान सुनखानीका धाउ पायाको कुरा, अनेत्र पंचराज्ये विषयलाई तारीफ हुने कुरा भयाका कितापका उलथा र श्री ३ को तारीफको कुरा छाप्न प्रतिबन्ध थियो । विश्वमा पत्रकार आचारसंहिता, प्रेस काउन्सिलको अवधारणाको विकास र बहस हुनुअघि नै नेपालमा जारी सनदमार्फत तत्कालीन सरकारले सूचनालाई सत्य, तथ्य, पारदर्शी, प्रामाणिक, मानव अभिरुचिपूर्ण बनाउन खोजेको देखिन्छ । माथि उल्लिखित छाप्ने र नछाप्ने विषयलाई विश्लेषण गर्दा यस्तो छनक पाइन्छ। सुधारवादी प्राइममिनिस्टर देवशमशेरले गोरखापत्र प्रकाशन गरेर दुनियाँलाई विभिन्न जानकारी दिन खोजेको पाइन्छ । उनले 'इस्तिहार नटाँसिने र नयाँ ऐन जारी भएको, कलकत्ता र नेपालको दरभाउ, आफू र मुखत्यारले गरेको सम्बोधन, नोकरी पाऊँ भनी दुनियाँले दिएको निवेदन, कसुर भै हाकिमहरू अदलीबदली भएको कुरा, श्री ५ सरकारको ठुलो ठुलो उत्सवका समाचार छाप्नु' भनेर दुनियाँलाई सुसूचित गर्न खोजेको देखिन्छ । यस्तै 'जङ्गी निजामतीले असल काम गरेमा उसको पुर्खाको समेत खोजी गरेर बयान छाप्नु' भनेर जङ्गी निजामतीमा अनुशासन कायम राख्दै उत्साह ल्याउन र उनीहरूको मनोबल बढाउन खोजेको देखिन्छ। अर्कोतिर 'अदालत विषयमा अन्याय भयाको प्रमाण पुगेमा, अड्डा खानाका हाकिम अड्डामा नबसेको भए छाप्नु' भनेर न्यायमा जोड दिन खोजेको देखिन्छ । श्री ३ देवशमशेरमा पत्रकारिताको सेन्स अफ ह्युमरप्रति पनि रुचि रहेछ अर्थात् समाचारको तत्त्वप्रति ज्ञान रहेछ भन्ने कुरा उनले 'अनौठा अनौठा कुरा अर्थात् आकाशमा उडेर जाने समुद्रभित्र जाहाज लगेको र गोर्खालीले सिकारमा गरेको बहादुरीका समाचार छाप्नु' भनेबाट प्रस्ट हुन्छ । 'पाहाड र मदेसमा जुलुम भएको विषय सप्रमाण छापिदिनु' भनेर सुशासन र शीघ्र डेलिभरीमा ध्यान दिएको देखिन्छ। 'खेतीपाती, इलम, धर्म, उन्नतिको असल असल कामको किताबको उल्था गरी छाप्नु' भनेर दुनियाँलाई उद्यमी बनाउँदै सकारात्मक सन्देश दिन खोजेको पाइन्छ । 'बाबुले कमाएको धन जुवा र वेश्यावृत्ति (रन्डीबाजी) मा र दुनियाँको रकम अनावश्यक खर्च गर्नेका समाचार छापिदिनु' भनेर समाजमा अनुशासन कायम गर्न खोजेको देखिन्छ।

श्री ३ देवशमशेरले 'स्वर्गवासी महाराजाको तारीफका कुरा छाप्नु' भने पनि 'आफ्नो तारीफका कुरा नछाप्नु' भनेका छन् । अहिले दल, वर्ग, नेता, सेलिब्रेटीको महिमागान गाएर पत्रकारिता गरिन्छ। यसो नगर्दा रिसाउनेहरू पनि छन्। सञ्चार माध्यमहरूले आफ्नो स्वार्थअनुकूल सामग्री सम्प्रेषण गर्दछन्। गुणगान, चाकडी, चुप्लुसी मौलाएको वर्तमान पत्रकारिताभन्दा १२५ वर्षअघि श्री ३ देवशमशेरले दिएको निर्देशन नै प्रगतिशील देखिन्छ । यो त वर्तमान पत्रकार र सञ्चारमाध्यमका लागि लज्जाको विषय हो। यस्तै देशको सैन्य वा सुरक्षा र हातहतियार, खानीका विषय समाचारका विषय बन्नु हुँदैन । आफ्नो देशको यस्तो अवस्था खुला सम्प्रेषण गर्नु भनेको अरू बलियो राष्ट्रलाई स्वदेशमा निम्त्याउनु हो। यस्तो विषयमा देवशमशेर बरु धेरै दूरदर्शी रहेछन्। सुरक्षाकर्मीका हतियारसमेत यति उति भनेर तथ्याङ्क सार्वजनिक गर्ने वर्तमानका कतिपय पत्रकार र मिडियाका लागि यो विषयले गिज्याइरहेको हुन सक्छ।

यसरी पत्रकार आचारसंहिताको विश्व इतिहाससँग तुलना गर्दा पछिल्लो आचारसंहिताले जस्तै सनदले पनि समाचार सत्य, तथ्य र विश्वसनीय हुनुपर्ने, असत्य सूचना फैलाउन नहुने, राज्यका गोप्य सूचना बाहिर लैजान नहुने, अफवाह फैलाउन नहुने, सामाजिक सद्भाव बिग्रने गरी सामग्री प्रवाह गर्न नहुने, जिम्मेवारपूर्ण सूचना सम्प्रेषण गर्नुपर्ने, तारिफ, चाकडीका सूचना सम्प्रेषण गर्न नहुने, हतियार, सैन्य अवस्था, धाउ (खानी) का विषयका समाचार लेख्न नहुने), भ्रष्ट आचरण भएका व्यक्तिको समाजमा नैतिक पतन गराउनुपर्ने आदि जस्ता कुरामा जोड दिएको देखिन्छ। जहानियाँ राणाशासन कालमा प्रेस स्वतन्त्रता, स्वतन्त्रता, निष्पक्षता, सन्तुलन जस्ता कुरा नआउनु स्वाभाविक हो।


छाप्न हुने

- दुनियाँलाई हुने इस्तिहारका कुरा
- नयाँ जारी भएका ऐनका विशेषता
- कलकत्ता र काठमाडौंको दरभाउ
- जंगी निजामतीले गरेको असल कामका पुर्खाको समेत बयान
- श्री ३ महाराज र मुख्तियारले दिएको भाषण (इस्पीच)
- अनोठा अनोठा कुरा
- अदालतका विषयमा अन्याय भएको प्रमाण पुगेको कुरा
- अड्डाखानाका हाकिम अड्डाखानामा नबसेको कुरा पक्का गरेर
- कसूर भई हाकिम अदलबदल भएको कुरा
- पहाड मधेशमा जुलुम भएको कुरा छपाउन आए मानिसको सहीछाप गराएर
- खेतीपाती, इलम, धर्म, उन्नतिको असल कामका किताव उल्था गरेर
- श्री ५ को सरकारको ठूलो ठूलो उत्सवको कुरा
- स्वर्गवासी श्री ३ को तारिफ
- बाबुले कमाएको धन जुवा रण्डीबाज बदनियत गरी खर्च गर्नेको
- सिकारमा गोर्खालीले गरेको बहादुरी
- ग्याजेट प्रोग्राम
- बैंकटेश्वर बंगवारी छापाका असल असल कुरा उल्था गरेर
- दुनियाँको बद्‌चलन फतुरा खर्चबाट दिल हटाउने कुरा।

छाप्न नहुने

- श्री ५/३ सरकारका दरबारिभत्रका स्वास्नीमानिसको विषय
- फौजको विषय
- हात हतियारको विषय
- राजकाजको विषय
- सरकारका आम्दानी खर्च विषय
- भोटको र हाम्रो सेवा नाका बिक्ट बाटाको बयान
- सुनखानीका धाउ पायाको कुरा
- अनेत्र पन्च राज्ये विषयलाई तारिफ हुने कुरा।

सनद र वर्तमान आचारसंहिताबिच समानता–भिन्नता छ। दुवैले सत्यता र तथ्यपरकतामा जोड दिएका छन्। तथ्यता, सत्यता आधुनिक पत्रकार आचारसंहिताको सबैभन्दा महत्त्वपूर्ण सिद्धान्त हो। प्रेस काउन्सिलद्वारा जारी पछिल्लो आचारसंहिताले यसमा जोड दिएको छ। सनदले वर्तमान आचारसंहिताले जस्तै गोपनीयता, जिम्मेवारी, राष्ट्रिय सुरक्षा, सामाजिक सद्भाव र नैतिकता, राष्ट्रिय सार्वभौमसत्ता, सुशासन, पारदर्शितामा जोड दिएको छ।

यद्यपि सनदले वर्तमान आचारसंहिताले जस्तै सम्पादकीय स्वतन्त्रता र प्रेस स्वतन्त्रताको संरक्षण गरेको छैन । अहिले प्रेस तथा वाक् स्वतन्त्रतामा स्वच्छन्दता छ त्यतिबेला थिएन । अहिलेको सञ्चार माध्यम पब्लिक इन्टटी हो, त्यतिबेला हुन सकेको थिएन। राज्य नियन्त्रित थियो। अहिले धेरै सञ्चार माध्यम छन् । संस्थागत संरचनाका आधारमा हेर्दा सनद व्यक्तिगत र प्रशासनिक स्तरमा लागु हुने राजकीय आदेश थियो । त्यस समय गोरखापत्र मात्रै थियो, त्यो पनि सनद जारी हुँदा साप्ताहिक थियो। यो गोरखापत्रकै लागि जारी गरिएको थियो। सोको निगरानी कारबाही सरकारबाटै हुन्थ्यो, हुन सक्थ्यो। अहिले आचारसंहिता बनाउने, पत्रकार र सञ्चार माध्यमको अनुगमन, संरक्षण गर्ने प्रेस काउन्सिल, पत्रकार महासङ्घ आदि छन्। हिजो श्री ३ बाट सनद जारी हुन्थ्यो, सरकारबाट निगरानी हुन्थ्यो आज काउन्सिल नेपालबाट अनुगमन, कारबाही हुन्छ।

## आचारसंहिता र नैतिकसंहिता

पेसा–व्यवसायलाई स्वच्छ, स्वस्थ, सन्तुलित, मर्यादित, अनुशासित, जिम्मेवार र जवाफदेही बनाउन आचारसंहिता जारी गरिएको हुन्छ। यो पेसा, व्यवसाय वा व्यवहारमा संलग्न व्यक्ति वा संस्थाले गर्न हुने नहुने आचरणगत नियम हो। जसले पेसा, व्यवसाय, व्यवहारलाई मर्यादित, जिम्मेवार र व्यवस्थित बनाउँछ। आचारसंहिता (कोड अफ कन्डक्ट) सँगै नैतिकसंहिता (कोड अफ इथिक्स) पनि आउँछ। उस्तै लागे पनि यी दुईमा केही भिन्नता छ। मिडिया कानुनको तुलनामा कोड अफ कन्डक्ट र कोड अफ इथिक्स कम बाध्यकारी हुन्छ। पत्रकार र सञ्चार माध्यमले मिडिया कानुनमा तोकिएका दर्ता, शुल्क, जरिवाना जस्ता प्रावधान पूरा गर्नै पर्छ।

कोड अफ इथिक्सको तुलनामा कोड अफ कन्डक्ट केही बाध्यकारी हुन्छ। जस्तो आमाबुबालाई ढोग्ने नढोग्ने, गुरु, मान्यजनलाई नमस्कार गर्ने नगर्ने, महिला, बालबालिका वा ज्येष्ठ नागरिक सिटमा बस्ने/नबस्ने कुरा नैतिकतामा भर पर्दछ। नमान्दा उसमाथि कारबाही हुँदैन । कोड अफ इथिक्सले भनेका कुरा मान्ने नमान्ने विषय व्यक्तिमा भर पर्दछ। कोड अफ कन्डक्टमा उल्लिखित नियम पेसाकर्मीले मान्नै पर्दछ। क्रिड र सनद पनि हुन्छ। क्रिड धार्मिक विश्वास, शपथ वा प्रतिबद्धता जस्तै, सनद चाहिँ सरकारी सूचना, आदेश लेखिएको राजकीय आज्ञापत्र हो।

सञ्चारविद् वाइमर र डोमिनिकका अनुसार पत्रकारितामा आचारसंहिताको आचरणगत मान्यताहरूको विकास नै सत्य र साँचो व्यवहार गर्न भएको हो । सञ्चारविद् लालदेउसा राईको विचारमा नैतिकवान् हुनु भनेको मानव हुनु हो। मानव हुनु भनेको नैतिकवान् हो। तसर्थ नैतिक व्यवहार मानवोचित व्यवहार हो । गौतम बुद्धद्वारा प्रतिपादित अस्टाङ्गिक मार्ग (सम्यक् ज्ञान, सम्यक् विचार, सम्यक् वाणी, सम्यक् कर्म, सम्यक् जीवनयापन, सम्यक् प्रयास, सम्यक् चेतना र सम्यक् एकाग्रता) निकै महत्त्वपूर्ण छ। यीमध्ये सम्यक् ज्ञान, सम्यक् विचार, सम्यक् वाणी र सम्यक् कर्मलाई पत्रकारिता–कर्मसँग जोडेर हेर्न सकिन्छ। सम्यक् ज्ञान भनेको सही सूचनाको ज्ञान हो। तथ्यपरक ज्ञानसँगै विचार पनि सम्यक् हुनु पर्दछ। सम्यक् ज्ञान र विचार भएपछि मात्रै वाणी (अभिव्यक्ति) दिनलायक हुन्छ। यी तीनैको तालमेल मिलेपछि मात्रै कर्म (एक्सन) मा जानु पर्दछ। यहाँ त्यो सम्यक् कर्मलाई पत्रकारिता भनेर बुझौँ। हिन्दु, इस्लामसहित विविध धर्मशास्त्रका आध्यात्मिक सूत्रहरूलाई पनि आचारसंहितासँग जोडेर हेर्न सकिन्छ।

आचारसंहिता/नैतिकसंहिता/क्रिड पेसासँग सम्बन्धित व्यक्ति, संस्था र सरोकारवालाद्वारा जारी गरिन्छ।

राज्यद्वारा गठित नियमनकारी निकायले पेसाकर्मीको सहमति र सहभागितामा तयार जारी गरी सोको अनुगमन र कारबाही गर्दछ । विविध पेसा जस्तै पत्रकारिता तथा आमसञ्चारलाई स्वच्छ, स्वस्थ, सन्तुलित, मर्यादित, अनुशासित, जिम्मेवार बनाउन पत्रकार आचारसंहिता जारी गरिन्छ। सनद श्री ३ बाट जारी भएको आदेशपत्र हो।

सन् १९२३ मा अमेरिकी पत्रिका सम्पादक समाज (आसने) ले जारी गरेको पत्रकारिता पेसासँग सम्बन्धित सातबुँदे सिद्धान्तलाई पत्रकार आचारसंहिताको प्रमुख प्रारम्भ मानिन्छ । क्याननु अफ जर्नालिजम पनि भनिने यस सिद्धान्तमा जिम्मेवारी, प्रेस स्वतन्त्रता, स्वतन्त्रता, निष्पक्षता, इमानदारिता, सन्तुलित प्रस्तुति र शिष्टता रहेका छन् । अमेरिका जस्तै स्विडेन, बेलायत, जापान, भारत, फ्रान्स, फिनल्यान्ड, जर्मनी, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्कामा जारी पत्रकार आचारसंहिताले पनि मूलतः स्वच्छ, स्वस्थ, सत्य, तथ्य, सन्तुलित, जिम्मेवार पत्रकारितामा जोड दिएको देखिन्छ।

> सनदमा पनि वर्तमान आचारसंहितामा झैँ छाप्ने र नछाप्ने प्रावधान भएकाले र आजको आधुनिक आचारसंहितासँग तुलना गर्दा यसले पनि सत्यता, गोपनीयता, जिम्मेवार सूचना प्रवाह, सार्वजनिक हित, राज्य, शासन र समाजप्रतिको उत्तरदायित्वमा जोड दिएकाले सनदलाई वर्तमान आचारसंहिता निर्माणको एउटा जग भन्न सकिन्छ ।

## अन्त्यमा सनद

यद्यपि सनदलाई पत्रकार आचारसंहिता मान्ने नमान्ने बहस कायम छ। एकथरिले जहानियाँ राणा शासनमा जारी फर्मान, हुकुमी, आदेश, पत्रिकाका लागि तय भएको सामान्य मार्गदर्शन भएकाले पत्रकार आचारसंहिता मान्न हुन्न भनेका छन् भने अर्काथरिले आचारसंहिता तथा प्रेस कानुनको जग भन्ने गरेका छन्। जस्तो सनदमा छाप्नु भन्ने १९ र नछाप्नु भन्ने ६ बुँदा भए जस्तै पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन र परिमार्जन, २०७६) मा पनि पत्रकार र सञ्चार माध्यमले गर्नुपर्ने १४ र गर्न नहुने १४ वटा बुँदा छन् । सनदमा पनि वर्तमान आचारसंहितामा झैँ छाप्ने र नछाप्ने प्रावधान भएकाले र आजको आधुनिक आचारसंहितासँग तुलना गर्दा यसले पनि सत्यता, गोपनीयता, जिम्मेवार सूचना प्रवाह, सार्वजनिक हित, राज्य, शासन र समाजप्रतिको उत्तरदायित्वमा जोड दिएकाले सनदलाई वर्तमान आचारसंहिता निर्माणको एउटा जग भन्न सकिन्छ। अर्कोतिर सनद जारी भएपछि नै नेपालमा आचारसंहिता वा प्रेस कानुनको आवश्यकतालाई औँल्याएको पाइन्छ । २००४ सालको वैधानिक कानुन, २००७ सालको अन्तरिम शासन विधान, छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २००५, छापाखाना र प्रेस रजिस्टरी ऐन, २००८, छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २००९ मार्फत प्रेस तथा वाक् स्वतन्त्रतालाई विधिवत् रूपमा प्रयोग गर्न दिन खोजिएको थियो। २०१४ सालमा गठित प्रेस कमिसनले पत्रकार आचारसंहिता र प्रेस काउन्सिल गठनको सुझाव अघि सार्दा सनदलाई अध्ययन गरेन होला त ? यसलाई सन्दर्भ–सामग्रीका रूपमा लिएन होला त ? अर्कोतिर आजको जस्तो संस्थागत पत्रकारिता, नियमनकारी निकाय र पेसागत सङ्गठनको स्थापना नभएको, श्री ३ नै राज्य–सरकार जस्तो भएको अवस्थामा सनद सरकार वा श्री ३ बाट जारी हुनुलाई अन्यथा मान्न हुँदैन। श्री ३ बाट जारी भए पनि यसका धेरैजसो कन्टेन्टको आशय प्रगतिशील रहेकाले यसको मूल मक्सद सकारात्मक पत्रकारिता कायम गराउनु थियो भन्न सकिन्छ।

यसरी नेपाली सनदको आँखीझ्यालबाट चिहाएर विश्व पत्रकार आचारसंहिताको इतिहास हेर्दा सनदलाई विश्व पत्रकार आचारसंहिताको एउटा मानक मान्न सकिन्छ । हरेक अध्ययनमा पश्चिमा साहित्यलाई नै मूल सन्दर्भ सामग्री ठान्ने हाम्रो बौद्धिक लघुताभासले सनदलाई विश्वको पत्रकार आचारसंहिता इतिहासमा दर्ज गर्न सकिरहेको छैन। के पत्रकारिता जगत्का सबै नेपाली दिग्गजले यसतर्फ ध्यान दिए यो सम्भव नहोला र ? कसले कसरी जारी गऱ्यो भनेर सङ्कीर्ण सोच्नुभन्दा तत्कालीन राज्य व्यवस्थामा यति जारी हुनु नै ठुलो कुरा थियो र विश्वमा पत्रकार आचारसंहिता आउनुभन्दा २२ वर्षअघि नेपालबाट जारी भएको थियो भनेर सकारात्मक सोच्दै यसलाई विश्वमा स्थापित गराउन सबै जुटे कसो होला ?

राष्ट्रको गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।  gorkhapatraonline.com








विराटनगर संस्करण | आलोकन | इतिहास संरक्षणमा 'ब्ल्यु प्ल्याक' | संसद्बाट अनुमोदन गर्न नपर्ने १४



वर्ष १२६ | अङ्क ३ | २०८३ साल वैशाख २६ गते शनिबार | जेष्ठ कृष्ण सप्तमी | नेपाल संवत् ११४६ बछलागा ७ | 2026 May 9 Saturday | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ


# पन्ध्र अवैतनिक वाणिज्यदूत पदमुक्त



तस्बिर : प्रम सचिवालय

प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा सिंहदरबारमा शुक्रबार बसेको मन्त्रीपरिषद् बैठक।

मुद्दाको फर्स्योटका आधारमा डा. मनोजकुमार शर्मालाई प्रधान न्यायाधीशमा सिफारिस

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २५ गते*

सरकारले विदेशस्थित १५ जना नेपाली अवैतनिक वाणिज्यदूतलाई पदमुक्त गरेको छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा शुक्रबार बसेको बैठकले यो निर्णय गरेको सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिनुभएको हो।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीसमेत रहनुभएका प्रवक्ता पोखरेलले राष्ट्रपतिसमक्ष आगामी वैशाख २८ गते सोमबार अपराह्न ४:०० बजे बस्ने सङ्घीय संसद्का दुवै सदनको संयुक्त बैठकलाई सम्बोधनका लागि अनुरोध गर्ने निर्णय गरेको जानकारी दिनुभयो। साथै सङ्घीय संसद्का सदस्यको उपस्थितिका लागि आह्वान गर्ने निर्णय भएको उहाँले बताउनुभयो।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बाध्यकारी श्रम महासन्धि १९३० सम्बन्धी २०१४ को प्रोटोकल नम्बर २९ अनुमोदनका लागि सङ्घीय संसद्समक्ष पेस गर्ने निर्णय भएको छ। त्यसै गरी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको श्रम निरीक्षणसम्बन्धी महासन्धिको, १९४७ नम्बर ८१ पनि अनुमोदनका लागि संसद्समक्ष पेस गर्न स्वीकृति प्रदान गर्ने निर्णय भएको छ।

### सीमा विवादबारे संवाद हुन्छ

मन्त्री पोखरेलले लिपुलेकमा देखिएको सीमा विवादबारे भारतसँग संवाद हुने बताउनुभएको छ। परराष्ट्र मन्त्रालयले भारतलाई कूटनीतिक 'नोट' पठाइसकेकाले दुईपक्षीय संवादबाट निकास निकाल्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। मन्त्रालयको सङ्ख्या वाचापत्रबमोजिम १८ वटा बनाउने प्रक्रियामा रहेको बताउँदै उहाँले जुन मन्त्रालय एकआपसमा अन्तरसम्बन्धित छन् त्यसलाई मिलाएर कम बनाउने प्रक्रियामा गएको प्रस्ट पार्नुभयो।

### कार्यसम्पादनका आधारमा प्रधान न्यायाधीश

मन्त्री पोखरेलले मुद्दाको फर्स्योटका आधारमा डा. मनोजकुमार शर्मालाई प्रधान न्यायाधीशमा सिफारिस गरेको दाबी गर्नुभयो। अहिले भएका उपयुक्त विधिमध्येबाटै प्रधान न्यायाधीशको सिफारिस भएकाले समयक्रमसँगै विधि र पद्धतिमा सुधार गर्दै जानुपर्ने उहाँको भनाइ छ। "नेपालको न्याय क्षेत्र सुधार गर्न नीतिगत, कानुनी र संवैधानिक रूपमा सुधार गर्नु पर्छ भन्ने विषय पहिलादेखि नै उठ्दै आएको हो। न्यायपालिका, कार्यपालिका, व्यवस्थापिकालाई एकअर्काबाट टाढा राख्नु पर्छ भन्ने विषय पहिलादेखि नै भन्दै आएको हो," उहाँले भन्नुभयो, "न्याय परिषद्मा पाँच जना सदस्यमध्ये तीन जना लगभग राजनीतिक नियुक्ति जस्तो देखिन्छ। त्यहाँबाट सिफारिस हुने न्यायाधीश अलिकति राजनीतिक पृष्ठभूमिको आउनुहुन्छ। योग्य व्यक्तिबाटै सिफारिस गरेका हौँ।"

### खुला प्रतिस्पर्धाबाट उपकुलपति

मन्त्री पोखरेलले विश्वविद्यालयका उपकुलपति खुला प्रतिस्पर्धाका आधारमा नियुक्त हुने जानकारी दिनुभयो। "उपकुलपतिको पद रिक्त भएकाले शुक्रबारदेखि आह्वान गरिसकेका छौँ। मेरो अध्यक्षतामा समिति गठन भए पनि खोज कमिटी बनाएर विज्ञ समूह गठन गरिएको छ," उहाँले भन्नुभयो, "विश्वविद्यालयलाई राजनीतिबाट टाढा बनाउनु पर्छ भन्ने हो। खुला प्रतिस्पर्धाका आधारमा सिफारिस भएका, छनोट सूचीमा परेकाको नाम


» बाँकी पृष्ठ २ मा


## युद्ध र तनाव
## सङ्कट सामना गर्न तीन प्रस्ताव

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २५ गते*

परराष्ट्र मन्त्रालयले दक्षिण पश्चिम एसियालगायत विभिन्न मुलुकमा उत्पन्न द्वन्द्व तथा युद्धका कारण परेको इन्धन तथा अन्य सङ्कट सामनाका लागि बहुकार्ययोजनासहितको प्रतिवेदन तयार पारेको छ। परराष्ट्र मन्त्रालयले प्रतिवेदन तयार गरेर प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा शुक्रबार पेस गरेको हो।

सरकारको शासकीय सुधारका एक सय कार्यसूचीमध्ये ९५ नम्बरमा रहेको राष्ट्रिय सङ्कट समाधानका लागि सुझाव तथा कार्ययोजनासहितको प्रतिवेदन तयार पार्न परराष्ट्र मन्त्रालयलाई दिएको थियो। परराष्ट्रमन्त्री शिशिर खनालको संयोजकत्वमा गठित अन्तरमन्त्रालय कार्यदलले प्रतिवेदन कार्यान्वयनका लागि सिफारिस गरेको मन्त्रालयका प्रवक्ता लोकबहादुर थापा क्षेत्रीले जानकारी दिनुभयो। कार्यदलका सदस्यसचिव डा. रामकाजी खड्काका अनुसार अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजनासहितको सुझाव प्रतिवेदनमार्फत प्रस्ताव गरिएको छ। उहाँका अनुसार अल्पकालका लागि तीनदेखि छ महिना, मध्यकालका लागि छदेखि दुई वर्ष र दीर्घकालका लागि दुईदेखि पाँच वर्षको समयावधिसहितको कार्ययोजना कार्यान्वयनमा लैजानुपर्ने हुन्छ।

अल्पकालीन नीति तथा कार्यक्रम अनुसार कृषि र खाद्य सुरक्षातर्फ मल तथा उत्पादन सामग्रीको व्यवस्थापन गर्न मौज्दात रहेको रासायनिक मलको मौसमी आवश्यकताका आधारमा जिल्लागत र स्थानीय तहगत प्राथमिकीकरण गरी समन्यायिक


» बाँकी पृष्ठ २ मा


# उपकुलपतिका लागि एकीकृत कार्यविधि

**इश्वरचन्द्र झा**
*काठमाडौँ, वैशाख २५ गते*

- उम्मेदवारले कम्तीमा विद्यावारिधि उपाधि प्राप्त गरेको, अनुसन्धान र प्राज्ञिक क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव हासिल गरेको हुनुपर्ने।
- आवेदनका लागि १० दिन समय तोकिएको छ। स्क्रिनिङ, सङ्क्षिप्त सूची प्रकाशन, प्रस्तुतीकरण र अन्तर्वार्ता हुँदै सिफारिस गर्न करिब तीनदेखि चार साता लाग्ने छ।

सरकारले विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि स्वीकृत गरेको छ। 'सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' को व्यवस्थाबमोजिम आठ वटा विश्वविद्यालयका उपकुलपति पदमुक्त भएपछि सरकारले नयाँ कार्यविधि बनाएर उपकुलपति छनोट प्रक्रिया अगाडि बढाएको हो।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार सरकारले उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि स्वीकृत गरेसँगै विभिन्न विश्वविद्यालयको रिक्त उपकुलपति नियुक्तिका लागि सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिले दरखास्त आह्वान गरेको छ। मन्त्रालयले दरखास्त पेस गर्न १० दिनको समयसीमा तोकेको छ।

मन्त्रालयका उपसचिव वीरबहादुर धामीका अनुसार सबै प्रक्रिया पूरा भई उपकुलपति नियुक्त हुन करिब एक महिना लाग्ने छ। उहाँले भन्नुभयो, "आवेदनका लागि १० दिन समय तोकिएको छ। स्क्रिनिङ, सङ्क्षिप्त सूची प्रकाशन, प्रस्तुतीकरण र अन्तर्वार्ता हुँदै सिफारिस गर्न करिब तीनदेखि चार साता लाग्ने छ।"

मन्त्रालयले उपकुलपति पदमुक्त भएपछि विश्वविद्यालयको दैनिक व्यवस्थापकीय कामकाज सहज बनाउन वैकल्पिक व्यवस्था गर्न लागेको छ। मन्त्रालयले काम नरोकिने हिसाबले अर्को साता अन्तरिम प्रबन्ध गर्ने जनाएको छ। यसअघि उपकुलपति सिफारिसका लागि विश्वविद्यालयपिच्छे छुट्टाछुट्टै कार्यविधि कार्यान्वयनमा थियो। सरकारले उपकुलपति नियुक्ति प्रक्रियालाई निष्पक्ष र योग्यतामा आधारित बनाउन तथा छनोटमा एकरूपता ल्याउन आठ वटा विश्वविद्यालयको उपकुलपति सिफारिसका लागि एकीकृत कार्यविधि तयार गरेको हो तर आठ वटै विश्वविद्यालयका लागि छुट्टै छुट्टै छनोट तथा सिफारिस समिति हुने छ।

प्रधानमन्त्री कुलपति हुने विश्वविद्यालयको हकमा भने विश्वविद्यालय सभाको बैठकबाट थप निर्णय गरेर उपकुलपति छनोट तथा सिफारिस र नियुक्ति प्रक्रिया अगाडि बढाइने छ।

### उपकुलपतिका लागि योग्यता

कार्यविधि अनुसार विश्वविद्यालयको उपकुलपति पदका उम्मेदवारले कम्तीमा विद्यावारिधि उपाधि प्राप्त गरेको, अनुसन्धान र प्राज्ञिक क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव हासिल गरेको, शैक्षिक र प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापनसम्बन्धी सिप र कौशल प्रदर्शन गरेको हुनु पर्छ। उपकुलपति पदका उम्मेदवारको न्यूनतम उमेर ४० वर्ष तोकिएको छ। योग्यतामा दरखास्त दिने समयमा कुनै राजनीतिक दलको सदस्य नरहेको र नेपाली नागरिक भएको हुनुपर्ने सर्त तोकिएको छ। लुम्बिनी बौद्ध विश्वविद्यालयको उपकुलपतिको हकमा मान्यताप्राप्त विश्वविद्यालयबाट बौद्ध दर्शनसम्बन्धी विषयमा विद्यावारिधिको उपाधि प्राप्त गरेको हुनुपर्ने छ। कृषि तथा वनविज्ञान विश्वविद्यालयको हकमा भने कृषि, भेटेरिनरी वा वनविज्ञान विषयमा कम्तीमा विद्यावारिधि उपाधि प्राप्त गरेको हुनुपर्ने तोकिएको छ।

उम्मेदवारले दरखास्तसँगै सोचपत्र र रणनीतिक कार्ययोजना तयार गरी आवरण पृष्ठमा मात्रै आफ्नो विवरण उल्लेख गरेर बुझाउनुपर्ने छ। आवेदकको पहिचान हुने कुनै प्रकारको सङ्केत चिह्न नरहने गरी छुट्टै खामबन्दी गरी पेस गर्नुपर्ने कार्यविधिमा उल्लेख छ। यसले पहिचानलाई गोप्य राखी योग्यताका आधारमा उम्मेदवार चयन हुने विश्वास गरिएको छ। एक जना उम्मेदवारले दुई वटा विश्वविद्यालयको उपकुलपतिका लागि आवेदन दिन सक्ने छ।

छनोट तथा सिफारिस समितिले पेस हुन आएका उम्मेदवारको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका आधारमा सर्वाधिक अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवार छनोट गरी उपकुलपति नियुक्तिका लागि कुलपतिसमक्ष सिफारिस गर्ने छ।

छनोट तथा सिफारिस समितिले उम्मेदवार छनोट कार्यका लागि विज्ञ उपसमिति गठन गर्न सक्ने व्यवस्था गरिएको छ। समितिले विषयविज्ञबाट उम्मेदवारको योग्यता, कार्ययोजना, सोचपत्रबारे मूल्याङ्कन गराउन सक्ने छ। समितिका कुनै सदस्य वा समितिबाट गठित उपसमिति वा कुनै विज्ञका नजिकका नातेदार भएको व्यक्तिले उपकुलपतिको पदमा दरखास्त पेस गरेको अवस्थामा त्यस्तो सदस्य वा विज्ञ मूल्याङ्कन प्रक्रिया सहभागी हुन नहुने कार्यविधिमा उल्लेख छ।

कार्यविधिको अनुसूची-२ ले योग्यता, अनुभव, सोचपत्र, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी अङ्क विभाजन गरेको छ। जस अनुसार प्राध्यापक पदमा कार्यअनुभवबापत १० अङ्क, स्वदेशी वा विदेशी विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारीको अनुभव हासिल


» बाँकी पृष्ठ २ मा


## भूमिहीन र अव्यवस्थित बसोबासीको डिजिटल लगत सङ्कलन हुने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २५ गते*

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको नेतृत्वमा काठमाडौँ उपत्यका विकास प्राधिकरणले भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीको एकीकृत डिजिटल लगत सङ्कलन गर्ने भएको छ।

प्रधानमन्त्री वालेन्द्र शाहकी प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालका अनुसार डिजिटल लगत सङ्कलनको तयारी अन्तिम चरणमा पुगेको छ। सरकारले पहिलो चरणमा काठमाडौँका होल्डिङ सेन्टरमा रहेका र बाहिर रहेका सुकुमवासीको विवरण सङ्कलन गर्ने छ भने त्यसपछि क्रमशः यो प्रक्रियालाई अन्य जिल्लामा पनि विस्तार गरिने योजना रहेको छ। होल्डिङ सेन्टरबाहिर रहेका व्यक्तिका लागि सरकारले चाँडै सार्वजनिक सूचना जारी गरी तोकिएको समयभित्र आवश्यक कागजातसहित उपस्थित हुन आग्रह गर्ने तयारी गरेको छ।

लगत सङ्कलन कार्यलाई व्यवस्थित बनाउन सरकारले आवेदकलाई तीन श्रेणीमा वर्गीकरण गरेको छ। राष्ट्रिय परिचयपत्र भएका, नागरिकता मात्र भएका र कुनै पनि परिचयपत्र नभएका व्यक्तिलाई छुट्टाछुट्टै समूहमा राखेर विवरण सङ्कलन गरिने छ।

परिचयपत्र नभएकाका हकमा होल्डिङ सेन्टरमै स्थापना गरिने संयुक्त डेस्कमार्फत तत्कालै राष्ट्रिय परिचयपत्र बनाउने विशेष व्यवस्था मिलाइएको छ, जसले गर्दा पहिचानको अभावमा कोही पनि वास्तविक भूमिहीन प्रक्रियाबाट वञ्चित हुनुपर्ने छैन।


» बाँकी पृष्ठ २ मा


# महानगरको बिचमा अस्थिपञ्जर भवन

**भउचप्रसाद यादव**
*काठमाडौँ, वैशाख २५ गते*

सङ्घीय राजधानी काठमाडौँको मुटु मानिने पुरानो बसपार्कमा निर्माणाधीन काठमाडौँ 'भ्यु टावर' समयमै सम्पन्न नहुँदा सहरको सौन्दर्य र व्यवस्थापनमा गम्भीर असर परेको छ।

मुख्यतया बहुउद्देश्यीय व्यावसायिक कम्प्लेक्स तथा व्यवस्थित बस टर्मिनलको उद्देश्यले निर्माण सुरु गरिएको यस टावरको निर्माण स्थल लामो समयदेखि जस्तापाताले घेरिएको र अधुरो कङ्क्रिट संरचना अस्थिपञ्जर जस्तो देखिन्छ। यसका कारण सहरको मुख्य प्रशासनिक केन्द्र सिंहदरबार, पर्यटकीय केन्द्र रत्नपार्क क्षेत्रसहित महानगरको सौन्दर्य नै कुरूप बनाएको छ। भ्यु टावर भन्दै होचो भागमा गरिएको निर्माणलाई काठमाडौँ महानगरपालिकाले 'मेगा प्रोजेक्ट' नाम दिएको छ।

पहिले खुला रहेको उक्त बसपार्क क्षेत्र अहिले घेराबन्दीमा पर्दा र नजिकैको रत्नपार्क (टुँडिखेल घेराबाहिर) क्षेत्रलाई जथाभाबी बसपार्कका रूपमा प्रयोग गर्नुपर्दा सहरको खुलापन र हरियालीमा समेत असर छ। पुरानो बसपार्क विस्थापित भई यात्रु र सवारीसाधनले बर्सौंदेखि सास्ती भोग्नु परिरहेको छ। २०७१ सालमा सम्झौता भई २०७२ कात्तिकमा शिलान्यास गरिएको यो आयोजना एक दशकभन्दा बढी समय बितिसक्दा पनि अझै पूर्ण भएको छैन। अहिलेसम्म ७० प्रतिशत काम सकिएको महानगरको दाबी छ। प्रस्तावित १९ तलाको यो भवन अहिले १३ औँ तलासम्म बनेर काम ठप्प रहेको यो संरचना अलपत्र छ।

काठमाडौँ महानगरको स्वामित्वमा रहेको सो टावरको निर्माण एक दशकसम्म अलपत्र पर्दा पनि उक्त आयोजनालाई के कसरी अगाडि बढाउने विषयमा महानगर अझै स्पष्ट कार्यदिशा



तस्बिर : सुजन गुरुङ

महानगर अलमलमै परेको देखिन्छ। यो आयोजनालाई अगाडि बढाउने, रोक्ने वा भत्काउने विषयमा महानगर अझै स्पष्ट हुन सकेको छैन।

तय गर्न सकेको छैन। महानगर अलमलमै परेको देखिन्छ। यो आयोजनालाई अगाडि बढाउने, रोक्ने वा भत्काउने विषयमा महानगर अझै स्पष्ट हुन सकेको छैन।

काठमाडौँ महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंले काठमाडौँ भ्यु टावरको विषय छलफलकै क्रममा रहेको बताउँदै अहिलेसम्म यसबारे कुनै निर्णयमा पुग्न नसकिएको जानकारी दिनुभयो। उहाँका अनुसार सो टावरको निर्माण अगाडि बढाउने वा भत्काउनेबारे छलफल भइरहेको छ। त्यसै गरी काठमाडौँ महानगरपालिकाको प्रशासन विभाग प्रमुख महेश काफ्लेले सो टावरबारे महानगर छलफलमा नै रहेको र अहिलेसम्म कुनै निर्णयमा पुग्न नसकिएको जानकारी दिनुभयो।

काठमाडौँ महानगरपालिकाका प्रवक्ता नवीन मनान्धरले उक्त भवन निर्माणबारे अहिले केही पनि काम जारी नरहेको र महानगरले कुनै निर्णय गर्न नसकेको बताउँदै निर्माणको ठेक्का पाएको निर्माण कम्पनी नै सम्पर्कमा नरहेको जानकारी दिनुभयो। उहाँका अनुसार निर्माण कम्पनी विगत एक वर्षदेखि महानगरको सम्पर्कमा छैन। जलेश्वर स्वच्छन्द बिकोई बिल्डर्स प्रालिले सो टावर निर्माणको ठेक्का पाएको हो।

### अदालतको आदेश

सो टावरको निर्माण अगाडि बढाउन काठमाडौँ महानगरपालिकाको नाममा अन्तरिम आदेश जारी भएको एक वर्ष पुग्न लाग्दा पनि काम सुरु हुन सकेको छैन। उच्च अदालत पाटनले पुरानो बसपार्कस्थित काठमाडौँ 'भ्यु टावर' निर्माण अगाडि बढाउन २०८२ असार २५ गते काठमाडौँ महानगरपालिकाको नाममा अन्तरिम आदेश जारी गरेको थियो। उच्च अदालत पाटनका तत्कालीन न्यायाधीश प्रकाश खरेलको एकल इजलासले सो अन्तरिम आदेश जारी गरेको थियो।

आदेशमा भनिएको छ, "निवेदकले सम्झौताबमोजिम प्राप्त गरेको नक्सा पासको अनुमति र निर्णय यथावत् रहेको परिप्रेक्ष्यमा सम्झौताबमोजिम भवन निर्माण कार्यलाई निरन्तरता दिनु वाञ्छनीय देखिएको छ।" अदालतको आदेशसँगै निर्माण कम्पनीलाई निरन्तरता दिन कानुनी बाटो खुले पनि निर्माण कम्पनीले अहिलेसम्म काम सुरु गर्न सकेको छैन।


» बाँकी पृष्ठ २ मा


अन्तर्राष्ट्रिय

## क्युबाप्रति अमेरिकी नीति नरम हुन सक्ने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २५ गते*

लामो समयदेखि नाकाबन्दीमा रहेको क्युबाप्रति अमेरिकी नीति नरम हुन सक्ने देखिएको छ। अन्तर्राष्ट्रिय समाचार संस्था एपीका अनुसार अमेरिकाले क्युबालाई लाखौँ डलरका मानवीय सहायता तथा सूचना प्रविधि सेवासमेत प्रदान गर्ने जस्ता प्रस्ताव अगाडि बढेपछि अमेरिकी नीति नरम हुन सक्ने देखिएको हो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले क्युबालाई लक्षित गर्दै विगतमा कडा चेतावनी दिँदै आउनुभएको थियो। त्यसले भेनेजुएलापछि क्युबामा पनि सैनिक कारबाहीको त्रास बढेको थियो। विकसित नरम नीतिले क्युबामाथि हाललाई सैन्य कारबाही टरेको सङ्केतका रूपमा समेत हेरिएको छ।


» बाँकी पृष्ठ २ मा





आजको विशेष

राष्ट्रको गौरव
# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

१२६ वर्ष प्रवेश

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।

gorkhapatraonline.com




कोहलपुर संस्करण | आलोकन | इतिहास संरक्षणमा 'ब्ल्यु प्ल्याक' | संसद्बाट अनुमोदन गर्न नपर्ने १४

वर्ष १२६ | अङ्क ३ | २०८३ साल वैशाख २६ गते शनिबार | जेष्ठ कृष्ण सप्तमी | नेपाल संवत् ११४६ बछलागा ७ | 2026 May 9 Saturday | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ

# पन्ध्र अवैतनिक वाणिज्यदूत पदमुक्त



तस्बिर : प्रम सचिवालय

**प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा सिंहदरबारमा शुक्रबार बसेको मन्त्रीपरिषद् बैठक ।**

## मुद्दाको फर्स्योटका आधारमा डा. मनोजकुमार शर्मालाई प्रधान न्यायाधीशमा सिफारिस

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २५ गते*

सरकारले विदेशस्थित १५ जना नेपाली अवैतनिक वाणिज्यदूतलाई पदमुक्त गरेको छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा शुक्रबार बसेको बैठकले यो निर्णय गरेको सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिनुभएको हो ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीसमेत रहनुभएका प्रवक्ता पोखरेलले राष्ट्रपतिसमक्ष आगामी वैशाख २८ गते सोमबार अपराह्न ४:०० बजे बस्ने सङ्घीय संसद्का दुवै सदनको संयुक्त बैठकलाई सम्बोधनका लागि अनुरोध गर्ने निर्णय गरेको जानकारी दिनुभयो । साथै सङ्घीय संसद्का सदस्यको उपस्थितिका लागि आह्वान गर्ने निर्णय भएको उहाँले बताउनुभयो ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बाध्यकारी श्रम महासन्धि १९३० सम्बन्धी २०१४ को प्रोटोकल नम्बर २९ अनुमोदनका लागि सङ्घीय संसद्समक्ष पेस गर्ने निर्णय भएको छ । त्यसै गरी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको श्रम निरीक्षणसम्बन्धी महासन्धिको, १९४७ नम्बर ८१ पनि अनुमोदनका लागि संसद्समक्ष पेस गर्न स्वीकृति प्रदान गर्ने निर्णय भएको छ ।

## युद्ध र तनाव
## सङ्कट सामना गर्न तीन प्रस्ताव

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २५ गते*

परराष्ट्र मन्त्रालयले दक्षिण पश्चिम एसियालगायत विभिन्न मुलुकमा उत्पन्न द्वन्द्व तथा युद्धका कारण परेको इन्धन तथा अन्य सङ्कट सामनाका लागि बहुकार्ययोजनासहितको प्रतिवेदन तयार पारेको छ । परराष्ट्र मन्त्रालयले प्रतिवेदन तयार गरेर प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा शुक्रबार पेस गरेको हो ।

सरकारको शासकीय सुधारका एक सय कार्यसूचीमध्ये ९५ नम्बरमा रहेको राष्ट्रिय सङ्कट समाधानका लागि सुझाव तथा कार्ययोजनासहितको प्रतिवेदन तयार पार्न परराष्ट्र मन्त्रालयलाई दिएको थियो । परराष्ट्रमन्त्री शिशिर खनालको संयोजकत्वमा गठित अन्तरमन्त्रालय कार्यदलले प्रतिवेदन कार्यान्वयनका लागि सिफारिस गरेको मन्त्रालयका प्रवक्ता लोकबहादुर थापा क्षेत्रीले जानकारी दिनुभयो । कार्यदलका सदस्यसचिव डा. रामकाजी खड्काका अनुसार अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजनासहितको सुझाव प्रतिवेदनमार्फत प्रस्ताव गरिएको छ । उहाँका अनुसार अल्पकालका लागि तीनदेखि छ महिना, मध्यकालका लागि छदेखि दुई वर्ष र दीर्घकालका लागि दुईदेखि पाँच वर्षको समयावधिसहितको कार्ययोजना कार्यान्वयनमा लैजानुपर्ने हुन्छ ।

अल्पकालीन नीति तथा कार्यक्रम अनुसार कृषि र खाद्य सुरक्षातर्फ मल तथा उत्पादन सामग्रीको व्यवस्थापन गर्न मौज्दात रहेको रासायनिक मलको मौसमी आवश्यकताका आधारमा जिल्लागत र स्थानीय तहगत प्राथमिकीकरण गरी समन्यायिक

» बाँकी पृष्ठ २ मा

### सीमा विवादबारे संवाद हुन्छ

मन्त्री पोखरेलले लिपुलेकमा देखिएको सीमा विवादबारे भारतसँग संवाद हुने बताउनुभएको छ । परराष्ट्र मन्त्रालयले भारतलाई कूटनीतिक 'नोट' पठाइसकेकाले दुईपक्षीय संवादबाट निकास निकाल्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । मन्त्रालयको सङ्ख्या वाचापत्रबमोजिम १८ वटा बनाउने प्रक्रियामा रहेको बताउँदै उहाँले जुन मन्त्रालय एकआपसमा अन्तरसम्बन्धित छन् त्यसलाई मिलाएर कम बनाउने प्रक्रियामा गएको प्रस्ट पार्नुभयो ।

### कार्यसम्पादनका आधारमा प्रधान न्यायाधीश

मन्त्री पोखरेलले मुद्दाको फर्स्योटका आधारमा डा. मनोजकुमार शर्मालाई प्रधान न्यायाधीशमा सिफारिस गरेको दाबी गर्नुभयो । अहिले भएका उपयुक्त विधिमध्येबाटै प्रधान न्यायाधीशको सिफारिस भएकाले समयक्रमसँगै विधि र पद्धतिमा सुधार गर्दै जानुपर्ने उहाँको भनाइ छ । "नेपालको न्याय क्षेत्र सुधार गर्न नीतिगत, कानुनी र संवैधानिक रूपमा सुधार गर्नु पर्छ भन्ने विषय पहिलादेखि नै उठ्दै आएको हो । न्यायपालिका, कार्यपालिका, व्यवस्थापिकालाई एकअर्काबाट टाढा राख्नु पर्छ भन्ने विषय पहिलादेखि नै भन्दै आएको हो," उहाँले भन्नुभयो, "न्याय परिषद्मा पाँच जना सदस्यमध्ये तीन जना लगभग राजनीतिक नियुक्ति जस्तो देखिन्छ । त्यहाँबाट सिफारिस हुने न्यायाधीश अलिकति राजनीतिक पृष्ठभूमिको आउनुहुन्छ । योग्य व्यक्तिबाटै सिफारिस गरेका हौँ ।"

### खुला प्रतिस्पर्धाबाट उपकुलपति

मन्त्री पोखरेलले विश्वविद्यालयका उपकुलपति खुला प्रतिस्पर्धाका आधारमा नियुक्त हुने जानकारी दिनुभयो । "उपकुलपतिको पद रिक्त भएकाले शुक्रबारदेखि आह्वान गरिसकेका छौँ । मेरो अध्यक्षतामा समिति गठन भए पनि खोज कमिटी बनाएर विज्ञ समूह गठन गरिएको छ," उहाँले भन्नुभयो, "विश्वविद्यालयलाई राजनीतिबाट टाढा बनाउनु पर्छ भन्ने हो । खुला प्रतिस्पर्धाका आधारमा सिफारिस भएका, छनोट सूचीमा परेकाको नाम

» बाँकी पृष्ठ २ मा

# उपकुलपतिका लागि एकीकृत कार्यविधि

**इश्वरचन्द्र झा**
*काठमाडौँ, वैशाख २५ गते*

- उम्मेदवारले कम्तीमा विद्यावारिधि उपाधि प्राप्त गरेको, अनुसन्धान र प्राज्ञिक क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव हासिल गरेको हुनुपर्ने ।
- आवेदनका लागि १० दिन समय तोकिएको छ । स्क्रिनिङ, सङ्क्षिप्त सूची प्रकाशन, प्रस्तुतीकरण र अन्तर्वार्ता हुँदै सिफारिस गर्न करिब तीनदेखि चार साता लाग्ने छ ।

सरकारले विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि स्वीकृत गरेको छ । 'सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' को व्यवस्थाबमोजिम आठ वटा विश्वविद्यालयका उपकुलपति पदमुक्त भएपछि सरकारले नयाँ कार्यविधि बनाएर उपकुलपति छनोट प्रक्रिया अगाडि बढाएको हो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार सरकारले उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि स्वीकृत गरेसँगै विभिन्न विश्वविद्यालयको रिक्त उपकुलपति नियुक्तिका लागि सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिले दरखास्त आह्वान गरेको छ । मन्त्रालयले दरखास्त पेस गर्न १० दिनको समयसीमा तोकेको छ ।

मन्त्रालयका उपसचिव वीरबहादुर धामीका अनुसार सबै प्रक्रिया पूरा भई उपकुलपति नियुक्त हुन करिब एक महिना लाग्ने छ । उहाँले भन्नुभयो, "आवेदनका लागि १० दिन समय तोकिएको छ । स्क्रिनिङ, सङ्क्षिप्त सूची प्रकाशन, प्रस्तुतीकरण र अन्तर्वार्ता हुँदै सिफारिस गर्न करिब तीनदेखि चार साता लाग्ने छ ।"

मन्त्रालयले उपकुलपति पदमुक्त भएपछि विश्वविद्यालयको दैनिक व्यवस्थापकीय कामकाज सहज बनाउन वैकल्पिक व्यवस्था गर्न लागेको छ । मन्त्रालयले काम नरोकिने हिसाबले अर्को साता अन्तरिम प्रबन्ध गर्ने जनाएको छ । यसअघि उपकुलपति सिफारिसका लागि विश्वविद्यालयपिच्छे छुट्टाछुट्टै कार्यविधि कार्यान्वयनमा थियो । सरकारले उपकुलपति नियुक्ति प्रक्रियालाई निष्पक्ष र योग्यतामा आधारित बनाउन तथा छनोटमा एकरूपता ल्याउन आठ वटा विश्वविद्यालयको उपकुलपति सिफारिसका लागि एकीकृत कार्यविधि तयार गरेको हो तर आठ वटै विश्वविद्यालयका लागि छुट्टै छुट्टै छनोट तथा सिफारिस समिति हुने छ ।

प्रधानमन्त्री कुलपति हुने विश्वविद्यालयको हकमा भने विश्वविद्यालय सभाको बैठकबाट थप निर्णय गरेर उपकुलपति छनोट तथा सिफारिस र नियुक्ति प्रक्रिया अगाडि बढाइने छ ।

### उपकुलपतिका लागि योग्यता

कार्यविधि अनुसार विश्वविद्यालयको उपकुलपति पदका उम्मेदवारले कम्तीमा विद्यावारिधि उपाधि प्राप्त गरेको, अनुसन्धान र प्राज्ञिक क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव हासिल गरेको, शैक्षिक र प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापनसम्बन्धी सिप र कौशल प्रदर्शन गरेको हुनु पर्छ । उपकुलपति पदका उम्मेदवारको न्यूनतम उमेर ४० वर्ष तोकिएको छ । योग्यतामा दरखास्त दिने समयमा कुनै राजनीतिक दलको सदस्य नरहेको र नेपाली नागरिक भएको हुनुपर्ने सर्त तोकिएको छ । लुम्बिनी बौद्ध विश्वविद्यालयको उपकुलपतिको हकमा मान्यताप्राप्त विश्वविद्यालयबाट बौद्ध दर्शनसम्बन्धी विषयमा विद्यावारिधिको उपाधि प्राप्त गरेको हुनुपर्ने छ । कृषि तथा वनविज्ञान विश्वविद्यालयको हकमा भने कृषि, भेटेरिनरी वा वनविज्ञान विषयमा कम्तीमा विद्यावारिधि उपाधि प्राप्त गरेको हुनुपर्ने तोकिएको छ ।

उम्मेदवारले दरखास्तसँगै सोचपत्र र रणनीतिक कार्ययोजना तयार गरी आवरण पृष्ठमा मात्रै आफ्नो विवरण उल्लेख गरेर बुझाउनुपर्ने छ । आवेदकको पहिचान हुने कुनै प्रकारको सङ्केत चिह्न नरहने गरी छुट्टै खामबन्दी गरी पेस गर्नुपर्ने कार्यविधिमा उल्लेख छ । यसले पहिचानलाई गोप्य राखी योग्यताका आधारमा उम्मेदवार चयन हुने विश्वास गरिएको छ । एक जना उम्मेदवारले दुई वटा विश्वविद्यालयको उपकुलपतिका लागि आवेदन दिन सक्ने छ ।

छनोट तथा सिफारिस समितिले पेस हुन आएका उम्मेदवारको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका आधारमा सर्वाधिक अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवार छनोट गरी उपकुलपति नियुक्तिका लागि कुलपतिसमक्ष सिफारिस गर्ने छ ।

छनोट तथा सिफारिस समितिले उम्मेदवार छनोट कार्यका लागि विज्ञ उपसमिति गठन गर्न सक्ने व्यवस्था गरिएको छ । समितिले विषयविज्ञबाट उम्मेदवारको योग्यता, कार्ययोजना, सोचपत्रबारे मूल्याङ्कन गराउन सक्ने छ । समितिका कुनै सदस्य वा समितिबाट गठित उपसमिति वा कुनै विज्ञका नजिकका नातेदार भएको व्यक्तिले उपकुलपतिको पदमा दरखास्त पेस गरेको अवस्थामा त्यस्तो सदस्य वा विज्ञ मूल्याङ्कन प्रक्रिया सहभागी हुन नहुने कार्यविधिमा उल्लेख छ ।

कार्यविधिको अनुसूची–२ ले योग्यता, अनुभव, सोचपत्र, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी अङ्क विभाजन गरेको छ । जस अनुसार प्राध्यापक पदमा कार्यअनुभवबापत १० अङ्क, स्वदेशी वा विदेशी विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारीको अनुभव हासिल

» बाँकी पृष्ठ २ मा

## भूमिहीन र अव्यवस्थित बसोबासीको डिजिटल लगत सङ्कलन हुने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २५ गते*

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको नेतृत्वमा काठमाडौँ उपत्यका विकास प्राधिकरणले भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीको एकीकृत डिजिटल लगत सङ्कलन गर्ने भएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहकी प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालका अनुसार डिजिटल लगत सङ्कलनको तयारी अन्तिम चरणमा पुगेको छ । सरकारले पहिलो चरणमा काठमाडौँका होल्डिङ सेन्टरमा रहेका र बाहिर रहेका सुकुमवासीको विवरण सङ्कलन गर्ने छ भने त्यसपछि क्रमशः यो प्रक्रियालाई अन्य जिल्लामा पनि विस्तार गरिने योजना रहेको छ । होल्डिङ सेन्टरबाहिर रहेका व्यक्तिका लागि सरकारले चाँडै सार्वजनिक सूचना जारी गरी तोकिएको समयभित्र आवश्यक कागजातसहित उपस्थित हुन आग्रह गर्ने तयारी गरेको छ ।

लगत सङ्कलन कार्यलाई व्यवस्थित बनाउन सरकारले आवेदकलाई तीन श्रेणीमा वर्गीकरण गरेको छ । राष्ट्रिय परिचयपत्र भएका, नागरिकता मात्र भएका र कुनै पनि परिचयपत्र नभएका व्यक्तिलाई छुट्टाछुट्टै समूहमा राखेर विवरण सङ्कलन गरिने छ ।

परिचयपत्र नभएकाका हकमा होल्डिङ सेन्टरमै स्थापना गरिने संयुक्त डेस्कमार्फत तत्कालै राष्ट्रिय परिचयपत्र बनाउने विशेष व्यवस्था मिलाइएको छ, जसले गर्दा पहिचानको अभावमा कोही पनि वास्तविक भूमिहीन प्रक्रियाबाट वञ्चित हुनुपर्ने छैन ।

» बाँकी पृष्ठ २ मा

# महानगरको बिचमा अस्थिपञ्जर भवन

**भउचप्रसाद यादव**
*काठमाडौँ, वैशाख २५ गते*



तस्बिर : सुजन गुरुङ

महानगर अलमलमै परेको देखिन्छ । यो आयोजनालाई अगाडि बढाउने, रोक्ने वा भत्काउने विषयमा महानगर अझै स्पष्ट हुन सकेको छैन ।

सङ्घीय राजधानी काठमाडौँको मुटु मानिने पुरानो बसपार्कमा निर्माणाधीन काठमाडौँ 'भ्यु टावर' समयमै सम्पन्न नहुँदा सहरको सौन्दर्य र व्यवस्थापनमा गम्भीर असर परेको छ ।

मुख्यतया बहुउद्देश्यीय व्यावसायिक कम्प्लेक्स तथा व्यवस्थित बस टर्मिनलको उद्देश्यले निर्माण सुरु गरिएको यस टावरको निर्माण स्थल लामो समयदेखि जस्तापाताले घेरिएको र अधुरो कङ्क्रिट संरचना अस्थिपञ्जर जस्तो देखिन्छ । यसका कारण सहरको मुख्य प्रशासनिक केन्द्र सिंहदरबार, पर्यटकीय केन्द्र रत्नपार्क क्षेत्रसहित महानगरको सौन्दर्य नै कुरूप बनाएको छ । भ्यु टावर भन्दै होचो भागमा गरिएको निर्माणलाई काठमाडौँ महानगरपालिकाले 'मेगा प्रोजेक्ट' नाम दिएको छ ।

पहिले खुला रहेको उक्त बसपार्क क्षेत्र अहिले घेराबन्दीमा पर्दा र नजिकैको रत्नपार्क (टुँडिखेल घेराबाहिर) क्षेत्रलाई जथाभावी बसपार्कका रूपमा प्रयोग गर्नुपर्दा सहरको खुलापन र हरियालीमा समेत असर छ । पुरानो बसपार्क विस्थापित भई यात्रु र सवारीसाधनले बर्सौंदेखि सास्ती भोग्नु परिरहेको छ । २०७१ सालमा सम्झौता भई २०७२ कात्तिकमा शिलान्यास गरिएको यो आयोजना एक दशकभन्दा बढी समय बितिसक्दा पनि अझै पूर्ण भएको छैन । अहिलेसम्म ७० प्रतिशत काम सकिएको महानगरको दाबी छ । प्रस्तावित १९ तलाको यो भवन अहिले १३ औँ तलासम्म बनेर काम ठप्प रहेको यो संरचना अलपत्र छ ।

काठमाडौँ महानगरको स्वामित्वमा रहेको सो टावरको निर्माण एक दशकसम्म अलपत्र पर्दा पनि उक्त आयोजनालाई के कसरी अगाडि बढाउने विषयमा महानगर अझै स्पष्ट कार्यदिशा तय गर्न सकेको छैन । महानगर अलमलमै परेको देखिन्छ । यो आयोजनालाई अगाडि बढाउने, रोक्ने वा भत्काउने विषयमा महानगर अझै स्पष्ट हुन सकेको छैन ।

काठमाडौँ महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंले काठमाडौँ भ्यु टावरको विषय छलफलकै क्रममा रहेको बताउँदै अहिलेसम्म यसबारे कुनै निर्णयमा पुग्न नसकिएको जानकारी दिनुभयो । उहाँका अनुसार सो टावरको निर्माण अगाडि बढाउने वा भत्काउनेबारे छलफल भइरहेको छ । त्यसै गरी काठमाडौँ महानगरपालिकाको प्रशासन विभाग प्रमुख महेश काफ्लेले सो टावरबारे महानगर छलफलमा नै रहेको र अहिलेसम्म कुनै निर्णयमा पुग्न नसकिएको जानकारी दिनुभयो ।

काठमाडौँ महानगरपालिकाका प्रवक्ता नवीन मनान्धरले उक्त भवन निर्माणबारे अहिले केही पनि काम जारी नरहेको र महानगरले कुनै निर्णय गर्न नसकेको बताउँदै निर्माणको ठेक्का पाएको निर्माण कम्पनी नै सम्पर्कमा नरहेको जानकारी दिनुभयो । उहाँका अनुसार निर्माण कम्पनी विगत एक वर्षदेखि महानगरको सम्पर्कमा छैन । जलेश्वर स्वच्छन्द बिकोई बिल्डर्स प्रालिले सो टावर निर्माणको ठेक्का पाएको हो ।

### अदालतको आदेश

सो टावरको निर्माण अगाडि बढाउन काठमाडौँ महानगरपालिकाको नाममा अन्तरिम आदेश जारी भएको एक वर्ष पुग्न लाग्दा पनि काम सुरु हुन सकेको छैन । उच्च अदालत पाटनले पुरानो बसपार्कस्थित काठमाडौँ 'भ्यु टावर' निर्माण अगाडि बढाउन २०८२ असार २५ गते काठमाडौँ महानगरपालिकाको नाममा अन्तरिम आदेश जारी गरेको थियो । उच्च अदालत पाटनका तत्कालीन न्यायाधीश प्रकाश खरेलको एकल इजलासले सो अन्तरिम आदेश जारी गरेको थियो ।

आदेशमा भनिएको छ, "निवेदकले सम्झौताबमोजिम प्राप्त गरेको नक्सा पासको अनुमति र निर्णय यथावत् रहेको परिप्रेक्ष्यमा सम्झौताबमोजिम भवन निर्माण कार्यलाई निरन्तरता दिनु वाञ्छनीय देखिएको छ ।" अदालतको आदेशसँगै निर्माण कम्पनीलाई निरन्तरता दिन कानुनी बाटो खुले पनि निर्माण कम्पनीले अहिलेसम्म काम सुरु गर्न सकेको छैन ।

» बाँकी पृष्ठ २ मा

## अन्तर्राष्ट्रिय

## क्युबाप्रति अमेरिकी नीति नरम हुन सक्ने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २५ गते*

लामो समयदेखि नाकाबन्दीमा रहेको क्युबाप्रति अमेरिकी नीति नरम हुन सक्ने देखिएको छ । अन्तर्राष्ट्रिय समाचार संस्था एपीका अनुसार अमेरिकाले क्युबालाई लाखौँ डलरका मानवीय सहायता तथा सूचना प्रविधि सेवासमेत प्रदान गर्ने जस्ता प्रस्ताव अगाडि बढेपछि अमेरिकी नीति नरम हुन सक्ने देखिएको हो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले क्युबालाई लक्षित गर्दै विगतमा कडा चेतावनी दिँदै आउनुभएको थियो । त्यसले भेनेजुएलापछि क्युबामा पनि सैनिक कारबाहीको त्रास बढेको थियो । विकसित नरम नीतिले क्युबामाथि हाललाई सैन्य कारबाही टरेको सङ्केतका रूपमा समेत हेरिएको छ ।

» बाँकी पृष्ठ २ मा




आजको विशेष